"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र सम्बृद्ध हाम्रो तातोपानी"

# आवधिक योजना

## (आर्थिक वर्ष २०८१/०८२-२०८५/८६)

**तातोपानी गाउँपालिकाको कार्यालय**
**लिताकोट, जुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

# आवधिक योजना

## (आर्थिक वर्ष २०८१/०८२-२०८५/०८६)

**सर्वाधिकार एवं प्रकाशक :**

तातोपानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लिताकोट, जुम्ला

कर्णाली प्रदेश, नेपाल

Email: info@tatopanimun.gov.np/ito.tatopanimun@gmail.com

Website: https://tatopanimun.gov.np

Phone: +977- ९८४९३३७७१२ (Office)

तयार पारिएको वर्ष: २०८१ साल

**प्राविधिक सहयोग**

मन्त्र कन्सल्टेन्सी प्रा.लि.

नागार्जुन, काठमाण्डा

# विषयसूची

**परिच्छेद एकः परिचय** १२
१.१ पृष्ठभुमि १२
१.३ आवधिक योजना तर्जुमाका उदेश्यहरु ज्ञद्ध
१.४ आवधिक योजना पूर्वतयारी क्रियाकलाप तथा चरण १५
१.५ सीमा, जोखिम तथा पूर्वानूमान १७
**परिच्छेद २ः गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा** १९
***२.१ गाउँपालिकाको परिचय*** १९
२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना १९
२.१.२ प्राकृतिक एवं सांस्कृतिक सम्पदा २०
२.१.३ जनसांखिक अवस्था २१
***२.२ आर्थिक विकासको अवस्था*** २२
२.२.१ कृषि तथा खाद्य सुरक्षा 22
२.२.२ पर्यटन तथा संस्कृति २५
२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपुर्ति २७
२.२.४ वैंकिङ, सहकारी तथा अन्य वित्तिय संस्थाहरु २८
२.२.५ रोजगार र सुरक्षित आप्रवासन २९
***२.३ सामाजिक विकासको अवस्था*** घण
२.३.१ स्वास्थ्य तथा पोषण ३०
२.३.२ शैक्षिक विकास ३१
२.३.३ खानेपानी तथा सरसफाई ३३
२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ३४
२.३.५ युवा, खेलकुद तथा कला ३५
***२.४ पूर्वाधार विकासको अवस्था*** ३७
२.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ३७
२.४.२ सडक, पुल तथा यातायात ३८
२.४.३ विद्युत तथा वैकल्पिक उर्जा ३९
२.४.४ सूचना, सञ्चार तथा प्रविधि ३९
***२.५ वन, वातावरण, विपद व्यवस्थापन तथा जलवायु परिवर्तनको अवस्था*** ४०
२.५.१ वन तथा जैविक विविधता ४०
२.५.२ भू संरक्षण तथा जलाधार व्यवस्थापन ४२

२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु पविर्तन अनुकुलन ४४
२.५.४ महामारी तथा विपद व्यवस्थापन ४५
*२.६ सुशासन तथा संस्थागत व्यवस्था* ४६
२.६.१ स्थानीय नीति, ऐन कानुन, सुशासन ४६
२.६.२ संगठनात्मक विकास तथा मानव संसाधन ४६
२.६.३ स्रोत परिचालन ४६
२.६.४ योजना व्यवस्थापन 47
**परिच्छेद तीन : सोच तथा विकासको अवधारणा** ४८
*३.१ पृष्ठभुमि* ४८
*३.२ प्रमुख समस्या तथा चुनौती* ४८
*३.३ प्रमुख अवसर तथा सम्भावना* ४८
*३.४ निर्देशक सिद्धान्त* ४९
*३.५ दीगो विकास, राष्ट्रिय र प्रदेश लक्ष्यसँग आवधिक योजनाको तादाम्यता* ५३
*३.५.१ राष्ट्रिय पन्ध्रौ योजनाको सोच* ५३
*३.५.२ प्रादेशिक प्रथम योजनाको सोच र लक्ष्य सम्वन्धित प्रदेशको सोच र लक्ष्य* ५३
*३.६ तातोपानी गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य* ५३
*३.७ परिमाणात्मक लक्ष्य* ५५
*३.८ रणनीति तथा प्राथमिकता* ६०
*३.९ लगानी, श्रोत अनुमान र बाँडफाँड* ६१
**परिच्छेद–चार : आर्थिक विकास** ६३
**४.१ कृषि तथा पशुपंछि विकास** ६३
४.१.१ पृष्ठभुमि ६३
४.१.२ समस्या तथा चुनौती ६४
४.१.३ सम्भावना तथा अवसर ६४
४.१.४ उपक्षेत्रगत लक्ष्य ,उद्धेश्य रणनीति तथा कार्यक्रम ६५
४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ६८
४.१.६ अनुमान तथा जोखिम पक्ष ७१
**४.२ सिंचाई सेवा** ७२
४.२.१ पृष्ठभूमि ७२
४.२.२ समस्या तथा चुनौती ७३
४.२.३ सम्भावना तथा अवसर ७३
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ७३
४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ७६
४.२.६ अनुमान तथा जोखिम पक्ष ७७

**४.३ पर्यटन, संकृति तथा सम्पदा** ७८
४.३.१ पृष्ठभूमि ७८
४.३.२ समस्या तथा चुनौती ७८
४.३.३ सम्भावना तथा अवसर ७९
४.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ८१
४.३.६ अनुमान तथा जोखिम पक्ष ८२
**४.४ उद्योग, व्यापार र आपुर्ति** ८४
४.४.१ पृष्ठभूमि ८४
४.४.२ समस्या तथा चुनौती ८५
४.४.३ सम्भावना तथा अवसर ८५
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ८६
४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा सुचक ८८
४.४.६ अनुमान तथा जोखिम पक्ष ८९
**४.५ श्रम, रोजगारी तथा सामाजिक सुरक्षा सुरक्षा** ९१
४.५.१ पृष्ठभूमि ९१
४.५.२ समस्या तथा चुनौती ९१
४.५.३ अवसर तथा सम्भावना ९२
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना 92
४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ९४
४.५.६ अनुमान तथा जोखिम पक्ष ९५
**४.६ वैंक तथा वित्तीय संस्था र सहकारी** ९७
४.६.१ पृष्ठभूमि ९७
४.६.२ समस्या तथा चुनौती ९७
४.६.३ अवसर तथा सम्भावना ९८
४.६.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ९८
४.६.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १०१
४.६.६ अनुमान तथा जोखिम पक्ष १०२
**परिच्छेद पाँच : सामाजिक क्षेत्र** १०३
**५.१ स्वास्थ्य तथा पोषण** १०३
५.१.१ पृष्ठभूमि १०३
५.१.२ समस्या तथा चुनौती १०३
५.१.३ सम्भावना तथा अवसर १०४
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना १०४
५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १०८

५.१.६ अनुमान तथा जोखिम पक्ष ११०
**५.२ शिक्षा , विज्ञान तथा नवप्रवर्दन** १११
५.२.१ पृष्ठभूमि १११
५.२.२ समस्या तथा चुनौती ११२
५.२.३ सम्भावना तथा अवसर ११२
५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ११३
५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ११६
५.२.६ अनुमान तथा जोखिम पक्ष ११८
**५.३ खानेपानी र सरसफाई सेवा** ११९
५.३.१ पृष्ठभूमि ११९
५.३.२ समस्या तथा चुनौती 119
५.३.३ सम्भावना तथा अवसर १२०
५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना १२०
५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका १२२
५.३.६ अनुमान तथा जोखिम पक्ष १२४
**५.४ महिला, बालबालिका तथा लक्षित वर्ग** १२५
५.४.१ पृष्ठभूमि १२५
५.४.२ समस्या तथा चुनौती 125
५.४.३ सम्भावना तथा अवसर 126
५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना 126
५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका 129
५.४.६ अनुमान तथा जोखिम पक्ष 132
**५.५ युवा तथा खेलकुद** 133
५.५.१ पृष्ठभूमि 133
५.५.२ समस्या तथा चुनौती 133
५.५.३ सम्भावना तथा अवसर 134
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना 134
५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका : 136
५.५.६ अनुमान तथा जोखिम पक्ष 137
**परिच्छेद - छः पुर्वाधार विकास** **138**
**६.१ आवास तथा वस्ती विकास र सार्वजनिक निर्माण** **138**
६.१.१ पृष्ठभूमि 138
६.१.२ समस्या तथा चुनौती 138
६.१.३ सम्भावना तथा अवसर 139

६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना 139
६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका 141
६.१.६ अनुमान तथा जोखिम पक्ष 142
**६.२ सडक, पुल तथा यातायात** 143
६.२.१ पृष्ठभूमि 143
६.२.२ समस्या तथा चुनौती 143
६.२.३ सम्भावना तथा अवसर 143
६.५.३ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य रणनीति, कार्यक्रम तथा आयोजना 144
६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका 147
६.२.६ अनुमान तथा जोखिम पक्ष 148
**६.३ विद्युत तथा वैकल्पिक उर्जा** 149
६.३.१ पृष्ठभूमि 149
६.३.२ समस्या तथा चुनौती 149
६.३.३ सम्भावना तथा अवसर 149
६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना 150
६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका 152
६.३.६ अनुमान तथा जोखिम पक्ष 153
**६.४ सूचना, संचार तथा प्रविधि** 154
६.४.१ पृष्ठभूमि 154
६.४.२ समस्या तथा चुनौती 154
६.४.३ सम्भावना तथा अवसर 154
६.४.३ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना 155
६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका 157
६.४.६ अनुमान तथा जोखिम पक्ष 158
**परिच्छेद ७: वन, वातावरण तथा विपद व्यवस्थापन** **160**
**७.१ वन र जैविक विविधता** **160**
७.१.१ पृष्ठभूमि 160
७.१.२ समस्या तथा चुनौती 161
७.१.३ सम्भावना तथा अवसर 161
७.१.३ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य रणनीति, कार्यक्रम तथा आयोजना 161
७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका 164
७.१.६ अनुमान तथा जोखिम पक्ष 165
**७.२ भू संरक्षण तथा जलाधार व्यवस्थापन** **166**

७.३.१. पृष्ठभुमि 166
७.२.२ समस्या तथा चुनौती 167
७.२.३ सम्भावना तथा अवसर 167
७.२.६ अनुमान तथा जोखिम पक्ष 171
**७.३. वातावरण तथा स्वच्छता 172**
७.३.१ पृष्ठभूमि 172
७.३.२ समस्या तथा चुनौती 172
७.३.३ सम्भावना तथा अवसर 172
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना 173
७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका 175
७.३.६ अनुमान तथा जोखिम पक्ष 176
**७.४ विपद व्यवस्थापन तथा जलवायु उत्थानशिलता 177**
७.४.१ पृष्ठभूमि 177
७.४.२ समस्या तथा चुनौती 178
७.४.३ सम्भावना तथा अवसर 178
रणनीति, कार्यक्रम तथा आयोजना 179
७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका 181
७.४.६ अनुमान तथा जोखिम पक्ष 182
**परिच्छेद ८: संस्थागत विकास 183**
**८.१ संस्थागत विकास तथा सुशासन 183**
८.१.१ पृष्ठभूमि 183
८.१.२  समस्या तथा चुनौती 184
८.१.३ सम्भावना तथा अवसर 184
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना 185
८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका 187
८.१.६ अनुमान तथा जोखिम पक्ष 190
**परिच्छेद ९: कार्यान्वयन व्यवस्था 192**
९.१ पृष्ठभुमि १९२
९.२ संस्थागत संरचना तथा मानव संसाधन १९३
९.२.१ पृष्ठभूमि 193
९.२.२ सम्भावना/अवसर तथा समस्या/चुनौती 193
९.२.५ मुख्य कार्यक्रम 195
९.३ विषय क्षेत्र अनुसार अनुमानित वजेट १९५
९.४  स्रोत अनुमान तथा प्रक्षेपण १९६

९.५ वित्तीय स्रोत परिचालन तथा सहकार्य १९९
९.६ वित्तीय स्रोत परिचालनका रणनीति १९९
९.८ अनुगमन तथा मूल्याङ्कन योजना २०१
**अनुसुची १: गौरवका आयोजना, 205**
**अनुसूचि २: भूउपयोग योजना 205**
**अनुसूचि ३: वडागत प्रमुख आयोजना 207**
**अनुसूची ४ : तातोपानी गाउँपालिकाको आयोजना डाली (वडागत योजनाहरु) 208**
**अनुसूची ५: अभिमुखीकरण कार्यशालाका माईन्युट तथा फोटाहरु** Error! Bookmark not defined.
**अनुसुची ६: वडागत सर्वेक्षणका माईन्युट तथा फोटाहरु** Error! Bookmark not defined.

## तालिका सूचि


| तालिका विवरण | पेज नं. |
|---|---|
| तालिका १: आवधिक योजना पूर्वतयारी क्रियाकलाप तथा चरण | ११ |
| तालिका २: गाउँपालिकाको संक्षिप्त चिनारी | १६ |
| तालिका ३ : राष्ट्रिय तथा कार्णाली प्रदेशको लक्ष्य | ३५ |
| तालिका ४: तातोपानी गाउँपालिकाको परिमाणात्मक लक्ष्य | ३७ |
| तालिका ५ : त्रिवर्षिय वजेटको प्रबृत्ति | १५७ |
| तालिका ६ : विषयक्षेत्रगत बजेट बाँडफाँड | १६१ |
| तालिका ७ : वित्तिय प्रक्षेपण | १६४ |

## शब्द सङ्क्षेप र पूरा शब्द :

| शब्द सङ्क्षेप | पूरा शब्द |
|---|---|
| अ.मू. | अनुगमन तथा मूल्याङ्कन |
| अ/गै.स.स. | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | आर्थिक वर्ष |
| आ.वि. | आधारभूत विद्यालय |
| मा.वि | माध्यमिक विद्यालय |
| उ.स. | उपभोक्ता समिति |
| कि.मि. | किलोमिटर |
| गा.पार्श्व चित्र | गाउँपालिका पार्श्व चित्र |
| गा.पा. | गाउँपालिका |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| प्रा.शा. | प्राविधिक शाखा |
| म.बा.शा | महिला तथा बालबालिका शाखा |
| मे.टन | मेट्रिक टन |
| रा.यो.आ. | राष्ट्रिय योजना आयोग |
| रा. ज. ग | राष्ट्रिय जन गणना |
| कृ.प.शाखा | कृषि तथा पशुपालन शाखा |
| व.सर्वे | वडागत सर्वेक्षण |
| रु. | रूपैँया |
| लि. | लिटर |
| व.नं. | वडा नम्बर |
| दी.व.ल. | दीगो विकास लक्ष्य |
| दी.रा.ल. | दीगो राष्ट्रिय लक्ष्य |
| प्र.स.स. | प्रदेश समृद्धि सङ्केत |
| स.सं. | सहकारी संस्था |
| शि.शा | शिक्षा शाखा |
| स्वा.शा. | स्वास्थ्य शाखा |
| सा.सं | सामुदायिक संस्था |
| हे. | हेक्टर |

## परिच्छेदः १- एकः परिचय

### १.१ पृष्ठभुमि

स्थानीय स्तरमा विकासको थालनी बिगतका दशकहरुदेखि नै नेपालमा सुरुवात भएको हो । तथापि, स्थानीय स्तरमा योजनाबद्ध रुपमा सहभागितात्मक योजनाको सुरुवात स्थानीय स्वायत्त शासन ऐन २०५५ को प्रभावकारी कार्यान्वयन पछि मात्र भएको हो । तत्पश्चात् स्थानीय शासन संचालन ऐन २०७४ ले समेत सोही अवधारणालाई आत्मसात गरेको छ । उक्त ऐनको परिच्छेद ६ मा योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था गरिएको छ । त्यस्तै, ऐनको दफा २३ मा योजना बनाई कार्यान्वयन गर्ने व्यव्स्था गरेको छ । सोही ऐनको उपदफा (१) मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्न सक्नेछ । यसरी उपदफा (१) बमोजिम योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनु पर्ने कुरा उल्लेख छ । यसैको आधारमा स्थानीय तहहरुले वार्षिक रुपमा योजना कार्यान्वयन गर्ने स्पष्ट मार्गदर्शन प्राप्त गर्न सक्छन भने योजना अबधिको अन्त्यमा आएर के कति ठोस उपलब्धि हासिल भयो भन्ने कुराको बस्तुगत मूल्यांकन गर्न समेत सक्ने हुँदा गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन तथा संस्थागत विकास क्षेत्रका साथसाथै नागरिकले प्राप्त गर्ने सेवाप्रवाहलाई सरल, सहज, प्रभावकारी र समावेशी बनाउन र स्रोत उपयोगको वास्तविक स्थिति स्पष्ट एकिन गर्न सक्दछन । तसर्थ, आवधिक गाउँपालिका विकास योजनालाई समग्र रुपमा गाउँपालिका विकासको मार्ग निर्देशको रुपमा समेत चित्रित गरिएको छ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति तथा निर्देशिका, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ लगायतका ऐन तथा नीति नियमले स्थानीय सरकारहरुले आवधिक योजना तर्जूमा गरी त्यसका आधारमा वार्षिक तथा रणनीतिक योजनाहरु जारी गर्नुपर्ने कुरालाई जोड दिएको छ ।

नेपालको संविधान २०७२ जारी भई सो अनुसार राज्यका तीनवटै तहका सरकारहरू क्रियाशील भएसँगै राज्य व्यवस्थाको रुपान्तरण संस्थागत भएको छ । स्थानीय स्तरको समावेशी विकास र शासन प्रक्रियामा समुदाय र नागरिकको सहभागिता सुनिश्चित गर्दै स्थानीय तहमा नै प्रतिवद्ध एवम् सक्षम नेतृत्व विकासको वातावरण र जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई संघीय शासन प्रणालीलाई सुदृढीकरण गर्न तथा सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न

स्थानीय सरकारहरु संविधान प्रदत्त अधिकारहरुलाई स्थानीय तहमा कार्यान्वयन गर्न र सोको संस्थागत विकास गरी सेवाहरुलाई नियमित, गुणस्तरीय, प्रभावकारी र भरपर्दो बनाउन निरन्तर क्रियाशिल भईरहेका छन । संविधान र स्थानीय सरकार सञ्चालन ऐनले सरकारको रुपमा परिभाषित गरेको तातोपानी गाउँपालिका सामाजिक तथा आर्थिक लगायतका क्षेत्रहरुमा आफूलाई अव्वल सावित गर्न तथा संघ सरकार र कर्णाली प्रदेश सरकारको योजनासँग तादात्म्यता मिलाउन दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति निर्माण गरी काम गर्नु पर्ने अपरिहार्यता पनि छ । तसर्थ गाउँपालिकाले आ.व २०८१/८२ देखि लागु हुने गरी प्रथम पञ्चवर्षिय योजना ( आ.व २०८१/८२– आ.व २०८५/८६) तर्जुमा गरेको छ । यो आवधिक योजनाले वि.सं २०८६ सम्ममा विकासोन्मुख देशको रुपमा स्तरोन्नती हुने र वि.सं. २१०० सम्ममा समृद्ध नेपाल सुखी नेपालीको सपना साकार पार्ने राष्ट्रिय सपनालाई मुर्त रुप दिन यस गाउँपालिकाको तर्फबाट योगदान पुग्ने अपेक्षा लिईएको छ ।

## १.२. आवधिक योजना तर्जुमाका मूलभूत आधारहरू

नेपालको संविधानमा उल्लेख गरिएको स्थानीय तहको अधिकार राज्यका निर्देशक सिद्धान्त, नीति, संघीय एवं प्रदेश सरकारको कानून तथा नीतिले स्थानीय तहको विकासलाई मार्गनिर्देशन गरेको हुनुपर्दछ । संविधानमा उल्लेख भएका संघ, प्रदेश र स्थानीय तहको अधिकारहरू मध्ये स्थानीय स्तरका आवधिक योजना र वार्षिक योजना तथा बजेट स्वीकृती सम्बन्धी कार्यलाई स्थानीय तहको कार्यसूचीमा सूचीकृत गरिएको छ । साथै दिगो विकासका लक्ष्य, संघीय र प्रादेशिक योजनालाई समेत कानुनी तथा नीतिगत आधार लिईएको छ ।

**"समृद्ध नेपाल, सुखी नेपाली"** भन्ने राष्ट्रिय सोच एवं **"समृद्ध कर्णाली, सुखारी कर्णालीबासी"** बनाउने कार्णाली प्रदेशको दिर्घकालिन सोच, संघीय तथा प्रदेश सरकारका आवधिक योजनका लक्ष्य, उद्देश्य र नीतिहरू, दिगो विकासका लक्ष्य प्राप्ति आदिलाई आधार मानी यस योजनका लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रमहरू तय गरिएका छन् । सन् २०१५ मा नेपाल लगायत संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रले अनुमोदन गरेका दिगो विकासका कार्यसूचीलाई नेपालले प्रतिवद्धता जनाईसकेको छ । यसै प्रतिवद्धता अनुरुप राष्ट्रिय योजना आयोगले दिगो विकासका लक्ष्यहरूलाई समाहित गरी दीर्घकालिन सोच सहितको १६ औं आवधिक योजना तर्जुमाको अवधारणा पत्र समेत प्रकासन गरिसकेको छ । स्थानीय तहको योजना प्रक्रियालाई समेत दिगो विकास उन्मुख बनाउने गरी योजना तर्जुमा दिग्दर्शन (नमूना) उपलव्ध गराएको छ । आवधिक योजना तर्जुमा गर्दा देहाय बमोजिमका दस्तावेजहरुको आधारहरू लिइएको थियो :

- नेपालको संविधान २०७२ साथै नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीयतहको अधिकारहरूको कार्य विस्तृतीकरण प्रतिवेदन
- स्थानीय सरकार संचालन ऐन २०७४
- स्थानीय तह आर्थिक प्रशासन नियमावली
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्य विधि

- स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४
- कर्णाली प्रदेशको प्रथम पञ्चवर्षिय आवधिक योजना २०७६/७७–२०८०/८१
- सन् २०१५ मा नेपाल लगायत संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रले अनुमोदन गरेका दिगो विकासका कार्यसूची
- आन्तरिक आय प्रक्षेपण निर्देशिका
- मन्त्रालयका वार्षिक प्रगति प्रतिवेदनहरू
- स्थानीय निकायका न्यूनतम शर्त मापन तथा कार्य सम्पादनका नतिजाहरू
- संगठन विकास, क्षमता विकास र राजस्व अध्ययन सम्बन्धी प्रतिवेदनहरू
- आवधिक तथा बार्षिक गाउँपालिका विकास योजना दस्तावेज

## १.३ आवधिक योजना तर्जुमाका उदेश्यहरु

आवधिक योजना निर्माण कार्यको एक मात्र उद्देश्य भनेको तातोपानी गाउँपालिकाको समग्र विकासको लागि प्रथम पञ्चवर्षीय (आ.व.२०८१/०८२–२०८५/०८६) आवधिक योजना तयार गर्ने रहेको छ । यसका अलावा तातोपानी गाउँपालिकालाई निर्देशित गर्ने दिर्घकालीन सोँच, लक्ष्य, उद्देश्य, विकासको प्राथमिकता, क्षेत्रगत विकास सम्वन्धी नतिजाहरू, सूचकहरू, तदनुसारका कार्यक्रमहरू पहिचान गर्ने तथा सो का लागि आवश्यक बजेटको पूर्वानुमान गर्ने र बहुक्षेत्रगत लगानीका क्रियाकलापहरूको खाका तयार गर्ने विशिष्ट उद्देश्य समेत रहेको छ ।

- गाउँपालिकाको एकीकृत, नतिजामुलक र योजनाबद्ध विकासका लागि साझेदार तथा सरोकारवालालाई एकथलोमा राखि विकासमा साझा उत्तरदायित्व सिर्जना गर्ने,
- गाउँपालिकाको विकासका विगतका प्रयास र उपलब्धीहरूको समीक्षा गर्ने,
- गाउँ विकास तथा श्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी गाउँबासी तथा सरोकारवालाको चाहाना तथा सहभागितात्मक छलफलका आधारमा गाउँ विकासको खाका तयार गर्ने,
- गाउँ विकासको दीर्घकालिन सोच, निर्देशक सिद्धान्त, लक्ष्य, रणनीति र प्राथमिकता निर्धारण गर्ने,
- गाउँ विकासका प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने कार्यनीति, प्रमुख कार्यक्रमहरु तय गर्ने,
- गाउँपालिकाको वस्तुस्थिती तथा साधन श्रोतको पहिचान र विश्लेषण गरी स्थानीय सरकारको मूल्य मान्यता तथा स्थानीय आवश्यकताका आधारमा गाउँपालिकाको विकासको खाका कोर्ने,
- सोह्रौं पञ्चवर्षिय योजनाको आधारपत्र तथा संयुक्त राष्ट्रसंघको दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि योगदान पुऱ्याउने,
- आवधिक योजनाको कार्यान्वयनका लागि मध्यकालीन तथा वार्षिक कार्यान्वयन कार्ययोजना, अनुगमन र समीक्षा सूचकहरुको खाका तयार पार्ने,
- भविष्यमा विषय क्षेत्रगत रणनीतिक योजना तथा विकास प्राथमिकता प्राप्त कार्यक्रमहरु तर्जुमा गर्न मार्ग निर्देशित गर्ने,

- गाउँपालिकाले अंगिकार गरेको नीति तथा कार्यक्रम, दीर्घकालीन सोच, लक्ष तथा क्षेत्रगत उदेश्यलाई मुर्तरुप दिनसक्ने कार्यनीति तथा प्रमुख कार्यक्रमहरू तय गर्ने ।
- गाउँ विकास प्रयासहरुको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका प्रस्तुत गर्ने,

## १.४ आवधिक योजना तर्जुमाका प्रकृया तथा चरणहरु

### १.४.१ पूर्व प्रकासित सामाग्रीहरुको अध्ययन

आवधिक योजना तर्जुमा विगतमा भएका विकासका प्रयास तथा अनुभवको जगमा रहेर गरिन्छ । त्यसैले तातोपानी गाउँपालिकाको आवधिक योजना तर्जुमाका लागि गाउँपालिकासँग सम्बन्धित विकास प्रयासका अभिलेख तथा उपलब्ध सन्दर्भ सामग्रीहरुको अध्ययन गरी गाउँपालिकाको आर्थिक, सामाजिक, ऐतिहासिक, सांस्कृतिक, भौगोलिक, प्राकृतिक लगायतका सम्भावनाका विविध पक्षको समीक्षा गरिएको थियो । यसका अतिरिक्त नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तीय आयोग ऐन २०७४, कानून तथा निर्देशिका, प्रदेश सरकारका नीति तथा कार्यक्रम, गाउँपालिकाका विगतका नीति, बजेट तथा कार्यकमहरुको अध्ययन गरिएको थियो । गाउँपालिकासँग सिमाना जोडिएका स्थानीय सरकारका आवधिक योजना, क्षेत्रगत योजनाहरु, नीति तथा कार्यक्रम समेतको अध्ययन गरिएको थियो । साथै राष्ट्रिय योजना आयोगको आवधिक योजना तर्जुमा निर्देशिका तथा अन्य सम्बन्धित स्रोत सामग्रीको अध्ययन समेत गरिएको थियो ।

### १.४.२ आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी

तातोपानी गाउँपालिकाको आयोजनामा गाउँपालिकाका अध्यक्ष श्री नन्द प्रसाद चौलागाई, उपाध्यक्ष श्री रेवती रावल, प्रमखु प्रशासकीय अधिकृत श्री तीर्थ बहादुर कठायत, विषयगत समितिका संयोजक तथा वडा अध्यक्षहरु, निवर्तमान अध्यक्ष श्री............कार्यपालिका सदस्यहरु, प्रशासन शाखा प्रमुख श्री अंगराज डाँगी, योजना शाखा प्रमुख श्री ओम बहादुर चन्द लगायत शाख प्रमुखहरु, राजनीतिक दल, शिक्षक, बुद्धिजिवीहरुको उपस्थितिमा आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी संचालन गरिएको थियो । गाउँपालिकाका सरोकारवाला (राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार, संस्थाका प्रतिनिधि, शिक्षक, कृषक समूह, महिला तथा आमा समूह, लक्षित वर्गका प्रतिनिधि आदि) को सहभागितामा मिति २०८१ बैशाख २३, २४ र २५ मा आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी सम्पन्न गरिएको थियो । आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठीको पहिलो दिनमा आवधिक योजना तर्जुमा प्रकृयाका लागि गाउँपालिकाका अध्यक्षको संयोजकत्व तथा उपाध्यक्षको उपसंयोजकत्व साथै सम्पूर्ण कार्यपालिका सदस्यहरु, प्रमुख राजनीतिक दलका प्रतिनिधि सदस्य, उद्योग वाणिज्य संघका प्रतिनिधि सदस्य तथा प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहने गरी आवधिक योजना तर्जुमा निर्देशक समितिको गठन गरिएको थियो । साथै गाउँपालिकाका आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकास गरी पाँच वटा विषयगत समितिका संयोजकहरुको अध्यक्षता र विषयगत शाखाका शाख प्रमुखहरु सदस्य सचिव रहनेगरी क्षेत्रगत समिति गठन गरिएको थियो ।

### १.४.३ तथ्याङ्क संकलन तथा वस्तुस्थिती विश्लेषण

आवधिक योजना तर्जुमा कार्यमा आवश्यक आधार तथ्यांक सूचनाका लागि गाउँपालिकाबाट प्राप्त गरिएको विवरण तथा राष्ट्रिय जनगणना २०७८ मा उपलब्ध भौगोलिक, जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकाससंग सम्बन्धित विवरणहरू तथा अन्य राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा प्रकाशित, अप्रकाशित सूचनालाई आधार मानी तथ्यांक तथा सूचना संकलन एवं विश्लेषण गरिएको थियो । त्यसैगरी आवधिक योजना तर्जुमाको प्रयोजनका लागि भएको तथ्याङ्क संकलनका लागि आवश्यक सुचकहरु तथा प्रश्नावली तयार पारिएको थियो । सुचकमा उल्लिखित सुचनाहरु गाउँपालिका शाखाहरुबाट प्राप्त गरि तयार गरिएको प्रश्नावलीको आधारमा वडागत सूचनाहरु संकलन गरिएको थियो ।

### १.४.४ वडा स्तरीय परामर्श भेला

गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक, प्राविधिक, भौगोलिक, मानवीय र प्राकृतिक श्रोतको वर्तमान अवस्थाको आँकलन गर्दै आवधिक योजना तर्जुमा कार्यका लागि वडा वडाको वस्तुस्थिति विश्लेषणका लागि प्रत्येक वडासँग सम्बन्धित राजनीतिक दलका प्रतिनिधि, निर्वाचित जनप्रतिनिधि, स्थानीय जानकार, विभिन्न संघ संस्थाका प्रतिनिधि, नीजि क्षेत्र, उद्यमी, आमा/महिला समूह प्रतिनिधि, कृषक समूह आदिको उपस्थितीमा वडास्तरीय परामर्श भेला आयोजना गरिएको थियो ।

### १.४.५ तथ्याङ्कको प्रशोधन, विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी

वडागतरुपमा सम्पन्न गरिएको तथ्याङ्कीय सर्वेक्षण र परामर्श तथा योजना तर्जुमा कार्यशाला गोष्ठीमा प्राप्त सूचना तथा तथ्याङ्क साथै शाखाहरुबाट लिइएको आधाररेखा विवरणलाई विश्लेषण गरी तातोपानी गाउँपालिकाको मस्यौदा आवधिक योजना प्रतिवेदन तयार गरियो । मस्यौदा प्रतिवेदनमा गाउँपालिकाको वस्तुगत अवस्था, सष्टिगत समूहबाट प्राप्त प्रमुख समस्या चुनौती, सम्भावना तथा अवसर, गाउँपालिकाको दीर्घकालिन सोच, पञ्चवर्षिय लक्ष्य, उद्देश्य, रणनीति, प्राथमिकता तथा प्रमुख कार्यक्रमहरु समावेश गरिएको थियो । त्यसै गरी आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन तथा संस्थागत विकास अन्तर्गतका २६ उपक्षेत्रका पृष्ठभूमि, समस्या, चुनौती, सम्भावना अवसर, लक्ष्य, उद्देश्य रणनीति, प्रमुख कार्यक्रम तथा लक्ष्य परिणामलाई समावेश गरी मस्यौदा प्रतिवेदन तयार पारियो । यसको अलावा अन्तरगाउँपालिका, प्रदेश तथा संघीय सरकारसँग सरोकार राख्ने योजनाहरु तथा यसको साथै आवधिक योजनाको लागि आवश्यक पर्ने जिआईएस नक्साहरु पनि तयार पारियो ।

### १.४.७ प्रमाणीकरण कार्यशाला

वस्तुस्थिति विवरण तथा आधार सूचना, दीर्घकालिन सोच निर्धारण तथा वस्तुस्थिति विश्लेषण पश्चात तयार भएको आवधिक योजनाको मस्यौदा माथि छलफल गरियो । एकदिने यस छलफलबाट

विषयक्षेत्रमा समेटिएका लक्ष्य उद्देय रणनीति सम्भावना तथा अवसर अपेक्षित उपलव्धी तथा नतिजा खाका र अनुगमन तथा जोखिम पक्षका विषयमा छलफल गरिएको थियो । उल्लिखित अध्ययनका सम्पूर्ण क्रियाकलापहरु पूरा गरी तयार गरिएको आवधिक योजना सम्बन्धी प्रारम्भिक खाकाको प्रमाणीकरणका लागि गाउँपालिकाका सम्बन्धित सरोकारवालाहरुको सहभागितामा प्रतिवेदन प्रमाणीकरण गोष्ठीको आयोजना गरिएको थियो । प्रमाणीकरण गोष्ठीमा गाउँपालिकाको आवधिक योजनामा समावेश हुने सम्पूर्ण विषयवस्तु तथा अध्ययनको प्रारुप प्रस्तुत गरी सरोकारवालाबाट प्राप्त सुझावलाई संग्रहित गरियो । ।

### १.४.८ अन्तिम प्रतिवेदन पेश तथा प्रकाशन

प्रतिवेदनको मस्यौदा खाकामा भएको छलफल तथा सुझावहरुको सम्बोधन गरी अन्तिम प्रतिवेदन तयार पारी गाउँपालिकाको कार्यालयमा पेश गरियो । यस पश्चात उक्त अन्तिम प्रतिवेदन गाउँ सभाबाट स्वीकृत गराई प्रकाशन गरी सार्वजनिक गरियो ।

## १.५ सीमा, जोखिम तथा पूर्वानूमान

संघीय लोकतान्त्रिक नेपालको संघीयताको कार्यान्वयनमा विविध किसिमका उतारचढाव कायमै रहेको छ । विशेषगरी पछिल्ला दिनहरुमा संघीयता निकै महङ्गो भएको र देशले आर्थिक भार बहन गर्न मुस्किल परेकोले आर्थिक भार कम हुने विकल्पहरुको बारेमा बहसहरु चल्न थालेका छन् । अर्कोतर्फ संघले स्थानीय तहको संवैधानिक अधिकार रहेको समानीकरण अनुदान गत आर्थिक वर्षदेखि नै कटौती हुदै आएकोमा यस वर्ष पनि संघले कटौती गर्न थालेको भन्दै स्थानीय सरकारहरु आन्दोलनरत रहेका छन् । यसरी आर्थिक वर्षको अन्तमा बजेट कटौतीले विकास निर्माणका कामहरुमा ठूलै असर पुगेको कुरालाई विश्लेषण गर्दै विज्ञहरु मुलुककै आर्थिक तथा सामाजिक विकासको अवस्था नाजुक हुन पुगेको बताउन थालेका छन् । यस्तो अवस्थामा तयार भएको तातोपानी गाउँपालिकाको प्रथम आवधिक योजनाको कार्यान्वयनमा देहाय बमोजिमका जोखिम पक्षहरू रहनेछन् :

- आवधिक योजना तर्जुमाका क्रममा प्रयोग गरिएका परिमाणात्मक लक्ष प्रस्तावित हुन जसले यथार्थ अवस्थाको प्रतिनिधित्व नगर्न पनि सक्छन् ।
- पार्श्वचित्रमा प्रस्तुत कतिपय तथ्याङ्क द्वितिय स्रोत (शाखा, गाउँपालिका योजना पुस्तिका) बाट लिइएको हुनाले यसले वर्तमान अवस्थाको चित्रण नगर्न पनि सक्छ ।
- आवधिक योजनामा प्रस्तुत दीर्घकालिन सोच, लक्ष, उद्देश्य, रणनीति तथा कार्यनीतिको सहज प्रतिफल संघीय व्यवस्थाको प्रभावकारी कार्यान्वयन, स्थिर सरकार तथा अन्य कुनै प्राकृतिक तथा अकल्पनीय घटना नघटेको अवस्थामा मात्र प्राप्त हुनेछ ।

**आवधिक योजनाको सफल कार्यान्वयनका निमित्त देहायका अवस्थाहरुको सहयोग अपरिहार्य हुनेछ** ।

- संघीयताका मर्म बमोजिम संघ, प्रदेश र स्थानीय तह सरकारहरुको संरचनात्मक विकास भएको हुनेछ ।
- संघ, प्रदेश र स्थानीय तहका सरकारहरुमा आवश्यक कानुनहरुको निर्माण भएको हुनेछ ।
- स्थानीय सरकारले संवैधानिक रुपमा प्रदत्त अधिकारको प्रयोग गर्न पाउनेछन ।

- स्थानीय आवश्यकताका आधारमा कानून निर्माण भएको हुनेछ ।
- सरकारी, सहकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ ।
- गाउँपालिकाले रणनीतिक कार्यक्रमको कार्यान्वयन लाभ लागत विश्लेषणका आधारमा गर्नेछ ।
- जलवायु परिवर्तन वा अन्य कुनै प्रकारले हुने प्राकृतिक विपदको अवस्था सामना गर्नु पर्ने छैन ।

# परिच्छेद २: गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ गाउँपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना




तातोपानी गाउँपालिका नेपालको संविधानको धारा २९५ उपधारा ३ बमोजिम कायम भएका गाउँपालिका, नगरपालिकाहरु मध्ये एक स्थानीय तह हो । नेपालको कर्णाली प्रदेश जुम्ला जिल्लामा पर्ने तातोपानी गाउँपालिकामा साविकका तातोपानी, लाम्रा, ताम्ती र हाँकु गरी ४ गाउँ विकास समितिहरु समावेश भएका छन् ।
५२५.५१ वर्ग कि.मि. क्षेत्रफलमा रहेको यस तातोपानी गाउँपालिकाको पूर्वमा चन्दननाथ नगरपालिका पश्चिममा तिला गाउँपालिका, उत्तरमा सिंजा गाउँपालिका तथा दक्षिणमा जाजरकोट जिल्ला रहेका छन् । ८ वटा वडामा विभाजित यस तातोपानी गाउँपालिकाको केन्द्र साविक तातोपानी गाउँ विकास समितिको कार्यालय रहेको स्थान लिताकोटमा अस्थाई कार्यालय तोकिएको छ ।

तातोपानी गाउँपालिका ऐतिहासिक, प्राकृतिक तथा सांस्कृतिकरूपले महत्वपूर्ण क्षेत्र हो । कर्णाली प्रदेश, जुम्ला जिल्लामा अवस्थित तातोपानी गाउँपालिका २८°५८ डिग्री देखी २९°३० डिग्री सम्म उत्तरी अक्षांश तथा ८१°५१ डिग्री देखि ८२°३५ डिग्रीसम्म पूर्वी देशान्तरको भौगोलिक सिमामा अवस्थित गाउँपालिका हो । यो गाउँपालिकाका वडा नं. ४, ७ र ८ बाहेक अन्य सवै वडाहरु कर्णाली राजमार्गमा पर्दछन् । तातोपानी गाउँ कार्यपालिकाको कार्यालय लिताकोटदेखि जुम्ला जिल्लाको सदरमुकाम खलङ्गा १८ कि.मी. पूर्वि दिशाको दुरीमा रहेको छ भने प्रदेश राजधानी सुर्खेत झण्डै २४५ कि.मी. र संघीय राजधानी काठमाण्डौ झण्डै ८१० कि.मि.को दुरीमा रहेको छ । मिति २०७३/११/२८ गते विद्यायकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने लक्ष्यका साथ अधिकार सम्पन्न स्थानीय सरकारको रुपमा यस गाउँपालिकाको स्थापना गरिएको थियो । हाल यस गाउँपालिकामा ८ वटा वडा रहेका छन् ।

जुम्ला जिल्लामा अवस्थित तााातोपानी गाउँपालिका कर्णाली प्रदेश अन्तर्गतको उच्च पहाडी विषेशता बोकेको गाउँपालिका हो । तातोपानी गाउँपालिका समुद्री सतहदेखि २२१० देखि करिव ५००० मिटरको उचाइसम्म फैलिएको छ । अधिकांश भूमि हिमाली पाखो र केही भाग तिला नदीको समथर फाँट रहेको यो गाउँपालिकामा समशितोष्ण तथा लेकाली हावापानी तथा वनस्पतीहरु पाईन्छ । गाउँपालिकाको संक्षिप्त चिनारी तालिका १ मा प्रस्तुत गरिएको छ ।

*तालिका २: तातोपानी गाउँपालिकाको संक्षिप्त चिनारी*

| सिमाना | पूर्वः चन्दननाथ नगरपालिका<br>पश्चिमः तिला गाउँपालिका र कालिकोट जिल्लाको महावै गाउँपालिका<br>उत्तरः सिंजा गाउँपालिका<br>दक्षिणः जाजरकोट जिल्लाको जुनीचाँदे, कुसे र बारेकोट गाउँपालिका |
|---|---|
| **राजनैतिक तथा प्रशासनिक विभाजन** | प्रदेश : कर्णाली प्रदेश<br>जिल्ला : जुम्ला जिल्ला<br>वडा संख्याः ८<br>अवस्थिति : २८°५८ डिग्री देखी २९°३० डिग्री सम्म उत्तरी अक्षांश तथा ८१°५१ डिग्री देखि ८२°३५ डिग्रीसम्म पूर्वी देशान्तर<br>क्षेत्रफल : ५२५.५१<br>उचाई : २२१० देखि ५००० मिटर समुद्र सतहबाट<br>घरधुरी : ३३१८ *(राष्ट्रिय जनगणना २०७८)*<br>जनसँख्या : १५५७५ *(राष्ट्रिय जनगणना २०७८)*<br>जनघनत्व : ३० जना प्रति वर्ग कि.मी<br>लैङ्गिक अनुपात : ९७.७५ *पुरुष प्रति १०० महिला*<br>हावापानी : उच्च समशितोष्ण तथा लेकाली<br>संघीय राजधानी सम्मको दुरी : ८१० कि.मी<br>प्रदेश राजधानी सम्मको दुरी : २१० कि.मी.<br>जुम्ला विमानस्थलसम्मको दुरी : १८ कि.मी.<br>*(स्रोतः तातोपानी गाउँपालिका, २०८०/८१)* |

## २.१.२ प्राकृतिक एवं सांस्कृतिक सम्पदा

लछालकृति पैकेलाको जन्मभूमि, बलिराजको राजधानी, प्रसिद्ध तातोपानी धारा, सातधारा, गिडिदह, पानसय पाटन, लाछु जिउलो, सुन्दरगाउँ, बाबिरामष्ट, भुरिचुल्ला मालिका, नदैडाब, लाम्रा दियार, बुदबुदी, गुरु फोक्टो, कालिका, मालिका भगवति जस्ता प्रसिद्ध एवंम ऐतिहासिक, पुरातात्विक र साँस्कृतिक महत्व बोकेका सम्पदाहरु मात्र होइन तातोपानी गाउँपालिका प्राकृतिक तथा भौगोलिक रुपमा पनि विविधता भएको गाउँपालिका हो । यी सम्पूर्ण सम्पदाहरु तातोपानी गाउँपालिकाका अमूल्य निधि हुन् । यी मौलिक सम्पतीहरुको संरक्षण, सम्बर्द्धन तथा जिर्णोद्धार गर्नु स्थानीय सरकारको कर्तव्य हो ।

गाउँपालिका भित्र बोलिने मातृभाषाहरु मध्ये ९९.८९ प्रतिशतले खस नेपाली भाषा बोल्ने गर्दछन् । धार्मिक हिसावले गाउँपालिका भित्र सबैभन्दा बढी हिन्दु धर्मावलम्बीहरु ९९.४६ प्रतिशत रहेका छन् । त्यसैगरी ईसाइ धर्म मान्नेहरुको संख्या ०.५४ रहेको देखिन्छ । जातजातिगत आधारमा जनसंख्यालाई हेर्दा सबैभन्दा बढी ब्राहमण क्षेत्री ७७.३८ प्रतिशत रहेका छन् । गाउँपालिकाका अन्य वडाहरुको तुलनामा वडा नं.४ मा दलितहरुको बसोबास बढी रहेको छ ।[1]

### २.१.३ जनसाङ्ख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ का अनुसार तातोपानी गाउँपालिकाको कुल जनसंख्या १५,५७५ रहेको छ । यद्यपी ततोपानी गाउँपालिकाको गाउँ बस्तुगत विबरण २०७४ मा १७८३४ जनसंख्या रहेको उल्लेख गरिएको छ । राष्ट्रिय जनगणना २०७८ को कुल जनसंख्याको आधारमा लैङ्गिक अनुपात ९७.७५ रहेको छ । कुल जनसंख्यामा महिलाको जनसंख्या ७,८७६ अर्थात ५०.७ प्रतिशत र पुरुषको जनसंख्या ७६९९ रहेको छ । कुल घरधुरी संख्या ३३१८ रहेका छन् । सबैभन्दा बढी जनसंख्या वडा नं. ७ मा (३३८१) र सबैभन्दा कम जनसंख्या वडा ५ मा (१३४३) रहेको छ ।[2]




स्रोत : राष्ट्रिय जनगणना २०७८

[1] घरधुरी सर्वेक्षण, २०७४ गाउँ वस्तुगत विवरण तातोपानी गाउँपालिका
[2] राष्ट्रिय जनगणना २०७८

उमेर समूहका आधारमा यस गाउँपालिकामा सबैभन्दा धेरै जनसंख्या १० देखि १९ वर्ष उमेर समूहको जनसंख्या ३,९८८ रहेको छ भने २०-२९ उमेरसमूहको जनसंख्या कुल जनसंख्याको २,७३५ रहेको छ । आर्थिक रुपमा सकृय २० देखि ४९ उमेर समूहको जनसंख्या ६,१५४ अर्थात ३९.५ प्रतिशत रहेकाले तातोपानी गाउँपालिका जनसांखिक लाभांशका रुपमा रहेको देखिन्छ ।

**तालिका ....: उमेर समुहगत जनसंख्या**

| उमेर | ८० माथि | ६०-७९ | ५०-६९ | ४०-४९ | ३०-३९ | २०-२९ | १०-१९ | ००-९ |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १८ | ५३९ | ६०६ | ७५९ | ८८० | १२९५ | २००० | १६०२ |
| महिला | २३ | ५५७ | ५८९ | ८०८ | ९७२ | १४४० | १९८८ | १४९९ |
| **जम्मा** | **४१** | **१०९६** | **११९५** | **१५६७** | **१८५२** | **२७३५** | **३९८८** | **३१०१** |

स्रोत : राष्ट्रिय जनगणना २०७८

## २.२ आर्थिक विकासको अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

तातोपानी गाउँपालिकाको आर्थिक विकास अन्तरगत मुख्यतया व्यवसायीक जैविक तरकारी तथा बाली खेति, फलफूल तर्फ ओखर तथा स्याउ, खेति, कोसेवाली तर्फ सिमी, वनपैदावरमा जडिबुटी उन्नतीको प्रमुख साधनको रुपमा रहेको छ । संम्भावनाका प्रचुर क्षेत्रहरु विद्यमान भएपनि कठिन भौगोलिक अवस्था, सडकको पहुच, विद्युत उपलब्धता जस्ता पूर्वाधारको कमी, आवश्यक व्यवसायिक ज्ञान तथा सूचनाको अभाव, बजारसम्मको पहुँचको कमिले घरेलु उद्योग, व्यापार र व्यवसायको सृजना र विकासका गतिवधीहरु अगाडी बढ्न सकेको छैन । तातोपानी गाउपालिकामा सरदर ७५ प्रतिशत भन्दा वढी जनसंख्या कृषि क्षेत्रमा आवद्ध रहेका छन भने राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार लगभग ५१.५ प्रतिशत जनसंख्याले कृषि क्षेत्रलाई मुख्य पेशाको रुपमा अवलम्बन गरेका छन् । २५ प्रतिशत जनसंख्या भने रोजगारी तथा अन्य पेशामा आवद्ध छन् । गाउँपालिकाको जनसंख्याको ठूलो हिस्सा जीविकोपार्जनका लागि कृषिमा निर्भर रहेको भएतापनि व्यवसायिक कषि कर्म गर्ने कृषकको संख्या तुलनात्मक रुपमा निकै कम रहेको छ ।

**<u>कृषिमा कुटो र बुटो</u>**

"जुम्ला जिल्लाकै पहिचान र तातोपानी गाउँपालिकाको मुख्य आयस्रोत स्याउलाई पर्वधन गर्न गतवर्षहरुदेखि गाउँपालिकाले कृषकहरुलाई स्याउका बोटहरु वितरण गर्दै आइरहेको छ तर कृषकहरुले बुटो समाएपछि कुटो लगेर जमिनमा लगाउने बानीले धेरै जसो मरे, जागेका पनि सप्रेका छैनन् । मेहनत गरी पहिले नै मल हालेर खाडल तयार गरेर लगाउने कृषक कम हुँदै गए । सरकारले मात्र गरिदिएर विकास हुने होइन । कृषि विकास त जनता, नीजि क्षेत्र र सरकारको संयुक्त प्रयासको परिणाम हो भन्ने सबैले बुझ्नु पर्छ ।"

*सूचनादाता: श्री कर्ण बहादुर कठायत.अध्यक्ष, वडा नं. १*

गाँउवासीको प्रमुख पेशा कृषि भएतापनि अधिकांस कृषकहरू परम्परागत सीप र शैलीमा आधारित हुनुका कारण उत्पादकत्वमा खास सुधार हुन सकेको छैन । यहाँको मुख्य आम्दानीको स्रोत भनेको कृषि हो भने सहायक रुपमा जडीबुटी, पशुपालन, फलफूल र ज्याला मजदुरीको रुपमा लिने गरेको पाईन्छ । रोजगारी र जीवन यापनका लागि हिउँदे समयमा भारतमा गई व्यवसाय गर्ने र ज्याला मजदुरी गर्ने गरेको पाईन्छ । बाखापालन, भेडा, भैंसी, घोडा र गाई जस्ता पशुपालन गरि आफ्नो जिवनयापन गर्दै आएको पाईन्छ ।

तातोपानी गाउँपालिकाले १० जना पशुपालन तर्फ र ७ जना कृषि उत्पादन तर्फका अगुवा कृषक पहिचान गरेको छ । हालसम्म गाउँपालिकामा २३ विभिन्न पशुपालन फारम र ५५ वटा कृषि फारमहरु दर्ता भएका छन् भने कृषक समूहरु २२० वटा रहेका छन् । तातोपानी गाउँपालिकामा १ शितभण्डार निर्माणाधिन अवस्थामा रहेको छ तर विवादका कारण केही वर्षभित्रमा प्रयोगमा आउने सम्भावना निकै न्यून रहेको छ । कृषकहरुले हालसम्म पावर ट्रिलर, थ्रेसर, स्याउ टिप्ने औजार, कम्वाइन मिल जस्ता कृषि औजारहरु विभिन्न संघसंस्थाबाट अनुदानका रुपमा प्राप्त गरेका छन् । तातोपानी गाउँपालिकाको कृषियोग्य जमिनलाई दुइ भागमा विभाजन गर्न सकिन्छ पहिलो तिला नदीले सिंचित गर्न सकिने समथर खेत र दोस्रो पाखो वारी । तिला नदीको समथर फाँट र वरीपरीको पाखो बारी समेत गरेर जम्मा उर्वर भूमि करिव २६,७७१ हेक्टर रहेको छ भने सिंचाइ सूविधायुक्त उर्वर भूमि करिव ३०५१ हेक्टर रहेको छ । तातोपानी गाउँपालिकाको विचबाट वग्ने तिला नदीको समथर भूभाग धान, गौ, जौं तथा तरकारी उत्पादनको लागि उर्वर रहेको छ भने पाखो बारीहरु कोदो, मकै, जौं, सिमी, आलु, स्याउ, ओखर उत्पादनको लागि उपयुक्त रहेको छ । यहाँका मुख्य वालीहरुमा धान, गहुँ, मकै, तेलहन, दलहन, रहेका छन् भने फलफूलमा स्याउ, ओखर आदिको प्रचुर संभावना रहेको छ । कृषि उप-उत्पादनमा धानको पराल, गहुँ र दलहनको भुस्सा मकैको ढोढ, आदी पशु आहाराको रुपमा प्रयोग गर्न सकिन्छ । पशुपालन तर्फ यहाँ गाई भैसी पालन, (दुध उत्पादन) भेडा, बाखा, कुखुरा पालन (मासु उत्पादन) को लागि हुने गरेको छ । प्राकृतिक जलासयको रुपमा ८ वटा नीजि पोखरीहरुमा माछा पालन समेत भैरहेको छ ।

तातोपानी गाउँपालिकाका बासिन्दाका कृषि बाहेकको आम्दानीको स्रोत भनेको जंगली जडिबुटी संकलन तथा त्यसको विकी पनि रहेको छ । त्यसैगरि मौसमी रुपमा भारतमा मजदुरी गर्न गइ आम्दानीको बैकल्पिक स्रोत बनाउनेहरुको हिस्सा पनि उल्लेख्य रहेको छ । भेडाबाखा पालन, राडीपाखी उत्पादन तथा विकी, स्याउ ओखर उत्पादन तथा विकी साथै सिमी, आलु उत्पादन तथा विकी र जडिबुटी संकलन तथा विकी तातोपानी गाउँपालिकाका बासिन्दाको मूख्य आम्दानीका स्रोतहरु हुन ।

**तालिका .....वडागत वार्षिक मूख्य कृषि तथा पशुपंक्षी उत्पादनको अवस्था**

| कृषि उत्पादन | इकाइ | वडा नम्वर | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| दुध उत्पादन *(हजारमा)* | लिटर | ७२० | २७० | ३६० | ७२० | ६० | १८० | ३६० | १८० |
| भेडा/बोकाकोमासु | केजी | १८०० | १८०० | १२०० | १५६० | १२०० | १६२०० | ४८०० | ६००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| राँगाको मासु | केजी | २१६० | ० | १८०० | ० | २१६० | २१६० | ० | ० |
| कुखुराको मासु | केजी | १६८० | १६८० | १८०० | १८०० | १८०० | १८०० | ६००० | ७२०० |
| धन | क्विन्टल | १५४० | १९२० | ३६०० | ४००० | ३२०० | २५०० | १५०० | १५०० |
| गहुँ जौ | क्विन्टल | ११०० | १२०० | २० | २५ | ३५ | २५ | ६५ | २०० |
| मकै | क्विन्टल | १००० | ८०० | ३०० | २०० | ५०० | ५०० | १००० | १२०० |
| चिनो, कागुनो, कोदो, फापर | क्विन्टल | २५० | १५० | ७५ | १०० | २०० | १०० | ५०० | १००० |
| सिमी | क्विन्टल | १०३० | ९७० | ४५० | ५७५ | ६०० | २०० | ३०० | १५०० |
| आलु | क्विन्टल | ३५० | २५० | १५० | २०० | ३०० | १८० | ३०० | ५०० |
| स्याउ | क्विन्टल | १२४० | १४२० | १७०० | १५०० | १४५० | २२७० | १९०० | २५०० |

*स्रोत : वडाभेला छलफल तथा वडा अध्यक्षहरुसँगको अन्तरवार्ता, २०८१*

आवधिक योजना तर्जुमाका लागि गरिएको वडागत सूचना संकलनका क्रममा वडा अध्यक्ष तथा वडा सचिवहरुसँगको छलफल तथा गाउँपालिकाको कृषि तथा पशु शाखाबाट प्राप्त तथ्यांक अनुसार गाउँपालिकामा वार्षिक रुपमा २ लाख ८५ हजार लिटर गाइभैसीको दुध उत्पादन हुने गरेका गर्दछ । त्यसैगरी भेडा बाख्राको मासु वार्षिक ३४ हजार ५ सय ६० केजी उत्पादन हुने गर्दछ । गाउँपालिकाका केही वडाहरुमा मात्र राँगा मासुका लागि पाल्ने गरेको बताउनु भएको थियो । राँगाको मासुको वार्षिक उत्पादन ८ हजार २ सय ८० केजी रहेको छ । गाउबासीहरुको प्रयाजसोको घरमा लोकल कुखुराहरु मासु र अण्डाका लागि पाल्ने गरिन्छ । लोकल कुखुराका मासुको वार्षिक उत्पादन २३ हजार ७ सय ६० केजी रहेको छ ।

खाद्यन्नतर्फको गाउँपालिकाको मूख्य उत्पादन भनेको धान खेती हो । तातोपानी गाउँपालिका जुम्ला जिल्लामा धानखेती हुने ठूला ठूला फाँट भएको स्थानीय तहको रुपमा परिचित छ । यसै गाउँपालिकामा लछ्यालकृत पैकला राजाले मार्सी धानको खेती शुरु गरेको मानिन्छ । उनले विराएको खेतको पहिलो गह्रालाई अहिले पनि गुरु फोकटो नामले परिचित छ र त्यसमा वार्षिक रुपमा पुजाआजा गरी धान रोप्ने गरिन्छ । गाउँपालिकाको धानको वार्षिक उत्पादन १९ हजार ७ सय ६० क्विन्टल रहेको छ । गाउँपालिकाको पाखो बारीहरुमा मकै खेती गर्ने गरिन्छ । मकैको वार्षिक उत्पादन ५ हजार ५ सय क्विन्टल रहेको छ । त्यसैगरी सिमी वार्षिक उत्पादन ५ हजार ६ सय २५ क्विन्टल, आलु वार्षिक उत्पादन २ हजार २ सय ३० क्विन्टल, गहुँ जौको वार्षिक उत्पादन २ हजार ६ सय ७० क्विन्टल, कोदो, फापर, चिनो, कागुनो जस्ता सुपरफुडको वार्षिक उत्पादन २ हजार ३ सय ७५ क्विन्टल रहेको छ । जुम्ला जिल्ला स्याउ उत्पादनको लागि देश विदेशमा प्रख्यात जिल्ला हो । स्याउ उत्पादन नै तातोपानी गाउँपालिकाबासीको मुख्य आम्दानीको स्रोत पनि हो । गाउँपालिकाले स्याउ खेतीको लागि अनुदानका धेरै प्रयासहरु पनि गरेको छ । गाउँपालिकाको स्याउ वार्षिक उत्पादन १३ हजार ९ सय ८० क्विन्टल रहेको छ ।




*स्रोत : वडाभेला छलफल तथा वडा अध्यक्षहरुसँगको अन्तरवार्ता, २०८१*

तातोपानी गाउँपालिका उच्च पहाडी तथा हिमाली र तिला नदी तथा भेरी खोलाको बेसी सहितको मिश्रित भूगोल रहेको गाउँपालिका हो । गाउँपालिकामा थोरै खेतियोग्य उर्वर भूमि तथा धेरै उच्च पहाडी तथा हिमाली घाँसे मैदान, जंगल रहेको छ । गाउँपालिकाको कुल जमिन मध्ये करिव ३६.८८ प्रतिशत अर्थात १९३.८२ वर्ग कि.मी. (५८९५ हेक्टर) जमिन मात्र खेतीयोग्य रहेको छ । बाँकी भूभाग जंगल, पत्थरिलो पहाड, हिँउ, घाँसेमैदान, नदीखोलाका बगर र बस्तीले ओगटेको छ । कुल खेतीयोग्य जमिन मध्ये झण्डै ८.२१ प्रतिशत अर्थात ४८४ हेक्टर जमिन पूर्ण सिंचाइ सहितको खेत (स्थानीय भाषामा जिउलो) रहेको छ भने बाँकी भाग करिव २५ प्रतिशत सिंचाइ सुविधा सहितको पाखो बारी रहेको छ ।

***तालिका नं. ....तातोपानी गाउँपालिकाको कुल उर्वरा जमिन र सिंचाइ सुविधा***

| जमिन | इकाइ | कुल उर्वरा जमिन | जमिन (प्रतिशत) | सिंचाइ सुविधा पुगेको (प्रतिशत) |
|---|---|---|---|---|
| खेत | हेक्टर | ४८४ | ८.२१ | ९५ |
| बारी | हेक्टर | ५४११ | ९१.७८ | २५ |

*स्रोत : वडाभेला छलफल तथा वडा अध्यक्षहरुसँगको अन्तरवार्ता, २०८१*

## २.२.२ पर्यटन तथा संस्कृति

तातोपानी गाउँपालिकाको आर्थिक विकासमा वाहय तथा आन्तरिक पर्यटन प्रवर्धनको प्रचुर सम्भावना रहेको छ । गाउँपालिकामा भएको भौतिक तथा प्राकृतिक सम्पदा, धार्मिक तथा पर्यटकीय स्थल, आफ्नो सामाजिक, भाषिक, साँस्कृतिक जीवन पद्दति आदि सम्बन्धी विषयबारे अरुलाई जानकारी गराई ती

**<u>प्रशिद्ध जुम्ली भनाई</u>**

**“जुम्ली छोरो देश/हाटबाट चैता १२ घर आयन भन्या कि मर्‍या सोच्नु कि हरायो भनी जान्नु ।”**

*सूचनादाता :अमर बहादुर रोकाय, अध्यक्ष, वडा नं. ४*

स्थानहरुमा भ्रमण गराई आय आर्जन बढाउनको लागि व्यवसायिक रुपमा पर्यटन उद्योग अगाडि बढाउन आवश्यक रहेको छ ।

गाउँपालिकाको सानको रुपमा रहेको र देश विदेशमा समेत प्रख्यात रहेको तातोपानीको मूल, हजारौं वर्ष पुराना देवदारका रुखहरु, पाण्डवहरुले बनवासको समयमा प्रयोग गरेका सातधारा, सिमसार विशेषता बोकेको गिडी दह, जुम्लामा मार्सीधानको शुरुवात गराउने लछालकृत पैकलाको दरवार र उनैले विराएको पहिलो खेतको गह्रा (स्थानीयहरु भाषमा गुरु फोकटो), सयौं पाटनहरु तथा थरी पिच्छेका मष्टहरु, वुदवुदे शैलेश्वर मन्दिर, नदेही डाव, भुरीचुल्ला, गणेश गुफा आदि रहेकाछन् । गाउँपालिकाले पर्यटन प्रवर्धनका लागि गिडी दह, नदेहीडाव, इमिल्छागादी भुरीचुल्ला क्षेत्रहरुमा धर्मशाला निर्माण तथा गिडी दह सौन्दर्यकरणका लागि डिपिआर समेत सम्पन्न गरिसकेको छ । लछालकृत पैकलनाको दरवार संरक्षणका सौ तातोपानी धारालाई व्यवस्थित गर्ने साथै स्थानीय विज्ञतामा आधारित काठका पुलहरुको संरक्षण गर्ने कार्यहरु गरिरहेको छ । तातोपानी गाउँपालिकाका यी क्षेत्रमा बार्षिक करीव ५००० आन्तरिक पर्यटकले भ्रमण गर्ने गरेका छन ।

गाउँपालिकामा देउडा संस्कृति अनुसारका गित तथा नाचहरु साथै पहिरनहरु रहेका छन् । ढाल नाच, विभिन्न मष्टहरुका झाँकी, हुड्के नाच, रत्यौली, जुम्ली ठाँडीभाका, गुरु फोकटोका रोपाइ महोत्सव, वर्षका ४ वटा पूर्णिमा र २ वटा अष्टमीमा निस्कने झाँकीहरु, चैत बाह्रवा (१२ गते) र चैत विशु (२० गते) मार्सीधानको विउ राख्ने दिन प्रमुख रुपमा तातोपानीको पहिचान बोकेका नाच, गित तथा पर्वहरु हुन् । त्यसका अतिरिक्त दशै, तिहार, तिजहरु पनि यहाका बासिन्दाले मनाउने गर्दछन् । हिमाली भेगमा रहेका समुदायले बुद्धधर्मसँग सम्बन्धित सांस्कृतिक पर्व तथा रिती रिवाजहरु पनि मनाउने गर्दछन् भने पछिल्ला वर्षहरुमा धर्म परिवर्तन गरी इशाइ धर्म मान्ने गरेका समुदायले क्रिसमस पनि मनाउने गर्दछन् ।

**तालिका नं. ......... प्राकृतिक तथा धार्मिक पर्यटकीय स्थलहरुको वडागत विवरण**

| वडा नं. | प्राृकतिक तथा धार्मिक पर्यटकीय स्थलहरु |
|---|---|
| १ | देवदारको रुख, सातधारा, महावही जगन्नाथ, नदहीदेवी, महादेव, कैलाश, भुयाँर र मष्टहरु |
| २ | तातोपानी मूल, बाविरा मष्ट, सुन्दरगाउँ मष्ट, भुरिचुल्लामाइ, लछालकृती पैकलाको दरवार, गुरु फोकटो |
| ३ | वुदवुदे शैलेश्वर मन्दिर, कालिका मष्ट, बाविरा मष्ट, थार्पा मष्ट, गुरा मष्ट, भनी थान |
| ४ | ठाकुर ज्यु तथा विष्ट ज्यु मन्दिर, शिवभण्डार वन, भुरीचुला मालिका, गणेश गुफा, जालपादेवी, कालिका मन्दिर, मष्ट देवताहरु, गिडी दह, पानसय पाटन, फूलचौले पाटन, हाँक पाटन, बजेडी पाटन |
| ५ | देवदारको रुख, कालिका स्थान मन्दिर, मष्टहरु, लाटीबजु |
| ६ | महादेव मन्दिर, बाबिरा मष्ट, कुलदेवता |
| ७ | महादेव मन्दिर, मुछाल देवता, इमिल्छागाडी, मष्ट देवता |

| | |
|---|---|
| ८ | नदेहीडाव, वराहडाव, देउलीगुफा, इमिल्चागाडी, महादेव, १२ भाइ मष्टो, भंकाल, कैलाश र पाटनहरु |

*स्रोत : वडाभेला छलफल तथा वडा अध्यक्षहरुसँगको अन्तरवार्ता, २०८१*

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपुर्ति

तातोपानी गाउँपालिकाले स्थानीय जनतालाई उद्यमशील बनाई घरेलु, साना तथा मझौला उद्योगको विकास र विस्तारमा संलग्न गराएर गाउँपालिकाको आर्थिक विकासलाई गतिशील बनाउन आवश्यक छ। उद्योगको विकासले रोजगारीको अवसरमा बृद्धि हुनुका साथै स्थानीय स्रोत साधनको उच्चतम परिचालन मा पनि योगदान पुग्छ । यस गाउँपालिकामा विशेष गरी स्थानीय स्रोत साधनमा आधारित कृषि तथा पशुजन्य उपज र जडिबुटीको उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योगको संभावना रहेको छ । कृषि, पशुपंक्षी, जडिबुटी उत्पादनको लागि आवश्यक प्रविधि, सामग्री र वस्तु सेवा र स्थानीय उत्पादन बजारीकरण सम्बन्धी व्यापार व्यवसायमा पनि क्रमिक वृद्धि हुँदै गईरहेको छ ।

**लोप हुदै परम्परागत सिपहरु**

**"चुनरा जातीहरुले बनाउने गरेको नैचो बनाउने सिप जानेका गाउँपालिकामा एक जना मात्र मान्छे म हुँ, मसँगै यो सिप हराउला की भन्ने डर भयो"**

*........चुनारा, वडा नं. २*

यस गाउँपालिकामा तरकारी फारम, स्याउ फारम, भेडाबाखा फारम, जडिबुटी उत्पादन फारम, कुखुरा फारम, गाई फारम गरी झण्डै १०० वटा जति दर्ता भएका फारमहरु र झण्डै त्यत्तिकै हाराहारीमा दर्ता नभएका कृषि समूहहरु रहेका छन् । ति दर्ता भएका फारमहरु मध्ये केही निस्कृय भएपनि स्याउ, सिमी र भेडाबाखा फारम भने सकृय रुपमै सञ्चालनमा रहेका छन् । त्यसैगरी वडा नं. ४ को सिद्धी विनायक सामुदायिक बनले जडिबुटी उत्पादन गर्ने गर्दछ । वडा नं. ७ का २० घर र वडा नं. ८ का १० घरहरुले समेत चिराइतो, चुक, अत्तिस, सेतोचिनी, गुनाइनो, घोडामर्चा, चियापत्ती, पदमचाल, गन्नाइनो र वायोजडी जस्ता जडिबुटीहरु उत्पादन तथा बिक्री गर्ने गर्दछन् । भेडाबाखा पालन गर्ने घरधुरीहरुले राडीपाखी बुनेर बिक्री वितरण गर्ने गर्दछन् भने डोको नाम्लो बुन्ने सिप भएका मानिसहरु प्रत्येक वडामा रहेका छन् । यस गाउँपालिकाको मुख्य बजार केन्द्र भनेको लिताकोट, तातोपानी, ऐरेनी, नाग्मा र जुम्ला जिल्लाको सदरमुकाम रहेको खलंगा बजारहरु हुन् । स्याउ, सिमी, ओखर, जडिबुटी, कागुनो चिनो, कोदोहरु भने प्रदेश राजधानी सुर्खेत तथा नेपालगंज हुदै देशै भर व्यापारिहरुले लैजाने गर्दछन् । सुर्खेत, नेपालगंज र काठमाण्डौमा जुम्लाका उत्पादनहरु बेच्ने पसलहरु समेत रहेका छन् ।

देशकै ८ वटा नमुना औद्योगिक ग्राम निर्माण परियोजना मध्येको रातेखोला औद्योगिक ग्राम यसै गाउँपालिकाको वडा ४ मा पर्दछ । रातेखोला औद्योगिक ग्राम क्षेत्रको डिपिआर भइ नक्सा पास भैसकेको छ । गाउँपालिका भित्र १५ वटा फर्निचर उद्योग, १ ग्रिल उद्योग, ३२ वटा कुटानी पिसानी

मिल, ५० वटा पानी घट्टहरु रहेका छन् । समय समयमा खोलिएका जडिबुटी प्रशोधन, धागो बुन्ने, शित भण्डार, कपडा उद्योगहरु हाल सञ्चालनमा नरहेको जानकारी गराइएको थियो ।

**रेखाचित्र ४: आर्थिक रुपमा सकृय जनसंख्याको औद्योगिक संलग्नता**




| | कृषि | निर्माण | थोक व्यापार | यातायात | आवास | वित्त | सार्वजनिक प्रशासन | शिक्षा | मानवस्वास्थ्य | अन्य सेवा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल | ७९.१ | ३.४ | ७.६ | ०.९ | ०.४ | ०.४ | १.१ | २ | ०.८ | २.२ |
| पुरुष | ७२.२ | ४.६ | ९ | १.८ | ०.६ | ०.६ | २.१ | २.९ | ०.८ | २.३ |
| महिला | ८५.७ | २.३ | ६.२ | ०.०३ | ०.२ | ०.२ | ०.२ | १.१ | ०.७ | २.२ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

राष्ट्रिय जनगणना २०७८ अनुसार, तातोपानी गाउँपालिकामा ७९.१ प्रतिशत आर्थिक रुपमा सकृय जनसंख्या कृषि क्षेत्रसँग सम्वन्धित छन भने ७.६ प्रतिशत थोक व्यापार, ३.४ प्रतिशत निर्माण, २ प्रतिशत शिक्षा (नीति विद्यालय, ट्युसन सेन्टर) आबद्ध देखिएका छन् ।

## २.२.४ वैंकिङ, सहकारी तथा अन्य वित्तिय संस्थाहरु

कुल १ वटा वैंक, ५ वटा लघुवित्तले खोलेका समूहहरु, ३ वटा वचत तथा ऋण सहकारी संस्थाहरु र २० वटा विषयगत सहकारी संस्था रहेको तातोपानी पालिकामा वित्तिय क्षेत्रको पहुँच तुलनात्मक रुपमा सहज छ । तातोपानी गाउँपालिका जुम्ला जिल्लाको सदरमुकाम खलंगाबाट नजिकै रहेको कारण जिल्ला सदरमुकामा रहेका अधिकांस वित्तीय सेवाहरुबाट यहाका बासिन्दाहरु लाभान्वित हुने गरेका छन् । सदरमुकामलाई आधार बनाएर सञ्चालनमा रहेका सहकारी, लघुवित्त र बैंकहरुमा तातोपानी बासिहरुको आर्थिक कृयाकलापहरु हुने गर्दछ ।

गाउँपालिकामा अनौपचारिक रुपमा मौद्रिक कारोबार गर्ने बचत तथा ऋण समुह करीव ६० वटा हुनुले अनौपचारिक रुपमा पनि ग्रामिण क्षेत्रमा वित्तिय कारोबार हुने गरेको देखिन्छ । अनौपचारिक रुपमा हुने

गरेका आर्थिक कारोवार मध्ये व्यक्तिगत रुपमा वार्षिक २४ प्रतिशत र समुहबाट वार्षिक १८ प्रतिशत व्याजदरमा लेनदेन हुने गरेको वडा छलफलमा बताइएको थियो । वैंक खाता हुने सरदर घरधुरी ८० प्रतिशत भएको गाउँपालिकामा वडा नं. ७ र ८ मा सवैभन्दा कम घरधुरीको वैंकमा खाता भएको पाईएको छ । त्यसैगरी गाउँपालिकामा वैंक खाता हुने जनसंख्या मध्ये करीव ३५ प्रतिशतले मोवाईल वैंकिङ चलाउने गरेको वडागत छलफलबाट प्राप्त तथ्याङ्कले देखाउछ ।

कृषि कर्जामा स्थानीय कृषकको पहुँच गाउँपालिकाका लागि सवैभन्दा महत्वपूर्ण विषय हो । गाउँपालिकामा लगभग २५ प्रतिशत किसानले मात्र बैंक बाट ऋण लिएको देखिन्छ भने कृषि विमामा संलग्न कृषक करीव ६४ प्रतिशत मात्र छन । यसबाट वैंक तथा वित्तिय संस्था पूर्णरुपमा कृषि र कृषक मैत्री हुन नसकेको देखिन्छ ।

### २.२.५ रोजगार र सुरक्षित आप्रवासन

राष्ट्रिय जनगणना २०७८ का अनुसार तातोपानी गाउँपालिकाको ६५.३ प्रतिशत जनसंख्या आर्थिक रुपमा सक्रिय रहेको छ । यस गाउँपालिकाका बासिन्दाहरुको प्रमुख पेशा कृषि रहेको भएतापनि रोजगारीको लागि परिवारै भारत जाने, मौसमी रुपमा भारतमा मजदुरी गर्न जाने र खाडी मुलकमा जानेको संख्या उल्लेखनीय रहको छ । प्रत्येक वडाबाट कम्तिमा २० घर परिवारका श्रीमान् श्रीमति र केटाकटीहरु समेत भारतमै रहने गरेका छन् भने मौसमी मजदुरीको रुपमा प्रत्येक वडाबाट वर्षेनी सयौं जना भारत जाने गर्दछन् । प्रत्येक वडामा भारत बाहेकका तेस्रो मुलुकमा रोजगारीका रुपमा जानेको संख्या पनि सरदर २० जना रहेको छ । त्यसो त प्रत्येक वडामा सिकर्मी डकर्मी सिप भएमा कम्तिमा सय जना जनशक्ती रहेका छन् भने मोटरसाइकल बनाउने, विद्युतीय वाएरिङको सिप भएका, होटेल व्यवस्थापन सिप, पलम्बिङको सिप भएका युवाहरु समेत रहेका छन् । गाउँपालिकामा सुकुम्बासीहरु निकै कम मात्रामा रहेका छन् ।

**चित्र नं. ....आर्थिक रुपमा सक्रिय जनसंख्याको विवरण**




०८५/०८६

*स्रोत राष्ट्रिय जनगणना २०७८*

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

तातोपानी गाउँपालिकाको वडा नं. ३, ४, ५ र ७ मा स्वास्थ्य चौकीहरु रहेका छन् । गाउँपालिकाको वडा नं. १, २, ६ र ८ मा आधाभूत स्वास्थ्य केन्द्रहरु रहेका छन् । त्यसैगरी, वडा नं. ८ मा सामुदायिक स्वास्थ्य इकाइ पनि रहेको छ भने वडा नं. ३ मा आरोग्य सेवाकेन्द्र समेत रहेको छ । गाँउपालिकाको वडा नं ६ हियाखोलामा निर्माण हुने ५ शैया अस्पतालको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । यसरी तातोपानी गाउँपालिकाका कुल १० वटा स्वास्थ्य संस्थाहरु मार्फत गाउँपालिकाबासीहरुले स्वास्थ्य सेवा प्राप्त गरिरहेका छन् । सम्पूर्ण स्वास्थ्य संस्थामा आधारभूत तहको स्वास्थ्य सुविधा रहेको छ । त्यसै गरी प्रसुति सेवा उपलब्ध भएका स्वास्थ्य संस्थाहरुको संख्या ४ रहेको छ । गाउँपालिकाको वडा नं. ३, ४, ५ र ७ का स्वास्थ्य संस्थामा बर्थिङसेन्टर स्थापना गरिएको छ । गाउँपालिकाले विपन्न परिवारको लागि नियमित रुपमा स्वास्थ्य विमा गरिरहेको छ । जेष्ठ नागरिक र विद्यालयमा विद्यार्थीहरुको मासिक स्वास्थ्य परिक्षणले निरन्तरता पाइरहेको छ । त्यसैगरी वडा नं. ७ मा रहेको ताम्ती स्वास्थ्यचौकीको स्तरउन्नती भैरहेको छ । स्वासप्रस्वास, झाडापखाला, छालारोग, जुका, दम, पत्थरी, टाइफाइड, ग्यास्ट्रिक र पाठेघर सम्बन्धीका रोगहरु गाउँपालिकामा बढी देखिने गरेको छ । गाउँपालिकामा स्वास्थ्यकर्मीहरुको स्विकृत दरबन्दी २९ रहेता पनि हाल २५ जना स्वास्थ्यकर्मीहरु कार्यरत रहेको छ । जसमा स्वास्थ्य अधिकृत, जनस्वास्थ्य अधिकृता, सिअनमी निरिक्षक, सिअनमी र सिअहेव रहेका छन् । तातोपानी गाउँपालिकामा कुल ६७ जना महिला स्वास्थ्य स्वंसेविकाहरु रहेका छन् ।

**तालिका नं. तातोपानी गाउँपालिकाका स्वास्थ्य संस्था तथा जनशक्तीको विवरण**

| स्वास्थ्य संस्थाको नाम | वडा नं. | वर्थिङ सेन्टर | म.स्था.स वं.से. | दक्ष प्रसुती कर्मी | स्वीकृत दरवन्दी | दरवन्दी अनुसार पदपूर्ती |
|---|---|---|---|---|---|---|
| तातोपानी स्वास्थ्य चौकी | ३ | बर्थिंग सेन्टर | २६ | ४ | ४ | ६ |
| ताम्ती स्वास्थ्य चौकी | ७ | बर्थिंग सेन्टर | १४ | ३ | ४ | ६ |
| लाम्मा स्वास्थ्य चौकी | ५ | बर्थिंग सेन्टर | १५ | ४ | ४ | ६ |
| हाँकु स्वास्थ्य चौकी | ४ | बर्थिंग सेन्टर | १२ | ३ | ५ | ७ |
| टोप्ला आधारभुत स्वास्थ्य सेवा केन्द्र | ८ | - | ० | ० | ३ | ० |
| धौलापनी आधारभुत स्वास्थ्य सेवा केन्द्र | ६ | - | - | - | ३ | - |
| जर्मी आधारभुत स्वास्थ्य | २ | - | - | - | ३ | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सेवा केन्द्र | | | | | | |
| रान्का आधारभुत स्वास्थ्य सेवा केन्द्र | १ | - | - | - | ३ | - |
| बुढावडा सामुदायिक स्वास्थ्य इकाई | ८ | - | - | - | - | - |
| **कुल कर्मचारी संख्या** | | | ६७ | १४ | २९ | २५ |

*स्रोत : स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली, २०७८*

९९ प्रतिशत बालबालिकाहरुले सम्पूर्ण खोप सेवाहरु प्राप्त गरेको छन् । गाउँपालिकामा करिव १० प्रतिशत बालबालिकाहरु कुपोषित रहेको पाइएको छ । गाउँपालिकाले विपन्नलाई निशुल्क स्वास्थ्य विमा गराउने गर्दछ । करिव ७० प्रतिशतले स्वास्थ्य विमा समेत गराएका छन् । वडा नं. २, ३ र ५ मा निजी क्लिनिकहरु समेत रहेका छन् । गाउँपालिकाले पोषणमैत्री गाउँपालिका घोषणाको तयारी गर्दै एक घर एक करेसाबारी पशुपंक्षि जन्य उत्पादनमा वृद्धि, विद्याथीलाई दिवा खाजामा पोषणयुक्त दिवा खाजा उपलब्ध जस्ता कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । यसका साथै ५ वटा पोषण कर्नर, ३ वटा स्नतपान कक्ष, ५ वटा ओटिसी र १ वटा पोषणसुधार गृह सञ्चालन गरिरहेको छ । एउटा स्वास्थ्य चौकीलाई पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरिसकेको छ ।

स्वास्थ्य मानव विकास सूचकांकको एक महत्वपूर्ण आधार हो । गाउँवासीलाई स्वस्थ बनाई राख्नका लागि स्वास्थ्य संस्था, स्वास्थ्य कर्मचारी, स्वास्थ्य पूर्वाधारको आबश्यकता पर्दछ जुन प्रर्याप्तमात्रामा हुन सकिरहेको छैन । यस गाउँपालिकाले स्वास्थ्य तथा पोषण क्षेत्रमा दिगो विकास लक्ष्य हासिल गर्ने उदेस्यका साथ कार्य गरिरहेको छ । गाउँपालिकाले हाल २ वटा स्वास्थ्य संस्थाबाट नागरिकहरुको स्वास्थ्य प्रोफाइल समेत तयार गर्न शुरु गरेको छ ।

### २.३.२ शैक्षिक विकास

राष्ट्रिय जनगणना २०७८ का अनुसार तातोपानी गाउँपालिकाको साक्षरता ७०.३ प्रतिशत रहेको छ । जसमा महिलाको साक्षरता दर ६२.४ प्रतिशत रहेको छ भने पुरुषको साक्षरता दर ७८.४ प्रतिशत रहेको छ । तातोपानी गाउँपालिकामा खुद विद्यालय भर्नादर ८९ प्रतिशत रहेको छ भने कक्षा निरन्तरता र टिकाउ दर ८४ प्रतिशत रहेको छ । त्यसैगरी सिकाइ उपलब्धी तथा उतृर्ण दर ९४ प्रतिशत रहेको छ । सवै विद्यालयहरुका विद्यालय सुधार योजना रहेको छ र नियमित रुपमा अद्यावधिक समेत हुने गरेको छ ।

**चित्र नं. ..शैक्षिक संस्थाको तहगत तथा वडागत विवरण**




*स्रोत : तातोपानी गाउँपालिका शिक्ष शाखा, २०८१*

तातोपानी गाउंपालिकामा कुल २९ वटा विद्यालयहरु रहेका छन् । जसमा ८ वटा माध्यामिक विद्यालय रहेका छन् भने २१ वटा आधारभूत विद्यालयहरु रहेका छन् । समुदायमा आधारित ५ वटा र विद्यालयमा धारित ३७ वटा गरी कुल जम्मा ४२ वटा बाल विकास केन्द्रहरु रहेका छन् । वडा नं. २ मा रहेको हिम शिखर माध्यामिक विद्यालयमा प्राविधिक ओभरसियर र सिभिल इन्जिनेरिङको पढाइ हुने गरेको छ भने वडा नं. ५ मा रहेको दुर्गा माध्यामिक विद्यालयमा आइ.एस.सी.ए.जी.को पढाइ हुने गरेको छ । वडा नं. २, ४, ५ र ८ का माध्यामिक विद्यालयहरुमा कम्प्युटर ल्याव र पुस्तकालय समेत सुविधा रहेको छ । अधिकांश विद्यालयको भौतिक संरचनालाई बालमैत्री तथा अपाङ्गमैत्री बनाउनु पर्ने देखिन्छ । केही विद्यालयहरुमा विद्यार्थीको संख्या अत्यन्तै न्यून भएकोले नजिकैकको अर्को विद्यालयमा समायोज गर्नको लागि अध्ययन भैरहेको छ ।

**चित्र नं. ........५ वर्षभन्दा माथिका व्यक्तिको साक्षरता अवस्था**




*राष्ट्रिय जनगणना २०७८*

### २.३.३ खानेपानी तथा सरसफाई

तातोपानी गाउँपालिकाका अधिकांश गाउँ बस्तीहरुमा धाराको पानी पुगेको छ । गाउँ वस्ती नजिक रहेका प्राकृतिक मूल तथा खोलाहरुबाट पानीलाई पाइपको माध्यमबाट ट्याङ्कीमा संकलन गरी पाइपको माध्यमबाट घरपरिवारमा वितरण गरिएको छ ।

**तालिका नं. खानेपानीका स्रोतहरुको वडागत विवरण**

| वडा नं. | खानेपानीका मूल तथा मुहानहरु |
|---|---|
| १ | चुकेनी मूल, पानीखोला मुल, सातधारा मूल |
| २ | धुर मूल, रुख मूल, दाजिया मूल, सिद्धपानी मूल |
| ३ | खालखोली मुहान, आयभ्काड मूल, वालधारा मूल मुहान मूल, खौलेनी मुहान, गोलेडाडा मूल, कवु मूल, वैंसेमा मूल, वुदवुदे मुहान, देयराधारा मूल |
| ४ | दियारे खोला, राते खोला, भल खोला, चियानी खोला, मुग्रा मूल, पानीखोला मूल, आरे मूल |
| ५ | पानीखोला मूल, करेखोला मूल, छलेपानी मूल, राउदुना मूल |
| ६ | चुकेनी खानेपानी मूल, खानेपानी मूल, पिपलाडी मूल, निस्कुना मूल |
| ७ | सिमलधार मूल, समी मूल, धाराखोला मूल, सुर्की मूल, धाराखोला ताम्ती मूल, तलगाडा खोलाको मूल |
| ८ | धौलीगाड, कालापातल, कुडिल्ले, मालधारा, काउली मैपानी, सुडा, कुडिल्ला, पुने खोला, देउली, डुंग्री, पारिवाडा, बडाबाडा, रनगाउ, मुछ्याली, बुडाबाडा, बस्ने टाकुरी, वनतडीका |

*स्रोत : वडाभेला छलफल तथा वडा अध्यक्षहरुसँगको अन्तरवार्ता, २०८१*

स्वस्थ्य जीवनका लागि स्वछ खानेपानी तथा सरसफाई अनिवार्य हुन्छ । सरसफाई तथा वातावरणीय स्वास्थ्यसँग सम्बन्धित पक्षहरुमा जमीन, हावा तथा पानी पर्दछन् । यी पक्षहरुको स्वस्थताका लागि

शौचालय निर्माण, रुख विरुवा संरक्षण, धुँवा धुलो ध्वनि मुक्त वातावरणको आवश्यकता पर्दछ। स्वच्छ खानेपानी तथा सरसफाईका क्षेत्रमा तातोपानी गाउँपालिकाले उल्लेख्य काम गर्नु पर्ने आवश्यकता छ। तातोपानी गाउँपालिकाकाले आफ्ना गाउँबासीहरुको खानेपानीको सुनिश्चितताको लागि लिताकोट वृहत खानेपानी आयोजनाको काम शुरु गरेको छ। खालखोली मुहानलाई व्यवस्थित गरी निर्माण गर्न लागिएको यस आयोजनाले गाउँपालिकाको वडा नं १, २ र ३ का बासिन्दाहरु लाभान्वित हुनेछन्।

**चित्र नं......खानेपानीको स्रोत अनुसारको घरपरिवार संख्या**




*राष्ट्रिय जनगणना २०७८*

गाउँपालिकाका ९५ प्रतिशत घरधुरीमा शौचालय रहेका छ। गाउँघरमा सरसफाइको चेतना विस्तारै बढिरहेको छ। तर कर्णाली राजमार्गमा पर्ने गाउँपालिकाका वडा नं. १, २, ३, ५ र ६ नं. वडा कार्यालहरु रहेका छेउछेउमा बस्ती विस्तारको क्रम तिव्ररुपमा भैरहेको छ। गाउँपालिकाको अस्थाइ मुकाम लिताकोटमा भएकोले त्यस वरपर र वडा नं. २ मा प्रशिद्ध तातोपानीको मूल भएको त्यसको वरपर विस्तार भैरहेको वस्तीमा ढल निकास तथा सरसफाइको समस्या पेचिलो बन्दै गैरहेको छ। त्यसो त सरसफाइका सम्बन्धमा व्यवहार परिवर्तनको जनचेतनामूलक कार्यक्रमहरु बस्ती स्तरमै गर्नु पर्ने समेत देखिन्छ।

## २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

तातोपानी गाउँपालिकामा महिलाको औषत साक्षरता ६२.४ प्रतिशत रहेको छ भने व्यवसायिक सीपमूलक तालिम प्राप्त गरी उद्यमी भएका महिला संख्या निकै न्यून रहेको छ। यस गाउँपालिकामा मुख्यतया: ब्राह्मण, क्षेत्री, ठकुरी तथा दलित आदि विभिन्न जातजातीका मानिसहरु बसोबास गर्दै आएका छन् । आर्थिक रुपमा सीमान्तकृत र सामाजिक रुपमा विभेदमा परेका तथा विभिन्न शारिरिक तथा उमेरका कारण असहज अवस्थामा रहेका वर्गको हिसाव गर्दा यस गाउँपालिकामा ९ प्रतिशत

दलित वर्गको बसोबास छ । गाउँपालिकामा पूर्ण तथा आंशिक अपाङ्गको जनसंख्या  २.३ प्रतिशत रहेको छ । वृद्धि वृद्धाका अतिरिक्त एकल ममिला समेत केहि मात्रामा रहेको अवस्था छ ।

**तालिका नं......अपाङ्ग, जेष्ठनागरिक र एकल महिलाको विवरण**

| समाजिक सुरक्षा समूह | संख्या |
|---|---|
| असक्त अपाङ्ग | ८५ |
| पूर्ण अपाङ्ग | २८ |
| जेष्ठ नागरिक | १५३६ |
| एकल महिला | ३३० |

*स्रोत : वडाभेला छलफल तथा वडा अध्यक्षहरुसँगको अन्तरवार्ता, २०८१*

गाउँपालिका मा ३८ वटा महिला तथा आमा समूह तथा संस्थाहरु रहेका छन् भने राजनीतिक पार्टी अन्तरगतका महिला सञ्जालहरु ४ वटा रहेको छन् । महिला सहकारी संस्था संख्या ४ रहेको छ । गाउँपालिकामा लैङ्गिक हिंसा सम्वन्धि घटनाहरु हुने गरेपनि स्थानीय प्रहरी चौकीहरुमा महिला हिंसाका घटना दर्ता नभएको प्रहरी चौकीका इन्चार्जहरुले बताएका थिए ।

गाउँपालिकामा सदरदर ३५ प्रतिशत बालविवाह हुने गरेको वडाभेला तथा वडा अध्यक्षहरुसँगको अन्तरवार्तामा बताउनु भएको थियो । वालविवाहहरु विशेषगरी केटाकेटीहरुले आफू खुसी गर्ने विवाहमा बढी बालविवाह हुने गरेकोले यसको समाधान पेचिलो बन्दै गएको देखिन्छ ।  विद्यालयमा बालिकाको उपस्थित सरदर ५५ प्रतिशत रहेको छ । गाउँपालिकामा हाल ८ वटा वडास्तरीय बालसंजालहरु रहेको छन् । त्यसैगरी गाउँपालिकामा युवा क्लवहरु पनि रहेका छन् । केही वडाहरुमा जेष्ठ नागरिक दिवा केन्द्रहरु पनि खोल्ने क्रममा रहेको छ ।

***चित्र नं. ....: उमेरगत तथा लैङ्गिक घरमुलीको विवरण***



*राष्ट्रिय जनगणना २०७८*

### २.३.५ युवा, खेलकुद तथा कला

तातोपानी गाउँपालिकामा ४ जना राष्ट्रिय स्तरका खेलाडीहरु र १ अन्तराष्ट्रिय रेफ्री रहेका छन् । भलिबल, फुटवल, कबड्डी र कराँते खेलका खेलाडीहरु रहेका छन् । भौगोलिक विकटताको कारण युवा खेलकुदको पूर्वाधारहरु निर्माण गर्न चुनौतिको रुपमा रहेको छ । समुदाय स्तरमा निर्माण गरिएका ३ वटा खेल मैदानमा १ वटा खोलाले समेत बगाएको अवस्था रहेको छ ।

युवाहरु रोजगारका लागि भारत लगायत तेस्रो मुलुकमा जाने क्रम पछिल्ला वर्षहरुम बढ्दै गइरहेको छ । हाल तातोपानी गाउँपालिकाबाट ३६३ जना युवाहरु तेस्रो मुलुकमा रोजगारीका लागि गएका छन् भने सयौंको संख्यामा मौसमी कामका लागि भारतमा जाने गर्दछन् । युवा स्वरोजगारका क्षेत्रमा गाउँपालिकाले उद्यमशील विकास तालिम, अवलोक भ्रमण, शिपमूलक तालिमहरु प्रदान गर्दै आइरहेको छ । तर युवालाई प्रोत्साहन हुने गरी युवा उद्यमी सम्मान जस्ता कार्यक्रमहरु पनि गर्नु पर्ने आवश्यक देखिन्छ । गाउँपालिकाको रोजगार कार्यक्रममा दर्ता हुन आएका युवाहरुको संख्या...........रहेको छ ।

**तालिका नं.........तालिम प्राप्त दक्ष मानव संशाधनको वडागत विवरण**

| वडा नं. | तालिम प्राप्त दक्ष मानव संशाधन |
|---|---|
| १ | १६ जना डाको बुन्ने, ५ जना वयरिङ, ३ जना मोटरसाइकिल बनाउने, २० जना राडिपाखी बुन्ने, २० जना सिलाई र १०० जना डकर्मी सिकर्मी । |
| २ | ५ जना डोको बुन्ने, ५ जना इलेट्रिसियन, ३ जना मोटरसाइकिल बनाउने, १५ जना सिलाई र १०० जना डकर्मी सिकर्मी, १ जना डाक्टर । |
| ३ | ५० जना डकर्मी सिकर्मी, २ जना मोटरसाइकल, ४ जना पलम्विङ, २ जना इलेट्रिसियन र ३ जना होटल व्यवस्थापन |
| ४ | १५ जना निगालो बुन्ने, १०० जना डकर्मी सिकर्मी, १ जना वाइकसर्भिस, २ जना इलेट्रिसियन |
| ५ | ४० जना डकर्मी सिकर्मी, ७ जना इलेट्रिसियन, २ जना मोवाइल बनाउने, २ जना पलम्विङ, २ होटेल व्यवस्थापन |
| ६ | १०० जना डकर्मी सिकर्मी, १० जना वाइक सर्भिस, २० जना इलेट्रिसियन, १ चार्टर एकाउन्टेन्ट, २ इन्जिनियर । |
| ७ | १०० जना सिकर्मी डकर्मी, २०० जना डाकोडालो बुन्ने, ३०० जना राडीपाखी बुन्ने |
| ८ | ५० जना डोकोनाम्लो बुन्ने, ५५ जना राडीपाखी बुन्ने, २५० जना सिकर्मी डकर्मी |

*स्रोत : वडाभेला छलफल तथा वडा अध्यक्षहरुसँगको अन्तरवार्ता, २०८१*

तातोपानी गाउँपालिकामा १० वटा युवाक्लबहरु पनि रहेका छन् । त्यसैगरी, विपद जोखिम तथा व्यवस्थापनमा तालिम प्राप्त युवाहरु प्रत्येक वडामा रहेका छन् । गाउँपालिकामा विपद जोखिम तथा व्यवस्थापनमा तालिम लिएका युवाहरु ३५ जना रहेका छन् ।

## २.४ पूर्वाधार विकासको अवस्था

### २.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

तातोपानी गाउँपालिकाको कर्णाली राजमार्गसँग जोडिएका वडाका बस्तीहरु शहरीकरण उन्मुख हुदै गइरहेका छन् । त्यसैले गाउँपालिकाले समयमै व्यवस्थित वस्ति विकासको काम अगाडि बढाउनु जरुरी देखिएको छ । राष्ट्रिय जनगणना २०७८ यहाँ ५६ प्रतिशत घरहरु माटोको छानो भएका, ३९.३ प्रतिशत घरहरु जस्ता तथा च्यादरको छानो भएका, १.९ प्रतिशत सिमेन्टको ढलान भएका, १.३ प्रतिशत घर ढुंगा सिलेटको छानो भएका घरहरु छन् । गाउँपालिकामा पक्की घर निर्माण गर्ने प्रबृत्ति क्रमिक रुपमा वढ्दै गएको छ ।

> **<u>सम्पदा संरक्षणमा संस्कृतिको ख्याल गरौं</u>**
>
> "बुदबुदे शैलेश्वरीको मन्दिर बनाउदा परम्परागत तरिकाले बनाउ भनेर निकै अनुरोध गरैं तर स्टिमेट मिल्दैन, पानी चुहिन्छ भन्ने तर्क दिदै सिमेन्ट र जस्ताको प्रयोग गरी निर्माण गरियो ।"
>
> *-गोकर्ण रावल, अध्यक्ष वडा नं. ३*

सार्वजनिक भवन जस्तै विद्यालय, स्वास्थ्य चौकी, कृषि तथा पशु सेवा केन्द्र, मन्दिरहरु निर्माणमा परम्परागत भन्दा पनि आधुनिक सिमेन्ट, रडहरुको प्रयोग गरि निर्माण गरिएका छन् । परम्परागत संस्कृतिको धरोहरका रुपमा रहको मन्दिर, पुराना दरवारहरु तथा देवलहरु संस्कृति नमेटिने गरी निर्माण गर्नु पर्ने देखिन्छ । सार्वजनिक निर्माणहरु अपाङ्ग तथा बालमैत्री हुन सकेको पाइदैन ।

**रेखा चित्र ....: घरको छानोका आधारमा आवासको विवरण**



### २.४.२ सडक, पुल तथा यातायात

तातोपानी गाउँपालिकाको वडा नं. १, २, ३, ५ र ६ कर्णाली राजमार्गमा पर्दछन् । कर्णाली राजमार्ग करिव १३ कि.मी.हिस्सा यही गाउँपालिकामा पर्दछ । यस गाउँपालिकाको वडा नं. ७ र ८ भने भेरी नदीको तिरैतिर बनेको हरी राजमार्गमा पर्दछ जुन राजमार्ग त्रिवेणीदेखि जाजरकोट सुर्खेत जोड्ने सवैभन्दा छोटो राजमार्गको रुपमा चिनिन्छ । राजमार्ग वडा नं. ८ भन्दा अगाडि निर्माणाधिन रहेको छ । तातोपानी गाउँपालिकाको वडा नं. ४ भने कर्णाली राजमार्गदेखि तिलानदीको पल्लोपट्टी पर्दछ । जहा पुलबाट मोटरसाइकल र अटोमात्र वारपार गर्न सक्दछ ।

जुम्ला जिल्लाको सदरमुकाम खलंगादेखि नेपालको संघीय राजधान काठमाण्डौसम्मको लागि रात्री वस सेवा समेत सञ्चालनमा रहेको छ । जुम्ला नेपालगंज दैनिक दिवा सेवाका जिप तथा वसहरु समेत सञ्चालनमा छन् । नाग्मादेखि खलंगासम्म नियमित जिप तथा वस संचालनमा छ भने त्रिवेणीदेखि कयारसम्म पनि जिप दैनिक रुपमा चल्ने गर्दछ । कर्णाली राजमार्गको तातोपानी गाउँपालिका खण्डमा व्यवस्थित वस विसाउनु, चौतारी निर्माण गर्नु पर्ने आवश्यक रहेको छ । गाउँपालिका भित्रका बस्तीहरुमा पुग्नको लागि बनाइएका ग्रामीण सडकहरुको कुल लम्वाई ३२ कि.मी. रहेको छ ।

**तालिका नं. तातोपानी गाउँपालिका भित्र रहेका सडक सञ्जाल तथा पुलहरुको विवरण**

| वडा नं. | ग्रामीण सडक | सडक लम्माइ | झोलुंगे/काठेपुल |
|---|---|---|---|
| १ | राजमार्गदेखि .... गाउँ जाने सडक | ५ किमी | १ काठेपूल |
| २ | राजमार्गदेखि बावरी र थोपडा गाउँ जाने सडक | ६ किमी | २ झोलुंगेपुल |
| ३ | राजमार्गदेखि .....गाउँ जाने सडक | ४ किमी | |
| ४ | वडा भित्रको ग्रामीण सडक | ४ किमी | ३ वटा |
| ५ | गाउ जाने सडक | ३ किमी | |
| ६ | | | |
| ७ | पिपलचौरदेखि सर्मी गाउसम्मको ग्रामीण सडक, केलाखोरदेखि सुर्की गाउसम्म, कयाँरकोट देखि ताम्ती, पातरसाँगुदेखि वाह्रागाउसम्म | १० किमी | ४ वटा |
| ८ | | | ४ वटा |

*स्रोत : वडाभेला छलफल तथा वडा अध्यक्षहरुसँगको अन्तरवार्ता, २०८१*

तातोपानी गाउँपालिका भित्र झोलुंगे ११ वटा र १ वटा काठको पुल रहेका छन् भने पक्की पुल एउटा पनि रहेको छैन । गाउँपालिका हुँदै बगेका दुइ वटा नदी तिला र भेरी खोलाको तिर हुदै गएका दुइ वटा राजमार्ग कर्णाली र त्रिवेणी जाजरकोट राजमार्गमा रहेका बाहेक कतैपनि पक्की पुल रहेका छैनन् ।

### २.४.३ विद्युत तथा वैकल्पिक उर्जा

तातोपानी गाउँपालिकाको वडा नं. ७ र ८ मा बाहेक अन्य सवै वडामा केन्द्रिय विद्युत प्रशारण लाईनको विजुली बत्ती वितरण भएको छ। वडा नं. ७ र ८ मा भने पेल्ट्रिक सेटबाट विद्युत उत्पादन गरी वितरण गरिएको छ। वडा नं. ८ का १५ घर बाहेक सवै घरमा विद्युत नपुगेको कारण सोलारबाट बत्ती बाल्ने गरिन्छ। वडा नं. ८ का ९५ प्रतिशत घरपरिवारले सोलार बत्ती बाल्ने गर्दछन् भने ५ प्रतिशतले बत्तिका लागि झर्रो बाल्ने गर्दछन्। त्यसैगरी वडा नं. ७ का ३५ प्रतिशत घरपरिवारले सोलार बत्ती बाल्ने गर्दछन् भने बाँकीले विजुली बत्ती बाल्ने गर्दछन्। वडा नं. ४ मा गिडीखोला जलविद्युतको पावर हाउस रहेको छ। त्यसैगरी वडा नं. ८ मा घट्टेखोला र इमिल्चा लघु जलविद्युत रहेको छ।

**रेखाचित्र नं.......बत्ति बाल्ने प्रयोग गर्ने इन्धन अनुसार परिवार संख्या**




*राष्ट्रिय जनगणना २०७८*

गाउँपालिकाले सुधारिएको चुल्हो वितरण गरेको कारण गाउँपालिकाका करिव ८० प्रतिशत घरधुरीमा सुधारिएको चुल्होको प्रयोग गर्ने गर्दछन्। त्यसैगरी वडा नं. ३ र ५ का सबै घरधुरीमा निशुल्क ग्याँस तथा चुल्होको वितरण गरिएकोले प्रत्येकको घरमा खाना पकाउन ग्याँसको प्रयोग गर्ने गरिन्छ। ति दुइ वडा बाहेक गाउँपालिकाका अन्य वडामा झण्डै ९० प्रतिशतले खाना पकाउन दाउराको प्रयोग गर्दछन् भने १० प्रतिशतले दाउरा र ग्याँस दुवै प्रयोग गर्दछन्।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

सूचना तथा संचारका साधनहरु टेलिफोन, हुलाक, रेडियो, टेलिभिजन, पत्रपत्रिका, इमेल, इन्टरनेट आदि सञ्चार प्रणाली अन्तर्गत पर्दछन्। यी माध्यमहरुको सहायताले छिटो र भरपर्दो रुपमा सूचनाहरुको आदानप्रदान गरी कार्यादेशलाई कार्यान्वयन गर्न, नवीनतम

**<u>फोन नलाग्दा कार्यलयमा हुने सचिव</u>**

"ओहो वडा नं ७ का वडा सचिवको फोन लागेन, उहाँ वडा कार्यलयमा पुगिसक्नु भएछ, तपाईहरु वडाभेलाको लागि भेट्न जादा हुन्छ हजुर"

*ओम बहादुर ठकुरी, योजना अधिकृत*

वडा कार्यलयमा त इन्टरनेट चल्दैन, फोन पनि लाग्दैन, म त दिनभरि यहा हातले कागजात तयार गर्छु अनि अफिस पछि माथि गाउँ गएर इन्टरनेट जोडेर इन्ट्री गर्छु। दोहोरो काम गर्नु पर्छ हजुर।

*........सचिव, वडा नं. ७*

ज्ञान, सीप प्राप्त गर्न सकिन्छ । तसर्थ यसले सूचनाको माध्यमबाट सामाजिक तथा आर्थिक विकासका विकासका लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । तातोपानी गाउँपालिकामा ९१ प्रतिशत घरधुरीमा सञ्चारसाधनको पहुँच रहेको छ । जसमा ८०.६ प्रतिशतसँग साधारण मोवाईल फोन, ५०.२ प्रतिशतसँग स्मार्ट फोन र ५८.२ प्रतिशत जनसंख्या प्रत्यक्ष रुपमा इन्टरनेटको पहुँचमा रहेका छन् । गाउँपालिकाका सवै वडाहरु नेपाल टेलिकमको नमस्ते नेटवर्कको पहुँचमा छन् तर पनि खोला र पहाडका खोँचमा रहेका बस्तीहरुमा टेलिफोन नेटवर्क र इन्टरनेटको समस्या रहेको छ । विशेषगरी वडा नं. ७ र ८ मा साथै वडा नं. ४ को उपल्लो भेगमा टेलिफोन नेटवर्क र इन्टरनेटको समस्या रहेको छ ।

**रेखाचित्र नं.......सञ्चार प्रविधिसँगको पहुँचको अवस्था**




*राष्ट्रिय जनगणना २०७८*

## २.५ बन, बाताबरण, विपद व्यवस्थापन तथा जलवायु परिवर्तनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

तातोपानी गाउँपालिकामा जैविक विविधताका हिसावले उच्च पर्वतीय चिसो हावापानीमा पाइने जिव र वनस्पती देखि धान उत्पादन हुने जिउलो समेत भएको गाउँपालिका हो । गाउँपालिकाको तिला नदी र भेरी खोला किनारामा भने बेसीहरुमा पाइने प्रकृतिका खाद्यन्न तथा वनस्पतीहरु पाइन्छन् भने पहाडको माथिल्लो भागका अधिकांस स्थानमा वन तथा खर्कहरु रहेका छन् ।

तातोपानी गाउँपालिकामा २५ वटा सामुदायिक वन रहेका छन् भने ती सामुदायिक वनले लगभग ..... हेक्टर जमिन ओगटेका छन् । त्यसै गरी आ.व २०७९/८० सम्मको तथ्याङ्क अनुसार सामुदायिक वन उपभोक्ता समूहमा लगभग ....... सदस्य आवद्ध रहेका छन् । गाउँपालिका क्षेत्रभित्र कवुलियती र गाउँपालिकाद्वारा व्यवस्थित गरिएका वन क्षेत्र छैनन् । त्यसैगरी यहाँ करीव .... हेक्टर जमिनमा

बृक्षारोपण गरिएको छ भने करीव ....... हेक्टर जमिनमा गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती गरिएको पाईएको छ ।

तातोपानी गाउँपालिकाको पहिचानको रुपमा रहेको गिडीदह क्षेत्रलाई जडिबुटी संरक्षण क्षेत्रको रुपमा विकास गरिदै लैजाने गाउँपालिकाको योजना रहेको छ । त्यसैगरी, फूलचौले पाटन, पानसय पाटन र नदेहीडाव लाई जडिबटी संरक्षण क्षेत्रको रुपमा विकास गर्न सकिन्छ ।

**तालिका नं. ............गाउँपालिकामा रहेका सामुदायिक वन, चरण क्षेत्र/पाटनहरुको वडागत विवरण**

| वडा नं. | चरण क्षेत्र/पाटनका नाम | सामुदायिक बन उपभोक्ता समूह |
|---|---|---|
| १ | तरापी चौर, कुडिल्ला, कालेखोली, राकाँसिम, सियाभिड जंगल | १.महादेव सा.व.<br>२.महौव सा.व. |
| २ | जायथला, आसीकाट्ना, नाउला, तङतङे, कागचुता, कुइरेमरे ओडार, भुली, पेली, करङखोली, तेजहडा र लखनजिते | १. छिनरा सा.व.<br>२. पैसरा सा.व. |
| ३ | छलेपानी पाटन, इज्जापाखा, ठूलागैरा, मैविसापाखा, रातामाटा पाखा, गाजिमल, मौराखोली | १. धोजी पातल सा.व. |
| ४ | पानसय पाटन, फूलचौले पाटन, हाँक पाटन, बजेडी पाटन, खडेनी पाटन, मातादह, ओग्ले | १.महादेव गैरा सा.व.<br>२.कारी कुटिला सा.व. ३. चौपट सा.व.<br>४. जाल्पादेवी सा.व., पत्थेनी<br>५. सिद्धी विनायक सा.व., गिडीखोला<br>६. थलाचौर सा.व.,नियापानी |
| ५ | चुच्चे ढुंगा चरण क्षेत्र, मैठाडु चरण क्षेत्र छगालेपानी, नदी किनार | १. गाडापारी सा.व.<br>२. वाइस थाप्ला सा.व.<br>३. धौली भिड सा.व. |
| ६ | नाटेवन, सिम, आसीकाट्ना | १. महादेव सा.व. २. पशुपती सा.व.<br>३. सानी पातल सा.व. ४. गैरा भवानी |
| ७ | लामाचौर, हलेखाडा, धौलीगाड, भुरीचाल्ला | १. ढाग्रेपानी सा.व., बारागाँउ<br>२. सिधारा सा.व., ताम्तीि<br>३. महादेव सा.व., सुर्की |
| ८ | गगइ, इडिओडार, खाटेसल्ला, माटीभिट्टा, डौसिले, राब्ले, जोखाला, लौरीविना, पाड्ने, जिउली, नदहीडाव, चाल्न, ठाडिपाटन, कासिला, कयरपानी, पतिउड, बल्ले, भुसी, धर्मशाला, बाजु, इमिल्चा, ध्वाने, मैपानी, काउले, लाग्ना, वाङ्गेडाडा, भाड | १. निगालपानी सा.ब., थलाले<br>२. मस्टो सा.व., टोप्ला<br>३. नदैदेवी सा.व., मछाली<br>४. धुपी सल्ला सा.ब. डुग्री<br>५. कालापातल सा.ब. मछालदेव |

*स्रोत : वडाभेला तथा वडा अध्यक्षहरुसँगको अन्तरवार्ता, २०८१*

प्रत्येक वडामा पशु चरणका लागि ठूला ठूला पाटनहरु रहेका छन् । प्रत्येक वडामा पशु चरणका लागि ठूला ठूला पाटनहरु रहेका छन् । त्यसैगरी ति मध्ये वडा नं. १ को तरापी, वडा नं. २ को जायथला,

वडा नं. ३ को छलेपानी, वडा नं. ४ को पानसय वडा नं. ५ को छगालेपानी वडा नं. ६ को आसी काट्ना, वडा नं. ७ को  लामाचौर र वडा नं. ८ को नदहीडाव प्रशिद्ध पाटनहरु हुन् ।

आम्दानीमा आधारित वन जन्य उद्यमको उल्लेखीय विकास नभएतापनि गाउँपालिकाका वडा नं. ५ मा वन तथा जडीवुटीमा आधारित उद्योग रहेकोमा हाल बन्द रहेको छ । वडा नं. ८ मा रहेको श्री भेरीखोला जय राम कृष्ण जडिबुटी उत्पादन संकलन प्रशोधन केन्द्र, ताम्तीले भने हाल पनि जडिबुटी चिया लगायतका उत्पादन गर्ने गर्दछ ।

### २.५.२ भू संरक्षण तथा जलाधार व्यवस्थापन

उच्च पहाडी तथा तिला नदीको समथर भूभागमा फैलिएको तातोपानी गाउँपालिकाकालागि भू संरक्षण र जलाधार व्यवस्थापनको विशेष महत्व छ । यहाँ रहेका सार्वजनिक जग्गाको संरक्षण तथा भू उपयोग योजनाको कार्यान्वयनबाट गाउँपालिकालाई व्यवस्थित वनाउन सकिन्छ । जलाधार तर्फ तिला नदी, भेरी नदी, गिडी खोला, इमिल्चा खोला, दियारे खोला, राते खोला, भलखोला, चियानी खोला, धौली गाड यहाँका प्रमुख नदी प्रणाली हुन् । यि नदी प्रणालीले निम्ताउन सक्ने बाढी, नदी कटान साथै भिरालो जमिनहरुमा हुने पहिरोको जोखिम क्षेत्रको नक्साङ्कन गरी समयमै भू संरक्षण गर्नु पर्ने देखिन्छ ।




गिडी दह, जोगिनी दह, पाले दह, शंख दह, विष्टज्यु दह, नदही ताल, बराहा ताल, देउली गुफा, तातोपानी मुल, आरेमुल, सिद्धपानी मुल, चुकेनी मूल तातोपानी गाउँपालिकाका प्रमुख जसश्रोतहरु हुन् । त्यसैगरी गाउँपालिकाका बस्तीहरुमा खानेपानीको श्रोतको रुपमा प्रयोग गरिएका अन्य मूल मुहानहरुमा पानीखोला मुल, सातधारा मूल, धुर मूल, रुख मूल, दाजिया मूल, खालखोली मुहान, आयभ्काड मूल, वालधारा मूल मुहान मूल, खौलेनी मुहान, गोलेडाडा मूल, कवु मूल, वैंसेमा मूल, वुदवुदे मुहान, देयराधारा मूल, दियारे खोला, राते खोला, भल खोला, चियानी खोला, मुग्रा मूल, पानीखोला मूल, आरे मूल, पानीखोला मूल, करेखोला मूल, छलेपानी मूल, राउदुना मूल, चुकेनी खानेपानी मूल, खानेपानी मूल, पिपलाडी मूल, निस्कुना मूलहरु रहेका छन् । यि मूलहरुको संरक्षण गरे पानीका श्रोतहरुको दिगो व्यवस्थापन हुने देखिन्छ ।

यसका अलावा तिला नदीको बालुवा, गिट्टी र पत्थरिला पहाडमा रहेका ढुंगाहरु पनि यहाँका प्रमुख प्राकृतिक श्रोतका रुपमा रहेका छन् । यिनको राम्रो संरक्षण र व्यवस्थित उपयोग गर्न सके

गाउँपालिकाको राम्रो राजश्व संकलन हुने देखिन्छ । गाउँपालिकाले प्राकृतिक स्रोतबाट आ.व २०८०/८१ मा .... लाख ... हजार वरावरको आन्तरिक राजश्व संकलन गरेको देखिन्छ ।

**तालिका नं. .......भूमिको प्रकार अनुसार भूक्षेत्रको अवस्था**

| क्र.सं. | भू उपयोग | क्षेत्रफल (बर्ग किमिमा) | प्रतिशगत |
|---|---|---|---|
| १ | खाली जमिन | ०.०४ | ०.०१ |
| २ | खेती गरिएको जमिन | १९३.८ | ३६.८८ |
| ३ | भिर पहरा | ०.०२ | ०.००४ |
| ४ | जंगल | २१७.३ | ४१.३४ |
| ५ | चरण क्षेत्र | ४८.८ | ९.२८६ |
| ६ | तालतलैया | ०.०१ | ०.००२ |
| ७ | वगर | १.९३ | ०.३६७ |
| ८ | बुट्यान क्षेत्र | ६२.४२ | ११.८८ |
| ९ | पानीले ढाकेको क्षेत्र | १.२६ | ०.२४ |
| | जम्मा | ५२५.५१ | १००.०० |

*स्रोत : गाउँपालिकाको बस्तुगत विवरण, २०७४*

गाउँपालिका भित्रका माथि उल्लेखित केही मूहानहरु पहिरोको जोखिममा रहेका छन् । त्यसैगरी राँका गाउँ र बाइरागाँ गाउको करिव १ किमी क्षेत्र तिला नदीको कटानमा रहेको छ, त्यसैगरी वडा नं. २ मा पनि करिव १.५ कि.मी. नदी कटान रहेको छ । त्यसैगरी वडा नं. ३ को माछाकटियादेखि लदमटापु हुदै ताहाज्युलासम्म तिला नदीको कटानमा रहेको छ भने वडा नं. ४ मा गिडी खोला र भेलखोलाले करिव १० किमी क्षेत्र कटान गरी जाखिममा पारेको छ । वडा नं. ५ मा १ किमी र वडा नं. ७ मा सर्मी पिपलचौरदेखि बम्तडीखोलासम्मको ५ कि.मी. भूभाग समेत नदी कटानको जोखिममा रहेको छ ।

**तालिका नं.........जोखिमयुक्त बस्तीको विवरण**

| वड नं. | जोखिममा रहेका बस्तीहरु | जोखिमको प्रकार | प्रभावित घरधुरी |
|---|---|---|---|
| १ | बाइरागाँ र राँका गाउ | नदी कटान, बाढी र पहिरो | १९० |
| २ | जर्मी, बाबिरा र डाँगीबाडा | नदी कटान, बाढी र पहिरो | ५३ |
| ३ | लिताकोट, माछाकाटिया | नदी कटान, बाढी र पहिरो | ३५ |
| ४ | पत्थेनी, जाजरगाउँ, नियापानी, गौतमबाडा | नदी कटान, बाढी र पहिरो | ५८ |
| ५ | झुम्म, ठाडागोहो, गहडा | नदी कटान, बाढी र पहिरो | ६० |
| ६ | कुडीघट्ट, धौलापानी | नदी कटान, बाढी र पहिरो | ८१ |
| ७ | कयाँरकोट, लामावगर, सर्मि, सुर्कि, ताम्ती र बुद्धिकोट | बाढी र पहिरो | २५० |

| | | | |
|---|---|---|---|
| ८ | थलाले, मछालदेउ, डुङ्ग्री, टोप्ला, मुछाली र बुढाबाडा | बाढी र पहिरो | ३७५ |
| | | **जम्मा घरधुरी** | **११०२** |

वडा नं. ८ र ७ बाढी र पहिरोको जोखिममा रहेका बस्तीहरु बढी भएका वडाहरु हुन् भने वडा नं. ३ मा सबैभन्दा कम जोखिममा रहेका बस्तीहरु छन् । यसरी हेर्दा वडा नं. ८ का झण्डै ७० प्रतिशत घरधुरी खहरे खोला र भिरालो जमिनमा हुने पहिरोको जोखिममा रहेका छन् ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु पविर्तन अनुकुलन

तातोपानी गाउँपालिकाका ९६ प्रतिशतभन्दा बढी घरधुरीमा शैचालय निर्माण भएकाले शौचसँग सम्बन्धित फोहोरबाट वातावरणमा पर्न सक्ने असर न्यून गर्न निकै महत्वपूर्ण टेवा पुगेको छ । यसले तातोपानी गाउंपालिकाका बस्तीहरुको वातावरणीय स्वच्छतालाई वृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको छ । गाउँ बस्तीमा घरधुरीबाट निस्कने सड्ने खालका फोहोरहरुलाई गाइबस्तुको मल राखिएको मलखादोमा राखी मल बनाउने चलनले पनि गाउँ बस्तीको सरसफाईमा परम्परागत रुपमै असल अभ्यास भएको देखिन्छ ।

तर विस्तारै बजारीकरण बढ्दै गएका राजमार्ग नजिकका बस्तीहरुमा भने फोहोरमैला तथा ढल व्यवस्थापन पेचिलो बन्दै गैरहेको देखिन्छ । दैनिक रुपमा घरधुरीबाट निस्कासन हुने पलाष्टिक जन्य फोहोरको व्यवस्थापन समयमै गर्न नसके विकराल रुप लिन सक्ने देखिन्छ । बजार क्षेत्रका खाल्डाखुल्डी, खोला खोल्सी किनारा, सडक छेउमा पलाष्टिक जन्य फोहोरहरु यत्र तत्र फ्याकिएको देखिन्छ । पलाष्टिक फोहोर बजार क्षेत्रमा जलाउने गरेको पाइन्छ । गाउँघरमा घरबाट निस्कने पलाष्टिक जन्य पदार्थ मलखादो हुदै खेतबारीमा पुगेको देखिन्छ । त्यसले उर्वरा जमिनमा दिर्घकालिन असर पुग्ने देखिन्छ ।

**रेखाचित्र नं. .....खाना पकाउने इन्धनको अनुसार घरधुरी विवरण**



अर्को तर्फ घरभित्र हुने उर्जाको प्रयोग पनि वातावरण व्यवस्थापनको संवेदनशील विषय हो । गाउँपालिका क्षेत्र भित्र परम्परागत उर्जा (दाउरा)को प्रयोग गर्ने धरधुरी ९६.७ प्रतिशत रहेका छन् । बजार क्षेत्रमा खाना पकाउन ग्याँसको प्रयोग गर्ने घरपरिवारको सङ्ख्या बढ्दो छ । गाउँपालिकाले वातावरण तथा महिलाको स्वास्थ्य सुधारमा टेवा पुर्‍याउने हेतुले वडा नं. ३ र ४ का सबै घरधुरीलाई ग्याँस र चुल्हो वितरण गरेको छ भने गाउँपालिकाका करिव ८० प्रतिशत घरधुरीमा सुधारिएको चुल्हो वितरण गरेको छ ।

## २.५.४ महामारी तथा विपद व्यवस्थापन

गाउँपालिकाले स्थानीय विपद व्यवस्थापन ऐन निर्माण गरी स्थानीय विपद व्यवस्थापन समिति गठन गरेर स्थानीय विपद तथा जलवायु उत्थानशील योजना साथै स्थानीय विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यन्वयन गर्दैछ । सम्भावित रुपमा आउने महामारी तथा विपद व्यवस्थापनका लागि तातोपानी गाउँपालिकाले आवश्यक तयारीहरुको व्यवस्थापन गर्दैछ । गाउँपालिकाको विपद व्यवस्थापन स्थानीय कोषमा रु ..... लाख वरावरको वजेट व्यवस्थापन गरिएको छ भने आपतकालीन उद्धारका लागि गाउँपालिकासँग .... वटा एम्वुलेन्स रहेको छ । त्यसैगरी, गाउँपालिका भित्र ..... वटा पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका छन् भने ..... वटा विपद व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरु रहेका छन् । कठिन भौगोलिक अवस्था रहेकोले गाउँपालिकाकालागि विपद व्यवस्थापन चुनौतीपूर्ण पक्षका रुपमा रहेको छ । जिल्ला विपद व्यवस्थापन तथा प्रतिकार्य समितिले गाउँपालिकालाई विपद प्रतिकार्यका तथा उद्दारका आवश्यक पर्ने हेलिप्याड निर्माणका लागि जग्गा उपलब्ध गराउन समेत पत्राचार गरिसकेको छ । यहाँ करीव ११०२ परिवार जोखिम स्थानमा वसोवास गर्ने गरेका छन् ।

भुकम्प, आगलागी, बाढी र पहिरोको जोखिमबाट घरमा हुने क्षतिले निम्ताउने आर्थिक भारलाई कम गर्न गाउँपालिकाले प्रत्येक वडाका घरपरिवारहरुको घर विमा गरिदिएको छ । प्रत्येक वडामा विपद जोखिम तथा व्यवस्थापनमा तालिम प्राप्त युवाहरु रहेका छन् ।

**रेखाचित्र ...: विपद जोखिम तथा व्यवस्थापनमा तालिम प्राप्त युवाहरुको वडागत विवरण**




तातोपानी गाउँपालिकामा बाढी, पहिरो, खडेरी, आगलागी जस्ता प्राकृतिक विपत्तीको जोखिम रहेको छ। यसका साथै बन्यजन्तुको आक्रमण, रोगव्याधी जस्ता विपत्तीको समेत जोखिम रहेको छ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन कानुन, सुशासन

स्थानीय नीति, ऐन कानुन तर्जुमामा गाउँपालिकामा उल्लेखनीय कार्यहरु भएका छन । गाउँपालिकाले हाल सम्म .... वटा ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड तर्जुमा गरेको अवस्था छ । त्यसैगरी सुशासनको प्रत्याभूतिकालागि क्षतिपूर्ति सहितको नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सुझाव पेटिका, लैंगिक समनाता तथा सामाजिक समावेशीकरण परिक्षण जस्ता कृयाकलाप पनि वार्षिक रुपमा हुने गरेको छ। गाउँपालिकामा बार्षिक २ वटा सार्वजनिक सुनुवाई हुने गरेको छ भने करीव ..... सेवाग्राही गाउँपालिकाको हेल्पडेस्कबाट लाभान्वित रहेका छन्।

### २.६.२ संगठनात्मक विकास तथा मानव संसाधन

गाउँपालिकामा कार्यरत मानव संसाधनको संख्या ....जना रहेको छ जसमा प्राविधिक जनशक्ति ... र कार्यरत विज्ञ कर्मचारी ....जना रहेका छन्। कुल कर्मचारी मध्ये करार कर्मचारीको संख्या ..... रहेको छ। त्यसैगरी आवश्यकता अनुसार परिपूर्ति गर्नुपर्ने कर्मचारी संख्या ... रहेको छ।

### २.६.३ स्रोत परिचालन

गाउँपालिकाको वित्तिय स्रोत परिचालनको प्रमूख आधार संघ तथा प्रदेश सरकारबाट समानीकरण, ससर्त, विशेष लगायतका विभिन्न शीर्षकमा प्राप्त हुने अनुदान तथा आन्तरिक राजश्व हो । आ.व

२०७९/८० मा गाउँपालिकाको कुल आय ... करोडको हाराहारीमा थियो जसमा आन्तरिक आयको हिस्सा ... करोड रहेको थियो । गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय र वाह्य आयको अनुपात .... रहेको छ भने संकलित कर राजस्व र गैरकर राजस्वको अनुपात .... रहेको छ । त्यसै गरी गाउँपालिकामा नियमित कर भूक्तान गर्ने करदाता ... हजारको हाराहारीमा रहेका छन् भने आयोजना कार्यान्वयनमा उपभोक्ता समूहको लगानी/योगदान हिस्सा (वार्षिक कुल खर्चमा) ... प्रतिशत रहेको छ ।

### २.६.४ योजना व्यवस्थापन

गाउँपालिकामा बार्षिक कार्यान्वयन हुने आयोजना मध्ये .... प्रतिशत आयोजना उपभोक्ता समितिवाट कार्यान्वयन भएका छन् । त्यसैगरी गाउँपालिकाको वार्षिक नीति कार्यक्रममा आर्थिक बिकास तथा आयमुलक क्षेत्रमा लगानीको दर सरदर .... प्रतिशत रहेको छ । गाउँपालिकाकाले कुल ...वटा योजनालाई गाउँ गौरवका योजनाका रुपमा संग्रहित गरेको छ भने ... वटा योजनाको क्षेत्रगत गुरुयोजना पनि निर्माण गरेको छ । गाउँपालिकाबाट कार्यान्वयन हुने लगभग ... प्रतिशत योजनाहरु निर्धारित समयमा सम्पन्न हुने गरेका छन् । स्थानीय आयोजना वाहेक गाउँपालिकामा संचालित संघीय र प्रदेश आयोजना तथा कार्यक्रमको संख्या ..... रहेको छ ।

# परिच्छेद तीन : सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभुमि

नेपालको प्रचलित संविधानको धारा ५७ ले सम्पुर्ण राज्य शक्तिलाई संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लिखित अधिकार क्षेत्रका आधारमा संघ प्रदेश र स्थानीय तहमा एकल र साझा अधिकारका रुपमा बाँडफाँड गरेको छ । संविधानको मर्म अनुसार उल्लिखित एकल र साझा अधिकार क्षेत्रको व्यवहारिक कार्यान्वयनबाट सामाजिक, आर्थिक, भौतिक पूर्वाधार, वन वातावरण तथा संस्थागत विकासका क्षेत्रले हासिल गर्नसक्ने समृद्धि तथा सहकार्य, समन्वय तथा सहअस्तित्वका आधारमा संघ, प्रदेश, स्थानीय तहले सहकार्य गरी विकास संयन्त्रको संस्थागत विकास गर्ने प्रमुख जिम्मेवारी स्थानीय सरकार सँग रहेको छ । यस सन्दर्भमा प्रस्तुत आवधिक योजनाले दीगो विकास लक्ष्य, संघ तथा कार्णाली प्रदेशको लक्ष्यलाई आधार बनाई तातोपानी गाउँपालिकाको प्रथम पञ्चवर्षिय योजना आ.व. ०८१/८२ देखि ०८५/०८६ सम्मको खाका तयार गरेको छ ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

संघीय लोकतान्त्रिक व्यवस्थालाई व्यवस्थित गर्न वनेको संविधानले स्थानीय तहहरुलाई जनताको सवैभन्दा नजिकको सरकारका रुपमा परिभाषित गरेको छ। यसका लागि संविधानको धारा ५७ ले तीन तहका सरकारवीच राज्य शक्तिको बाँडफाँड गर्ने कुरा उल्लेख गरेको छ भने अनुसूचीहरुमा तीन तहका सरकारवीच एकल र साझा अधिकारहरुको व्यवस्था गरिएको छ । संविधानले अधिकारको वाँडफाँड गरेको भएपनि स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरुमा संघीय प्रणाली सम्वन्धी वुझाईमा पूर्णता पाईदैन । तातोपानी गाउँपालिकामा पनि यही पक्ष लागू हुन्छ । जुन गाउँपालिकाका लागि महत्वपूर्ण चुनौती हो । त्यसै गरी संविधानले तीन तहका सरकार वीच सहकार्य समन्वय तथा सहअस्तित्वका आधारमा विकासका गतिविधिलाई अघि वढाउने कुराको परिकल्पना गरेको भए पनि व्यवहारिक रुपमा सहकार्य, समन्वय तथा सहअस्तित्वको अवधारणा कार्यान्वयन हुन सकेको देखिदैन । यसका अलावा गाउँपालिकामा विज्ञ कर्मचारीको अभाव हुनु, दरवन्दी अनुसारको कर्मचारीको अभाव हुनु, ऐन, नीति तथा निर्देशिकाहरुको प्रभावकारी कार्यान्वयन नहुनु, आन्तरिक स्रोतको परिचालन तथा व्यवस्थापन हुन नसक्नु, संघीय सरकारबाट प्राप्त अनुदानमा समानीकरण अनुदानको हिस्सा घटदै जानु, अन्तरपालिका समन्वय तथा सहकार्यको वातावरण बन्न नसक्नु आदि तातोपानी गाउँपालिकाका मुलभूत समस्या तथा चुनौती हुन् ।

## ३.३ प्रमुख अवसर तथा सम्भावना

नेपालको संविधानले स्थानीय सरकारलाई सवै भन्दा नजिकको सरकारको रुपमा परिकल्पना गरेको छ। जनतामा निहित सार्वभौमसत्ताको प्रयोगद्धारा कानुन निर्माण, कर लगाउन सक्ने र खर्च गर्न सक्ने, जनभावना अनुरुप नीति, कानून, कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने जनादेश, कानून निर्माण, नीति, स्थानीय तहमा सेवा सुविधाको स्तर निर्धारण र अनुगमन, तथा अन्य सरकारी, गैरसरकारी निकाय, पेशागत तथा सामाजिक संघसंस्था लगायत नागरिक समाज वीच सहजकर्ताको भुमिका निर्वाह गर्न सक्ने भूमिका तातोपानी गाउँपालिकाले प्राप्त गरेको छ। जुन गाउँपालिको अवसर हो ।

लछ्यालकृति पैकेलाको जन्मभूमि, बलिराजको राजधानी, प्रसिद्ध तातोपानी धारा, गिडिदह, पानसय पाटन, लाछु जिउलो, सन्दरगाउँ, बाबिरामष्ठ, भुरिचुल्ला मालिका, नदैडाब, लाम्रा दियार, बुदबुदी, गरुफोक्टो, कालिका, मालिका भगवति जस्ता प्रसिद्ध एवंम ऐतिहासिक, पुरातात्विक र साँस्कृतिक महत्व बोकेका सम्पदाहरु मात्र होइन यो गाउँपालिका प्राकृतिक तथा भौगोलिक रुपमा पनि विविधता भएको गाउँपालिका हो । देशका ८ औद्योगिक ग्राम मध्ये रातोखोला औद्योगिक ग्राम यसै गाउँपालिकाको वडा नं. ४ मा रहेको छ । त्यसैगरी, कर्णाली राजमार्गको पहुँच हुनु, खलंगा, मान्मा, सुर्खेत र नेपालगञ्ज जस्ता प्रमुख व्यापारिक केन्द्रसँगको पहुँचमा सहजता हुनु, तिला नदी, भेरी खोला र गिडी गाड लगायतका जलाधार तथा त्यसबाट प्राप्त प्राकृतिक स्रोत साधनको उत्पादनशील प्रयोग गर्नु, खस, जुम्ली तथा देउडा जस्ता सँस्कृतिलाई प्रवर्द्धन गरी सास्कृतिक पर्यटनको विकास गर्नु, देशकै प्रशिद्ध तातोपानी मूल, गिडी दह, लछ्यालकृत पैकलाको दरवार, गुरु ज्युलो फोकटो, सातधारा, गणेश गुफा, नदेहीडाव बुदवुदे शैलेश्वर मन्दिर, गाउँपिच्छे रहेका मष्ट देवता तथा भनी थानहरु, हजारौ वर्ष पहिलेका देवदारका रुखहरु, मार्सी धानको उद्‌गमस्थल जस्ता पर्यटन आकर्षण गर्ने मुख्य प्राकृतिक सम्पदाको तथा परम्परागत धरोहरहरु हुनु, जडिबुटी र चरण क्षेत्रका साथै प्राकृतिक मनोरमले भरिएका विभिन्न पाटनहरु हुनु, गिडी खोला, घट्टेखोला, इमिल्चा खोलाबाट विद्युत उत्पादन हुनु, धान, आलु, स्याउ, ओखर, कोदो, मकै, कागुनो, चिनो जस्ता उत्पादन हुने उर्वर भूमि, दुध तथा मासु उत्पादनको लागि गाइ, भैसी, बाख्रा, भेडा, कुखुराहरु पालनको लागि उपयुक्त हावापानी भएको, धान, स्याउ, ओखर, भेडाबाखा जस्ता पकेट क्षेत्र विस्तार गर्न सकिने जुम्ला जिल्लाको समृद्ध गाउँपालिकाको रुपमा विकास गर्न सकिने सम्भवाना बोकेको छ, तातोपानी गाउँपालिकाले ।

## ३.४ निर्देशक सिद्धान्त

तातोपानी गाउँपालिकालाई विकासको दूरदृष्टि (Vision) तर्फ उन्मुख गराउन, लक्ष्य (Goal) प्राप्तिमा अधिकतम योगदान पुऱ्याउन तथा उद्देश्य (Purpose) हासिल गर्नका लागि सञ्चालन हुने विकासका योजनाबद्ध प्रयासहरूमा देहायका निर्देशक सिद्धान्तहरू अवलम्बन गरिनेछ :

### ३.४.१ नागरिक सलग्नता र जनकेन्द्रित विकास

- सामाजिक परिचालनलाई महिला, वालवालिका र पिछडिएको वर्ग एवं समुदायको सशक्तिकरण र स्थानीय शासन माग पक्षको सुदृढीकरणको माध्यम बनाइनेछ,
- लोकतान्त्रिक अवधारणा अनुसार समुदायमा आधारित तथा नागरिक समाजका संस्थाहरूको संस्थागत क्षमता विकासको माध्यमबाट विकास प्रक्रियामा नागरिक तथा समुदायको संलग्नता वृद्धि गरिनेछ,
- स्थानीय स्रोत, साधन, प्रविधि, ज्ञान, सिप र क्षमताको अधिकतम उपयोग गरी दिगो आर्थिक विकासमा टेवा पुऱ्याईनेछ ।

### ३.४.२ वातावरण सन्तुलन तथा दिगो विकास

- कृषि, पर्यटन, जलश्रोत, वन, साना उद्योग तथा पूर्वाधारलाई दिगो विकासको अग्रणी क्षेत्रको रूपमा विकास गरी आर्थिक समृद्धि तथा गरिबी न्यूनिकरणको माध्यमको रूपमा बनाइनेछ,
- स्थानीय श्रोत, साधन र पर्यटकीय सम्पदा सम्बन्धी सूचना, सुविधा र सुरक्षा प्रवर्द्धन गरी पर्यटकीय आगमन र बसाइ वृद्धि गरिनेछ,
- रैथाने तथा लोपोन्मुख बालीहरूको पहिचान, संरक्षण र प्रवर्द्धन एवं उन्नत बाली र प्रविधिको प्रयोग गरी खाद्य सुरक्षामा टेवा पुयाईनेछ र प्राङ्गाारिक, वातावरणीय र व्यावसायिक कृषि प्रविधि प्रवर्द्धन गरी पोषण र जनस्वास्थ्यमा सुधार गरिनेछ,
- जलवायु परिवर्तनबाट उत्पन्न समस्या निराकरण तथा जोखिम न्यूनिकरण तथा स्थानीय अनुकूलनको उपायहरू अवलम्बन गरी जीविकोपार्जन अवसरमा वृद्धि गरिनेछ,
- जल, जमिन, जंगल, चरन क्षेत्र जस्ता प्राकृतिक श्रोतहरूको वैज्ञानिक व्यवस्थापन गरी स्थानीय समुदायको आर्थिक स्थितिमा सुधार र श्रोतमा स्थानीय समुदायको पहुँच तथा उपयोग वृद्धि गरी सामाजिक स्थितिमा सुधार गरिनेछ,
- पोषणमा सुनौला एक हजार दिनका आमा र बच्चालाई पहिलो प्राथमिकतामा राखी कार्य गरिने छ,
- विकास प्रक्रियामा वातावरणमैत्री स्थानीय शासन प्रणालीलाई समाहित गरी विकास कार्यलाई वातावरणमैत्री तथा दिगो बनाइनेछ ।

### ३.४.३ स्थानीय संस्थागत क्षमता विकास

- सामुदायिक अध्ययन केन्द्र, विद्यालय तथा स्वास्थ्य व्यवस्थापन समिति, कृषि वन तथा वातावरण समिति लगायत समुदायमा आधारित समूह र सञ्जालहरूको क्षमता अभिवृद्धि गरी उनीहरूलाई अझ बढी क्रियाशील र प्रभावकारी बनाइनेछ,
- संरचनागत सुधार र क्षमता विकासको माध्यमबाट स्थानीय शासन प्रक्रियामा महिला, बालबालिका तथा पछाडि पारिएका वर्ग, समुदायको संलग्नता सुनिश्चित, अर्थपूर्ण र प्रभावकारी बनाइनेछ,
- स्थानीय स्तरमा सञ्चालित आयोजना तथा कार्यक्रमलाई दिगो, नतिजामूलक, पारदर्शी र प्रभावकारी बनाइनेछ ।

### ३.४.४ सामाजिक समावेशीकरण तथा अवसरमा समता

- योजना तर्जुमा, सञ्चालन तथा अनुगमन प्रक्रियालाई अझ बढी समावेशी र सहभागीमूलक बनाइ उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरी दिगो र सन्तुलित विकासमा जोड दिईनेछ,
- स्थानीय श्रममूलक प्रविधिमा जोड दिई विकास निर्माण कार्य अगाडि बढाईनेछ तथा स्थानीय उत्पादन वृद्धिमा विशेष ध्यान केन्द्रित गरिनेछ,
- आमा समूह, महिला समूह तथा सञ्जालहरूलाई संस्थागत विकास र सुदृढ गरी समावेशी र समानतामैत्री वातावरण निर्माण गरिनेछ,

- महिला, वालवालिका लगायत लक्षित वर्गको कार्यक्रमको व्यवस्थित तर्जुमा, प्रभावकारी कार्यान्वयन र अनुगमन गरी प्रभावकारिता अभिवृद्धि गरिनेछ,
- सार्वजनिक सेवा तथा सुविधा आम नागरिक तथा सेवाग्राहीहरूको पहुँच वृद्धि गरी स्थानीय स्तरमा प्रवाहित सेवा तथा सुविधाहरू अधिकारमा आधारित, सहज, सर्वसुलभ, गुणस्तरीय बनाइनेछ,
- स्थानीय निकाय तथा विषयगत इकाइहरूको सेवा प्रवाहलाई जनताको आवश्यकतामा आधारित बनाइ नागरिक वडा पत्रमा उल्लेखित समयावधि भित्रै क्षतिपूर्ति सहित सेवा प्रवाह गरिनेछ ।

## ३.४.५ स्थानीय सुशासन र उत्तरदायित्व

- सूचनामा आधारित नतिजामूलक योजना, अनुगमन तथा मूल्याङ्कन प्रणाली अभ्यास गरी विकास व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ,
- स्थानीय सुशासनका लागि नागरिकको संलग्नता, निगरानी, उत्तरदायित्व र पारदर्शिताका कार्यहरू सञ्चालन गरिनेछ,
- संस्थागत सुदृढीकरण, गुणस्तरीयता, पारदर्शिता र दिगोपनालाई विकास कार्य सञ्चालनको प्रमुख रणनीतिको  रूपमा अपनाइनेछ,
- तातोपानी गाउँपालिका र विकासका साझेदार बिच नियमित अन्तरक्रिया, छलफल र बहसका माध्यमबाट विकास कार्यलाई अझ बढी समावेशी र प्रभावकारी बनाइनेछ,
- स्थानीय सुशासन प्रवर्द्धन तथा अवाफदेहिता अभिवृद्धिका लागि समुदाय, स्थानीय तह तथा सेवा प्रदायक सरकारी तथा गैरसरकारी निकायहरू बिच नियमित अन्तरक्रिया र बहसका लागि नागरिक समाजलाई परिचालन गरिनेछ,
- नागरिक निगरानी तथा कानुनी शासनको माध्ययबाट संस्थागत सुशासन कायम गर्दै भ्रष्ट्राचारमुक्त कार्यविधि अपनाईनेछ,
- क्षतिपूर्ति सहितको नागरिक बडापत्र, सूचनाको हक र गुनासो सुनुवाइ सम्बन्धी प्रावधानको उपयोगको लागि आवश्यक संयन्त्रको विकास गरी नागरिकको सेवा सम्बन्धी हकको सुनिश्चितता गरिनेछ ।

## ३.४.६ भू-उपयोग र व्यवस्थित एकीकृत बस्तीको विकास

- प्रभावकारी सेवा प्रवाहका लागि भू-उपयोग योजना अनुसार एकीकृत तथा व्यवस्थित बस्ती विकासको अवधारणा अनुसार वस्ती विकास गरिनेछ,
- एकीकृत बस्ती विकासमा वन तथा वातावरणमा प्रतिकूल असर नहुने तथा जोखिम न्यूनिकरण हुने गरी कार्य सञ्चालन गरिनेछ,
- बस्ती विकास तथा सेवा प्रवाहमा सार्वजनिक, निजी, सामुदायिक साझेदारी अवधारणा अवलम्वन गरिनेछ,
- बस्ती विकास कार्यमा स्थानीय सम्पदा, सामाजिक समावेशीकरण तथा ऐतिहासिक साँस्कृतिक सम्पदालाई जगेर्ना गरिने छ ।

### ३.४.७ मानव अधिकार, सामाजिक न्याय र दिगो शान्ति

- सरकारी, गैर सरकारी, सामुदायिक संस्थाको संस्थागत संरचनामा विपन्न एवं सिमान्तकृत वर्गको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गरिनेछ,
- समाजमा पिछडिएको वर्ग, दलित, जनजाति, महिला तथा बालबालिकाको विकासका लागि लक्षित वर्ग कार्यक्रमका साथै अन्य विशेष कार्यक्रम सञ्चालन गरिनेछ,
- ज्येष्ठ नागरिक बृत्ति लगायत अन्य सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारिता अध्ययन गरी वृत्तिको प्रभावकारी उपयोगको वातावरण सिर्जना गरिनेछ,
- सामाजिक सद्भाव तथा दिगो शान्ति अभिवृद्धि हुने गरी विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ,
- सामाजिक सद्भाव र दिगो शान्तिका लागि सामाजिक न्याय, कानुनी शासन तथा सुशासन अभिवृद्धि गरिनेछ,
- खाद्य सुरक्षाका लागि कृषि तथा पशुजन्य उत्पादन वृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

### ३.४.८ समुदाय, निजी क्षेत्र एवं गैर सरकारी संस्थाविच साझेदारी

- सेवा प्रवाह तथा पूर्वाधार विकास कार्यमा सार्वजनिक, निजी, सामुदायिक तथा सार्वजनिक निजी साझेदारी अवधारणा अवलम्वन गरिनेछ,
- गाउँपालिकाको विकासमा निजी क्षेत्रको परिचालनको लागि स्थानीय स्तरमा लगानीमैत्री वातावरण निर्माण गरी वाह्य श्रोत तथा साधनको अधिकतम परिचालन गरिनेछ,
- समुदाय, निजी क्षेत्र तथा गैसस जस्ता साझेदारहरू बिच अन्तरक्रिया छलफल र वहसका माध्यमबाट विकास कार्यलाई समन्वयात्मक, सहभागितामूलक र प्रभावकारी बनाइनेछ,
- सार्वजनिक सेवा तथा कार्यक्रमको पारदर्शिता, प्रभावकारिता र जवाफदेहिता अभिवृद्धिका लागि उपलव्ध साधन र श्रोतको अधिकतम प्रयोग गरिनेछ,
- कानुनी व्यवस्था अनुसार सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, नागरिक अनुगमन तथा निगरानीको औजार प्रयोग गरी सुधारका प्रतिवद्धताको पालना गरिनेछ ।

### ३.४.९ नतिजामूलक व्यवस्थापन प्रणाली

- योजना तथा बजेट तर्जुमा गर्दा नतिजामूलक योजनाको खाकामा आवधिक योजनाको सूचकको आधारमा गरिनेछ,
- गाउँपालिकाको आवधिक विकास योजनाको नतिजामूलक अनुगमन खाका अनुसार सहभागितामूलक र तेश्रो पक्षद्वारा समीक्षा गरिनेछ,
- आयोजना तथा कार्यक्रमको तेश्रो पक्षद्वारा अनुगमन तथा मूल्याङ्कन गरिनेछ,
- कार्य सम्पादनको आधारमा राम्रो काम गर्ने संघ, संस्था तथा निकायलाई प्रोत्साहन गरिनेछ ।

### ३.५ दीगो विकास, राष्ट्रिय र प्रदेश लक्ष्यसँग आवधिक योजनाको तादाम्यता

गाउँपालिकाको विकास लक्ष्य, दीगो विकास, राष्ट्रिय तथा प्रदेश लक्ष्य बीच तादाम्यता कायम गर्दै संघीय सरकारले परिकल्पना गरेको समृद्ध नेपाल सुखी नेपालीको परिकल्पनालाई विक्रम संवत २१०० सम्ममा पुरा गर्न सकिने भएकाले यस गाउँपालिकाको प्रस्तुत आवधिक योजनाले दीगो विकास लक्ष्य तथा राष्ट्रिय तथा प्रदेश लक्ष्य बीच तादाम्यता कायम गरेको छ ।

#### ३.५.१ राष्ट्रिय पन्ध्रौ योजना तथा सोह्रौं अवधारणा पत्रको सोच

- **दीर्घकालीन राष्ट्रिय सोच : समृद्ध नेपाल सुखी नेपाली**

समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक हुनेछ ।

- **दीर्घकालीन राष्ट्रिय लक्ष्य**

| क) समृद्ध नेपाल | क) सुखी नेपाली |
|---|---|
| १. सर्वसुलभ आधुनिक पूर्वाधार एवम सघन अन्तर आबद्धता | १. परिष्कृत तथा मर्यादित जीवन |
| २. मानवपूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | २. सुरक्षित, सभ्य र न्यायपूर्ण समाज |
| ३. उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | ३. स्वस्थ र सन्तुलित पर्यावरण |
| ४. उच्च र समतामूलक राष्ट्रिय आय | ४. सुशासन |
| | ५. सबल लोकतन्त्र |
| | ६. राष्ट्रिय एकता, सुरक्षा र सम्मान |

#### ३.५.२ कर्णाली प्रदेशको प्रथम आवधिक योजनाको सोच र लक्ष्य

- **प्रदेशको दीर्घकालिन सोच : समृद्ध कर्णाली, सुखारी कर्णालीबासी**

  उच्च आर्थिक वृद्धि दर, आधारभूत भौतिक सुविधा, सबैलाई सम्मानजनक रोजगारीसहित सुरक्षित र स्वच्छ वातवरणमा बसोबास गर्ने सुखी नागरिकहरुको प्रदेश ।

- **प्रदेशको दीर्घकालिन लक्ष्य**

  सामाजिक न्यायमा आधारित समावेशी, सन्तुलित, र दिगो विकास गर्दै तिव्र आर्थिक वृद्धिदर हासिल गरी समृद्ध कर्णाली र सुखारी कर्णालीबासीको दीर्घकालिन सोँचलाई व्यवहारमा उतार्ने दीर्घकालिन लक्ष रहेको छ ।

### ३.६ तातोपानी गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य

- **दीर्घकालिन सोच**

**प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र समृद्ध हाम्रो तातोपानी**

**दीर्घकालिन सोच पूरा गर्ने प्रमुख संवाहकहरुको व्याख्या**

**कृषि :** जुम्ला जिल्लाको पहिचान बोकेका परम्परागत बालीहरु मार्सी चामल, सिमी, चिनो, कागुनो, ओखर जस्ता कृषिजन्य उच्च मूल्यका वालीहरुको प्रवर्धन, भेडाबाखाहरुको उन्नत नश्ल सुधार गर्दै व्यवसायिक उत्पादन तथा बजारीकरण गरी सुखी र समृद्ध तातोपानी तर्फको यात्रा तय गर्ने ।

**पर्यटन :** जुम्ली मार्सी धानको उत्पादनका प्रवर्तक लछालकृत पैकलाले विराएको पहिलो खेत, उनको दरवार, तातोपानी धारा, पाण्डवहरुको पालाको सातधार, जैविक विविधताले भरिपूर्ण गिडी दह र सयौं पटनहरुमा पर्यटक मैत्री पूर्वाधारको विकास गरी स्थानीय उत्पादन तथा संस्कृति सहितको घरवासको व्यवस्थापन गर्दै धार्मिक, प्राकृतिक तथा सांस्कृतिक पर्यटन प्रवर्धन मार्फत सुखी र समृद्ध तातोपानीको आर्थिक खम्बा निर्माण गर्ने ।

**पूर्वाधार** : कृषि तथा पर्यटन प्रवर्धनको आधार पूर्वाधारलाई वातावरण मैत्री, गुणस्तरीय र दिगो बनाउदै सडक सञ्जाल, विद्युतीकरण, कृषि संकलन तथा भण्डारण साथै भरपर्दो संचारको विस्तार गरी सुखी र समृद्ध तातोपानीको जग बसाल्ने ।

- **दीर्घकालिन लक्ष्य**

**आयआर्जनमा बृद्धि, पूर्वाधारको विकास, सामाजिक स्थितिमा सुधार र दीगो तथा समावेशी बाताबरण संरक्षण मार्फत जनतामा सु-शासनको अनुभुति गराउनु**

- **उद्देश्य**
  - **समष्टिगत** : अन्तर सरकार र बाह्य सम्बन्ध विस्तार गर्दै दिगो पूर्वाधार विकासको माध्यमबाट स्वरोजगारको अवसर सिर्जना गरी सामाजिक तथा आर्थिक सुरक्षाको प्रत्याभूति दिलाउदै समुदायको दिगो आर्थिक विकासमा टेवा पुऱ्याउनु, .
  - **आर्थिक विकास** : समुदायको बजार र वित्तीय संस्थामा पहुँच वृद्धि गरी आधुनिक प्रविधि सहितको व्यवसायिक कृषि–पर्यटन र उद्यमशिलताको विकास मार्फत समुदायलाई दिगो आर्थिक विकास सहित आत्मनिर्भर बनाउनु,
  - **सामाजिक विकास** : व्यावहारिक शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, स्वच्छ खानेपानी, न्यानो लुगा तथा ओतलाग्ने छानो लगायतका आधारभूत आवश्यकताको सुनिश्चित गर्दै सहभागितामूलक कार्य पद्धति तथा विकासमा लैंगिक र समावेशी अवधारणाको अवलम्बनबाट नागरिकहरु खासगरी महिला, विपन्न र सिमान्तकृत वर्गमा आधारभूत शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाको प्रत्याभूतिका साथै स्थानीय स्तरमा दक्ष जनशक्ति विकास गर्नु
  - **पूर्वाधार विकासः** अति आवश्यक पूर्वाधारको दिगो, गुणस्तरिय तथा समावेशी विकासका माध्यमबाट नागरिकको जीवनयापनलाई सहज, स्वस्थ र मितव्ययी बनाउनु,

- **जल, वन तथा वातावरण :** उपलब्ध जल तथा वनस्पति जन्य पर्यावरणीय तथा जैविक विविधताको दीगो संरक्षण, सम्वर्धन तथा उच्च प्रतिफलयुक्त प्रयोगबाट गाउँपालिकाको आर्थिक विकासमा टेवा पुऱ्याउनु ।
- **विपद व्यवस्थापन तथा जलवायु परिवर्तन :** समुदायलाइ विपद सम्बन्धी सचेतना अभवृद्धि, पूर्व तयारी, प्रतिकार्यका साथै जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न अनुकूलनका उपायहरुको अवलम्बन गर्नु ।
- **सुशासन तथा संस्थागत विकास :** गाउँपालिकालाई पूर्ण प्रविधियुक्त तथा दक्ष मानव संशाधन युक्त बनाइ सुशासनको माध्यमबाट नागरिकलाई चुस्त, गुणस्तरिय र प्रभावकारी सेवा प्रवाहका साथै गाउँपालिकाको आन्तरिक तथा बाह्य वित्तीय स्रोतको अभिवृद्धिमा योगदान पुऱ्याउनु,

### ३.६.१ प्राथमिकता क्षेत्र

तातोपानी गाउँपालिकाले अङ्गिकार गरेको दीर्घकालीन सोच, आवधिक विकास योजनाले निर्धारण गरेको लक्ष्य र बृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका विषय क्षेत्रलाई विशेष प्राथमिकता दिइने छ ।

क) व्यवसायिक कृषि
ख) संस्कृतिको जगेर्ना गर्दै पर्यटन प्रवर्धन
ग) समावेशी दीगो पूर्वाधार
घ) व्यवहारिक तथा व्यावसायिक शिक्षा
ङ) गुणस्तरीय स्वास्थ्य
च) पर्यावरण तथा विपद व्यवस्थापन

### ३.७ परिमाणात्मक लक्ष्य

तातोपानी गाउँपालिकाको परिमाणात्मक लक्ष्य दिगो विकास लक्ष्य, राष्ट्रिय लक्ष्य तथा प्रादेशिक लक्ष्यका आधारमा मात्र तय गर्न सकिने भएकोले यहाँ नेपालले लिएको राष्ट्रिय लक्ष्य र कर्णाली प्रदेशले लिएको प्रादेशिक लक्ष्यलाई प्रस्तुत गरिएको छ ।

**तालिका ..... : राष्ट्रिय तथा कर्णाली प्रदेशको लक्ष्य**

| सूचक | इकाई | राष्ट्रिय लक्ष्य | | | कर्णाली प्रदेशको लक्ष्य | |
|---|---|---|---|---|---|---|
| | | आधार वर्ष आ.व. | | वि सं. २१०० | आधार वर्ष आ.व. | |
| | | ०७५/७६ | ०८०/८१ | | ०८०/८१ | ०८४/८५ |
| **समृद्धिका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्य** | | | | | | |
| आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | ९.६ | १०.५ | ५.२ | ६.५ |
| प्रति व्यक्ति वार्षिक आय | डलर | १०४७ | १५९५ | १२१०० | ९९७ | ११४७ |

| सूचक | इकाई | राष्ट्रिय लक्ष्य | | | कर्णाली प्रदेशको लक्ष्य | |
|---|---|---|---|---|---|---|
| | | आधार वर्ष आ.व. | | वि सं. २१०० | आधार वर्ष आ.व. | |
| | | ०७५/७६ | ०८०/८१ | | ०८०/८१ | ०८४/८५ |
| कृषि क्षेत्रको योगदान | प्रतिशत | २७ | १९.४ | ९ | ३०.१ | २२.१ |
| उद्योग क्षेत्रको योगदान | प्रतिशत | १५.२ | १६.७ | ३० | १२.३ | १६.८ |
| सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | ६४.२ | ६१ | ५७.६ | ६१.१ |
| आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात | अनुपात | १.३ | १ | १ | - | - |
| सम्पत्तिमा आधारित गिनी गुणक | गुणक | ०.३१ | ०.२९ | ०.२५ | - | - |
| औषत आयु | प्रतिशत | ६९.७ | ७२ | ८० | ६६ | ७२ |
| मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा | संख्या | २३९ | ९९ | २० | | - |
| पाँच वर्ष मुनिका बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा | संख्या | ३९ | २४ | ८ | ५५ | २१ |
| साक्षरता (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ९० | ९८ | ८३ | ९७ |
| युवा साक्षरता दर (१५ देखि २४ वर्ष | प्रतिशत | ८५ | ९९ | १०० | ९९ | १०० |
| ९ देखि १२ कक्षाको खुद भर्ना दर | | | | | ७५ | ८९ |
| आधारभूत तहमा (१ देखि ८ कक्षा) खुद भर्ना दर | प्रतिशत | ९२.३ | ९९.५ | १०० | ९७.७ | ९९.२ |
| श्रम शक्ति सहभागिता दर | प्रतिशत | ३८.५ | ४८.५ | ७२ | - | - |
| बेरोजगार दर | प्रतिशत | ११.४ | ६ | ३ | ९.७ | ७ |
| रोजगारीमा औपचारिक क्षेत्रको अंश | प्रतिशत | ३६.५ | ५० | ७० | | - |
| राष्ट्रिय र प्रादेशिक लोक मार्ग ( कालोपत्रे) | किमि | ६९६९ | १५००० | ३३००० | | |
| ३० मिनेटको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | ७८.९ | ९५ | ९९ | ४० | ६५ |
| विद्युत सेवामा पहुँच भएको जनसंख्या | संख्या | ९०.७ | ९९ | १०० | ७१.३ | ७८ |
| आधारभूत खानेपानीको पहुँच पुगेका घरपरिवार | किमी | ९४.९ | ९९ | १०० | ७७ | ९८ |
| इन्टरनेट प्रयोग कर्ता | प्रतिसत | ५५.४ | ७५ | १०० | ४९.४ | ८५ |
| जलविद्युत उत्पादन जडित क्षमता | मेवा | १०७४.१ | ५००० | ४०००० | ११ | १५ |
| प्रति व्यक्ति प्रतिवर्ष विद्युत उपभोग | कि वा | १९८ | ७०० | ३५०० | - | - |
| कषि उत्पादकत्व (धान मकै गहुँ) | टन /हे | २.९७ | ४ | ६ | - | - |
| **सुखका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्य** | | | | | | |
| गरिबीको रेखा मुनी रहेको जनसंख्या | प्रतिशत | १८.७ | ११ | १ | २१.४ | १६ |
| वहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | १३ | ३ | ३९.३१ | ३१ |
| ५ वर्ष मुनीका कम तौल भएका | प्रतिशत | २७ | १५ | २ | ३५ | १६ |

| सूचक | इकाई | राष्ट्रिय लक्ष्य | | | कर्णाली प्रदेशको लक्ष्य | |
|---|---|---|---|---|---|---|
| | | आधार वर्ष आ.व. | | वि सं. २१०० | आधार वर्ष आ.व. | |
| | | ०७५/७६ | ०८०/८१ | | ०८०/८१ | ०८४/८५ |
| बालबालिका | | | | | | |
| मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५७ | ०.६२ | ०.७६ | ०.५५ | ०.६१ |
| आफनै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ८५.३ | ८९ | | ९५ | ९८.५ |
| जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २६.३ | १३ | | - | - |
| दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | प्रतिशत | ९६.५ | १०० | १०० | - | - |
| आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १७ | ६० | १०० | ९० | १०० |
| राष्ट्रिय परिचय पत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ० | १०० | १०० | - | १०० |
| पाँच वर्ष मुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ५६ | १०० | १०० | ८९ | १०० |
| आधारभूत खाद्य सुरक्षाको स्थितीमा रहेका जनसंख्या | प्रतिशत | ४८.२ | ७० | १०० | ३१ | ३५.४ |

## तालिका ४: तातोपानी गाउँपालिकाको परिमाणात्मक लक्ष्य

| नतिजाको तह | सूचकहरु | इकाइ | आधार वर्ष २०८०/८१ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **प्रभाव :** आयस्तरमा अभिवृद्धिका साथै समतामूलक एवं सुसंस्कृत समाज निर्माण | **आर्थिक विकास** | | | | | | | |
| | निरपेक्ष गरिबी (वार्षिक ५० हजार भन्दा कम कमाउने घरधुरी) | प्रतिशत | | | | | गा.पा.आ. सर्वेक्षण | गा.पा. |
| | आफ्नो उत्पादन तथा आयले वर्षभरी खान पुग्ने जनसंख्या | प्रतिशत | | | | | गा.पा.आ. सर्वेक्षण | गा.पा.. |
| | बेरोजगारी दर | प्रतिशत | | | | | गा.पा.आ. सर्वेक्षण | गा.पा. |
| **असर - १ (आर्थिक विकास क्षेत्र)** रोजगारी अवसरहरु श्रृजना एवं आय वृद्धि | रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | | | | | गा.पा.आ. सर्वेक्षण | गा.पा.. |
| | कृषि पेशामा संलग्न जनसंख्या | प्रतिशत | | | | | गा.पा आ. सर्वेक्षण | गा.पा. |
| **असर- २ (सामाजिक विकास क्षेत्र)** समन्यायिक, समतामूलक एवं सुसंस्कृत समाज निर्माण | **सामाजिक विकास** | | | | | | | |
| | माध्यामिक तह (९-१२) को खूद भर्नादर | प्रतिशत | | | | | गा.पा.आ. सर्वेक्षण | गा.पा. |
| | साक्षरता दर | प्रतिशत | | | | | गा.पा.आ. सर्वेक्षण | गा.पा.. |
| | औसत आयु | वर्ष | | | | | गा.पा.आ. सर्वेक्षण | गा.पा. |
| | ५ वर्ष मुनीको कुपोषण | संख्या | | | | | गा.पा.आ. सर्वेक्षण | गा.पा.. |
| | झाडापखालाको संक्रमण दर | संख्या | | | | | गा.पा.आ. सर्वेक्षण | गा.पा. |
| **असर - ३ (पूर्वाधार विकास क्षेत्र)** आधारभूत सेवा सुविधामा पहुँच | **भौतिक पूर्वाधार विकास** | | | | | | | |
| | विद्युत सेवामा पहुँच प्राप्त घरधुरी | प्रतिशत | | | | | गा.पा.आ. सर्वेक्षण | |

| नतिजाको तह | सूचकहरु | इकाइ | आधार वर्ष २०८०/८१ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| अभिवृद्धि | दिगो, सुरक्षित र नियमित सडक यातायात सेवाबाट लाभान्वित जनसंख्या | प्रतिशत | | | | | गा.पा.आ. सर्वेक्षण | |
| | नियमित सिंचित क्षेत्र | हेक्टर | | | | | गा.पा.आ. सर्वेक्षण | |
| | इन्टरनेट सेवा प्रयोग कर्ता | प्रतिशत | | | | | गा.पा.आ. सर्वेक्षण | |
| | **वन वातावरण र विपद** | | | | | | | |
| | वन जंगलले ढाकेको क्षेत्र | वर्ग मि. | | | | | गा.पा.आ. सर्वेक्षण | |
| **असर - ४ संस्थागत विकास तथा सुशासन क्षेत्र)** | **सुशासन र संस्थागत विकास** | | | | | | | |
| **सेवाग्राहीको सन्तुष्टिको स्तर** | | प्रतिशत | | | | | गा.पा.सन्तुष्टि सर्वेक्षण | |

### ३.८ रणनीति तथा प्राथमिकता

| रणनीतिक क्षेत्र | प्राथमिकताका क्षेत्रहरु |
|---|---|
| संघ, प्रदेश र अन्तर सरकार र बाह्य सम्बन्ध विस्तार | ➢ गाउँपालिकाका सरोकार क्षेत्रहरु तथा अन्तरपालिका साझा सरोकारका क्षेत्रहरुमा सहलगानीको वातावरण सिर्जना गर्ने<br>➢ तातोपानी गाउँपालिकासँग सिमाना जोडिएका स्थानीय सरकारसँग साझा सरोकारका क्षेत्रमा सहकार्य गर्ने |
| व्यावसायिक कृषि उत्पादन, भण्डारण र वजारीकरण साथै पर्यटन प्रवर्धन | ➢ समुदायको बजार र वित्तीय संस्थामा पहुँच वृद्धि गरी आधुनिक प्रविधि सहितको व्यवसायिक कृषि प्रर्वधन गर्ने ।<br>➢ स्थानीय उत्पादन मार्सी चामल, कागुनो, चिनो, सिमी, स्याउ र ओखरलाई पर्वधन गर्ने ।<br>➢ प्राकृतिक, सांस्कृति, धार्मिक र कृषि पर्यटनलागि दिगो पूर्वाधार विकास गर्ने ।<br>➢ उद्यमशिलताको विकास मार्फत समुदायलाई दिगो आर्थिक विकास सहित आत्मनिर्भर बनाउने |
| शिक्षा, स्वास्थ्य तथा स्वच्छ खाने पानीको सुनिश्चिता | ➢ व्यावहारिक शिक्षा, गुणस्तरीय स्वास्थ्य सेवा, स्वच्छ खानेपानी, न्यानो लुगा तथा ओतलाग्ने छानो लगायतका आधारभूत आवश्यकताको सुनिश्चित गर्ने<br>➢ सहभागितामूलक कार्य पद्द्ति तथा विकासमा लैंगिक र समावेशी अवधारणाको अवलम्बनबाट नागरिकहरु खासगरी महिला, विपन्न र सिमान्तकृत वर्गमा आधारभूत शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षाको प्रत्याभूतिका साथै स्थानीय स्तरमा दक्ष जनशक्ति विकास गर्ने |
| गुणस्तरीय, दिगो र समावेशी पूर्वाधारको विकास | ➢ यातयात क्षेत्र, कृषि क्षेत्र, शिक्षा क्षेत्र, स्वास्थ्य क्षेत्र र सांस्कृतिक क्षेत्रका अति आवश्यक पूर्वाधारको दिगो, गुणस्तरिय तथा समावेशी विकासका माध्यमबाट नागरिकको जीवनयापनलाई सहज, स्वस्थ र मितव्ययी बनाउने |
| कृषि तथा जडिबुटी उत्पादन तथा प्रशोधन उद्योगको विकास | ➢ गाउँपालिकाको पहुँचमा रहेका स्थानीय तहहरुको स्थानीय उत्पादनलाई अन्तरपालिका सहकार्यका माध्यमबाट उत्पादन, प्रशोधन र वजारीकरण सम्वन्धको व्यवस्थाप गर्ने<br>➢ तातोपानी गाउँपालिकालाई स्थानीय कच्चा पदार्थ प्रशोधन तथा वजारीकरणको केन्द्रका रुपमा विकास गर्ने |
| स्थानीय अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको पहिचान र विकास | ➢ विकास साझेदार, स्थानीय वैंक, वित्तिय संस्था तथा सहकारीसँग वित्तिय साझेदारी कार्यक्रम सञ्चालन गरी गाउँपालिकाका उच्च पूँजी निर्माण युक्त क्षेत्रमा सहलगानीको व्यवस्थापन गर्ने |
| भू-उपयोग सम्वन्धी अध्ययन, नीति निर्धारण र कार्यान्वयन | ➢ तातोपानी गाउँपालिका भित्रका पर्यटकीय स्थलहरु तातोपानी धारा, गिडीदह, लछ्यालकृत पैकलाको दरवार, तिला नदीको सौन्दर्यीकरणका साथै आवास तथा वस्तीको मौलिकता अभिबृद्धि गर्ने<br>➢ जमिनको उत्पादनशील प्रयोगका लागि सम्वन्धित सरोकारबालासँग सहकार्य गर्ने<br>➢ बन पैदावरको बैज्ञानिक उपयोग तथा पूर्नभरण (विक्षारोपण, जडिबुटी रोपण)को लागि संरक्षित क्षेत्रहरु निर्माण गर्ने, |

| रणनीतिक क्षेत्र | प्राथमिकताका क्षेत्रहरु |
|---|---|
| गाउँपालिकाको आन्तरिक आय अभिबृद्धि गर्ने | ➢ आन्तरिक राजश्व अभिबृद्धि कार्यक्रम<br>➢ ग्रामीण विकासमा नीजि क्षेत्रलाई आकर्षण गर्ने |
| गाउँपालिकाको संस्थागत क्षमता विकास गर्ने | ➢ टोल विकास समितिको व्यवस्थापन |
| | ➢ उपभोक्ता समिति व्यवस्थापन आयोजना |
| | ➢ तथ्याङ्क अभिलेखीकरण सञ्जाल निर्माण |
| | ➢ विषयगत समितिको क्षमता अभिबृद्धि आयोजना |
| | ➢ गाउँपालिका स्तरीय संस्थान निर्माण आयोजना |
| | ➢ गाउँपालिका स्तरीय संयन्त्र निर्माण आयोजना |
| | ➢ गाउँपालिका स्तरीय अध्ययन केन्द्र स्थापना |

### ३.९ लगानी, श्रोत अनुमान र बाँडफाँड

तातोपानी गाउँपालिकाको योजना तर्जुमा कार्यशालाले आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन तथा सुशासन तथा संस्थागत विकास अन्तर्गत परिकल्पना गरेका आयोजनाहरुको सफल कार्यान्वयनका लागि आगामी पाँच वर्षमा गाउँपालिकालाई आवश्यक पर्न सक्ने कुल .... अर्व ..... करोड बराबरको वित्तीय स्रोतको अनुमान प्रस्तुत गरिएको छ। कुल अनुमानित लगानी मध्ये करिब .... अर्व (.... प्रतिशत) गाउँ गौरव आयोजनाका लागि आवश्यक पर्ने अनुमान गरिएको छ। योजना तर्जुमा गोष्ठीले तय गरेको गाउँपालिकाका प्राथमिकतामा रहेका क्षेत्रहरुलाई प्रमुख प्राथमिकताका साथ लगानी अनुमान प्रस्तुत गरिएको छ।

क्षेत्रगत रुपमा आर्थिक विकासलाई ....... प्रतिशत, पूर्वाधार विकासलाई ..... प्रतिशत, सामाजिक विकासलाई ...... प्रतिशत, वन वातावरण तथा विपद व्यवस्थापनलाई .... प्रतिशत र सुशासन तथा संस्थागत विकासलाई ... प्रतिशत लगानी आवश्यक अनुमान गरिएको छ।

गाउापालिकाले संघ र प्रदेश सरकारबाट नियमित रुपमा प्राप्त गर्ने अनुदानका आधारमा तातोपानी गाउँपालिकाको चालु आ.व २०८१/८२ को अनुमानित बजेट रु .... करोडलाई आधारमानी आ.ब. २०८५/८६ सम्मका लागि यो प्रक्षेपण गरिएको हो जस अनुसार प्रतिवर्ष गाउँपालिकाले प्राप्त गर्ने वित्तीय स्रोतमा ..... प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको छ। उक्त अनुमान आवधिक योजनाको तर्जुमा पश्चात गाउँपालिकाको वित्तिय परिचालनको क्षमता अभिबृद्धिमा सहयोग पुग्ने पूर्वानुमानका आधारमा गरिएको हो। यही अनुमानका आधारमा आ.ब. २०८५/८६ सम्ममा गाउँपालिकामा कुल .... अर्व .... करोड बराबरको राजस्व परिचालन हुने देखिन्छ। जसमा ..... करोड .... लाख वरावरको आन्तरिक आय परिचालन हुने अनुमान गरिएको छ।

तातोपानी गाउँपालिकाले संघ तथा प्रदेशबाट नियमित रुपमा प्राप्त गर्ने राजस्व तथा गाउँपालिकाको आन्तरिक राजस्वको अनुमानित प्रक्षेपण मध्ये आगामी ५ वर्षका लागि लगानी योग्य राजस्व रु .... अर्व ... करोड अनुमान गरिएको छ भने गाउँपालिका गौरव, तथा गाउँपालिका स्तरीय आयोजनाको सफल

कार्यान्वयनका लागि .... अर्व ..... करोड बराबरको स्रोत आवश्यक पर्छ । यसको अर्थ गाउँपालिकालाई योजना तर्जूमा कार्याशाला गोष्ठीले प्रस्ताव गरेका आयोजना पुरा गर्न करिब .... अर्व ..... करोड बराबरको अतिरिक्त लगानी आवश्यक पर्छ । उक्त लगानीको परिपूर्तिका लागि गाउँपालिकाले देहायका रणनीति अपनाउनेछ :

**क) संघ तथा प्रदेश सरकार :** गाउँपालिकाले संघ र प्रदेश सरकारको प्राथमिकता क्षेत्र अन्तर्गत पर्ने आयोजनाहरुका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरी आवश्यक पर्ने अपुग वित्तीय स्रोत जुटाउन सक्छ । यस अन्तर्गत विशेष गरी सामाजिक तथा पूर्वाधार क्षेत्र अन्तर्गतका उपक्षेत्रगत आयोजनाहरुको सूचि तयार पारी संघ र प्रदेश सरकारसँग गाउँपालिकाले सहकार्यको आधार तयार पार्ने ।

**ख) गाउँपालिका तथा अन्तर स्थानीय सरकार :** गाउँपालिकाको प्राथमिकतामा पर्ने तथा सिमाना जोडिएका स्थानीय सरकारहरुसँगको साझा चासोका आयोजनाहरुका लागि गाउँपालिकाले अन्तर स्थानीय सरकार आयोजनाको प्रारुप तयार पारी वित्तीय स्रोत व्यवस्थापन गर्ने ।

**ग) नीजि क्षेत्रसँगको सहकार्य :** नीजि क्षेत्रलाई आकर्षण गर्न सकिने मुनाफा जन्य आयोजनाहरुको प्रारुप तयार पारी गाउँपालिकाले नीजि क्षेत्रको स्रोतलाई परिचालन गर्ने वातावरण तयार पार्ने ।

**घ) विकास साझेदार, सहकारी तथा जनसहभागिता :** सार्वजनिक चासोका, सामाजिक रुपान्तरण र सामाजिक उद्यमशीलताका आयोजनाहरुका लागि वित्तीय स्रोत जुटाउन सहकारी तथा जनसहभागितासँग सहकार्य गर्ने मोडालिटी तय गर्ने ।

## परिच्छेद–चार : आर्थिक विकास

### ४.१ कृषि तथा पशुपंछि विकास

### ४.१.१ पृष्ठभूमि

तातोपानी गाउँपालिका समथर फाँटहरुदेखि अग्ला हिउँ पर्ने डाडाहरु समेत रहेका छन् । धरातलिय स्वरुपको हिसावले हिमाली तथा उच्च पहाडी क्षेत्रको अधिकांस बनौट भिरालो प्रकृतिको छ भने नदी तटिय क्षेत्र लगायत अन्य क्षेत्रमा समथर जमिन पनि रहेको छ । जुम्ला जिल्लाको तातोपानी गाउँपालिकालाई मुलप्रवाह क्षेत्र बनाएर अविरल बगिरहने तिला नदी, भेरी खोला, गिडी गाड लगायत सहायक नदी तथा खोलाहरु यहाको मुख्य प्राकृतिक सम्पदा हुन् । जुम्ला जिल्लामा खेतलाई ज्युलो भनिन्छ । तातोपानी गाउँपालिका जुम्ला जिल्लाका ठूला ठूला ज्युलोहरु भएका स्थानीय तहहरु मध्येको एक हो । यस गाउँपालिकाको वडा नं. १ देखि ६ सम्मका बासिन्दाहरुको धेरथोर ज्युलो र खेतीयोग्य पाखो बारी हुने गरेको छ । खेतमा जुम्ला जिल्लाको प्रशिद्ध मार्सीधान, गहुँ, जौ उत्पादन गर्ने गरिन्छ भने पाखो बारीमा सिमी, आलु, स्याउ, ओखर, मकै, कोदो, कागुनो, चिनोको खेती गरिन्छ । त्यसैले यस गाउँपालिकाको मुख्य पेशा कृषि उत्पादन रहेको छ ।

तर तातोपानी गाउँपालिकाको वडा नं. ७ र ८ मा भने ज्युलो नगन्य मात्रामा रहेको छ । यि दुइ वडाहरु जाजरकोट जिल्लासँग सिमाना जोडिएका छन् र यहा रहेको भेरी खोला निकै गहिरो गरी बगेकोले कुनै कुनै ठाउमा सानो सानो खेत भए पनि अधिकांस भूगोल पहाड, पाखो र चरणहरु रहेकोले यि वडाहरुमा भेडाबाख्रा पालन र पाखो बारीमा आलु, स्याउ, कोदो, मकै उत्पादन मुख्य पेशाको रुपमा रहेको छ । अग्लो पहाडमा रहेका बासिन्दाहरुले मौसम अनुसारको जडिबुटी जंगलबाट संकलन गरी विक्री वितरण गरी जिविकोपार्जनको लागि आर्थिक जोहो गर्ने गर्दछन् ।

नीतिगत रुपमा गाउँपालिकाले कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि कृषक पहिचान तथा वर्गिकरण कार्यविधि, २०७७ र कृषि सहकारी सँघ/सँस्थाहरुलाई कृषि अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७५ र कृषि व्यावसाय प्रवर्द्दन ऐन, २०७४ लाई कार्यान्वयनमा ल्याएको छ भने समग्र गाउँपालिकालाई समेटेर विविध प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरेको छ । गाउँपालिकाले विगतका आ.व मा वडा नं. ४ मा कृषि उपज संकलन केन्द्र स्थापना, गाउँपालिकाका सम्पूर्ण कृषकलाई मागका आधारमा ५० प्रतिशत अनुदानमा धान, गहुँको विउ वितरण, ७५ प्रतिशत अनुदानमा कृषि यान्त्रिकरण सामग्री वितरण गरेको छ । त्यसैगरी, कृषि ज्ञान केन्द्र, स्याउ सुपरजोन परियोजनाहरुले समेत कृषकहरुलाई हाते ट्याक्टर, थ्रेसर तथा स्याउ टिप्ने सामग्रीहरु वितरण गरेका छन् ।

त्यसैगरी वेसौसमी तरकारी खेतीकालागि व्यवसायिक कृषकलाई टनेल र मल्चिङ प्लाष्टिक र थोपा सिंचाईको व्यवस्था गरिएको छ भने कृषकहरुलाई निःशुल्क स्याउका विरुवा वितरण कार्यहरु पनि

गाउँपालिकाले गरेको छ । विपन्न परिवारलाई गाउँपालिकाले कृषि विमा अनुदान समेत वितरण गरेको छ ।

वडा नं. ७ र ८ लाई भेडाबाखा पालन पकेट क्षेत्र घोषण गरिएको छ । भेडाबाखाको पशु विमा, गाउँपालिका भित्र रहेका सवै पशुलाई निशुल्क रुपमा खोप उपलब्ध गराउने, पशुहरुमा हुने बाँझोपना तथा थुनेलो जस्ता रोगको रोगथाम तथा नियन्त्रण गर्ने र किसानहरुलाई उत्पादन प्रतिफलका आधारमा अनुदान उपलब्ध गराई प्रोत्साहन गर्ने कार्यहरु गाउँपालिकाले गरेको छ ।

### ४.१.२ समस्या तथा चुनौती

परम्परागत कृषि प्रणालीलाई पूर्ण रुपमा व्यवसायिकरण गर्न नसकिनु, व्यवसायीक कृषकहरुलाई बजार व्यवस्थापन गर्न सहजता नहुनु, कठिन भूगोलका कारण पाखो बारीहरुमा सिंचाइको व्यवस्था गर्न नसकिनुका साथै प्रति इकाइ लागत खर्च बढी हुनु, भेडाबाखाका बथानहरुमा जंगली जनावरको आक्रमण हुनु, लामो समय चिसो हुने भएको कारण बाली हुर्कन र पाक्न धेरै समय लाग्नु, बेमौसमी तरकारी उत्पादनका लागि प्रविधी र बजार व्यवस्थापनको कठिनाइ, जमिनको खण्डीकरण लाई व्यवस्थापन गर्नु, कृषकले सहजरुपमा कर्जा प्राप्त गर्न नसक्नु, विचौलियाको वढ्दो प्रभाव हुनु, उन्नत कृषि तथा पशुपालन व्यवसायकालागि आवश्यक प्रविधिको व्यवस्थापन गर्न, जलवायु परिवर्तनको प्रभाव बढ्नु, तथा कृषि उत्पादन, प्रशोधन तथा वजारीकरणका लागि आवश्यक पूर्वाधारको अभाव हुनु कृषि क्षेत्रका प्रमुख समस्या तथा चुनौती हुन् ।

त्यसैगरी जलवायु परिवर्तनका कारण पशुमा नयाँ किसिमका रोगको संक्रमण हुनु, समुदाय तथा गाउँपालिकाका विषयगत शाखा बिच समन्वयमा कमी हुनु, प्राविधिक जनशक्तिको अभाव, पर्याप्त अनुदान तथा वित्तिय सहजीकरणको अभाव हुनु तथा कृषकमा पशुविमाका बारेमा न्युन जानकारी हुनु पशुपालन क्षेत्रका प्रमुख समस्या तथा चुनौती हुन ।

समग्रमा कृषि तथा पशुपालन विमाको दायरा कम हुनु, सकृय ग्रामिण कृषि कार्यकर्ताको संख्या न्युन हुनु, कृषकहरुलाई व्यवसायिक तालिम पर्याप्तता नहुनु, गाउँपालिकाको क्षेत्रफलको तुलनामा कृषि उपज संकलन केन्द्र, बजार प्रवर्द्धन केन्द्र, तथा सामुदायिक कृषि प्रसार सेवा केन्द्रको संख्या कम हुनु, उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग प्रति कृषक आकर्षक नहुनु, पशुपालनको व्यवसायिकताका लागि आवश्यक पर्ने पूर्वाधार जस्तै गोठ निर्माण तथा सुधार पूर्ण रुपमा विकास गर्न नसक्नु यस क्षेत्रका समस्या तथा चुनौती हुन् ।

### ४.१.३ सम्भावना तथा अवसर

संघ, प्रदेश र स्थानीय तह सबैको कृषि क्षेत्रको विकास प्राथमिकतामा रहनु, विशिष्ट प्रकारको पशुपालन जस्तै, भेडा, बाखा, गाई र भैंसी, कुखुरा आदिका लागि उपयुक्त हावापानी हुनु, संघ र प्रदेशबाट समेत विभिन्न कार्यक्रम सञ्चालनमा रहनु, प्रधानमन्त्री कृषि आधुनीकरण तथा स्याउ सुपरजोन कार्यक्रम आयोजना कार्यन्वयनमा हुनु, जुम्ली मार्सी चामल, सिमी, स्याउ, ओखरको प्रशिद्धी प्रदेश, संघीय राजधानीका साथै देश विदेशमा हुनु, गाउँपालिकाका ३ वटा वाहेक सवै वडाहरु कर्णाली राजमार्गमा

पर्नु, वडा नं. ७ र ८ पनि त्रिवेणी जाजरकोट सडकखण्डमा पर्नु, सबै वडाका अधिकांश बस्तीहरुमा कृषि ग्रामीण सडक सञ्जालको पहुँच हुनु, खेतमा सतप्रतिशत सिँचाइको सुविधा हुनु, २५ प्रतिशतभन्दा बढी पाखो बारीमा पनि सिंचाइ हुनु, चरन क्षेत्र प्रशस्त हुनु, मुख्य बजार क्षेत्रहरू खलंगा र नाग्मा जम्मा १५ देखि २० किमीको दुरीमा हुनु, कृषि र पशुपालन समूह/व्यवसायको संस्थागत विकासका सम्भावना हुनु, कृषकहरू नगदेबाली र बेमौसमी तरकारी खेतीतर्फ आकर्षित हुनु, आदि यस क्षेत्रका अवसरको रूपमा रहेका छन् । गाउँपालिकाको नदी तटिय क्षेत्रमा कृषि तथा फलफूल खेती र अग्ला पहाड तथा चरण क्षेत्रहरुमा पशुपालन तथा जडिबुटी उत्पादनको प्रचुर सम्भावना हुनु ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य रणनीति तथा कार्यक्रम

***"एक गाउँ एक बाली र एक गाउँ एक पशुपालन पकेट क्षेत्र साथै एक घर एक स्याउ बगैचा"*** नाराहरु तय गरी कृषि विकास अभियानमा लम्किएको तातोपानी गाउँपालिकाले आगामी ५ वर्षभित्र पूरा गर्न सक्ने गरी आर्थिक विकास अन्तरर्गत कृषि तथा पशुपालनको क्षेत्रमा लिएको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम यस प्रकार रहेका छन् :

**लक्ष्य :**

कृषि पकेट क्षेत्रको पहिचान गर्दै व्यावसायिक तथा आधुनिक कृषि तथा पशुपालनको माध्यमबाट स्वदेशमै रोजगारी सिर्जना गरी गरिबी न्यूनिकरण गर्ने ।

**उद्देश्य :**

आधुनिक कृषि प्रणाली, प्रविधि तथा यन्त्र उपकरणको प्रयोगद्धारा कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गरी व्यावसायिकीकरणका माध्यमबाट आर्थिक उपार्जन तथा रोजगारीको वृद्धि गर्नु,

पशुपालन व्यवसायको आधुनिकीकरण, विविधिकरण तथा व्यावसायिकीकरण गर्दै कृषकहरूको दिगो आयस्रोतको रूपमा स्थापित भई गरिबी न्यूनिकरण गर्नु ।

## रणनीति, प्रमुख कार्यक्रम तथा आयोजना

| रणनीति | कार्यक्रम | आयोजना | लागत लाखमा |
|---|---|---|---|
| कृषि तथा पशुपंछिपालनको विकासका लागि नीतिगत प्रवन्ध गर्ने | नीतिगत सुदृढीकरण कार्यक्रम | कृषि तथा पशुपंछिपालन क्षेत्र लाई समेटेर आवश्यक नीति तर्जुमा गर्ने | |
| | | एक गाउँ एक रैथाने बाली पकेट क्षेत्र, एक घर एक स्याउ वगैचा र एक गाउँ एक पशुपालन पकेट क्षेत्र साथै स्थानीय रैथाने विउ तथा स्थानीय उत्पादन संरक्षण नीति तर्जुमा गर्ने | |
| कृषि तथा पशुपालन विकासका लागि संस्थागत क्षमता अभिबृद्धि गर्ने | क्षमता अभिबृद्धि कार्यक्रम | गाउँपालिकाको संस्थागत क्षमता (मानव संसाधन, भौतिक संरचना तथा सूचना प्रणाली विकास आयोजना | |
| | | कृषि प्राविधिकको क्षमता विकास आयोजना | |
| | | व्यवसायिक पशुपंक्षीपालनमा घरपरिवारको दक्षता अभिबृद्धि | |
| | | प्रविधि मैत्री व्यवसायिक पशुपंक्षीजन्य पालन आयोजना | |
| | | (तरकारीबाली, नगदेवाली अन्नवाली) कृषि ब्लक, पकेट तथा जोन विकास तथा व्यवस्थापन आयोजना | |
| | | सकृय कृषक तथा पशुपंक्षीजन्य समूहको क्षमता विकास | |
| | | कृषि योग्य भूमि संरक्षण आयोजना (भूमि बैंक) स्थापना | |
| | | बाँझो जमिन भाडामा लिएर उपयोग अनुसार अनुदानको व्यवस्थापन | |
| | | व्यवस्थित चरन क्षेत्र विकास तथा प्रवर्धन | |
| | कृषि तथा पशुपंछि उत्पादन अभिबृद्धि कार्यक्रम | प्राङ्गारिक मलको विकास, मौसमी तथा वेमैसमी विउविजनको व्यवस्थापन | |
| | | सिँचाई पूर्वाधार (थोपा, रिचार्ज पोखरी, कुलो, लिफ्ट) विकास आयोजना | |
| | | वाली उत्पादनका लागी आवश्यका प्राविधिक तथा संरचनामा सहजता | |
| | | तरकारी, वाखापालन, भेडापालन, कुखुरापालन, गाईभैसी पालन, स्याउ ओखर खेती, विउ उत्पादन, रैथाने बाली तथा नश्ल संरक्षण आयोजना | |
| | | रोग /किरा नियन्त्रण तथा व्यवस्थापन | |
| कृषि तथा पशुपंछि जन्य उत्पादनको सुरक्षित वजारीकरण गर्ने | ग्रामीण कृषि सडक व्यवस्थापन कार्यक्रम | रणनीतिक ग्रामीण कृषि सडक निर्माण, स्तरोन्नती तथा व्यवस्थापन आयोजना | |
| | कृषि तथा पशुपंछि जन्य उत्पादन संकलन तथा सुरक्षण कार्यक्रम | परम्परागत तथा आधुनिक शित भण्डार निर्माण | |
| | | वडागत कृषि तथा पशुपंछि जन्य उत्पादन संकलन केन्द्र | |
| | | संकलन केन्द्र निर्माण तथा हाटबजार संचालन तथा व्यवस्थापन | |
| | | दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | |
| कृषि तथा पशुपंछि जन्य उत्पादन बृद्धि, सुरक्षण तथा व्यवस्थापनका | आधुनिक सेवा प्रवाह कार्यक्रम | नश्ल सुधार तथा प्राथमिक उपचार केन्द्र | |
| | | कृषि तथा पशुपंक्षी बिमा सेवामा कृषकको संलग्नता अभिबृद्धि गर्ने | |

| | | | |
|---|---|---|---|
| लागि आधुनिक प्रविधि तथा सेवाको प्रयोगलाई जोड दिने | | पशुपंक्षीपालन सम्बन्धी उपलब्ध प्रविधि (खोप, कृत्रिम प्रजनन) को वडागत व्यवस्थापन आयोजना | |
| | | कृत्रिम गर्भाधान केन्द्र स्थापना तथा व्यवस्थापन | |
| | | एक वडा, एक पशु सेवा केन्द्रको स्थापन गर्ने | |
| कृषि तथा पशुपंछिपालन क्षेत्रमा संलग्न विपन्न तथा सिमान्तकृत समुदायको आर्थिक क्षमता अभिबृद्धि गर्ने | विपन्न तथा संरक्षित क्षेत्रका कृषकको अभिलेखीकरण तथा प्रोत्साहन कार्यक्रम | विपन्न तथा सिमान्तकृत कृषकको तथ्याङ्क संकलन तथा अभिलेखीकरण | |
| | | लक्षित समुदायलाई उत्पादनम आधारित अनुदानको व्यवस्था | |
| | | लक्षित समुदायका बालबालिका केन्द्रित “कृषि तथा पशुपालनमा किशोर किशोरी” आयोजना | |
| कृषि तथा पशुपंछिजन्य उत्पादन व्यापार प्रवर्द्धनमा सरोकारवालासँग सहकार्य गर्ने | अन्तरपालिका, सहकारी तथा अन्तरजिल्ला सहकार्य कायक्रम | वैंक तथा सहकारीसँगको सहकार्यमा सहुलियत पूर्ण कृषि कर्जा कार्यक्रम सञ्चालन | |
| | | दुध तथा दुधजन्य वस्तुको उत्पादन तथा व्यवस्थापन आयोजना | |
| | | भेडा, बाखा, तथा राँगा भैसीको व्यवसायिक उत्पादन तथा व्यवस्थापन आयोजना | |
| | | लोकल कुखुरा लगायतका पंछिको व्यवसायिक उत्पादन अयोजना | |
| **जम्मा** | | | |

## ४.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचकहरु | इकाइ | आधार वर्ष २०८०/८१ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| प्रभाव तह | गाउँपालिकाको कृषिजन्य गतिविधिमा विस्तार र ग्रामीण आर्थिक श्रोत सक्षम भएको हुने । | | | | | | |
| असर तह | स्थानीय कृषिजन्य उत्पादनमा वृद्धि तथा वजारीकरण मार्फत उद्यमशीलता तथा रोजगारीका अवसरहरु अभिवृद्धि गर्दै गाउँपालिका आर्थिक श्रोतमा सक्षम भएको हुने । | | | | | | |
| व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषक | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| सुचारु सामुदायिक खेती तथा करार खेतीले ओगटेको भूमि | हेक्टर | | | | | कृ.पशु.शा | गा.पा. |
| अगुवा वा व्यवसायिक कृषक | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| सक्रिय व्यवसायिक कृषक समूह | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| क्रियाशिल ग्रामीण कृषि कार्यकर्ता | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| विभिन्न क्षेत्रमा तालिम प्राप्त कृषक | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| कम्पोष्ट र जैविक मल उत्पादन | मे.टन | | | | | कृ.पशु.शा | गा.पा. |
| व्यवसायिक कृषि नर्सरी | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| जडबुटी उत्पादन नर्सरी | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| व्यवसायिक कृषिवाट प्रदान भएको प्रत्यक्ष रोजगारीता | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| कृषि उपज संकलन तथा बजार प्रवर्द्धन केन्द्र | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| कृषि सहकारी संस्था | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| कृषि सहकारीमा आवद्ध कृषक | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| कोण्ड स्टोर तथा रष्टिक स्टोर क्षमता | मे.टन | | | | | कृ.पशु.शा | गा.पा. |
| अर्गानिक कृषि व्यवहार अपनाउने कृषक | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| कृषिवालीमा लाग्ने किरावाट भएको क्षति (लाखमा) | रु. | | | | | कृ.पशु.शा | गा.पा. |
| जलवायु परिवर्तन, अतिवृष्टी, अनावृष्टि वाढी पहिरोवाट कृषिवालीमा भएको क्षति (लाखमा) | रु. | | | | | कृ.पशु.शा | गा.पा. |
| कृषि विमा सेवावाट लाभान्वित कृषक | प्रतिशत | | | | | कृ.पशु.शा | गा.पा. |
| आधुनिक कृषि औजारहरु प्रयोग गर्ने कृषकहरु (आधुनिक औजारहरुः पावर टिलर, मिनि टिलर, ड्रम सिडर, रिपर, हाते ट्याक्टर, थ्रेसर, सिड ड्रिल आदि) | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |

| सूचकहरु | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण र सुपरजोन परियोजनावाट लाभान्वित किसान | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| कृषि व्यवसायमा सहुलियत ऋण, कृषि सामानमा अनुदान तथा यान्त्रिकीकरणमा पूँजीगत अनुदानवाट लाभान्वित कृषिक | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| संचालनमा रहेको कृषिवजार, हाटवजार तथा कृषि थोकवजार | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| व्यवसायिक कृषिमा संलग्न महिला उद्यमी | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| व्यवसायिक कृषिमा संलग्न युवा | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| संचालनमा रहेको कृषि ब्लक, पकेट, जोन तथा सुपरजोन | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| तरकारी व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | | | | | कृ.पशु.शा | गा.पा. |
| तरकारी उत्पादन | मे.टन | | | | | कृ.पशु.शा | गा.पा. |
| स्याउ उत्पादन | क्विन्टल | | | | | कृ.पशु.शा | गा.पा. |
| आलु खेतीवाट वार्षिक उत्पादन | क्विन्टल | | | | | कृ.पशु.शा | गा.पा. |
| धान खेतीबाट वार्षिक उत्पादन | क्विन्टल | | | | | कृ.पशु.शा | गा.पा. |
| सिमी खेतीबाट वार्षिक उत्पादन | क्विन्टल | | | | | कृ.पशु.शा | गा.पा. |
| चिनो, कागुनो, कोदो, फापर खेतीबाट वार्षिक उत्पादन | क्विन्टल | | | | | कृ.पशु.शा | गा.पा. |
| गहुँ जौ खेतीबाट वार्षिक उत्पादन | क्विन्टल | | | | | कृ.पशु.शा | गा.पा. |
| व्यवसायिक पशुपंक्षीपालनमा संलग्न घरपरिवार | संख्या | | | | | कृ.पशु.शा | गा.पा. |
| सुचारु व्यवसायिक पशुपंक्षीजन्य फर्म | संख्या | | | | | ” | गा.पा. |
| भुइघाँसको व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | | | | | ” | गा.पा. |
| सक्रिय पशुपंक्षीजन्य समूह | संख्या | | | | | ” | गा.पा. |
| व्यवस्थित चरन क्षेत्र | संख्या | | | | | ” | गा.पा. |
| नश्ल सुधार तथा प्राथमिक उपचार केन्द्र | संख्या | | | | | ” | गा.पा. |
| क्रियाशिल ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | | | | | ” | गा.पा. |
| पशुपंक्षीपालन सम्बन्धी उपलब्ध प्रविधि (खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन....) उपयोग गर्ने कृषक | प्रतिशत | | | | | ” | गा.पा. |
| सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | | | | | ” | गा.पा. |

| सूचकहरु | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | संख्या | | | | | " | गा.पा. |
| पशुपंक्षीजन्यवाट प्रदान भएको प्रत्यक्ष रोजगारीता | संख्या | | | | | " | गा.पा. |
| दुध तथा दुधजन्य उत्पादन (वार्षिक) | लिटर | | | | | " | गा.पा. |
| दुध तथा दुधजन्य उत्पादनको वार्षिक विक्री | रु. | | | | | " | गा.पा. |
| खसी वोकाको मासु वार्षिक उत्पादन | किलो | | | | | " | गा.पा. |
| रागाँको मासु वार्षिक उत्पादन | रु. | | | | | " | गा.पा. |
| कुखुराको मासु बार्षिक उत्पादन | रु. | | | | | " | गा.पा. |
| मौरीघार उत्पादन संख्या | संख्या | | | | | " | गा.पा. |
| **प्रतिफल तह कार्ययाजना** | | | | | | | |
| सिंचाईको सुबिधा उपलब्धता (सतह, पोखरी, लिफ्टिङ सिचाई) | | | | | | कृ.पशु.शा | गा.पा. |
| कृषि उत्पादन पकेट क्षेत्र निधारण र बिकास भएको हुने | | | | | | कृ.पशु.शा | गा.पा. |
| जैबिक, प्राङगारीक,कम्पोष्ट मल प्रयोगमा जोड दिएको हुने | | | | | | कृ.पशु.शा | गा.पा. |
| बेमौषमी तरकारी खेतीमा प्रोत्साहन गरि उत्पादनमा वृद्धि हुने | | | | | | कृ.पशु.शा | गा.पा. |
| मल बिउको आपूर्ति सुनिश्चित हुने | | | | | | कृ.पशु.शा | गा.पा. |
| कृषी ऐन निमार्ण र संसोधन भएको हुने | | | | | | कृ.पशु.शा | गा.पा. |
| साना किसानलाई माथी उठाउन जोड दिइएको हुने | | | | | | कृ.पशु.शा | गा.पा. |
| उत्पादीत कृषी बस्तुको बजारीकरणमा जोड दिएको हुने | | | | | | कृ.पशु.शा | गा.पा. |
| पशुपालक कृषकहरुलाई लक्षित गरि पशुपालन समुह गठन तथा सचेतना अभिवृद्धिमुलक गतिविधिहरु संचालन भएका हुने | | | | | | कृ.पशु.शा | गा.पा. |
| बजार व्यवस्थापनका लागि स्थानिय सरकारी तथा गैह्रसरकारी निकाय बिच समन्वय गरि हाट बजार हुने । | | | | | | कृ.पशु.शा | गा.पा. |
| भेडा, बाखा, गाई, भैसी पकेट क्षेत्र निर्धारण गरिएको हुने । | | | | | | कृ.पशु.शा | गा.पा. |
| उन्नतजातका पशुपालनको सम्भाव्यता अध्ययन गरि नमुना कृषि फर्म मार्फत पशुपालन कार्यको थालली भएको हुने । | | | | | | कृ.पशु.शा | गा.पा. |
| डाले घाँस संरक्षण, चरन क्षेत्रको संरक्षण तथा रोग किराहरुबारे | | | | | | कृ.पशु.शा | गा.पा. |

| सूचकहरु | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| सचेतनामुलक ज्ञान सिपको प्रबर्द्धन गरिएको हुने । | | | | | | | |

**अपेक्षित उपलब्धि**

- आवधिक योजनाको अन्त्यसम्ममा आवधिक योजनाले तोकेका सूचक तथा आयोजनाहरुको कार्यान्वयनबाट यो उपक्षेत्रसँग सम्वन्धित सरोकारवालामा गुणात्मक परिवर्तत आउनेछ ।
- असर तहका आधारमा निर्माण गरिएका रणनीति तथा आयोजनाहरुको कार्यान्वयनबाट सम्वन्धित सरोकारवालाले लाभ लिने छन ।
- असर तहका सम्पूर्ण सुचकहरुमा क्रमिक सुधार आउने छ ।

### ४.१.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकाले पाउने समानीकरणको अनुदान प्रत्येक वर्ष १० प्रतिशतले वृद्धि भइ आउनेछ ।
- संघीय सरकारले स्थानीय सरकाले संवैधानिक रुपमा पाउने समानीकरणको अनुदान आर्थिक वर्षको अन्तमा कटौती गर्नेछैन् ।
- संघीयताका मर्म बमोजिम संघ, प्रदेश र स्थानीय तहको संरचनात्मक विकास भएको हुनेछ ।
- संघ, प्रदेश र स्थानीय तहका आवश्यक कानूनहरुको निर्माण भएको हुनेछ ।
- स्थानीय सरकारले संवैधानिक रुपमा प्रदत्त अधिकारको प्रयोग गर्न पाउनेछन् ।
- स्थानीय आवश्यकताका आधारमा कानून निर्माण भएको हुनेछ ।
- सरकारी, सहकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ ।
- गाउँपालिकाले रणनीतिक कार्यक्रमको कार्यान्वयन लाभ लागत विश्लेषणका आधारमा गर्नेछ ।
- जलवायु परिवर्तन वा अन्य कुनै प्रकारले हुने प्राकृतिक विपदको अवस्था सामना गर्नु पर्ने छैन ।

## ४.२ सिंचाई सेवा

### ४.२.१ पृष्ठभूमि

आर्थिक क्षेत्र विकासको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको पुर्वाधार सिँचाइ हो । नेपाल सरकारले 'सिंचित कृषि क्षेत्रको अभिवृद्धि, संघीय नेपालको समृद्धि' भन्ने नारा तय गरको छ । त्यसैगरी कर्णाली प्रदेशले आफ्नो पञ्चवर्षीय योजनामा "दिगो सिंचाइ व्यवस्थापनबाट कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि" भन्ने सोँच तय गरेको छ । सीमित क्षेत्र र बढ्दो जनसङ्ख्याका कारण कृषि उत्पादकत्व बढाउन सिँचाइ पूर्वाधारको विकास अपरिहार्य छ । सिँचाइ पूर्वाधार निर्माणमा रणनीतिक महत्वका ठूला सिँचाइका आयोजना संघबाट, मझौला सिँचाइका आयोजना प्रदेशबाट र साना सिँचाइका आयोजना स्थानीय तहबाट लगानी परिचालन हुने व्यवस्था छ । स्थानीय तहले सिँचाइ सम्बन्धी नीति, कानून, मापदण्ड, तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन, सिँचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नतिका विविध पक्षमा काम गर्नुपर्ने हुन्छ ।

तातोपानी गाउँपालिकाम तिला नदी, भेरी खोला, गिडी खोला लगायतका जलाधारबाट सतही सिंचाइको व्यवस्थापन गरिएको छ । गाउँपालिकाले आफ्ना वार्षिक नीति, बजेट तथा कार्यक्रमहरुमा गाउपालिकाका विभिन्न गाउँ बस्तीहरुमा बिगत वर्षहरुदेखि सञ्चालन भई हाल बिबिध कारणले अवरुद्ध हुन पुगेका सिंचाइ कुलाहरुको स्तर उन्नती गरी सिंचाइ सुविधा उपलब्धताको दायारा बढाउने, सिंचाइ सुविधा नपुगका क्षेत्रहरको पहिचान गरि सिंचाइ सुविधा उपलब्ध गराउन आवश्यक पहल गर्ने, गाउँपालिका भित्रका खेतियोग्य जमिनमा कृषकहरुले सहज रुपमा सिचाई सुविधा पाउनु भन्ने हेतुले ठूला, मध्यम तथा साना सिचाई योजनाहरु निर्माण तथा मर्मत गर्ने, सुख्खा क्षेत्रमा लिफ्ट सिचाई निर्माण कार्यलाई अन्य स्थानमा पनि विस्तार गर्ने । सिचाई योजनाहरु निर्माण गर्नका लागि आवश्यक पर्ने बजेट संघ तथा प्रदेश सरकारसंग माग गर्ने जस्ता नीतिहरु लिएकोछ ।

हाल तातोपानी गाउँपालिकाका खेत, जसलाई स्थानीय भाषामा जिउलो भनिन्छ, मा सतप्रतिशत सिचाइ सुविधा रहेको छ । अधिकांस सिचाइहरु तिला नदीमा बाँध बाधी कुलोको माध्यमबाटबाट सिचाइ गर्ने गरिएको छ । हाल कुलोहरुलाई मर्मत गरी पक्की कुलो निर्माण गरिएको छ । तातोपानी गाउँपालिकाको वडा नं. १ र ६ मा लिफ्टिङ प्रविधिबाट तिला नदीको पानीलाई ताने सिचाइ गर्ने प्रयास गरिएको भए पनि सफल भएको छैन ।

आवधिक योजना तर्जुमाका क्रममा गरिएको कार्यशाला गोष्ठी र वडाभेलाहरुमा वडा अध्यक्षहरुसँगको छलफलका अनुसार गाउँपालिकाको कुल जमिन मध्ये करिव ३६.८८ प्रतिशत अर्थात १९३.८२ वर्ग कि.मी. (५८९५ हेक्टर) जमिन मात्र खेतीयोग्य रहेको छ । बाँकी भूभाग जंगल, पत्थरिलो पहाड, हिँउ, घाँसेमैदान, नदीखोलाका बगर र बस्तीले ओगटेको छ । कुल खेतीयोग्य जमिन मध्ये झण्डै ८.२१ प्रतिशत अर्थात ४८४ हेक्टर जमिन पूर्ण सिंचाइ सहितको खेत (स्थानीय भाषामा जिउलो) रहेको छ भने बाँकी भाग करिव २५ प्रतिशत सिंचाइ सुविधा सहितको पाखो बारी रहेको छ । छलफलमा वडा नं. ६ र ७ मा घट्टखोलादेखि सुर्की सम्मको कुलो, ताम्ती घट्टेखोलादेखि दारिमटावका सम्मको कुलो,

मुलदेखि वाह्रगाउसम्मको कुलो साथै वडा नं. ४ मा राजकुला, नियापानी कुलो, पोरिहाकु कुलो, पाण्डेवडा कुलो, त्यसैगरी वडा नं. २ मा लछाल जिउला र तल्ली जिउला कुला अनि वडा नं. १ मा ४ वटा कुला र वडा नं. ६ मा ३ वटा कुला रहेको बताइएको थियो । त्यसैगरी, तातोपानी गाउँपालिकाको बस्तुगत विवरणका अनुसार यस क्षेत्रमा वर्षैभरी र मौसमी गरी १० वटा सिंचाइ पूर्वाधारबाट करिब २८९ हेक्टर जमिनमा सिंचाइ सुविधा पुगेको देखिन्छ । यस्तो सुबिधाबाट ५६०५ घरपरिवार लाभान्वित रहेका छन् । आयोजनागत रुपमा रहेका सिंचाइ कुलो सुविधाहरुमा वडा नं. १ मा खाल्मी सिचाइ कुलो, वडा नं. २ र ३ मा लाछु जिउलो सिचाइ कुलो, वडा नं. ४ वरी हाँकु, पोरी हाँकु, पाण्डे साँगु र राजकुलो सिचाइ कुलो, वडा नं. ८ मा उठिल्याउ सिचाइ कुलो, वडा नं. ६ मा गडीघट्ट र कैम सिचाई कुलो र वडा नं. ८ मा घट्टेखोला सिंचाइ कुलो रहेका छन् । यि सवै सिचाइको कुल लम्बाइ ३५ किलोमिटर रहेको छ ।

### ४.२.२ समस्या तथा चुनौती

परम्परागत सिंचाई प्रणालीको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन हुन नसक्नु, मानविय अतिक्रमणका कारण त्यस्ता प्रणालीहरु मासिदै जानु, सिंचाई पूर्वाधारको निर्माणमा आवश्यक पर्ने आर्थिक श्रोतको कमी हुनु, पानीको मुहानहरु सुक्दै जानु, सतह, लिफ्टिङ तथा थोपा सिंचाईलाई प्रविधिमैत्री वनाउन नसकिनु, गाउँपालिकामा दक्ष प्राविधिकको अभाव *(गाउँपालिकामा रहेको एउटा लिफ्टिङ सिचाइ आयोजना प्राविधिक नभएको कारण मर्मत हुन नसकी बन्द रहेको),* सिचाई सुविधासहित खेती भैरहेको खेतियोग्य जमिनमा पनि मावन वस्ती विकास हुन थाल्नु, बैकल्पिक सिचाइका सम्भावनाहरुको यथेष्ट उपयोग हुन नसक्नु आदि सिंचाई क्षेत्रका प्रमुख समस्या तथा चुनौती हुन ।

### ४.२.३ सम्भावना तथा अवसर

थोपा सिचाइ, दक्ष प्राविधिक सहितको सोलार लिफ्टिङ सिचाइ जस्ता प्रविधिबाट सिंचाईको व्यवस्थापन गर्न सकिने, सघ तथा प्रदेश सरकारसँगको सहकार्यमा सिंचाइ पूर्वाधार निर्माण गर्न सकिने, सिंचाईका लागि आकासे पानीमा भर पर्नुपर्ने क्षेत्रमा सहज रुपमा प्रयोग गर्न सकिने सिंचाई प्रविधिको (रिचार्ज तथा पलाष्टिक पोखरी) विस्तार गर्न सकिने, जनसहभागिता जुटाइ सम्पन्न आयोजनाहरुलाई दिगो रुपमा सञ्चालन गर्न सक्नु, गाउँपालिकाक्षेत्र भित्रका पानीका स्रोतहरुको व्यवस्थापनका लागि गाउँपालिकाले आवश्यक पहल गर्न सक्ने आदि सम्भावना तथा अवसरहरु गाउँपालिकासँग रहेका छन ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

................भन्ने मुल नाराका साथ तातोपानी गाउँपालिकाले आगामी ५ वर्षभित्र पूरा गर्न सक्ने गरी आर्थिक विकास अन्तरर्गत सिचाई विकासको क्षेत्रमा लिएको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम यस प्रकार रहेका छन् :

**लक्ष्य :**

गाउँपालिकाको सबै क्षेत्रमा सिँचाई सुविधाको विस्तार भएसँगै कृषि उत्पादन र उत्पादकत्व वृद्धि हुनुको साथै गाउँपालिकाको प्रतिव्यक्ति आम्दानी वृद्धि गर्ने ।

**उद्देश्य :**

आधुनिक प्रविधिमार्फत पानीको स्रोतको प्रवन्ध गरी गाउँपालिकामा नयाँ सिचाइ योजनाहरुको निर्माण, भैरहेका सिचाइको मर्मत र स्तरउन्नती तथा विस्तार गरी दीर्घकालीन रूपमा सिँचाई सुविधा विस्तार गर्दै मौसमी तथा बेमौसमी कृषि खेती प्रणाली मार्फत आर्थिक उपार्जन तथा रोजगारी वृद्धि गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यक्रम | आयोजना | लागत (लाख) |
|---|---|---|---|
| सिँचाई सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन | दीर्घकालीन नीति तथा कार्यक्रम तर्जुमा तथा सञ्चालन | नीति, कानुन, मापदण्ड तर्जुमा गरी गुरुयोजना निर्माण, त्यसको कार्यान्वयन र नियमन | |
| | | उपभोक्ता समिति गठन गरी लक्षित वर्गलाई प्राथमिकता दिई उक्त समितिको आवश्यकता अनुरूप क्षमता अभिवृद्धि, | |
| सिँचाई आयोजना निर्माण, मर्मत सम्भार तथा स्तरउन्नति | भौतिक पुर्वाधार विकास कार्यक्रम | बाइरागा सोलार लिफ्टिङ सुचारु | |
| | | गिरीखोला गौतमबाडा माझकुलो सिंचाइ योजना मर्मत तथा सुधार | |
| | | पारीफाल (पारीवन) सिचाइ | |
| | | पुराना सिंचाई कुलाहरुको खोजी तथा मर्मत संभार गर्ने | |
| | | पानीको मुहान संरक्षण तथा बाँध निर्माण | |
| | | मुलदेखि वाह्रगाउसम्मको कुलो मर्मत | |
| | | उच्च स्थानमा रहेको खेतीयोग्य जमिनको लागि खहरे खोला सिचाइ व्यवस्था | |
| | | आवश्यक क्षेत्रमा सिंचाई कुलोको निर्माण गर्ने | |
| | | थोपा सिँचाई जस्ता सिँचाई प्रविधिको व्यवस्था | |
| कृषक अभिमुखीकरण तथा क्षमता विकास | कृषक अभिमुखीकरण, आधुनिक सिँचाई सामग्रीको वितरण तथा अनुदान कार्यक्रम | संघ र प्रदेश सरकारसँगको लागत सहभागिताम सिंचाई आयोजना सञ्चालन | |
| | | पानीको मुहान संरक्षण सम्बन्धी अभिमुखीकरण कार्यक्रम | |
| | | वैकल्पिक सिँचाई प्रणालीमा जोड तथा अनुदान | |
| | | आयोजना माथि स्थानीयहरूको अपनत्व सिर्जना गर्न विपन्न वर्गको लागत सहभागिता अनुदान | |

| | | | |
|---|---|---|---|
| | | विपन्न महिला, पिछडिएको वर्ग तथा दलित समुदायलाई सिंचाई सामग्री खरिदमा विशेष अनुदानको व्यवस्था | |
| **जम्मा** | | | |

### ४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचकहरु | इकाइ | आधार वर्ष २०८०/८१ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| प्रभाव तह | गाउँपालिकाको सबै क्षेत्रमा सिँचाई सुविधाको विस्तार भएसँगै कृषि उत्पादन र उत्पादकत्व वृद्धि भई गाउँपालिकाको प्रतिव्यक्ति आम्दानी वृद्धि भएको हुने | | | | | | |
| असर तह | आधुनिक प्रविधिमार्फत पानीको स्रोतको प्रवन्ध गरी पालिकामा दीर्घकालीन रूपमा सिँचाई सुविधा विस्तार गरी मौसमी तथा बेमौसमी कृषि खेती प्रणाली मार्फत आर्थिक उपार्जन तथा रोजगारी वृद्धि भएको हुने | | | | | | |
| खेतीयोग्य जमिन मध्ये सिचित भूमि | हेक्टर | | | | | गा.पा. सर्भे | गा.पा |
| वर्षाको आकाशे पानीमा निर्भर सिंचाई भूमि | हेक्टर | | | | | गा.पा. सर्भे | गा.पा |
| खोला तथा मुहानहरुबाट सिंचित भूमि | हेक्टर | | | | | गा.पा. सर्भे | गा.पा |
| प्रयोगमा आएका सिंचाई प्रविधि (सतह, पोखरी, लिफ्ट, आकासे पानी संकलन, प्लाष्टिक पोखरी) | संख्या | | | | | गा.पा. सर्भे | गा.पा |
| परम्परागत कूलो तथा पोखरीवाट भएको सिंचाई भूमि | हेक्टर | | | | | गा.पा. सर्भे | गा.पा |
| **प्रतिफल तह कार्ययोजना** | | | | | | | |
| सिंचाई सुविधा विस्तारमा साना तथा ठुला सिंचाई आयोजनाको सम्भाब्यता अध्ययन भएको हुने । | | | | | | प्रगति प्रतिवेदन | गा.पा |
| आकासेपानी संकलनको लागि समन्वय तथा व्यवस्थापन भएको हुने । | | | | | | प्रगति प्रतिवेदन | गा.पा |
| सिंचाई सुविधाको व्यवस्थापनको लागि विभिन्न निकायसंग समन्वय भएको हुने । | | | | | | प्रगति प्रतिवेदन | गा.पा |

| सूचकहरु | इकाइ | आधार वर्ष २०८०/८१ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| प्राविधक ज्ञान सिपको व्यवस्थापन भएको हुने । | | | | | | गा.पा. सर्भे | गा.पा |
| नदी, ताल, पोखरी, सिमसार क्षेत्रको संरक्षणका लागि स्थानिय सरोकारवाला निकायसंग साझेदारी भएको हुने । | | | | | | गा.पा. सर्भे | गा.पा |
| **अपेक्षित उपलब्धि** | | | | | | | |

- आवधिक योजनाको अन्त्यसम्ममा आवधिक योजनाले तोकेका सूचक तथा आयोजनाहरुको कार्यान्वयनबाट यो उपक्षेत्रसँग सम्वन्धित सरोकारवालामा गुणात्मक परिवर्तत आउनेछ ।
- सिंचित भूमिको दायरा वढ्नेछ ।
- परम्परागत कुलोहरुको स्तरोन्नती भएको हुनेछ ।
- असर तहका आधारमा निर्माण गरिएका रणनीति तथा आयोजनाहरुको कार्यान्वयनबाट सम्वन्धित सरोकारवालाले लाभ लिने छन ।
- असर तहका सम्पूर्ण सुचकहरुमा क्रमिक सुधार आउने छ ।

### ४.२.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकामा संचालनमा रहेका योजना तथा आयोजनाको कार्यान्वयनको लागि बजेटको अभाव हुने छैन,
- वर्तमान संविधान र कानूनमा योजना अवधिभरमा कुनै परिवर्तन हुने छैन,
- गाउँपालिकामा योजना अवधिमा कुनैपनि किसिमको मानविय तथा प्राकृतिक विपत्ति उत्पन्न हुने छैन,
- संघ र प्रदेश सरकारसंगको सम्मन्वयमा आयोजना तथा निर्माण कर्य सम्पन्न हुनेछन्,
- बाढि तथा भु-क्षयको कारण सिचाई आयोजनाहरुमा क्षति पुग्नु,
- पानीका मुहानहरु सुक्दै जानु,
- खेती गर्ने प्रचलनको कमी हुदै जानु तथा बसाईसराईको क्रम वढ्नु,
- सिँचाई सुविधा सम्बन्धी पूर्वाधार निर्माण गर्दा जमिनको मुआब्जा र क्षतिपूर्तिको समस्या,

## ४.३ पर्यटन, संकृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

गाउँपालिकाको सानको रुपमा रहेको र देश विदेशमा समेत प्रख्यात रहेको तातोपानीको मूल, हजारौं वर्ष पुराना देवदारका रुखहरु, पाण्डवहरुले बनवासको समयमा प्रयोग गरेका सातधारा, सिमसार विशेषता बोकेको गिडी दह, जुम्लामा मार्सीधानको शुरुवात गराउने लछ्यालकृत पैकलाको दरवार र उनैले विराएको पहिलो खेतको गह्रा (स्थानीयहरु भाषमा गुरु फोकटो), सयौं पाटनहरु तथा थरी पिच्छेका मष्टहरु, वुदवुदे शैलेश्वर मन्दिर, नदेही डाव, भुरीचुल्ला, गणेश गुफा आदि रहेकाछन् । गाउँपालिकाले पर्यटन प्रवर्धनका लागि गिडी दह, नदेहीडाव, इमिल्छागादी भुरीचुल्ला क्षेत्रहरुमा धर्मशाला निर्माण तथा गिडी दह सौन्दर्यकरणका लागि डिपिआर समेत सम्पन्न गरिसकेको छ । लछ्यालकृत पैकलनाको दरवार संरक्षणका सौ तातोपानी धारालाई व्यवस्थित गर्ने साथै स्थानीय विज्ञतामा आधारित काठका पुलहरुको संरक्षण गर्ने कार्यहरु गरिरहेको छ। तातोपानी गाउँपालिकाका यी क्षेत्रमा बार्षिक करीव १५०० आन्तरिक पर्यटकले भ्रमण गर्ने गरेका छन ।

यस गा.पा भित्र पर्यकटको आकर्षण गर्ने धेरै स्थान, सम्पदा र प्राकृतिक सम्पदाको साथै स्थानीय कला, सांस्कृति र रितिरीवाज नै यसको अर्न्तनिहीत सम्पदा हुन् ।प्राकृतिक र साँस्कृतिक जर्गेना गरी मौलीक पहिचान नै यहाँको पर्यटन प्रवर्द्धन तथा विकासको आधार हो । यसैको अन्तरसम्बन्धलेनै पर्यटक आकर्षण गर्न सकिने प्रशस्त संभावनाहरु छन् । गाउँपालिकामा देउडा संस्कृति अनुसारका गित तथा नाचहरु साथै पहिरनहरु रहेका छन् । ढाल नाच, विभिन्न मष्टहरुका झाँकी, हुड्के नाच, रत्यौली, जुम्ली ठाँडीभाका, गुरु फोकटोका रोपाइ महोत्सव, वर्षका ४ वटा पूर्णिमा र २ वटा अष्टमीमा निस्कने झाँकीहरु, चैत बाह्रवा (१२ गते) र चैत विशु (२० गते) मार्सीधानको विउ राख्ने दिन प्रमुख रुपमा तातोपानीको पहिचान बोकेका नाच, गित तथा पर्वहरु हुन् । त्यसका अतिरिक्त दशै, तिहार, तिजहरु पनि यहाका बासिन्दाले मनाउने गर्दछन् । हिमाली भेगमा रहेका समुदायले बुद्धधर्मसँग सम्बन्धित सांस्कृतिक पर्व तथा रिती रिवाजहरु पनि मनाउने गर्दछन् भने पछिल्ला वर्षहरुमा धर्म परिवर्तन गरी इशाइ धर्म मान्ने गरेका समुदायले क्रिसमस पनि मनाउने गर्दछन् ।

### ४.३.२ समस्या तथा चुनौती

पर्यटन पूर्वाधारको विकास हुन नसक्नु, पर्यटन विकास सम्बन्धी गुरूयोजना नहुनु, पर्यटकीय उपजको पहिचान एवम् बजारीकरण हुन नसक्नु, जुम्ली तथा खस संस्कृतिसँग सम्वन्धित परम्परागत कला र संस्कृतिको पूर्ण रुपमा उजागर नहुनु, ऐतिहासिक एवं धार्मिक क्षेत्रको संरक्षण एवं प्रवर्द्धन प्रभावकारी नहुनु, पर्यटकीय क्षेत्रको पहिचान एवं संभावनाका लागि कुनै योजना नहुनु, व्यवस्थित रुपमा होमस्टे लगायत पर्यटकीय सुविधाहरुको उपलब्धतामा कमी, सुरक्षित पर्यटनप्रति आश्वस्त पार्न नसक्नु, पर्यटकहरूलाई आवश्यक पर्ने व्यवस्थित होटल लगायतका सेवा सुविधा उपलब्ध नहुनु, स्थानीयस्तरमा उपलब्ध विशिष्ट कला संस्कृति र भौगोलिक अवस्थाको प्रचार प्रसार हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन् । पर्यटकीय पूर्वाधार विकास गर्नु, पर्यटकीय गन्तव्य र उपजको बजारीकरण गर्नु,

आधारभूत पर्यटकीय सुविधाहरूको व्यवस्था गर्नु, निजी क्षेत्रलाई पर्यटन व्यवसायतर्फ आकर्षित गर्नु, यस क्षेत्रका प्रमुख चुनौतीको रूपमा रहेका छन् ।

### ४.३.३ सम्भावना तथा अवसर

यातायात, होटल लगायतका पर्यटकीय पूर्वाधारको क्रमिकरुपमा विकास हुदै जानु, उच्च पहाडी क्षेत्रको प्राकृतिक तथा पर्यावरणीय स्रोत साधनको उच्चतम उपयोग गर्ने अवसर हुनु, राराताल लगायतका प्रमुख पर्यकीय क्षेत्रको सहज पहूँच प्राप्त हुनु, वडा नं. २ मा रहेको तातोपानी धारा र गुरु फोकटो, वडा नं. ३ मा रहेको लछ्यालकृत पैकलाको दरवार, वडा नं. ४ मा रहेको गिडी दह, वडा नं. ७ र ८ मा रहेका उच्च पहाडी पाटनहरुमा पर्यटकीय लगानी केन्द्रित गरी गाउँपालिकाको आन्तरीक स्रोत अभिबृद्धि गर्न सकिने, पुराना काठेपुल, दरवार, मष्ट, चुलीहरुको संरक्षण र सम्वर्द्धन गरी पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न सकिने, खस जुम्ली संस्कृतिको संवर्धन गर्दै होमस्टेहरु सञ्चालन गर्न सकिने सम्भावना रहेको छ ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

.........भन्ने मुल नाराका साथ तातोपानी गाउँपालिकाले आगामी ५ वर्षभित्र पूरा गर्न सक्ने गरी आर्थिक विकास अन्तरर्गत पर्यटन, संस्कृति तथा सम्पदा विकासको क्षेत्रमा लिएको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम यस प्रकार रहेका छन् :

**लक्ष्य :**

स्थानीय पहिचानमा आधारित संस्कृति, बाजागाजा, भेषभुषा तथा पर्यटकीय स्थलको उचित संरक्षण र प्रबर्द्धन गरी गाउँपालिकालाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने ।

**उद्देश्य :**

स्थानीय लोक संस्कृति, प्राकृतिक, धार्मिक र ऐतिहासिक सम्पदाहरूको संरक्षण, सम्बर्द्धन गर्दै आन्तरिक र बाह्य पर्यटनको माध्यमबाट गाउँपालिकाको दिगो आर्थिक वृद्धि हासिल गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यक्रम | आयोजना | लागत (लाख) |
|---|---|---|---|
| नीति तथा रणनीति निर्माण | पर्यटन तथा सांस्कृतिक सम्पदा संरक्षण कार्यक्रम | दीर्घकालीन योजना, नीति तथा रणनीति निर्माण | |
| | | पयर्टन विकास, प्रवर्द्धनका लागि कानुन, मापदण्ड बनाइ त्यसको अनुगमन र नियमन गर्ने | |
| पर्यटकीय पूर्वाधारको आधार तयार | साँस्कृतिक तथा प्राकृतिक पर्यटन प्रवर्द्धन कार्यक्रम | गिडी दह, नदै डाव, भुरिचुल्ला माई पाटनमा पदमार्ग, शौन्दर्यकरण, होमस्टे वा समुदाय केन्द्रित धर्मशाला निर्माण | |
| | | लछ्यालकृती पैकला राजाको जिवनीमा आधारित भिडियो | |

| | | | |
|---|---|---|---|
| पार्ने | | डकुमेन्ट्री तथा पुस्तक प्रकाशन | |
| | | तातोपानी धारा शौन्दर्यकरण तथा व्यवस्थापन | |
| | | परम्परागत पञ्चेबाजा, ढाल नाच, मागल, देउडा, चुट्किलाहरुको संरक्षण | |
| | | तातोपानी धारा, सवैभन्दा ठूलो ताल गिडीदह, भण्डारवन बुदबुदी धाम, लछ्यालकृति पैकेलो दरबार, विभिन्न मष्टो देवहरु, गुरुफोक्टो, नदै डाव, भुरिचुला माई पाटनमा रहेका दर्जनौ तालहरु, बानियादियार र पानसय पाटन जस्ता पर्यटकिय स्थलहरुको प्रचारप्रसार | |
| | | स्थानीय कला संस्कृति झल्कने पालिका स्तरिय एउटा संङ्गालयको स्थापना | |
| | | ऱ्याफ्टिङ्ग संचानलका लागि सम्भाव्यता अध्ययन | |
| आन्तरिक तथा वाह्य पर्यटनको आकर्षण अभिबृद्धि गर्ने | पर्यटन सम्वन्धी आधारभूत ज्ञान अभिबृद्धि | टुर गाइड तालिम | |
| | | कुक तथा वेटर तालिम, | |
| | | होटलको न्युनतम गुणस्तरीयता निर्धारण, | |
| | | होटल व्यवस्थापन तालिम, | |
| | बार्षिक अन्तरपालिका, जिल्ला प्रतियोगिताहरूको आयोजना तथा बाह्य पर्यटन प्रवर्द्धन कार्यक्रम | खेलकुद पर्यटन विकास गर्ने | |
| | | कृषि पर्यटन प्रवर्धनका लागि संभाव्यता अध्ययन | |
| | | साँस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रम, | |
| | | आन्तरिक एवं बाह्य पर्यटक वृद्धिका लागि पर्यटन महोत्सव नियमित रूपमा आयोजना, | |
| **जम्मा** | | | |

### ४.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचकहरु | इकाइ | आधार वर्ष २०८०/८१ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| प्रभाव तह | स्थानिय संस्कृति, सम्पदाको संरक्षण तथा रैथाने खानाको प्रवर्धद्वारा स्थानिय स्तरको परिचय तथा सुमदायको जिवनस्तरमा सुधार भएको हुने । | | | | | | |
| असर तह | ऐतिहासिक क्षेत्रहरुको पहिचान तथा अभिलेखिकरण गर्दै धार्मिक, प्राकृतिक, सामाजिक श्रोतहरुको संरक्षणमा सांस्कृतिक परम्पराहरुको जगेर्ना तथा रैथाने खानाका होम स्टे संचालन तथा आन्तरिक पर्यटन प्रवर्द्धन मार्फत स्थानीय समुदायको आय आर्जनमा वृद्धि भएको | | | | | | |
| व्यवस्थित, सुविधायुक्त, आकर्षक, सुरक्षित, मनोरम पर्यटकीय गन्तव्य | संख्या | | | | | प्रगती प्र. | गा.पा. |
| सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल (सुरक्षा, होटेल, यातायात) | संख्या | | | | | प्रगती प्र. | गा.पा. |
| उपलब्ध पर्यटकीय सेवा र सुविधाको प्रकार (पर्यटकीय क्षेत्र, सूचना केन्द्र, गाइड, सुरक्षा, होमस्टे, होटेल रेष्टुरेण्ट, यातायात, कोशेलीघर आदि) | संख्या | | | | | प्रगती प्र. | गा.पा. |
| कृषि पर्यटन संचालन स्थान | संख्या | | | | | प्रगती प्र. | गा.पा. |
| धार्मिक पर्यटन संचालन स्थान | संख्या | | | | | प्रगती प्र. | गा.पा. |
| व्यवस्थित वनभोज तथा पार्क | संख्या | | | | | प्रगती प्र. | गा.पा. |
| सालभरी भ्रमण गर्ने आन्तरिक पर्यटकको संख्या | संख्या | | | | | प्रगती प्र. | गा.पा. |
| **प्रतिफल तहको कार्ययोजना** | | | | | | | |
| ऐतिहासिक क्षेत्रहरुको पहिचान तथा अभिलेखिकरण गरेको हुने । | | | | | | प्रगती प्र. | गा.पा. |
| धार्मिक, प्राकृतिक, सामाजिक श्रोतहरुको संरक्षणको शुरुवात भएको हुने । | | | | | | प्रगती प्र. | गा.पा. |

| सूचकहरु | इकाइ | आधार वर्ष २०८०/८१ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| होम स्टे संचालनका लागि स्थानको पहिचान तथा प्रर्वद्धन भएको हुने । | | | | | | प्रगती प्र. | गा.पा. |
| गिडी दह, नदै डाव जस्ता सिमसार क्षेत्रको संरक्षण गर्दै आन्तरीक पर्यटनको आगमनमा बृद्धि भएको हुने । | | | | | | प्रगती प्र. | गा.पा. |
| मेला, उत्सव, सांस्कृतिक कार्यक्रमहरु संचालनमा वाताबरण सहज भएको हुने । | | | | | | प्रगती प्र. | गा.पा. |
| लछ्यालकृती पैकला दरवार, तातोपानी धारा, गिडीदह, नदै डाव, पानसय पाटन लगायतका प्राकृतिक तथा सास्कृतीक महत्वका क्षेत्रको संरक्षण एंव प्रचार प्रसार गाउँपालिका तथा सामाजिक सञ्जालमार्फत भएको हुने । | | | | | | प्रगती प्र. | गा.पा. |

**अपेक्षित उपलब्धि**

- आवधिक योजनाको अन्त्यसम्ममा आवधिक योजनाले तोकेका सुचक तथा आयोजनाहरुको कार्यान्वयनबाट यो उपक्षेत्रसँग सम्वन्धित सरोकारवालामा गुणात्मक परिवर्तत आउनेछ ।
- पर्यटकीय सम्पदाको संवर्द्धन भएको हुनेछ
- पर्यटन क्षेत्रबाट क्रमिक रुपमा आन्तरिक राजश्व प्राप्त हुनेछ
- असर तहका आधारमा निर्माण गरिएका रणनीति तथा आयोजनाहरुको कार्यान्वयनबाट सम्वन्धित सरोकारवालाले लाभ लिने छन ।
- असर तहका सम्पूर्ण सुचकहरुमा क्रमिक सुधार आउने छ ।

### ४.३.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकामा संचालनमा रहेका योजना तथा आयोजनाको कार्यान्वयनको लागि बजेटको अभाव हुने छैन,
- गाउँपालिकामा योजना अवधिमा कुनैपनि किसिमको मानविय तथा प्राकृतिक विपत्ति उत्पन्न हुने छैन,
- संघ र प्रदेश सरकार संगको सम्मन्वयमा आयोजना तथा निर्माण कार्य सम्पन्न हुनेछन्,

- पर्यटकीय क्षेत्र गुरु योजना बनाई कार्यान्वयनमा ल्याउनु,
- पर्यटक सुरक्षाको कमी, स्तरीय होटल र सार्वजनिक शौचालयको निर्माण हुन नसक्नु,
- पर्यटन सम्बन्धी दक्ष जनशक्तिको तथा पूर्वाधारको व्यवस्थापन गर्नु,
- योजना अवधिमा वर्तमान संविधान र कानूनमा कुनै परिवर्तन हुने छैन,

## ४.४ उद्योग, व्यापार र आपुर्ति

### ४.४.१ पृष्ठभूमि

उद्योग, व्यापार र व्यवसाय आय आर्जनको अभिबृद्धि, रोजगार तथा खाद्य सुरक्षा प्रवर्द्धनको उपयुक्त माध्यम हो । औद्योगिक लगानीले उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, स्थानीय स्रोतसाधन र प्रविधिको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा योगदान गर्दछ । तातोपानी गाउँपालिकामा दर्ता भएका व्यवसायको कुल संख्या ३०० रहेको छ भने करको दायरामा आएका व्यवसाय २०० को हाराहारीमा रहेको छ । त्यसै गरी लगभग २५०० जनसंख्या प्यानमा दर्ता भएका छन् । त्यसैगरी करीव २० प्रतिशत घरधुरी व्यवसायिक गतिविधिमा संलग्न भएको छन । यहाँ सञ्चालित उद्योग व्यवसायको विकास र विस्तारबाट गाउँपालिकाले आर्थिक समृद्धिको मार्ग कोर्न सक्ने देखिन्छ । उद्योग, व्यापार तथा व्यवसायिक क्षेत्र गाउँपालिकाको आन्तरिक श्रोतको प्रमुख माध्यम पनि हो । देशका प्रमुख ८ नव निर्मित नमुना औद्योगिक ग्रामहरु मध्येको रातेखोला औद्योगिक ग्राम निर्माणका कार्य यसै गाउँपालिकाको वडा न. ४ मा पर्दछ । त्यसैगरी उद्योग, व्यापार, व्यवसाय र आपुर्तिलाई व्यवस्थित वनाउन गाउँपालिकाले बजार अनुगमन निर्देशिका, २०७४, र व्यवसाय कर सम्वन्धि कार्यविधि २०७९ जारी गरी आवश्यक नीतिगत व्यवस्था गरेको छ । (हाल छैन भने यि नीति आवश्यक रहको)

तातोपानी गाउँपालिकामा विशेष गरी स्थानीय स्रोत साधनमा आधारित कृषि तथा पशुजन्य उपज र जडिबुटीको उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योगको संभावना रहेको छ । तातोपानी गाँउपालिका क्षेत्रमा न्युन संख्यामा रहेका उद्योग तथा रोजगारीका अन्य अवसरहरुलाई व्यापक खोजी गरी सम्भावना रहेका काष्ठ उद्योग, पशुपालन उद्योग, पर्यटन उद्योग, राडी पाखी उद्योग लगायत अन्य घरेलु तथा साना उद्योगहरुको प्रोत्साहन तथा विकास गर्ने नीति लिएको छ । त्यसैगरी, गाँउबस्तीमा रहेका लघु उद्यमीहरुको पहिचान गरी नँया लघु उद्यमीहरु निर्माण गर्न बिभिन्न किसिमका व्यवसायिक तालिम दिने, यस क्षेत्रमा सम्भावनाको रुपमा रहेको स्याउ प्रशोधन उधोग, निगालाको सामाग्री उत्पादन उधोग स्थापनामा जोडदिने, उद्योगीहरुको प्रोत्साहनका लागी प्रत्येक बर्ष औद्योगिक प्रदर्शनी तथा औद्योगिक मेला जस्ता कार्यक्रम लागू गर्ने नीति लिएको छ । अर्को तर्फ विगतका वर्ष देखि सञ्चालनमा रहेको गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (शसर्त अनुदान अन्तर्गत) का लागि गाउँपालिकाले पनि वजेट विनियोजन गरेको अवस्था छ ।

त्यसैगरी वडा नं. ४ को सिद्धी विनायक सामुदायिक बनले जडिबुटी उत्पादन गर्ने गर्दछ । वडा नं. ७ का २० घर र वडा नं. ८ का १० घरहरुले समेत चिराइतो, चुक, अत्तिस, सेतोचिनी, गुनाइनो, घोडामर्चा, चियापत्ती, पदमचाल, गन्नाइनो र वायोजडी जस्ता जडिबुटीहरु उत्पादन तथा विक्री गर्ने गर्दछन् । भेडाबाखा पालन गर्ने घरधुरीहरुले राडीपाखी बुनेर विक्री वितरण गर्ने गर्दछन् भने डोको नाम्लो बुन्ने सिप भएका मानिसहरु प्रत्येक वडामा रहेका छन् । यस गाउँपालिकाको मुख्य बजार केन्द्र भनेको लिताकोट, तातोपानी, ऐरेनी, नाग्मा र जुम्ला जिल्लाको सदरमुकाम रहेको खलंगा बजारहरु हुन् । स्याउ, सिमी, ओखर, जडिबुटी, कागुनो चिनो, कोदोहरु भने प्रदेश राजधानी सुर्खेत तथा नेपालगंज हुदै

देशै भर व्यापारिहरुले लैजाने गर्दछन् । सुर्खेत, नेपालगंज र काठमाण्डौमा जुम्लाका उत्पादनहरु बेच्ने पसलहरु समेत रहेका छन् ।

### ४.४.२ समस्या तथा चुनौती

उद्योग तथा व्यवसाय सञ्चालन गर्न नागरिकमा जागरुकता नहुनु, वैदेशिक रोजगारीप्रतिको आकर्षणले औद्योगिक र व्यावसायिक गतिविधि न्यून हुनु, औद्योगिक पूर्वाधारको अभाव हुनु, उद्योग खोल्न आवश्यक पूँजी र प्रविधिको अभाव हुनु, स्थानीय उत्पादनको लागत महँगो पर्नु, विप्रेषणलाई औद्योगिक लगानीमा परिचालन गर्न नसकिनु, व्यापार र व्यवसाय सञ्चालनमा नविनतम सोच नहुनु, सेवामूलक व्यवसाय प्रतिको वुझाइमा कमी हुनु यस क्षेत्रका प्रमुख समस्याको रूपमा रहेका छन् । समय समयमा खोलिएका जडिबुटी प्रशोधन, धागो बुन्ने, शित भण्डार, कपडा उद्योगहरु हाल सञ्चालनमा नरहेका ।

उद्योग तथा व्यवसाय अभिबृद्धिमा व्यावसायिक सोच, बजार, नीति र बजेटको कमी हुनु, तुलनात्मक रूपमा उच्च उत्पादन लागत हुनु, पर्याप्त लगानी जुटाउनु, उचित बजार व्यवस्थापन गर्नु दक्ष प्राविधिक, ज्ञान र सीप व्यवस्थापन गर्नु, औद्योगिक उत्पादनको बजार व्यवस्थापन गर्नु, नागरिकमा उद्यमशीलताको विकास गर्नु, औद्योगिक ग्रामलाई सञ्चालनमा ल्याउनु, स्थानीय उत्पादनलाई मूल्यश्रृङ्खलामा आबद्ध गर्नु, उद्यमशील युवाहरूलाई सीप र पुंजी उपलब्ध गराउनु, सेवामूलक व्यवसायको महत्व बुझाई सोको विकास र विस्तार गर्नु, विप्रेषण आयलाई औद्योगिक क्षेत्रमा परिचालन गर्नु व्यापार, व्यवसाय, उद्योग तथा अपूर्ति क्षेत्रका मूलभूत चुनौती हुन ।

### ४.४.३ सम्भावना तथा अवसर

स्थानीयस्तरमा उपलब्ध कच्चापदार्थमा आधारित घरेलु र लघु तथा साना उद्योगहरूको स्थापना गर्न सकिनु,  उद्योग सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधारहरूको व्यवस्थापन गर्न सकिनु, देशमै परिचित जुम्लाको स्याउ, मार्सी चामल, सिमी लगायतका उत्पादन तथा प्रशोधनमा आधारित उद्योग तथा ट्रेडिङ कम्पनी खोल्न सक्ने सम्भावना रहेको, यहाका प्रकृतिक मनोरमता, रैथाने उत्पादन, जुम्ली संस्कृति, ऐतिहासिक स्थलहरुमा आधारित पर्यटन मैत्री होटेल उद्योग खोल्न सक्ने सम्भावना रहेको, गाउँपालिकामा कार्यरत वैंक तथा वित्तिय संस्थाहरुको लगानीलाई औद्योगिक प्रवर्द्धनमा केन्द्रित गर्न सकिने, समुदायमा औद्योगिक जनचेतना वृद्धि गर्न आवश्यक कार्यक्रम गर्न सकिनु, सहकारी तथा निजी क्षेत्रलाई औद्योगिक विकासमा आकर्षित गर्न सकिनु जस्ता सम्भावना तथा अवसर यस गाउँपालिकामा रहेका छन् ।

नेपाल सरकारको एक स्थानीय तह एक औद्योगिक ग्रामको नीति अनुसार रातेखोला नमुना उद्योगक ग्रामको परियोजना हुनु, नेपाल सरकारको विभिन्न उद्योग स्थापनका कार्यक्रम तथा सिप विकासका कार्यक्रम सञ्चालन हुनु, कृषि, पशुपालन, फलफूल जन्य वस्तुको उत्पादन तथा प्रशोधनको सम्भावना हुनु, उत्पादित वस्तुहरूका लागि बजारीकरण, राष्ट्रिय विद्युत् प्रसारण लाइनमा जोडिनु, विदेशबाट सीप

र ज्ञान हासिल गरेका युवा जनशक्ति उपलब्ध रहनु, साना तथा लघु उद्योग व्यवसायमा सहुलियत पूर्ण कर्जा उपलब्ध गराउने सरकारको नीति रहनु आदि यस क्षेत्रको विकासका अवसरहरू हुन् ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

........ भन्ने मुल नाराका साथ तातोपानी गाउँपालिकाले आगामी ५ वर्षभित्र पूरा गर्न सक्ने गरी आर्थिक विकास अन्तरर्गत उद्योग, व्यापार तथा आपूर्ति विकासको क्षेत्रमा लिएको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम यस प्रकार रहेका छन् :

**लक्ष्य :**

स्थानीय स्रोत र कच्चा पदार्थमा आधारित उद्योगको स्थापनाबाट स्थानीय रोजगारीको वृद्धिसँगै जीवनयापनको दरिलो आधार सिर्जना गर्नु ।

**उद्देश्य :** औपचारिक तथा अनौपचारिक  रूपमा सञ्चालित उद्योग तथा व्यवसायलाई सार्वजनिक, सहकारी तथा निजी क्षेत्रको सहकार्यमा विस्तार गरी रोजगारीका अवसर सिर्जना गर्नु,

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यक्रम | आयोजना | लागत |
|---|---|---|---|
| उद्योग तथा व्यापार व्यवसायको नीतिगत तथा संरचनात्मक सुदृढीकरण गर्ने | उद्योग तथा व्यवसाय व्यवस्थापन कार्यक्रम | उद्योग तथा व्यवसाय लक्षित नीति तर्जुमा | |
| | | उद्योग तथा व्यापार व्यवसायको अध्ययन, नियमन तथा निरीक्षण गर्ने संयन्त्रको विकास | |
| | | जिल्ला उद्योग बाणिज्य संघ र गाउँपालिकाको सहकार्यमा साना तथा मझौला उद्योगको स्थापना | |
| | | उद्योग तथा व्यापार व्यवसायको तथ्याङ्क, सृजित रोजगारी तथा बार्षिक आर्थिक कारोवार अद्यावधिक गर्ने संयन्त्रको विकास | |
| स्थानीय पहिचानमा आधारित उद्योग विस्तारमा जोड दिने | स्थानीय कच्चा पदार्थ आधारित औद्योगिक क्षेत्र प्रवर्द्धन कार्यक्रम | औद्योगिक प्रवर्धनमा आवश्यक पर्ने पूर्वाधारको विकास गर्ने | |
| | | वडा नं. ४ को रातेखोलामा निर्माणाधिन औद्योगिक ग्राम निर्माणमा तिव्रता | |
| लक्षित समुदायको आर्थिक क्षमता अभिबृद्धि गर्ने | लक्षित समुदाय उद्यम विकास कार्यक्रम | उद्यम सिर्जना, व्यवसायिक विकास सम्बन्धी तालिम | |
| | | सिपमूलक व्यवसायिक तालिम | |
| | | जडिवुटीमा आधारित उद्योग व्यवसाय | |
| | | स्याउ प्रशोधन तथा प्याकेजिङ व्यवसाय | |
| | | भेडा च्यांग्राको मासु प्रशोधन, ब्राण्डिङ, प्याकेजिङ र मार्केटिङ व्यावसाय | |
| | | स्थानीय हस्तकलामा आधारित उद्योग व्यवसायको विकास | |
| | | विद्यार्थीलाई औद्योगिक उत्पादन सम्वन्धि शिप विकास तालिम | |
| | | महिलाद्वारा संचालित उद्योग व्यवसायको प्रवर्द्धन | |
| | | शिप विकास तालिम, औजार उपकरण र वजारीकरणमा अनुदान | |
| | | उद्योग र कृषि जन्य उद्यमका लागि जग्गाको उपलब्धता | |
| | समूदायको सांस्कृतिक सम्पत्तिको व्यवसायीकरण कार्यक्रम | राडीपाखी उत्पादन | |
| | | रैथाने उत्पादनको ब्राण्डिङ | |
| | | वाजागाजा तथा पहिरण संरक्षण | |
| | | विपन्न समुदायको शिप तथा ज्ञान सर्वेक्षण | |
| | | आरन व्यवसायको आधुनिकीकरण | |

| जम्मा (लाखमा) | | | |
|---|---|---|---|

### ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा सूचक

| सूचकहरु | इकाइ | आधार वर्ष २०८०/८१ | आर्थिक वर्ष : लक्ष्य परिमाण २०८१/८२ | २०८३/८४ | २०८५/८६ | पुष्ट्याईको आधार | जिम्मेवार |
|---|---|---|---|---|---|---|---|
| प्रभाव तह | स्थानिय उत्पादनमा वृद्धि भई आय आर्जनमा सुधार भएको हुने । | | | | | | |
| असर तह | स्थानिय ज्ञान, सिप, शैली तथा प्रविधिको उच्चतम प्रयोगद्धारा साना तथा घरेलु उद्योग स्थापना मार्फत स्थानिय स्तरमा रोजगारी वृद्धि भएको हुने । | | | | | | |
| स्थानीय सीप शैली, प्रविधिमा आधारित उद्योग व्यवसाय | संख्या | | | | | मेड्पा सर्वे | गा.पा. |
| उद्यम सिर्जना, व्यवसायिक विकास सम्बन्धी तालिम प्राप्त उद्यमीहरु | संख्या | | | | | मेड्पा सर्वे | गा.पा. |
| महिलाद्वारा संचालित उद्योग व्यवसायहरु | संख्या | | | | | मेड्पा सर्वे | गा.पा. |
| **प्रतिफल तहको कार्ययोजना** | | | | | | | |
| उद्योग तथा व्यापार व्यवसायको संचालन एंव नियमनका लागि नितिगत व्यवस्था एवं सुधार भएको हुने । | | | | | | मेड्पा सर्वे | गा.पा. |
| वैदेशिक रोजारीबाट फर्केका युवाहरुलार्य लक्षित गरि उनिहरुको सिप र अनुभवमा आधारित पेशा व्यवसायको प्रवर्द्धन गर्ने । | | | | | | मेड्पा सर्वे | गा.पा. |
| स्थानीय उत्पादनमा आधारीत उद्योगहरुको स्थापनादरमा बृद्ध भएको हुने | | | | | | मेड्पा सर्वे | गा.पा. |
| स्थानिय सामाग्रीहरुमा आधारित व्यवसायहरुको छनौट तथा प्रवर्द्धन गरिएको हुने । | | | | | | मेड्पा सर्वे | गा.पा. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बजार व्यवस्थापनका लागि सहज गएको हुने । | | | | | | मेड्पा सर्वे | गा.पा. |
| औधोगिक ग्राम निर्माण पश्चात निर्वाध संचालन भएको हुने । | | | | | | मेड्पा सर्वे | गा.पा. |

**अपेक्षित उपलब्धि**

- आवधिक योजनाको अन्त्यसम्ममा आवधिक योजनाले तोकेका सुचक तथा आयोजनाहरुको कार्यान्वयनबाट यो उपक्षेत्रसँग सम्वन्धित सरोकारवालामा गुणात्मक परिवर्तत आउनेछ ।
- असर तहका आधारमा निर्माण गरिएका रणनीति तथा आयोजनाहरुको कार्यान्वयनबाट सम्वन्धित सरोकारवालाले लाभ लिने छन ।
- स्थानीय स्तरमा उद्योगहरुको स्थापना वढ्ने छ ।
- उद्योग तथा व्यापार व्यवसाय वाट प्राप्त हुने रोजगारी वढ्ने छ ।
- उद्योग, व्यापार व्यवसायहरु दायरामा आई गाउँपालिकाको आन्तरिक आयमा बृद्धि हुने छ
- असर तहका सम्पूर्ण सुचकहरुमा क्रमिक सुधार आउने छ ।

### ४.४.६ अनुमान तथा जोखिम पक्ष

- संघीयताका मर्म बमोजिम संघ, प्रदेश र स्थानीय तहको संरचनात्मक विकास भएको हुनेछ ।
- संघ, प्रदेश र स्थानीय तहका आवश्यक कानुनहरुको निर्माण भएको हुनेछ ।
- स्थानीय सरकारले संवैधानिक रुपमा प्रदत्त अधिकारको प्रयोग गर्न पाउनेछन ।
- स्थानीय आवश्यकताका आधारमा कानून निर्माण भएको हुनेछ ।
- सरकारी, सहकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ ।
- पालिकाले रणनीतिक कार्यक्रमको कार्यान्वयन लाभ लागत विश्लेषणका आधारमा गर्नेछ ।
- औद्योगिक दक्ष जनशक्ति, कच्चा पदार्थ तथा लगानीको स्रोतको वृद्धि हुन नसक्नु
- बजारीकरणको समस्या हुनु,
- उचित अनुदान कार्यक्रमहरू र सहुलियत ऋणको सर्वसुलभ व्यवस्था हुन नसक्नु,
- अन्तरपालिका व्यापार संजाल विस्तार गराउन नसकिनु,

- अनियन्त्रित आयातले स्थानीय उद्योग संचालन जोखिमपुर्ण बन्दै जानु,
- जलवायु परिवर्तन वा अन्य कुनै प्रकारले हुने प्राकृतिक विपदको अवस्था सामना गर्नु पर्ने छैन ।

## ४.५ श्रम, रोजगारी तथा सामाजिक सुरक्षा सुरक्षा

### ४.५.१ पृष्ठभूमि

तातोपानी गाउँपालिकाबाट पनि धेरै युवा जनशक्ति खाडी मुलुक, युरोप, अमेरिका,जापान,कोरियाका साथै छिमेकी मुलुक भारत जाने गरेका छन् । राष्ट्रिय जनगणना २०७८ का अनुसार तातोपानी गाउँपालिकाको ६५.३ प्रतिशत जनसंख्या आर्थिक रुपमा सक्रिय रहेको भए पनि स्थानीय स्तरमा प्राप्त रोजगारीका अवसरहरुसँग युवाको आकर्षण कम हुदा विदेशिने क्रम वढेको छ । यस गाउँपालिकाका बासिन्दाहरुको प्रमुख पेशा कृषि रहेको भएतापनि रोजगारीको लागि परिवारै भारत जाने, मौसमी रुपमा भारतमा मजदुरी गर्न जाने र खाडी मुलकमा जानेको संख्या उल्लेखनीय रहको छ । प्रत्येक वडाबाट कम्तिमा २० घर परिवारका श्रीमान् श्रीमति र केटाकटीहरु समेत भारतमै रहने गरेका छन् भने मौसमी मजदुरीको रुपमा प्रत्येक वडाबाट वर्षेनी सयौं जना भारत जाने गर्दछन् । प्रत्येक वडामा भारत बाहेकका तेस्रो मुलुकमा रोजगारीका रुपमा जानेको संख्या पनि सरदर २० जना रहेको छ । गाउँपालिकाका व्यक्तिहरूले अपनाउँदै आएको पेशाहरूमा मुख्य पेशाको रुपमा कृषि, पशुपालन तथा फलफूल खेती गर्दै आएको देखिन्छ । कृषिमा निर्भरता बाहेक यस तातोपानी गाउँपालिकामा अन्य रोजगारीका अवसर प्रायः न्युन छन् । खाद्य सुरक्षाको तर्फबाट विश्लेषण गर्दा आफ्नो खेतबारीको कृषि उत्पादनबाट वर्ष भरि खान पुग्ने घरधुरीमात्र ३० प्रतिशत रहेका छन् भने बाँकी विभिन्न आम्दानीको स्रोतमार्फ जिविकोपार्जन गरेको पाईन्छ । त्यसो त प्रत्येक वडामा सिकर्मी डकर्मी सिप भएमा कम्तिमा सय जना जनशक्ती रहेका छन् भने मोटरसाइकल बनाउने, विद्युतीय वाएरिङको सिप भएका, होटेल व्यवस्थापन सिप, पलम्बिङको सिप भएका युवाहरु समेत रहेका छन् । यस गाउँपालिकामा बेरोजगारी दर ३०.२ प्रतिशत छ । औषत ८० प्रतिशत घरधुरी परम्परागत तथा आधुनिक कृषि पेशा अवलम्वन गरेको पाईन्छ भने बाँकी जग्गा कृषि प्रयोजनको लागि उपभोग भएको अवस्था छ ।

सामाजिक सुरक्षा तर्फ गाउँपालिकाले जेष्ठ नागरिक (.... जना):,जेष्ठ दलित (.... जना), एकल महिला (... जना), लोपोन्मुख (... जना), पूर्ण अपाङ्ग (... जना), आशिंक अपाङ्गः (... जना), र दलित बालबालिका (.... जना) लाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ ।

### ४.५.२ समस्या तथा चुनौती

रोजगार तथा बेरोजगार श्रम शक्तिको अभिलेख नहुनु, पूर्ण बेरोजगार र अर्धबेरोजगारको सङ्ख्या उल्लेख्य नहुनु, युवा वैदेशिक रोजगारीमा आकर्षित हुनु, नागरिकहरूमा सीपको अभाव हुनु, रणनैतिक हिसाबबाट रोजगारी सिर्जनामा ध्यान नपुग्नु, उत्पादनशील रोजगारीका अवसरहरु सिमित हुनु, श्रम बजारका आवश्यकता र उपलब्ध सिपहरुबीच तालमेल नहुनु, उद्यमशिलताका लागि उत्प्रेरक वातावरण बन्न नसक्नु, उत्पादन केन्द्रित योजनाहरु बन्न नसक्न, विप्रेषण आयको अधिकांश रकम दैनिक उपभोगमा खर्च हुनु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

नागरिकहरूलाई सिपपमूलक तालिम मार्फत दक्ष बनाई रोजगारीको अवसर उपलब्ध गराउनु, वैदेशिक रोजगारीको लाभलाई अधिकतम बनाउनु, विप्रेषणबाट प्राप्त आयलाई उत्पादनमूलक क्षेत्रमा लगानी

गराउनु, आप्रवासनका कारण समाजमा देखिने सामाजिक विकृतिको असर न्यून गर्नु, वैदेशिक रोजगारबाट फर्केका युवाको सीपलाई उद्यमशीलतामा रूपान्तरण गर्नु, गाउँपालिकामा रोजगारी र सीपको तथ्याङ्क प्रभावकारी रूपमा व्यवस्थापन गरी नागरिकहरूका लागि उपयोगी बनाउनु यस क्षेत्रका प्रमुख चुनौती हुन् । सामाजिक रूपमा पछाडि परेका वर्गको सुरक्षा र सेवा प्रवाह पनि चुनौतीको रूपमा रहेको छ ।

### ४.५.३ अवसर तथा सम्भावना

नेपाल सरकारले स्थानीय सरकारका मार्फत प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्नु, रोजगार र उद्यमशीलता प्रवर्धन कार्यक्रम सरकारको प्राथमिकतामा पर्नु, वैदेशिक रोजगारीबाट फर्किएका नागरिकमा सिकेको सिप र अनुभव प्रयोग गर्ने अवस्था रहनु, प्रविधिको विकासले स्थानीय उत्पादनको बजारीकरणमा सहज हुनु, स्थानीय स्तरमा भएका उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्न सकिनु, सीप र योजनामा आधारित ऋण प्रवाहको अवसर हुनु आदि यस क्षेत्रका अवसरहरू हुन् ।

स्थानीय तहमा दक्ष जनशक्ति तथा युवामा उद्यमशीलताको विकास गर्न सकिनु, बजार मागमा आधारित जीवनपयोगी व्यावसायिक सीपहरूको विकास गरी युवाहरूलाई कृषि, गैरकृषि तथा सेवा प्रवाह क्षेत्रमा आकर्षित गर्न सकिनु, वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण, सीप तथा अनुभवलाई आफ्नो थातथलोमा प्रयोग गर्न सकिनु  आदि यस क्षेत्रका अवसर हुन ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

.............भन्ने मुल नाराका साथ तातोपानी गाउँपालिकाले आगामी ५ वर्षभित्र पूरा गर्न सक्ने गरी आर्थिक विकास अन्तरर्गत श्रम, रोजगारी तथा सामाजिक सुरक्षाको क्षेत्रमा लिएको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम यस प्रकार रहेका छन् :

**लक्ष्य :**

स्थानिय स्तरमा रोजगारीका अवसरहरुको सिर्जना गरि आय आर्जनमा वृद्धि गर्नु ।

**उद्धेश्य**

- सुरक्षित, सम्मानित तथा सिप युक्त रोजगारीका अवसरको विकास गरी युवा वर्गको सम्मानित जिवनयापनको प्रत्याभूति गर्नु ।
- उत्पादनशी रोजगारीका अवसरहरु सिर्जना गर्दै उद्यमशीलता विकासबाट स्वरोजगारी प्रवर्धन गरी दिगो सामाजिक सुरक्षा प्रवर्धन गर्ने ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यक्रम | आयोजना | लागत |
|---|---|---|---|
| **सिप विकास तथा क्षमता अभिवृद्धि** | **सिप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम** | राष्ट्रिय स्तरमा मान्यता प्राप्त संस्थाहरुबाट होटेल व्यवस्थापन, पर्यटक पथप्रदक लगायतका मुख्य विषयहरुमा आधारभूत सिप प्रदान गर्ने । | |
| | | कृषि तथा पर्यटनमा आधारित व्यवसाय प्रवर्धनको लागि तालिम र विउ पूँजी उपलब्ध गराउने | |
| | | विद्यमान रोजगार कार्यकमलाई अन्य कार्यक्रमसँग समायोजन गरी रोजगार दिनमा वृद्धि गर्न थप रोजगारका क्षेत्रहरु पहिचानको लागि अध्ययन गर्ने | |
| | | सामाजिक सुरक्षा मार्फत प्राप्त रकमलाई सानातिना आयआर्जनका क्षेत्रमा लगाउनका लागि वत्ति कात्ने, ऊन बुन्ने जस्ता सिप प्रदान गर्ने | |
| | | गन्तव्य राष्ट्र/स्थानका बारेमा भाषा, संस्कृति, रहनसहन जस्ता सामाजिक पक्ष, सुरक्षा व्यवस्था, नीति नियम तथा दण्ड सजाय, सहायता केन्द्र जस्ता विषयहरुमा अभिमुखीकरण गर्ने । | |
| **विप्रेषणलाई सुरक्षित क्षेत्रमा लगानी** | **विप्रेषण लगानी कार्यक्रम** | सम्बन्धित परिवारमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरी विप्रेषणलाई सुरक्षित लगानी गर्न प्रोत्साहन गर्ने | |
| | | सम्बन्धित परिवारमा छिटो प्रतिफल प्राप्त हुने क्षेत्र तथा नगदे बालीहरुमा व्यवसायिकता विकासका लागि सिप विकास एवं उद्यमशीलता तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्ने | |
| | | वैदेशिक रोजगारीबाट फर्किआएका युवाहरुको सिप अभिवृद्धि तथा उद्यमशीलता विकास गरी स्वरोजगारीका अवसरहरु श्रृजना गर्न सहयोग प्रदान गर्ने | |
| **अनुमानित लागत लाखमा** | | | |

#### ४.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचकहरु | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्टयाईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **प्रभाव तह :** वैदेशिक रोजगारीबाट फर्किएका वा जान तयार भएका युवाहरु तथा महिलाहरुका लागि स्थानीयस्तरमा रोजगारीका अवसरहरु सिर्जना भएको हुने | | | | | | | |
| **असर तह :** वैदेशिक रोजगारबाट फर्केका युवा, महिला र अन्य युवाहरुलाई सिपमुलक तालिम प्रदान गरी उद्यमशीलता प्रवर्धन तथा स्वरोजगारीका अवसरहरु बृद्धि भएको हुनेछ । | | | | | | | |
| वैदेशिक रोजगारीमा जानेको संख्या | प्रतिशत | | | | | श्रम सर्वे | गा.पा. |
| वैदेशिक रोजगारीका लागि तालिम प्रदान गर्ने संस्थाहरु | संख्या | | | | | श्रम सर्वे | गा.पा. |
| सुरक्षित वैदेशिक रोजगारका लागि संचालित सूचना प्रवाह केन्द्र | संख्या | | | | | श्रम सर्वे | गा.पा. |
| वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित महिला सहितका जनसंख्या (वैदेशिक रोगजारीमा जाने कूल संख्याको) | प्रतिशत | | | | | श्रम सर्वे | गा.पा. |
| वैदेशिक रोजगारीबाट फर्केर व्यवसाय गर्ने महिलाहरु सहितको जनसंख्या | प्रतिशत | | | | | श्रम सर्वे | गा.पा. |
| **प्रतिफल तह** | | | | | | | |
| वैदेशिक रोजगार हेल्प डेस्कको स्थापनाबाट रोजगारका लागि विदेश जाने महिला सहितका युवा सुसुचित भएका हुने | | | | | | श्रम सर्वे | गा.पा. |
| विविध प्राविधिक सिप भएका बालिका तथा अन्य विद्यार्थी तथा युवाको तथ्याङ्क अद्यावधिक हुने | | | | | | श्रम सर्वे | गा.पा. |
| वैदेशिक रोजगारका लागि उपयुक्त तालिम | | | | | | श्रम सर्वे | गा.पा. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कार्यक्रमबाट विदेश जाने महिला तथा युवाले आफनो सिप अनुसारको जागिर प्राप्त गर्ने सम्भावना स्थानीयस्तरमै बढेको हुने । | | | | | | | |
| सहकारी, बैंक तथा बित्तिय संस्थाहरुसँग समन्वय गरी शैक्षिक तथा व्यवसायिक सहुलियत कर्जा उपलब्ध गराइएको हुने । | | | | | | | |
| कृषि तथा पर्यटनमा आधारित उद्यम स्थापना भइ रोजगारका अवसर बढेका हुने | | | | | | श्रम सर्वे | |
| सामाजिक सुरक्षा मार्फत प्राप्त रकमलाई सानातिना आयआर्जनका क्षेत्रमा लगाउनका लागि वत्ति कात्ने, ऊन बुन्ने जस्ता काम गरेका हुने | | | | | | | |
| पालिकाका निर्माण योजनाहरुमा खाद्य असुरक्षा भएका परिवारलाई छनौट गरी रोजगारी दिइने छ । | | | | | | | |

**अपेक्षित उपलब्धि**

- आवधिक योजनाको अन्त्यसम्ममा आवधिक योजनाले तोकेका सूचक तथा आयोजनाहरुको कार्यान्वयनबाट यो उपक्षेत्रसँग सम्वन्धित सरोकारवालामा गुणात्मक परिवर्तत आउनेछ ।
- गाउँपालिकाले श्रम तथा रोजगारमूलक कार्यकमलाई निरन्तरता दिएको हुनेछ ।
- बैंक तथा वित्तीय संस्थासँग समन्वय गरी युवा उद्यम तथा रोजगकार सिर्जनमा गर्ने क्षेत्रमा सहुलियत कर्जा प्रवाह भएको हुने
- असर तहका आधारमा निर्माण गरिएका रणनीति तथा आयोजनाहरुको कार्यान्वयनबाट सम्वन्धित सरोकारवालाले लाभ लिने छन ।
- असर तहका सम्पूर्ण सुचकहरुमा क्रमिक सुधार आउने छ ।

### ४.५.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकामा संचालनमा रहेका योजना तथा आयोजनाको कार्यान्वयनको लागि बजेटको अभाव हुने छैन,

- वर्तमान संविधान र कानूनमा योजना अवधिभरमा कुनै परिवर्तन हुने छैन,
- गाउँपालिकामा योजना अवधिमा कुनैपनि किसिमको मानविय तथा प्राकृतिक विपत्ति उत्पन्न हुने छैन,
- संघ र प्रदेश सरकार संगको सम्मन्वयमा आयोजना तथा निर्माण कर्य सम्पन्न हुनेछन्,
- गाउँपालिकास्तरमा प्रशस्त मात्रामा राजगारीको व्यवस्था गरी युवा पलायन कम गर्दै जानु,
- वैदेशिक रोजगारका लागि आवस्यक तालिम स्थलको स्थापना गरी संचालनमा ल्याउनु,
- भारततर्फ रोजगारीमा जाने युवाको एकिन तथ्याङ्क हुने,
- विप्रेषणबाट प्राप्त रकम अनुत्पादनशील क्षेत्रमा प्रयोग गर्न नसकिने जोखिम रहेको ।
- पर्याप्त मात्रामा स्वरोजगारका कार्यक्रम सञ्चालन हुन नसक्नुले युवा जोश जाँगरमा नैराश्यता वृद्धि हुँदै जाने जोखिम रहेको,
- बैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई पालिका स्तरमा उद्यम संचालन गर्ने वातावरणको विकास गर्न नसकिनुले जोखिम वृद्धि हुनु ।

## ४.६ वैंक तथा वित्तीय संस्था र सहकारी

### ४.६.१ **पृष्ठभूमि**

तातोपानी गाउँपालिकामा १ वटा  क वर्गको वैंक, ५ वटा लघुवित्तहरु कारोवार गर्ने गरेका ३५ वटा समूहहरु, ३ वटा वचत तथा ऋण सहकारी संस्थाहरु र २० वटा विषयगत सहकारी संस्था रहेका छन् । तातोपानी पालिकामा वित्तिय क्षेत्रको पहुँच तुलनात्मक रुपमा सहज छ । तातोपानी गाउँपालिका जुम्ला जिल्लाको सदरमुकाम खलंगाबाट नजिकै रहेको कारण जिल्ला सदरमुकामा रहेका अधिकांस वित्तीय सेवाहरुबाट यहाका बासिन्दाहरु लाभान्वित हुने गरेका छन् । सदरमुकामलाई आधार बनाएर सञ्चालनमा रहेका सहकारी, लघुवित्त र बैंकहरुमा तातोपानी बासिहरुको आर्थिक कृयाकलापहरु हुने गर्दछ ।

गाउँपालिकामा अनौपचारिक रुपमा मौद्रिक कारोबार गर्ने बचत तथा ऋण समुह करीव ६० वटा हुनुले अनौपचारिक रुपमा पनि ग्रामिण क्षेत्रमा वित्तिय कारोबार हुने गरेको देखिन्छ । अनौपचारिक रुपमा हुने गरेका आर्थिक कारोवार मध्ये व्यक्तिगत रुपमा वार्षिक २४ प्रतिशत र समुहबाट वार्षिक १८ प्रतिशत व्याजदरमा लेनदेन हुने गरेको वडा छलफलमा बताइएको थियो । वैंक खाता हुने सरदर घरधुरी .... प्रतिशत भएको गाउँपालिकामा वडा नं. ७ र ८ मा सवैभन्दा कम घरधुरीको वैंकमा खाता भएको पाईएको छ । त्यसैगरी गाउँपालिकामा वैंक खाता हुने जनसंख्या मध्ये करीव ३५ प्रतिशतले मोवाईल वैंकिङ चलाउने गरेको वडागत छलफलबाट प्राप्त तथ्याङ्कले देखाउछ ।

कृषि कर्जामा स्थानीय कृषकको पहुँच गाउँपालिकाका लागि सवैभन्दा महत्वपूर्ण विषय हो । गाउँपालिकामा लगभग २५ प्रतिशत किसानले मात्र बैंकबाट ऋण लिएको देखिन्छ भने कृषि विमामा संलग्न कृषक करीव ६४ प्रतिशत मात्र छन । यसबाट वैंक तथा वित्तिय संस्था पूर्णरुपमा कृषि र कृषक मैत्री हुन नसकेको देखिन्छ ।

### ४.६.२ समस्या तथा चुनौती

सहकारीको उद्देश्य अनुसार कार्य हुन नसक्नु, समुदायमा वित्तीय चेतनाको कमी हुनु, सवै वडामा वित्तीय संस्थाको समान उपस्थिती नहुनु, तोकिएको क्षेत्रको कर्जा अनेत्र लगानी हुनु, इन्टरनेट र विद्युत भरपर्दो नहुदा सेवा प्रवाहमा कठिनाइ हुनु, अनौपचारिक रुपमा हुने वित्तीय कारोवारको नियमन हुन नसक्नु, सरोकारवाला व्यक्ति वा संस्थाले बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिने प्रकृया झन्झटिलो हुनु, अनुत्पादक क्षेत्रमा लगानी बृद्धि हुनु, खराव कर्जाको परिमाणमा बृद्धि हुनु, ज्ञान सीप र प्रविधिको विकास यस क्षेत्रका समस्या तथा चुनौती हुन ।

### ४.६.३ अवसर तथा सम्भावना

लगानी सहज र सरल बनाई ऋण प्रवाह गराउन वित्तीय संस्थाहरुलाई सहजीकरण सकिने, विपन्न र अल्पसंख्यक वर्गलाई केन्द्रित गरेर वित्तिय सहकार्यमा लगानी गर्न सकिने, समुदायमा वित्तीय सक्षरता बढाउन र बैंकिङ कारोवार गर्ने बानी बसाल्न उचित कार्यक्रम गर्न सकिने, सञ्चालनमा रहेका सहकारीहरुको उचित व्यवस्थापन गरी ग्रामीण क्षेत्रमा वित्तीय पँहुच विस्तार गर्न सकिने, अनौपचारिक रुपमा हुने गरेको आर्थिक लेनदेन कारोवारलाई वडा कार्यलयहरु सहजीकरण गरी सम्बावित वित्तीय जोखिम नियमन गर्न सकिने, मानिसहरूको वित्तीय चेतना विकास गर्न सकिने, वित्तीय साक्षरता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न सकिने, समुदायमा वित्तीय चेतना बढाउन र बैङ्किङ कारोबार गर्ने बानी बसाल्न उचित कार्यक्रम गर्न सकिने, स्थानीय वैंक तथा वित्तीय संस्थासँग सहकार्य गर्न आवश्यक योजना तर्जूमा गर्न सकिने, गाउँपालिकाले बैङ्क, वित्तीय संस्था तथा सहकारी क्षेत्रको वित्तीय गतिविधिलाई जनमैत्री बनाउन आवश्यक सहजीकरण गर्न सकिने जस्ता पक्षहरू वित्तीय क्षेत्रको सुधार, विकास र परिचालनका महत्वपूर्ण सम्भावना तथा अवसरहरू हुन ।

### ४.६.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

.............भन्ने मुल नाराका साथ तातोपानी गाउँपालिकाले आगामी ५ वर्षभित्र पूरा गर्न सक्ने गरी आर्थिक विकास अन्तरर्गत बैंक तथा वित्तीय संस्था र सहकारीको क्षेत्रमा लिएको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम यस प्रकार रहेका छन् :

**लक्ष्य :**

जनताको बचत गर्ने बानीको विकास गर्दै सरकारले लागू गरेको प्रत्येक नेपालीको बैङ्क खाता, सहुलियत ऋण, कृषि अनुदान, सामाजिक सुरक्षा भत्ता वितरण लगायतका कार्यमा बैङ्क तथा वित्तीय संस्थाहरूसँगको सहकार्यबाट सम्मुन्नत गाउँ पालिकाको निर्माण गर्ने ।

**उद्देश्य :**

गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोवार बैंक खातामार्फत सञ्चालन गर्दै आर्थिक समृद्धिका लागि स्थानीय साधन, श्रोत, सिप तथा रोजगारीको सदुपयोग, विकास एवं प्रवर्द्धनमा सहयोग पुग्ने क्षेत्रहरूमा वित्तीय स्रोतहरू परिचालन गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यक्रम | आयोजना | लागत |
|---|---|---|---|
| वित्तिय क्षेत्रको संरचनात्मक तथा नीतिगत अवस्थालाई प्रभावकारी वनाउने | वित्तिय क्षेत्र सुदृढीकरण कार्यक्रम | गाउँपालिका–वैंक–सहकारी वित्तिय सहकार्यको नीतिगत व्यवस्था | |
| | | आमा समुह लगायतका अनौपचारिक रुपमा सञ्चालित वित्तिय समूहको परिचालन निर्देशिका बनाउने | |
| | | गाउँपालिका भित्र रहेका सहकारीहरुको एकिकरण गरी विषयगत सहकारी निर्माण | |
| | | नीजि तथा सहकारी क्षेत्रको वित्तिय परिचालन नियमन कार्यविधि बनाउने | |
| समुदायमा वैंकिङ पहुँच अभिबृद्धि गर्ने | गाउँपालिका वैंक–सहकारी वित्तिय सहकार्य | तरकारी, फलफूल  खेति तथा पशुपंछिपालनमा सहुलियतपूर्ण ऋणको व्यवस्था | |
| | | वडागत घुम्ती वैंकिङको व्यवस्था (विशेष गरी सामाजिक सुरक्षा भत्ताका लागि) | |
| | | स्थानीय विषयगत सहकारी तथा गाउँपालिका वीच वित्तिय सहकार्य | |
| | | कृषि तथा पशुजन्य उत्पादनको वजारीकरणको व्यवस्थापनमा सहकारीसँग सहकार्य | |
| | | कृषि क्षेत्रको विकासका लागि गाउँपालिका–वैंक–सहकारी संयुक्त कोषको स्थापना | |
| | | वैंकबाट ऋण लिने कृषकको अभिलेखकीकरण | |
| | | वैंकिङ वचत अभियान | |
| स्थानीय वित्तिय तथा सहकारी संस्थाको संरचनात्मक क्षमता अभिबृद्धि गर्ने | सहकारी तथा वित्तिय संस्था सवलीकरण कार्यक्रम | स्थानीय सहकारी तथा वित्तिय संस्थाको अभिलेखीकरण गर्ने | |
| | | सहकारी तथा वित्तिय संस्थाको क्षमता अभिबृद्धि कार्यक्रम | |
| | | सहकारी तथा वित्तिय संस्थाको वित्तिय प्रभाव, दायरा र ऋण प्रवाहको नियमन गर्ने | |
| | | स्थानीय स्तरमा दर्ता भएका सहकारी संस्थाहरुको जोखिम लेखाजोखा तथा अवस्था सार्वजनिकीकरण | |
| | | सहकारीले तोकिएको क्षेत्रमा लगानी गरे नगरेको अनुगमन तथा निरिक्षण | |
| | | सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन | |
| | | कृषि क्षेत्रमा भएको लगानीको नियमन | |
| | | कृषि विमा संलग्न कृषकको अभिलेखीकरण | |
| | | सहकारी संस्थाको ऋणकर्जाबाट उद्योग व्यापार, व्यवसाय संचालन गर्नेहरुको | |

| | | | |
|---|---|---|---|
| | | अभिलेखीकरण | |
| | | सहकारी संस्थावाट भएको कूल कर्जा लगानी अभिलेखीकरण | |
| | | सहकारी संस्थामा संकलित कुल निक्षेप अभिलेखीकरण | |
| अनौपचारिक क्षेत्रको वित्तिय कारोबारलाई मूलप्रवाहीकरण गर्ने | ग्रामिण क्षेत्रको मौद्रिक कारोवार व्यवस्थापन कार्यक्रम | अनौपचारिक मौद्रिक कारोवार गर्ने समुहको अभिलेखीकरण तथा नियमन | |
| | | अनौपचारिक मौद्रिक कारोवार गर्ने समुहको क्षमता अभिबृद्धि | |
| | | व्यक्तिगत तथा समुहबाट हुने आर्थिक लेनदेन वडा कार्यलयमा दर्ता गर्न अभिप्ररित | |
| विपन्न समुदायको वित्तिय पहुँच सुदृढ गर्ने | लक्षित समुदाय केन्द्रित वित्तिय पहुँच कार्यक्रम | विपन्न समुदाय लक्षित सहुलियत ऋण प्रवाह कार्यक्रम | |
| | | सामुहिक खेती, साना तथा घरेलु उद्योग प्रबर्द्धन तथा वजारीकरणमा सहुलियत कार्यक्रम | |
| | | विपन्न लक्षित समुदायको लागि सहकारी मार्फत सिपमूलक कार्यक्रम सञ्चालन गर्ने । | |
| | | युवा लक्षित कृषि/पशुपालन कार्यक्रम सञ्चालनका लागि कृषि कर्जाको व्याजमा अनुदानको व्यवस्था गर्ने | |
| जम्मा (लाखमा) | | | |

### ४.६.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचकहरु | इकाइ | आधार वर्ष २०७९/८० | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | २०८०/८१ | २०८२/८३ | २०८४/८५ | | |
| प्रभाव तह | गाउँपालिकाका सबै परिवारहरुको बैक तथा वित्तिय संस्थामा पहुचँमा वृद्धि भएको हुने । | | | | | | |
| असर तह | गाउँपालिकाभित्र संचालित वैंक तथा अन्य वित्तिय संस्थाहरुले वैंक खाता प्रवर्द्धन गर्दै गाउँपालिकाका जनताहरुको वैंक तथा वित्तिय संस्थाहरुमा पहुँच बृद्धि भएको हुने । | | | | | | |
| सुचारु क वर्गको बैंक | संख्या | | | | | व. सर्वे | गा.पा. |
| वचत तथा ऋण सहकारी संस्था | संख्या | | | | | व. सर्वे | गा.पा. |
| महिलाद्वारा संचालिन सहकारी संख्या | संख्या | | | | | व. सर्वे | गा.पा. |
| कृषि क्षेत्रका कूल सहकारी संस्था | संख्या | | | | | व. सर्वे | गा.पा. |
| सहकारी संस्थामा आवद्ध सदस्यहरु | संख्या | | | | | व. सर्वे | गा.पा. |
| सहकारी संस्थावाट भएको कूल कर्जा लगानी | रु. | | | | | व. सर्वे | गा.पा. |
| वहुउद्देशिय सहकारी संस्था | संख्या | | | | | व. सर्वे | गा.पा. |
| विमा मा आवद्ध | संख्या | | | | | व. सर्वे | गा.पा. |
| **प्रतिफल तहको समय तालिका** | | | | | | | |
| संघीय सहकारी ऐन अनुसार एकरुपतामा स्थानिय सहकारीहरु संचालन भएको हुने । | | | | | | व. सर्वे | गा.पा. |
| बैदेशिक रोजगारबाट फर्केका युवा वर्गलाई सुलभ ऋणको सुविधाका लागि समन्वयकारी वातावरण तयार भएको हुने । | | | | | | व. सर्वे | गा.पा. |
| जनताहरुले आर्थिक कारोबार बैक वित्तिय संस्थामार्फत गर्ने दरमा बृद्धि भएको हुने । | | | | | | व. सर्वे | गा.पा. |
| विपन्न एंव कमजोर वर्गको वित्तिय पहुंच अभिवृद्धी भएको हुने । | | | | | | व. सर्वे | गा.पा. |
| वित्तीय संस्थाहरुको नियमनका लागि गाउँपालिकाले संविधानले दिएका एकल र साझा अधिकारसँग सम्बन्धित नीत तथा कार्यविधि निर्माण | | | | | | व. सर्वे | गा.पा. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| गरेको हुने छ । | | | | | | | |
| व्यक्तिगत तथा बचत समुहबाट हुने कारोवारको वडामा अभिलेखीकरण भएको हुने | | | | | | | |

**अपेक्षित उपलब्धि**

- आवधिक योजनाको अन्त्यसम्ममा आवधिक योजनाले तोकेका सूचक तथा आयोजनाहरुको कार्यान्वयनबाट यो उपक्षेत्रसँग सम्वन्धित सरोकारवालामा गुणात्मक परिवर्तत आउनेछ ।
- गाउँपालिकामा अनौपचारिक क्षेत्रमा हुन मौद्रिक कारोवार गाउँपालिकाको नियमनमा आउने छ
- वैंक, वित्तिय तथा सहकारीसँग गाउँपालिकाले सहकार्य गर्ने दायरा वढ्ने छ ।
- वैंकबाट ऋण लिने कृषकको दायरा वढ्ने छ ।
- असर तहका आधारमा निर्माण गरिएका रणनीति तथा आयोजनाहरुको कार्यान्वयनबाट सम्वन्धित सरोकारवालाले लाभ लिने छन ।
- असर तहका सम्पूर्ण सुचकहरुमा क्रमिक सुधार आउने छ ।

### ४.६.६ अनुमान तथा जोखिम पक्ष

- गाउपालिकामा योजना अवधिमा कुनैपनी किसिमको मानविय तथा प्राकृतिक विपत्ति उत्पन्न हुने छैन,
- संघ र प्रदेश सरकार संगको सम्मन्वयमा आयोजना तथा निर्माण कर्य सम्पन्न हुनेछन्,
- गाउँपालिकमा व्यावसायिक तथा विकास बैंकहरुको तथा उपस्थिति वृद्धि गर्न नसकिनु,
- सहकारी मार्फत जनता ठगिने तथा महंगो व्याज भुक्तानी गर्नुपर्ने बाद्यता विद्यमान रहनु,
- बैंक तथा वित्तिय संस्थाको लगानी उत्पादनसील क्षेत्रमा उपयोग हुन नसक्नु,
- अनौपचारिक मौद्रिक लेनदेन लाई व्यवस्थापन गर्नु,
- सहुलियत तथा विना धितोको ऋण लगानीले असुली सम्बन्धी वित्तीय जोखिममा वृद्धि गर्नु,
- गाउँगाउँमा सहकारी घरघरमा रोजगारी कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु,
- बैंक तथा वित्तिय संस्थाका गतिविधीहरु सेवामुखी हुन नसक्नु ।

# परिच्छेद पाँच : सामाजिक क्षेत्र

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

सामाजिक क्षेत्रको विकासमा स्वास्थ्य र पोषण क्षेत्रको भुमिका महत्वपुर्ण छ । संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवम् स्वास्थ्य सेवामा समान पहुँचको विषयलाई मौलिकहकको रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवम् गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ्य जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ । दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा सबैलाई आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता लक्ष्यहरु निर्धारण गरेको छ । त्यसैगरी कर्णाली प्रदेशले स्वस्थ र सुखी कर्णाली बासीको सोच र गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पँहुच अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । त्यसैगरी, तातोपानी गाउँपालिकाले “म स्वस्थ्य, मेरो गाउँपालिका स्वस्थ्य” नारा लिएको छ ।

तातोपानी गाउँपालिकाको वडा नं. ३, ४, ५ र ७ मा स्वास्थ्य चौकीहरु रहेका छन् । गाउँपालिकाको वडा नं. १, २, ६ र ८ मा आधाभूत स्वास्थ्य केन्द्रहरु रहेका छन् । गाँउपालिकाको वडा नं ६ हियाखोलामा निर्माण हुने ५ शैया अस्पतालको निर्माण कार्य सम्पन्न हुदैछ । त्यसैगरी, वडा नं. ८ मा सामुदायिक स्वास्थ्य इकाइ पनि रहेको छ भने वडा नं. ३ मा आरोग्य सेवाकेन्द्र समेत रहेको छ । गाउँपालिकाले विपन्न परिवारको लागि नियमित रुपमा स्वास्थ्य विमा गरिरहेको छ । जेष्ठ नागरिक र विद्यालयमा विद्यार्थीहरुको मासिक स्वास्थ्य परिक्षणले निरन्तरता पाइरहेको छ । त्यसैगरी वडा नं. ७ मा रहेको ताम्ती स्वास्थ्यचौकीको स्तरउन्नती भैरहेको छ । यसरी तातोपानी गाउँपालिकाका कुल १० वटा स्वास्थ्य संस्थाहरु मर्फत गाउँपालिकाबासीहरुले स्वास्थ्य सेवा प्राप्त गरिरहेका छन् । सम्पूर्ण स्वास्थ्य संस्थामा आधारभूत तहको स्वास्थ्य सुविधा रहेको छ । त्यसै गरी प्रसुति सेवा उपलव्ध भएका स्वास्थ्य संस्थाहरुको संख्या ४ रहेको छ । गाउँपालिकाको वडा नं. ३, ४, ५ र ७ का स्वास्थ्य संस्थामा बर्थिङसेन्टर स्थापना गरिएको छ । स्वासप्रस्वास, झाडापखाला, छालारोग, जुका, दम, पत्थरी, टाइफाइड, ग्यास्ट्रिक र पाठेघर सम्बन्धीका रोगहरु गाउँपालिकामा बढी देखिने गरेको छ । गाउँपालिकामा स्वास्थ्यकर्मीहरुको स्विकृत दरबन्दी २९ रहेता पनि हाल २५ जना स्वास्थ्यकर्मीहरु कार्यरत रहेको छ । जसमा स्वास्थ्य अधिकृत, जनस्वास्थ्य अधिकृता, सिअनमी निरिक्षक, सिअनमी र सिअहेव रहेका छन् । तातोपानी गाउँपालिकामा कुल ६७ जना महिला स्वास्थ्य स्वंसेविकाहरु रहेका छन् ।

### ५.१.२ समस्या तथा चुनौती

भौगोलिक कठिनाइका कारण स्वास्थ्य सेवामा सवै नागरिकको समान पहुँच नहुनु, वडा नं. ७ र ८ का विकट वस्तीहरुका महिला असुरक्षित सुत्केरी हुने अवस्था, भौगोलिक विकटताका कारण स्वास्थ्य सेवाका लागि बन्दोबस्ती र यातायातमा बढी खर्च लाग्नु, स्वास्थ्य संस्थाबाट उपलब्ध सेवा सुविधाको गुणस्तर सुधार नहुनु तथा स्वास्थ्य क्षेत्रमा जनशक्तिको अभाव हुनु, स्वास्थ्य संस्थाका कार्यरत जनशक्तिहरूलाई आवश्यक तालिमको अभाव, भौतिक संरचनाको साथै उपकरण एवम ल्याब सेवाको अभाव, विपन्न समुदायका गर्भवती जाँच चारै पटक गर्न नआउनु, नसर्ने दीर्घ रोगहरूको पहिचान नहुनु, किशोरकिशोरीहरूमा देखिएको दुर्व्यसन नियन्त्रण गर्न नसक्नु आदि प्रमुख समस्याहरूका रूपमा रहेका छन् । सबै स्वास्थ्य संस्थाहरूमा न्यूनतम मापदण्ड अनुसारको भौतिक पूर्वाधार सहित उपकरण र ल्याब सेवा सञ्चालन गर्नु, भौगोलिक दुर्गमतामा रहेका बस्तीहरुमा स्वास्थ्य सेवा पुऱ्याउनु, स्वास्थ्य संस्थालाई पहुँचयुक्त बनाउनु, स्वास्थ्य संस्थामा दरबन्दी अनुसारको जनशक्ती पुरा गर्नु, गर्भवती महिलाद्वारा सुत्केरी गराउन स्वास्थ्य संस्थाको उपयोग बढाउनु, ल्याब तथा अन्य सेवाहरू गुणस्तरीय बनाउनु, रिफरल स्वास्थ्य सेवाको सहज व्यवस्था गर्नु, दीर्घरोगको पहिचान गर्नु र दुर्व्यसनीमा परेका किशोरकिशोरीहरूको पुर्नस्थापना आदि यस गाउँपालिकाका स्वास्थ्य सम्बन्धी प्रमुख चुनौतीहरू हुन् ।

### ५.१.३ सम्भावना तथा अवसर

भौगोलिक विकटता भएका बस्तीहरुमा प्रत्येक महिना गाउँघर क्लिनिक सञ्चालन गर्न सकिने, पाँच वर्षमुनिका बालबालिकाहरूको खोप तथा पोषणका सूचकहरू प्रगतिशील देखिनु, यस गाउँपालिकाको प्रत्येक वडामा एक स्वास्थ्य संस्था रहनु, स्वास्थ्य संस्थाहरूलाई पनि मापदण्ड अनुसारको सुविधा सम्पन्न बनाउने कुरा संघीय र प्रदेशिक सरकारको प्राथमिकतामा रहनु, संविधानतः आधारभूत स्वास्थ्य जस्तो सवाल मौलिक हकको रुपमा स्थापित भइसकेको छ । नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन्  २०३० सम्म सबैलाई गुणस्तरीय आधारभूत स्वास्थ्यको सवालहरुलाई महत्वपूर्ण रुपमा उठान गरेको छ । त्यसैगरी, प्रदेशको प्रथम आवधिक योजनाको संवाहक नं. ८ मा प्रदेशभर स्वस्थ्य वातावरण र प्रदेशवासीको स्वस्थ जीवनको अवस्था सिर्जना गर्ने कुरालाई महत्व दिएको अवस्था छ । अन्तरपालिका सहकार्यमा स्वास्थ्य पूर्वाधारको पहूँच विस्तार गर्न सकिने, प्रविधिको प्रयोग मार्फत टेलिमेडिसिन लागायतका सुविधाहरुको विस्तार गर्न सकिने, तातोपानी गाउँपालिकासँग सम्वन्धित स्वास्थ्य क्षेत्रका विज्ञहरुको संलग्नतालाई अभिबृद्धि गर्न सकिने आदि यस क्षेत्रका सम्भावना तथा अवसरहरु हुन् ।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

.............भन्ने मुल नाराका साथ तातोपानी गाउँपालिकाले आगामी ५ वर्षभित्र पूरा गर्न सक्ने गरी सामाजिक विकास अन्तरगर्त स्वास्थ्य तथा पोषण सुधारको क्षेत्रमा लिएको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यकम यस प्रकार रहेका छन् :

**लक्ष्य :**
स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि भई स्वास्थ्य सुविधाको पहुँच सहज हुनुका साथै स्वास्थ्य संस्थाको स्तरउन्नति गर्ने,

**उद्देश्य :**
आधारभूत तथा गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवाको उपलब्धता एवं पहुँचबाट नागरिकहरूको स्वास्थ्य स्तर अभिवृद्धि गर्नु ।

## रणनीति, कार्यक्रम तथा आयोजना

| रणनीति | कार्यक्रम | आयोजना | लागत |
|---|---|---|---|
| स्वास्थ्य क्षेत्रको संरचनात्मक तथा नीतिगत सुधार गर्ने | स्वास्थ्य क्षेत्रको आधारभूत रुपान्तरण कार्यक्रम | घुम्ती स्वास्थ्य सेवाको कार्यविधि बनाई कार्यन्वयन गर्ने | |
| | | सवै वडामा राष्ट्रिय मापदण्ड अनुसारको स्वास्थ्य भवनहरु निर्माण | |
| | | तातोपानी गाउँपालिकाको स्वास्थ्य आवधिक रणनीतिक योजना परिस्कृत तथा कार्यन्वयन | |
| | | सवै स्वास्थ्य चौकीमा न्युनतम मापदण्ड (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) तयार गरी आधारभूत औजारहरु तथा सामग्रीहरु व्यवस्थापन | |
| | | दरवन्दी अनुसारको जनशक्ति व्यवस्थापन | |
| | | आयुर्वेदिक तथा प्राकृतिक चिकित्साको विकास नीतिगत व्यवस्था | |
| | | विद्यार्थीलाई योग शिक्षा सम्वन्धि तालिम | |
| | | स्वास्थ्य सेवालाई जेष्ठ नागरिक, लैङ्गिक तथा आपाङ्ग मैत्री बनाउने । | |
| | | उमेर अनुसार हुन सक्ने जोखिमलाई समयमा नै पहिचान गरि सवास्थ्य परिक्षण गर्ने । | |
| | | महिलामा हुनसक्ने स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सरहरुको निःशुल्क परिक्षण गर्ने | |
| | | गाउँपालिका भित्रका सबै नागरिकको स्वास्थ्य प्रोफाइल तयार गर्ने | |
| | | मातृ मृत्यु दर घटाउन समुदाय स्तरमा आमा समुहलाई सक्रिय बनाउने | |
| प्रविधिमैत्री स्वास्थ्य सेवाको विकास गर्ने | स्वास्थ्य सम्बन्धी तथ्यांक व्यवस्थापन कार्यक्रम | स्वास्थ्य संस्था तहमा तथ्याङ्क व्यवस्थापनलाई प्रविधि मैत्री बनाई क्रमश सवै संस्थामा ईन्टरनेटको सुविधाको व्यवस्था गरी विधुतिय अभिलेख लाई बिस्तार गरिने | |
| स्वास्थ्य सुविधकमा आम नागरिकको पहुँच अभिबृद्धि गर्ने | स्वास्थ्य पूर्वाधार विस्तार कार्यक्रम | विद्यमान स्वास्थ्य चौकीहरुको स्तरउन्नती | |
| | | विद्यार्थी (किशोर किशोरी) लाई योग तथा प्राकृतिक चिकित्सा सम्वन्धि तालिम | |
| | | अन्तरपालिका सहकार्यमा टेलिमेडिसिनको व्यवस्था | |
| | | वृद्ध बृद्धाका लागि घर घरमा स्वास्थ्य सुविधा कार्यक्रम | |
| | | ५ शैयाको हियाखोला अस्पताल निर्माण तथा जनशक्ती व्यवस्थापन | |
| | | गैरसरकारी क्षेत्रसँगको सहकार्यमा घुम्ती स्वास्थ सेवा कार्यक्रम सञ्चालन | |
| | | आँखा, नाक, कान, घाटी तथा मुख सम्बन्धि स्वास्थ्य सेवा लाई विकास तथा विस्तार गर्ने | |

| | | | |
|---|---|---|---|
| | | मानसिक स्वास्थ्य सेवालाई सवै स्वास्थ्य संस्थामा बिस्तार गर्ने | |
| गाउँबासीको खानपानमा पोषण अभिबृद्धि गर्ने | पोषण अभिबृद्धि कार्यक्रम | परिवारको खानपानको प्रबृत्तिको अध्ययन अभिलेखीकरण गर्ने | |
| | | गर्भवती महिला र शिशुको पोषण अभिबृद्धि आयोजना | |
| | | रैथाने खाद्यान्नमा आधारित पोषण युक्त लिटोजन्य वस्तुको उत्पादन र प्रयोग | |
| | | विद्यालयको दिवा खाजामा रैथाने खाद्यन्नको प्रयोग | |
| | | स्वास्थ्य तथा पोषण शिक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम | |
| | | पूर्ण संस्थागत सुत्केरी, पोषण मैत्री स्वास्थ्यचौकी र पोषण मैत्री वडा तथा गाउँपालिका घोषणा | |
| स्वास्थ्य सेवालाई प्रभावकारी वनाउने | स्वास्थ्य सेवा विस्तार तथा क्षमता अभिवृद्धि कार्यक्रम | स्वास्थ्य बिमामा आवद्ध गाउँबासीको अभिलेखीकरण तथा दायरा वृद्धि आयोजना | |
| | | खोप सेवालाई थप सुदृढिकरण गरिने | |
| | | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीको क्षमता अभिबृद्धि | |
| | | क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटु रोग, क्षयरोग, एड्स, कुष्ठरोगको, महिलाको आङ खस्ने तथा पाठेघर सम्बन्धी निशुल्क स्वास्थ्य परीक्षण | |
| | | स्वास्थ्य स्वयं सेविकासको क्षमता अभिबृद्धि | |
| | | स्वास्थ्य सूचना, शिक्षा र संचार सचेतना कार्यक्रम | |
| | | झाडापखाला, संक्रमण दर, स्वासप्रश्वासको संक्रमण (ARI) रोकथाममा विद्यालयसँग हातेमालो | |
| | | घुम्ती लगायत स्वास्थ्य शिविर | |
| | | खोप कार्यक्रमको विस्तार तथा गाउँघर क्लिनिकको स्तरोन्नती | |
| | | नागरिक आरोग्य कार्यक्रम सञ्चालन | |
| | | गर्भवति महिलाको नियमित स्वास्थ्य जाँच तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्ने | |
| | | अल्ट्रासाउण्ड सेवा विस्तार गर्ने | |
| | | महामारी, भाइरसको संक्रमण तथा आपतकालीन उपचारका लागि आवश्यक न्युनतम पूर्वाधारको व्यवस्था | |
| **जम्मा लाखमा** | | | |

## ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | आर्थिक वर्ष : लक्ष्य परिमाण २०८१/८२ | २०८३/८४ | २०८५/८६ | पुष्ट्याईको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| प्रभाव तह | सबै उमेर समूहका व्यक्तिहरुको स्वस्थ जीवनको सुनिश्चितता सहित स्वस्थ्य जीवन शैली प्रवर्द्धन भएको हुने । | | | | | | |
| असर तह | स्वास्थ्य बिमा कार्यक्रम, आमा समूह तथा महिला स्वास्थ्य स्वयंसेविकाहरु परिचालन तथा परम्परागत तथा प्राकृतिक चिकित्सा पद्धतीलाई बढावा दिंदै स्वास्थ्य संस्थामा बच्चा जन्माउने नीति अनुरुप सबैको वडामा खोप तथा पोषणमा पहुँच बृद्धि भएको हुने । | | | | | | |
| विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल जाने जनसंख्या | प्रतिशत | | | | | व. सर्वे | गा.पा. |
| नजिकको स्वास्थ्य संस्थामा (स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल) पुग्न लाग्ने औषत समय | घण्टा | | | | | व. सर्वे | गा.पा |
| २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशुहरु | संख्या | | | | | व. सर्वे | गा.पा. |
| कुपोषणका कारण ५ वर्ष मुनीका बालवालिकाहरुको पुड्कोपन र उचाई अनुसारको कम तौल भएकाहरु | संख्या | | | | | व. सर्वे | गा.पा |
| स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला | संख्या | | | | | व. सर्वे | गा.पा. |
| ४ पटक प्रसूति सेवा प्राप्त गर्ने महिला | संख्या | | | | | व. सर्वे | गा.पा |
| प्रसुति सेवा उपलव्ध भएका स्वास्थ्य संस्थाहरु | संख्या | | | | | व. सर्वे | गा.पा. |
| झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | संख्या | | | | | व. सर्वे | गा.पा |
| स्वाप्रश्वासको संक्रमण (ARI) दर प्रति हजारमा | संख्या | | | | | व. सर्वे | गा.पा. |
| स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | संख्या | | | | | व. सर्वे | गा.पा |
| भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | | | | | व. सर्वे | गा.पा. |
| परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| स्वास्थ्य वीमा गर्ने नागरिक | प्रतिशत | ६० | ७० | ८० | ९० | व. सर्वे | गा.पा. |
| स्वास्थ्य सूचना, शिक्षा र संचार सचेतना कार्यक्रममा सहभागि | संख्या | | | | | व. सर्वे | गा.पा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घुम्ती लगायत स्वास्थ्य शिविर पटक | संख्या | | | | | व. सर्वे | गा.पा. |
| नागरिक आरोग्य कार्यक्रम संचालन | संख्या | | | | | व. सर्वे | गा.पा |
| क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटु रोग, क्षयरोग, एड्स, कुष्ठरोग, आङ खस्ने, पाठेघरको निशुल्क स्वास्थ्य परीक्षणवाट लाभान्वित | संख्या | | | | | व. सर्वे | गा.पा. |
| आधारभुत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदि) उपलब्ध भएका स्वास्थ्य संस्था | संख्या | | | | | व. सर्वे | गा.पा. |
| क्रियाशिल महिला स्वास्थ्य स्वयंसेविका | संख्या | | | | | व. सर्वे | गा.पा |
| गाउँघर स्वास्थ्य क्लिनिकको संख्या | संख्या | | | | | व. सर्वे | गा.पा. |
| संचालनमा रहेको पालिका स्तरीय अस्पतालमा उपलव्ध शैया संख्या | संख्या | | | | | व. सर्वे | गा.पा |
| **प्रतिफल तहको समय तालिका** | | | | | | | |
| आधारभूत स्वास्थ्य तथा सरसफाइसँग सम्बन्धित नीति, कानून, सिद्धान्त, योजना तथा नियमावली तर्जुमा भई लागू भएको हुने । | | | | | | व. सर्वे | गा.पा. |
| स्थानीय तहको सार्वजनिक सुविधाहरू (स्वास्थ्य चौकी तथा स्थानीय तहका अस्पतालहरू) को स्थापना निर्माण तथा व्यवस्थापन भएको हुने । | | | | | | व. सर्वे | गा.पा |
| आकस्मिक स्वास्थ्य सेवा र त्यसका यातायातका सुविधाहरू उपलब्ध गराउने, आवश्यकताअनुसार बिरामीहरूलाई प्रादेशिक स्वास्थ्य सुविधा भएका ठाउँहरूमा सिफारिस गरिएको हुने । | | | | | | व. सर्वे | गा.पा. |
| औषधि तथा स्वास्थ्य सामग्रीहरू स्थानीय तहमा खरिद, भण्डारण तथा वितरण गर्ने । | | | | | | वडागत सर्वेक्षण | गा.पा |
| निरोधात्मक स्वास्थ्य सेवा अभियान सञ्चालन भई स्थानीय तहका अन्य विस्तृत स्वास्थ्यसम्बन्धी कार्यहरू तथा चुरोट रक्सी एवम् लागू पदार्थविरुद्ध जनचेतना अभिबृद्धिले गर्दा प्रयोगकर्ताहरुको संख्या घटेको हुने । | | | | | | वडागत सर्वेक्षण | गा.पा. |
| निजी स्वास्थ्य सुविधाहरूको सञ्चालन सम्बन्धमा दर्ता, नियमन तथा अनुगमन भएको हुने । | | | | | | वडागत सर्वेक्षण | गा.पा |
| परम्परागत स्वास्थ्य उपचार सेवाहरू जस्तै आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथी तथा प्राकृतिक उपचार सुविधाहरू | | | | | | वडागत सर्वेक्षण | गा.पा. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| उपलब्धताको लागि व्यवस्थापन भएको हुने । | | | | | | | |

**अपेक्षित उपलब्धि**

- आवधिक योजनाको अन्त्यसम्ममा आवधिक योजनाले तोकेका सूचक तथा आयोजनाहरुको कार्यान्वयनबाट यो उपक्षेत्रसँग सम्वन्धित सरोकारवालामा गुणात्मक परिवर्तत आउनेछ ।
- झाडा पखाला, श्वासप्रश्वास लगायतका संक्रमण दरमा कमी आउने छ ।
- स्वास्थ्य तथा उपचारको पहुँच अभिबृद्धि हुनेछ ।
- असर तहका आधारमा निर्माण गरिएका रणनीति तथा आयोजनाहरुको कार्यान्वयनबाट सम्वन्धित सरोकारवालाले लाभ लिने छन ।
- असर तहका सम्पूर्ण सुचकहरुमा क्रमिक सुधार आउने छ ।

### ५.१.६ अनुमान तथा जोखिम पक्ष

- पालिकामा संचालनमा रहेका योजना तथा आयोजनाको कार्यान्वयनको लागि बजेटको अभाव हुने छैन,
- वर्तमान संविधान र कानुनमा योजना अवधिभरमा कुनै परिवर्तन हुने छैन,
- संघ र प्रदेश सरकारसँगको समन्वयमा आयोजना निर्माण कार्य सम्पन्न हुनेछन्,
- स्वास्थ्यकर्मिलाई आवस्यक सेवा सुविधा उपलब्ध गराई कार्यवातावरण निर्माण गर्नु,
- सबै स्वास्थ्य संस्थामा प्रयोगशालाको निर्माण गर्नु,
- समयसमयमा देखा पर्ने सरुवा रोग, माहामारी आदिको कारण निर्धारीत लक्ष्य हासिल गर्न नसकिनु ।

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्धन

### ५.२.१ पृष्ठभूमि

माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारको दायित्वभित्र पर्दछ । प्रत्यक्ष रूपले स्थानीय तहको जिम्मेवारीभित्र पर्ने भएकाले दिगो विकास लक्ष्य ४ मा उल्लेख भएको सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने लक्ष्य हाँसिल गर्न तातोपानी गाउँपालिकाले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार तातोपानी गाउँपालिकाको साक्षरता ७०.३ प्रतिशत रहेको छ । जसमा महिलाको साक्षरता दर ६२.४ प्रतिशत रहेको छ भने पुरुषको साक्षरता दर ७८.४ प्रतिशत रहेको छ । तातोपानी गाउँपालिकामा खुद विद्यालय भर्नादर ८९ प्रतिशत रहेको छ भने कक्षा निरन्तरता र टिकाउ दर ८४ प्रतिशत रहेको छ । त्यसैगरी सिकाइ उपलब्धी तथा उतृर्ण दर ९४ प्रतिशत रहेको छ । सवै विद्यालयहरुका विद्यालय सुधार योजना रहेको छ र नियमित रुपमा अद्यावधिक समेत हुने गरेको छ । तातोपानी गाउँपालिकामा कुल २९ वटा विद्यालयहरु रहेका छन् । जसमा ८ वटा माध्यामिक विद्यालय रहेका छन् भने २१ वटा आधारभूत विद्यालयहरु रहेका छन् । समुदायमा आधारित ५ वटा र विद्यालयमा धारित ३७ वटा गरी कुल जम्मा ४२ वटा बाल विकास केन्द्रहरु रहेका छन् । वडा नं. २ मा रहेको हिम शिखर माध्यामिक विद्यालयमा प्राविधिक ओभरसियर र सिभिल इन्जिनेरिङको पढाइ हुने गरेको छ भने वडा नं. ५ मा रहेको दुर्गा माध्यामिक विद्यालयमा आइ.एस.सी.ए.जी.को पढाइ हुने गरेको छ । वडा नं. २, ४, ५ र ८ का माध्यामिक विद्यालयहरुमा कम्प्युटर ल्याव र पुस्तकालय समेत सुविधा रहेको छ । अधिकांश विद्यालयको भौतिक संरचनालाई बालमैत्री तथा अपाङ्गमैत्री बनाउनु पर्ने देखिन्छ । केही विद्यालयहरुमा विद्यार्थीको संख्या अत्यन्तै न्यून भएकोले नजिकैकको अर्को विद्यालयमा समायोज गर्नको लागि अध्ययन भैरहेको छ ।

संघीय संरचना अनुसार स्थानीय सरकारको रुपमा जिम्मेवारी पाए पछि तातोपानी गाउँपालिकाले आ.व २०७८/७९ देखि आ.व २०८०/०८१ सम्मका नीति, बजेट तथा कार्यक्रमहरु हेर्दा गाउँपालिकाले शिक्षा विकासका लागि भौतिक तथा संरचनात्मक सुधार, शिक्षकको क्षमता विकास, विद्यार्थीको शिप तथा दक्षता विकास, पाठ्यक्रममा सुधार जस्ता कामहरुलाई प्राथमिकता दिएको देखिन्छ । सूचकाङ्कका आधारमा कार्यसम्पादन अनुदान, उत्कृष्ट सिकाई उपलब्धि प्रोत्साहन अनुदान, सूचना प्रविधि तथा विज्ञान प्रयोगशालाको व्यवस्थापन, पुस्तकालय निर्माण, अंग्रेजी, गणित तथा विज्ञान पाठ्य सामग्रीको व्यवस्था जस्ता कार्यक्रमलाई विशेष प्राथमिकता दिएको छ । त्यसैगरी शैक्षिक क्षेत्रको सुधारका लागि गाउँपालिकाले गाउँपालिका शिक्षा ऐन २०७७, खेलकुद कार्यविधि, स्थानीय पाठ्यक्रम विकास तथा विद्यालय सहायक कर्मचारीको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम निर्माण जस्ता प्रयास पनि गरेको छ । (हाल छैन भने आवश्यक रहेका) यसका अतिरिक्त विद्यालयको भौतिक संरचना निर्माण, विद्यालयमा सेनिटरी प्याड तथा दिवा खाजाको व्यवस्थापनका कार्यहरु पनि भएका छन ।

गाउँपालिका भित्र सञ्चालन हुने विद्यालय क्षेत्रको रेखदेख, समन्वय तथा व्यवस्थापन गर्न गाउँपालिका अध्यक्षको अध्यक्षतामा शिक्षा समितिको संरचनात्मक व्यवस्था पनि गाउँपालिकामा छ । (हाल छैन भने आवश्यक रहेको) संख्यात्मक रुपमा गाउँपालिकामा शिक्षाको अवस्था सन्तोषजनक देखिएपनि यसमा गुणात्मक सुधार ल्याउन आवश्यक छ ।

### ५.२.२ समस्या तथा चुनौती

सवै विद्यालयमा समावेशी पूर्वाधार निर्माण नहुनु, सामुदायिक विद्यालयका पूर्वाधारको न्युनतम मापदण्ड कायम नहुनु, विज्ञान प्रयोगशाला, सुचना प्रविधिको व्यवस्था जस्ता नविनतम पूर्वाधारको व्यवस्थापन पूर्णरुपमा नहुनु, विद्यार्थीको सिकाई उपलब्धी दर न्युन हुनु, ५ वर्ष उमेर भन्दा माथिका ५ प्रतिशत बालबालीका अझै पनि विद्यालय बाहिर, सामुदायिक विद्यालयमा विषय शिक्षकहरूको व्यवस्था पूर्ण रुपमा नहुनु, सबै विद्यालयहरूको विद्यालय सुधार योजनाका आधारमा गाउँपालिकामा शिक्षा योजना तयार गरी प्रभावकारी कार्यान्वयन गर्नु, शिक्षकहरूको मनोवल अभिबृद्धि गर्नु, शैक्षिक क्यालेण्डर र शैक्षिक गुणस्तर विकासका योजनाको कार्यान्वयन गर्नु यस क्षेत्रका प्रमुख समस्या तथा चुनौतीहरु हुन ।

### ५.२.३ सम्भावना तथा अवसर

नेपालले दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षाको सवाललाई महत्वपूर्ण रुपमा उठान हुनु । भौतिक संरचनाको सुधार, शिक्षाप्रति सरोकारावालाको सकारात्मक सोच, आवश्यक न्यूनतम दूरीमा विद्यालय, संघसंस्थाहरूको सहयोग, भौतिक संरचनाको प्रयोग, विद्यालयको प्राविधिक धारको सुरुवात आदि यस क्षेत्रका सबल पक्षका रूपमा देखिएका छन् । शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमूखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने राज्यको मुलनीति अनुसार संरचनागत तथा नीतिगत आधारहरु परिपक्क बन्दै जानु, कर्णाली प्रदेशको प्रथम आवधिक योजनामा "शिक्षा सभ्य र प्रतिस्पर्धी मानव पुँजी निर्माण" को सोच लिनु, आधाभूत तथा माध्यमिक शिक्षा अनिवार्य र निःशुल्क भएको संवैधानिक प्रावधान, आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र रहनु, शिक्षा दीगो विकास लक्ष्य तथा राष्ट्रिय प्राथमिकतामा रहनु, प्रत्येक स्थानीय तहमा एक प्राविधिक विद्यालय स्थापना गर्ने सरकारी नीति हुनु, शिक्षामा नेपाल सरकारबाट अनुदान प्राप्त हुनु, विभिन्न तहका सरकारहरूले विद्यालय भर्ना अभियान जस्ता विभिन्न जागरुकतामूलक कार्यक्रम सञ्चालन गर्नु, शिक्षामा अभिभावक र निजी क्षेत्रको लगानी हुनु, अभिभावक स्वयम् र जनप्रतिनिधिहरू शैक्षिक विकासप्रति जागरुक रहनु, विभिन्न किसिमका छात्रवृत्ति कार्यक्रमहरू सञ्चालनमा रहनु यस गाउँपालिकाको लागि मुख्य अवसर रहेका छन् ।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**"गुणस्तरिय शिक्षा र शैक्षिक पुर्वाधार तातोपानी गाँउपालिका निर्माणको आधार"** भन्ने मुल नाराका साथ तातोपानी गाउँपालिकाले आगामी ५ वर्षभित्र पूरा गर्न सक्ने गरी सामाजिक विकास अन्तरर्गत शिक्षा, विज्ञान तथा नवप्रवर्धनको क्षेत्रमा लिएको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम यस प्रकार रहेका छन् :

**लक्ष्य :**

गुणस्तरीय शिक्षा प्रणाली विकास गर्न प्राविधिक शिक्षाको माध्यमबाट दक्ष तथा प्राविधिक जनशक्तिको विकास गरी शिक्षालाई रोजगारीसँग आबद्ध गराउने

**उद्देश्य :**

सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विस्तारबाट स्वरोजगारीको अवसर सिर्जना गर्नु ।

### रणनीति, कार्यक्रम तथा आयोजना

| रणनीति | कार्यक्रम | आयोजना | लागत |
|---|---|---|---|
| शिक्षा, विज्ञान तथा नवप्रवर्तन क्षेत्रको नीतिगत तथा संरचनात्मक आधार तयार गर्ने | शिक्षा, विज्ञान तथा नवप्रवर्तन रुपान्तरण कार्यक्रम | शिक्षा, विज्ञान तथा नवप्रवर्तन सम्वन्धि नीति तर्जुमा | |
| | | विद्यार्थीको शिप तथा क्षमता सर्वेक्षण | |
| | | बालमैत्री स्थानिय शासन कार्यक्रम, बालमैत्री सिकाई व्यवस्थापन कार्यहरुलाई निरन्तरता | |
| | | विद्यालय उमेर पुगेका आफ्ना छोरा छोरीलाई विधालय नपठाउने अभिभावकलाई पालिकाबाट पाउने सेवा सुविधाबाट वञ्चित गराउने नीति | |
| | | विद्यालयलाई प्राज्ञिक तथा नवप्रवर्तन केन्द्रकारुपमा विकास गर्ने | |
| | | प्रत्येक विद्यालयमा न्युनतम आधारभूत संरचनाको मापदण्ड निर्माण तथा व्यवस्थापन (वालमैत्री, छात्रामैत्री, अपाङगतामैत्री र भूकम्प प्रतिरोधात्मक संचरना), | |
| | | प्रत्येक विद्यालयमा खेल मैदान निर्माण | |
| | | विधालय शिक्षाबाट बञ्चित किशोर किशोरी तथा आमाहरुलाई कम्तिमा आधारभूत तहसम्म औपचारिक शिक्षा प्रदान गर्न महिला बिधालय स्थापना | |
| | | गाउँपालिका स्तरिय पुस्तकालय स्थापना | |
| | | हिम शिखर र वडा न. ७ को कालिका माध्यामिक विद्यालयमा कक्षाकोठा थप | |
| | | विद्यालयमा सुचना प्रविधि सिकाई, उत्पादन तथा नवप्रवर्तन सिकाई कक्षाको स्थापना तथा व्यवस्थापन | |
| | | शिक्षकको क्षमता, शिप तथा विज्ञता अभिलेखीकरण | |
| शैक्षिक कृयाकलापलाई गुणस्तरीय, व्यवहारिक तथा आकर्षक वनाउने | शैक्षिक प्रणाली विकास कार्यक्रम | पढ्दै कमाउदै कार्यक्रमको शुरुवात | |
| | | मन्टेश्वरी बाल शिक्षा (बालमैत्री सिकाइ विधि) आयोजना | |
| | | एक वडा एक नमुना वालविकास केन्द्रको व्यवस्था | |
| | | बाल तथा आधाभूत तहमा तालिम प्राप्त महिला शिक्षिकाको व्यवस्था | |
| | | अन्तर तथा जिल्ला विद्यालय शिक्षक आदान प्रदान कार्यक्रम | |
| | | नमुना आवासिय विद्यालय प्रवर्द्धन | |
| | | नमुना विद्यालयलाई अनुसान्धान मुलक प्राज्ञिक केन्द्रको रुपमा विकास | |
| | | विभिन्न पत्र पत्रिकामा लेख, रचना, अनुसन्धनात्मक कार्यपत्र प्रकाशन गर्ने शिक्षक शिक्षिकालाई पुरस्कृत गर्ने | |
| | | शैक्षिक गतिविधि आदान प्रदान कार्यक्रम | |

| | | | |
|---|---|---|---|
| विद्यालयमा न्युनतम पूर्वाधारको व्यवस्था | गुणस्तरीय सेवा प्रवाह कार्यक्रम | आइसिटि सेवा तथा व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था | |
| | | श्रममा आधारित शैक्षिक प्रणाली | |
| | | रैथाने उत्पादनको दिवा खाजा, सेनीटरी प्याड र नर्स सेवा सहितको विद्यालय | |
| | | सूचना प्रविधिका माध्यमवाट अध्यापनको व्यवस्था गर्न सक्ने विद्यालयको विकास | |
| | संगठनात्मक तथा अतिरिक्त कृयाकलापको विकास | वाल तथा किशोर किशोरी क्लवको गठन र व्यवस्थापन | |
| | | कला तथा साहित्य समूह गठन | |
| | | श्रम समुह सहितका विद्यालय | |
| | | खेलकुद समूह सहितका विद्यालय | |
| | | सामुदायिक विद्यालयमा प्राविधिक धारको अध्यापन | |
| | | आधारभूत तहमा स्थानीय पाठ्यक्रम पठनपाठन | |
| लागत लाखमा | | | |

### ५.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| प्रभाव तह | प्राविधिक तथा गुणस्तरीय शिक्षाको विकास भएको हुने | | | | | | |
| असर तह | विद्यालय बाहिर रहेका बालबालिकाहरु तथा विद्यालय छोड्ने विद्यार्थी दरमा कमी ल्याउँदै प्राविधिक तथा दक्ष जनशक्ति उत्पादनमा जोड दिएको हुने । | | | | | | |
| आधारभूत तह सम्मको उत्तिर्ण दर | संख्या | ९५.२ | ९६ | ९६ | ९६ | व.सर्वे | गा.पा. |
| माध्यामकि तह (९-१२) को खूद भर्नादर | प्रतिशत | ५३.७ | ५४ | ५७ | ५९ | व.सर्वे | गा.पा. |
| कक्षा ८ सिकाई उपलब्धी दर | प्रतिशत | ४१ | ४५ | ५० | ५५ | व.सर्वे | गा.पा. |
| कक्षा ८ को निरन्तरता दर | प्रतिशत | | | | | व.सर्वे | गा.पा. |
| बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | ३० | ४० | ४५ | ६० | व.सर्वे | गा.पा. |
| वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध विद्यालय | संख्या | | | | | व.सर्वे | गा.पा. |
| वालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र भूकम्प प्रतिरोधात्मक संचरना भएको विद्यालय | संख्या | | | | | व.सर्वे | गा.पा. |
| आइसिटि सेवा उपलव्ध भएको विद्यालय | संख्या | | | | | व.सर्वे | गा.पा. |
| व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका विद्यालय | संख्या | | | | | व.सर्वे | गा.पा. |
| छात्रवृत्ती पाउने विद्यार्थी संख्या | संख्या | | | | | व.सर्वे | गा.पा. |
| वालक्लव गठन भएका विद्यालय | संख्या | | | | | व.सर्वे | गा.पा. |
| शिक्षक विद्यार्थी अनुपात (आधारभूत र माद्यामिक) | संख्या | | | | | व.सर्वे | गा.पा. |
| विषयगत तालिम प्राप्त शिक्षकहरु | संख्या | | | | | व.सर्वे | गा.पा. |
| रैथाने उत्पादनको दिवा खाजा प्रदान गर्ने विद्यालयहरु | संख्या | | | | | व.सर्वे | गा.पा. |
| सेनीटरी प्याड र नर्स सेवा उपलव्ध भएको विद्यालय | संख्या | | | | | व.सर्वे | गा.पा. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| उच्च शिक्षा अध्यापन गर्ने (क्याम्पस) शिक्षण संस्था | संख्या | | | | १ | व.सर्वे | गा.पा. |
| सामुदायिक विद्यालयमा प्राविधिक धारको अध्यापन गराउने विद्यालय | संख्या | २ | २ | ३ | ५ | व.सर्वे | गा.पा. |
| राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमवाट लाभान्वित विद्यालय | संख्या | | | | | व.सर्वे | गा.पा. |
| जनसंख्या वनौट र भौगोलिक अवस्थाको आधारमा नक्साङ्कन गरी समायोजन तथा एकीकरण भएका विद्यालय | संख्या | ० | १ | २ | २ | व.सर्वे | गा.पा. |
| **प्रतिफल तहको समय तालिका** | | | | | | | |
| विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना अभियान मार्फत विद्यालयय प्रवेश गराएको हुने । | | | | | | व.सर्वे | गा.पा. |
| गुणस्तरिय शिक्षाको लागि आवश्यक दक्ष जनशक्ति तथा श्रोतको व्यवस्थापन भएको हुने । | | | | | | व.सर्वे | गा.पा. |
| बाल मैत्री कक्षाकोठा तथा पुस्तकालयको व्यवस्थापन भएको हुने । | | | | | | व.सर्वे | गा.पा. |
| शिक्षकहरुको क्षमता विकासका लागि पहल भएको हुने । | | | | | | व.सर्वे | गा.पा. |
| अभिभावक, विद्यार्थी र शिक्षक बिच अर्न्तक्रया, संवाद तथा समस्या चुनौतीहरुका बारेमा प्रर्याप्त छलफल भएको हुने । | | | | | | व.सर्वे | गा.पा. |
| विभिन्न सरकारी तथा गैह्रसरकारी निकायहरुमार्फत शैक्षिक सुधारका गतिविधिहरु संचालनका भएको हुने । | | | | | | व.सर्वे | न.पा. |
| **अपेक्षित उपलब्धि** | | | | | | | |

- आवधिक योजनाको अन्त्यसम्ममा आवधिक योजनाले तोकेका सूचक तथा आयोजनाहरुको कार्यान्वयनबाट यो उपक्षेत्रसँग सम्वन्धित सरोकारवालामा गुणात्मक परिवर्तत आउनेछ ।
- असर तहका आधारमा निर्माण गरिएका रणनीति तथा आयोजनाहरुको कार्यान्वयनबाट सम्वन्धित सरोकारवालाले लाभ लिने छन ।
- असर तहका सम्पूर्ण सूचकहरुमा क्रमिक सुधार आउने छ ।
- विद्यालयहरु प्रविधिमैत्रि हुने
- आधारभूत तथा माध्यामिक तहको खुद भर्नादरमा वृद्धि
- बालिकाहरुको विद्यालय छाड्ने संख्यामा कमी हुने
- विद्यालय नगएका बालबालिकाको विद्यालय भर्ना भएका र दलित तथा अपाङ्गता भएकाको विषयमा सुधार र समग्रमा साक्षरतामा वृद्धि

### ५.२.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकामा संचालनमा रहेका योजना तथा आयोजनाको कार्यान्वयनको लागि बजेटको अभाव हुने छैन,
- गाउँपालिकामा योजना अवधिमा कुनैपनि किसिमको मानविय तथा प्राकृतिक विपत्ति उत्पन्न हुने छैन,
- शिक्षक दरबन्दीको व्यवस्था, पर्याप्त मात्रामा शैक्षिक सामग्री र विज्ञान प्रयोशालाको निर्माण हुन नसक्नु जोखिमपुर्ण रहेको,
- शैक्षिक भौतिक पूर्वाधार निर्माणका कार्यको निरन्तरता, खेलमैदानको निर्माण लगायतका कार्य समयमै सम्पन्न गर्न नसक्नु,
- विद्यालयका लागि दिगो आर्थिक स्रोतको व्यवस्था गर्नु चुनौतिपुर्ण रहेको,
- विद्यार्थी निरन्तरता कायम राख्नु तथा विद्यार्थीहरू पढाइ छोडने समस्याको अन्त्य गर्न नसकिनु,
- शैक्षिक जनचेतनाको स्तरमा वृद्धि गर्नु,
- महिला, बालबालिका तथा अपाङ्गमैत्री विद्यालयको निर्माण गर्न नसकिनु,
- दक्ष तथा प्राविधिक शिक्षकहरूलाई पालिकामा टिकाई राख्न नसकिनु,
- प्रविधिक शिक्षालय तथा आई.सि.टि. ल्यावको स्थापना गरी संचालनमा ल्याउन नसकिनु ।

## ५.५ खानेपानी र सरसफाई सेवा

### ५.५.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच हुने विषय प्रत्याभूत गरेको छ । सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने दिगो विकास लक्ष्य रहेको छ । गाउँपालिकाले गाँउपालिका भित्रका गाँउबस्तीहरुमा एक घर एक धारा कार्यक्रम लागू गरी धौलिगाड बृहत खानेपानी आयोजना शुरु गरेको छ । त्यसैगरी, तातोपानी गाउँपालिकाकाले आफ्ना गाउँबासीहरुको खानेपानीको सुनिश्चितताको लागि लिताकोट वृहत खानेपानी आयोजनाको काम पनि शुरु गरेको छ । खालखोली मुहानलाई व्यवस्थित गरी निर्माण गर्न लागिएको यस आयोजनाले गाउँपालिकाको वडा नं १, २ र ३ का बासिन्दाहरु लाभान्वित हुनेछन् ।

तातोपानी गाउँपालिकाका अधिकांश गाउँ बस्तीहरुमा धाराको पानी पुगेको छ । गाउँ वस्ती नजिक रहेका प्राकृतिक मूल तथा खोलाहरुबाट पानीलाई पाइपको माध्यमबाट ट्याङ्कीमा संकलन गरी पाइपको माध्यमबाट घरपरिवारमा वितरण गरिएको छ । स्वस्थ्य जीवनका लागि स्वछ खानेपानी तथा सरसफाई अनिवार्य हुन्छ । सरसफाई तथा वातावरणीय स्वास्थ्यसँग सम्बन्धित पक्षहरुमा जमीन, हावा तथा पानी पर्दछन् । यी पक्षहरुको स्वस्थताका लागि शौचालय निर्माण, रुख विरुवा संरक्षण, धुँवा धुलो ध्वनि मुक्त वातावरणको आवश्यकता पर्दछ । स्वच्छ खानेपानी तथा सरसफाईका क्षेत्रमा तातोपानी गाउँपालिकाले उल्लेख्य काम गर्नु पर्ने आवश्यकता छ। गाउँपालिकाका ९५ प्रतिशत घरधुरीमा शौचालय रहेका छ । गाउँघरमा सरसफाइको चेतना विस्तारै बढिरहेको छ । तर कर्णाली राजमार्गमा पर्ने गाउँपालिकाका वडा नं. १, २, ३, ५ र ६ नं. वडा कार्यालहरु रहेका छेउछेउमा बस्ती विस्तारको क्रम तिव्ररुपमा भैरहेको छ । गाउँपालिकाको अस्थाइ मुकाम लिताकोटमा भएकोले त्यस वरपर र वडा नं. २ मा प्रशिद्ध तातोपानीको मूल भएकोले त्यसको वरपर विस्तार भैरहेको वस्तीमा ढल निकास तथा सरसफाइको समस्या पेचिलो बन्दै गैरहेको छ । त्यसो त सरसफाइका सम्बन्धमा व्यवहार परिवर्तनको जनचेतनामूलक कार्यक्रमहरु बस्ती स्तरमै गर्नु पर्ने समेत देखिन्छ ।

### ५.३.२ समस्या तथा चुनौती

सफा पानीका प्राकृतिक स्रोतहरु कम हुदै जानु र नजिकमा रहेका स्रोतहरुमा एकातर्फ पानी सुक्दै जानु अर्कोतर्फ वस्ती बढ्दै जानु, विद्यमान खानेपानीको गुणस्तर जाँच नहुनु, खानेपानीको स्रोत संरक्षणमा पर्याप्त ध्यान पुग्न नसक्नु, खानेपानीको योजनाहरूको मर्मत सम्भार पद्धतिको विकास गर्न नसक्नु, खानेपानीको वितरण नियमित नहुनु, गाउपालिकामा खानेपानी सम्बन्धी काम गर्ने दक्ष जनशक्तिको अभाव हुनु, सरसफाईसम्बन्धी जनचेतनाको कमी हुनु आदि मुख्य समस्याहरू हुन् । खानेपानीको गुणस्तरमा वृद्धि गरी स्वच्छ तथा सफा खानेपानी वितरण गर्नु, खानेपानीलाई शुद्धीकरण गर्नु, पानीको मुहान र स्रोत संरक्षण गर्नु, निर्माणाधीन खानेपानी योजनाहरू समयमै निर्माण सम्पन्न गर्नु,

घरायसी फोहोरलाई आफ्नै घरमा खाल्डो खनी कम्पोष्ट मल बनाउने अभ्यासलाई अवलम्बन गराउन, बढ्दै गएका बजार क्षेत्रहरुमा ढल निर्माण गर्न र भएका बाटोका नालीहरुमा सरसफाइ गर्न, बस्ती नजिकका जलाधार क्षेत्रको सरसफाइ गर्न, *(उदाहरणका लागि लिताकोट बजारको नजिकबाट बग्ने खोलामा भएको फोहोर)* सरसफाईसम्बन्धी जनचेतना जगाउनु, फोहरको उचित व्यवस्थापन गर्नु आदि चुनौतीहरू छन् ।

### ५.३.३ सम्भावना तथा अवसर

गुणस्तरीय स्वास्थ्यमा सबैको सहज पहुँचको यथोचित व्यवस्थापन र संरक्षणलाई राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा समावेश गरिनु, । शुद्ध खानपानी र सरसफाई तीनै तहका सरकारको प्राथमिकतामा पर्नु । नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई स्वच्छ पिउने पानी र सरसफाईलाई महत्वपूर्ण रुपमा उठान हुनु, नागरिकलाई गुणस्तरीय जीवनयापनको लागि अवसरको वृद्धि गर्ने कुरालाई कर्णाली प्रदेशको आवधिक योजनामा महत्वका साथ उठान गर्नु, खानेपानीको स्रोतका लागि आवश्यक जलाधार क्षेत्र हुनु, भूमिगत जलस्रोतका मूहानको पानी लैजान समस्या भएका ठाउमा समेत लिफ्टको माध्यमबाट पानी लैजानको लागि तिला नदी र भेरी खोलामा सफा पानी प्रयाप्त हुनु, खानेपानीमा सरोकारवाला निकायहरूको चासो र सहकार्य हुनु,

फोहोर व्यवस्थापनलाई पनि नसड्ने प्लाष्टिकजन्य फोहोरलाई संकलन गर्न बाटोको सामान्य सुविधा भएका कारण एकतृत गर्न सकिने र सडने प्रकारका फोहोरलाई कम्पोष्ट बिनमा राखी जैविक मल तयार गर्न सकिने प्रशस्त संभावना रहेको, व्यक्तिगत सरसफाईको सचेतनाका लागि महिला स्वास्थ्य सेविकाहरुको परिचालनको संभावना रहेको, खानेपानी तथा सरसफाईप्रति आम नागरिकको चेतना अभिवृद्धि हुँदै जानु आदि अवसरहरू हुन् ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

***"घर आगनको सरसफाई आफ्नो जीवनको भलाई"*** भन्ने नारालाई अगाडी सार्दै पूर्ण सरसफाई कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउन एक घर एक धारा एक शौचालयको पूर्ण सुनिश्चिताको अठोट बोकेको तातोपानी गाउँपालिकाले आफ्नो प्रथम आवधिक योजनाकालागि निम्न लक्ष्य र उद्देश्य लिएको छ :

**लक्ष्य :**

सबै नागरिकलाई स्वच्छ, सफा, सुरक्षित खानेपानी वितरण गर्ने र सरसफाइमा जनचेतना अभिवृद्धि गरी स्वस्थ समाजको निर्माण गर्ने ।

**उद्देश्य :**

स्वच्छ, सफा, सुरक्षित खानेपानीको वितरण तथा व्यवस्थित सरसफाइबाट स्वस्थ समाजको निर्माण भएको हुनेछ,

## रणनीति, कार्यक्रम तथा आयोजना

| रणनीति | कार्यक्रम | आयोजना | लागत |
|---|---|---|---|
| खानेपानी व्यवस्थापनका लागि संरचनात्मक व्यवस्थाको विकास गर्ने | खानेपानी आयोजना व्यवस्थापन तथा सुदृढिकरण कार्यक्रम | एकीकृत खानेपानी व्यवस्थापन ऐन | |
| | | खानेपानी व्यवस्थापनको न्युनतम मापदण्ड निर्माण | |
| | | खानेपानी वितरणको तथ्याङ्क अद्यावधिक | |
| | | खानेपानी उपभोक्ता समितिको क्षमता अभिबृद्धि | |
| | | एक घर एक धारा एक शौचालयको सुनिश्चिता | |
| शुद्ध तथा प्रशोधित खानेपानी प्रणालीको व्यवस्था गर्ने | खानेपानी वितरण प्रणाली | खानेपानीको स्रोत व्यवस्थापन तथा शुद्धिकरणको व्यवस्था | |
| | | पानीको परम्परागत स्रोतको संरक्षण, शुद्धिकरण तथा व्यवस्थापन | |
| | | वस्ती स्तरमा सामुदायिक पाइपमा आधारित खानेपानी व्यवस्थापन | |
| | | धौलीगाड र लिताकोट वृहत खानेपानी आयोजना सम्पन्न | |
| | | खानेपानी मर्मत सम्भार कोषको स्थापना | |
| | | लिफ्टिङ सहितको प्रविधि मैत्री खानेपानी वितरण प्रणालीको विकास | |
| | | खानेपानी संयन्त्रको मर्मत संभारमा उपभोक्ता समितिको क्षमता अभिबृद्धि | |
| फोहोरमैला व्यवस्थापन प्रणालीको विकास गर्ने | फोहोरमैला व्यवस्थापन कायक्रम | वजार क्षेत्रबाट निस्कासित फोहोरको वर्गीकरण गरी संकलन तथा व्यवस्थापन | |
| | | फोहोर व्यवस्थापनका लागि नीतिगत व्यवस्था गर्ने | |
| | | साधारण शौचालय घरधुरी प्रयोग गर्ने घरधुरीका लागि प्यान भएको शौचालय निर्माणमा अनुदान | |
| | | घर आँगनबाट निष्कने जैविक फोहोरलाई प्रांगारिक मलका रुपमा व्यवस्थापन गर्न प्रोत्साहन गर्ने | |
| | | वजार क्षेत्रमा उत्पादित जैविक फाहोरलाई ग्रामिण क्षेत्रमा मलको रुपमा प्रयोग गर्ने प्रणालीको विकास | |
| | | प्लास्टिकको प्रयोगलाई निरुत्साहित गर्ने | |
| लागत लाखमा | | | |

### ५.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| प्रभाव तह | गाउँपालिकाका सबै घरधुरीहरु पाइपद्वारा वितरित खानेपानी तथा सुधारिएको सरसफाई सुविधा सम्बन्धी कार्यमा सहभागी भएको हुने । | | | | | | |
| असर तह | एक घर एक धारा, फोहोर व्यवस्थापन, विद्यालय,स्वास्थ्य संस्था जस्ता निकायमा सुरक्षित खानेपानीको प्रबन्ध गर्दै पूर्ण सरसफाई युक्त गाउँपालिका निर्माणका लागि पानी जन्य तथा सर्ने रोगहरुको न्यूनीकरण भएको हुने । | | | | | | |
| पाइपलाइनको निजी धारा उपलब्ध भएका घरधुरी | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| पाइपलाइनको सार्वजनिक धाराबाट वितरित खानेपानी उपभोग गर्ने घरधुरी | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| मूल, नदी, खोला, कुलोको पानी उपभोग गर्ने घरधुरी | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| साधारण शौचालय भएको घरधुरी | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| सार्वजनिक शौचालयहरु | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| जोखिमयुक्त अवस्थामा साबुनपानीले हातधुने जनसंख्या | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| फोहोरको वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| सक्रिय खानेपानी र सरसफाई उपभोक्ता समिति | संख्या | | | | | व. सर्वे | गा.पा |
| घर आँगन तथा शौचालयवाट निस्किएको फोहोरलाई व्यवस्थित गर्ने घरपरिवार | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| **प्रतिफल तहको समय तालिका** | | | | | | | |
| सबै गाउँपालिकाबासी जनतालाई शुद्ध पीउने पानीको उपलब्ध भएको हुने । | | | | | | वडागत सर्वेक्षण | गा.पा |
| धौलिगाड तथा लिताकोट वृहत खानेपानी आयोजनाबाट गाउँपालिकाबासी लाभान्वित हुने | | | | | | वडागत सर्वेक्षण | गा.पा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा, टोल तथा समुदायस्तरमा भएका खानेपानी आयोजनाहरुलाई दिगो व्यवस्थापनका लागि समन्वय तथा पहल भएको हुने | | | | | | वडागत सर्वेक्षण | गा.पा |
| शौचालय प्रयोग तथा सरसफाईका लागि सचेतनामूलक गतिविधिहरु संचालन गरिएको हुने | | | | | | वडागत सर्वेक्षण | गा.पा |
| आकाशे पानी संकलन तथा प्रयोगका लागि प्राविधिक ज्ञान सिपको व्यवस्थापन भएको हुने | | | | | | वडागत सर्वेक्षण | गा.पा |
| गाउँपालिकामा खानेपानी स्वच्छता तथा सरसफाईका क्षेत्रमा कार्य गर्ने सरकारी तथा गैह सरकारी निकायसँग समन्वय भएको हुने | | | | | | वडागत सर्वेक्षण | गा.पा |
| खानेपानी मर्मत सम्भारका लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति तयार भएको हुने । | | | | | | वडागत सर्वेक्षण | गा.पा |
| विभिन्न वडा तथा समुदायहरुले प्राकृतिक पानीका श्रोतहरुको संरक्षण गर्ने दरमा बृद्धि भएको हुने । | | | | | | वडागत सर्वेक्षण | गा.पा |
| तातोपानीका बढ्दै गइरहेका बजारको फोहोर व्यवस्थापन गर्न डम्पिङ साइटको व्यवस्था भएको हुने | | | | | | | |

**अपेक्षित उपलब्धि**

- आवधिक योजनाको अन्त्यसम्ममा आवधिक योजनाले तोकेका सुचक तथा आयोजनाहरुको कार्यान्वयनबाट यो उपक्षेत्रसँग सम्वन्धित सरोकारवालामा गुणात्मक परिवर्तत आउनेछ ।
- सुरक्षित खानेपानीको उपलब्धता वढ्ने छ ।
- पक्की शौचालय प्रयोग गर्ने घरपरिवारको प्रतिशतमा बृद्धि हुनेछ ।
- बजारक्षेत्रबाट निस्कासित फोहोरको व्यवस्थापनको लागि डम्पिङ साइटको व्यवस्थापन भएको हुनेछ ।
- असर तहका आधारमा निर्माण गरिएका रणनीति तथा आयोजनाहरुको कार्यान्वयनबाट सम्वन्धित सरोकारवालाले लाभ लिने छन् ।
- असर तहका सम्पूर्ण सुचकहरुमा क्रमिक सुधार आउने छ ।

### ५.३.६ अनुमान तथा जोखिम पक्ष

- गाउँ पालिकामा संचालनमा रहेका योजना तथा आयोजनाको कार्यान्वयनको लागि बजेटको अभाव हुने छैन,
- खानेपानी तथा सरसफाइका सम्बन्धमा विद्यमान नीति, ऐनहरुमा आवधिक योजना अवधिभरमा कुनै परिवर्तन हुने छैन,
- गाउँपालिकामा योजना अवधिमा कुनैपनि किसिमको मानविय तथा प्राकृतिक विपत्ति उत्पन्न हुने छैन,
- संघ र प्रदेश सरकारसँगको सम्मन्वयमा आयोजना निर्माण कार्य सम्पन्न हुनेछन्,
- शुद्धिकरण भएको खानेपानी सबै नागरीकको पहुँचसम्म पुर्याउनु ।
- फोहोर वर्गिकरण, व्यवस्थापन तथा डम्पिङ साइट निर्माण गरी व्यवस्थापन गर्नु,

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

समावेशी विकास प्रणाली समुदायको सहभागितामुलक प्रयासबाटमात्र सम्भव हुन्छ । त्यसकालागि राज्यले समाजका विभिन्न तह र तप्काका नागरिकलाई विकास तथा निणर्य प्रकृयामा समान तथा अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्नु पर्छ । तातोपानी गाउँपालिकामा महिलाको औषत साक्षरता ६२.४ प्रतिशत रहेको छ भने व्यवसायिक सीपमूलक तालिम प्राप्त गरी उद्यमी भएका महिला संख्या निकै न्यून रहेको छ । यस गाउँपालिकामा मुख्यतयाः ब्राह्मण, क्षेत्री, ठकुरी तथा दलित आदि विभिन्न जातजातीका मानिसहरु बसोबास गर्दै आएका छन् । आर्थिक रुपमा सीमान्तकृत र सामाजिक रुपमा विभेदमा परेका तथा विभिन्न शारिरिक तथा उमेरका कारण असहज अवस्थामा रहेका वर्गको हिसाव गर्दा यस गाउँपालिकामा ९ प्रतिशत दलित वर्गको बसोबास छ । गाउँपालिकामा पूर्ण तथा आंशिक अपाङ्गको जनसंख्या २.३ प्रतिशत रहेको छ । वृद्धि वृद्धाका अतिरिक्त एकल ममिला समेत ११ प्रतिशत रहेको अवस्था छ ।

गाउँपालिका मा ३८ वटा महिला तथा आमा समूह तथा संस्थाहरु रहेका छन् भने राजनीतिक पार्टी अन्तरगतका महिला सञ्जालहरु ४ वटा रहेको छन् । महिला सहकारी संस्था संख्या ४ रहेको छ । गाउँपालिकामा लैङ्गिक हिंसा सम्वन्धि घटनाहरु हुने गरेपनि स्थानीय प्रहरी चौकीहरुमा महिला हिंसाका घटना दर्ता नभएको प्रहरी चौकीका इन्चार्जहरुले बताएका थिए ।

गाउँपालिकामा सदरदर ३५ प्रतिशत बालविवाह हुने गरेको वडाभेला तथा वडा अध्यक्षहरुसँगको अन्तरवार्तामा बताउनु भएको थियो । वालविवाहहरु विशेषगरी केटाकेटीहरुले आफू खुसी गर्ने विवाहमा बढी बालविवाह हुने गरेकोले यसको समाधान पेचिलो बन्दै गएको देखिन्छ । विद्यालयमा बालिकाको उपस्थित सरदर ५५ प्रतिशत रहेको छ । गाउँपालिकामा हाल ८ वटा वडास्तरीय बालसंजालहरु रहेको छन् । त्यसैगरी गाउँपालिकामा युवा क्लवहरु पनि रहेका छन् । केही वडाहरुमा जेष्ठ नागरिक दिवा केन्द्रहरु पनि खोल्ने क्रममा रहेको छ ।

समाजमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषवस्तुलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न गाउँपालिका अन्तर्गत महिला वालवालिका वहुक्षेत्रिय पोषण कार्यक्रम, महिला पुरुष समविकास तालिम कार्यक्रम, महिलालाई समूह, सहाकारीमा आवद्ध हुने, विविध तालिमहरु सञ्चालन जस्ता महिलाका लागि आयआर्जन कार्यक्रमहरु सञ्चालन गरेको छ । त्यसै गरी गाउँपालिका स्तरीय गैससहरुसँगको सहकार्यमा अपाङ्गता भएका व्यक्ति लक्षित विविध आयआर्जनका कार्यक्रम सञ्चालन गरिएका छन ।

### ५.४.२ समस्या तथा चुनौती

शिक्षा, स्वास्थ्य लगायत सेवामा महिलाको पहुँचमा कमी, नेतृत्व तहमा महिलाको अर्थपूर्ण सहभागितामा कमी, लक्षित वर्गमा नेतृत्व क्षमता विकासको कमी, महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिकमैत्री नीति तथा सार्वजनिक स्थलको निर्माण नहुनु, महिलाहरूलाई भूस्वामित्वको अधिकार पूर्ण नहुनु, ज्येष्ठ नागरिकको हेरचाहमा कमी हुँदै जानु, रुढिवाढी परम्परा हावी हुनु, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन हुन नसक्नु, व्यक्ति एवम् ज्येष्ठ नागरिकको

हक अधिकारको कार्यान्वयनको पक्ष फितलो हुनु आदि प्रमुख समस्याका रूपमा रहेका छन् । महिलाहरूको घरायसी कामको आर्थिक मूल्याङ्कन नगरिनु, सम्बन्धित निकायले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्राथमिकतामा राखी लैङ्गिक उत्तरदायी बजेट विनियोजन गर्नु, महिलाहरूमाथि हुने सबै प्रकारका हिंसा, वालविवाह रोकथाम, विभेद तथा शोषणको अन्त्य गर्नु, बालमैत्री स्थानीय शासन स्थापना गर्नु, ग्रामीण महिलाको जीवनस्तरमा सुधार ल्याउनु, अपाङ्गता भएका व्यक्तिको अपाङ्गताको प्रकृति अनुसारको सेवा प्रवाह गर्नु, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिमैत्री पूर्वाधार विकास गर्नु, सामाजिक सुरक्षा भत्ता वितरण सहज र सेवाग्राहीमुखी बनाउनु, अपाङ्गतामैत्री शिक्षा तथा सहायक सामग्रीको उपलव्धता गर्न सक्नु आदि यस क्षेत्रका चुनौती हुन ।

### ५.४.३ सम्भावना तथा अवसर

विभिन्न गैरसरकारी संस्थाहरूले लक्षित वर्गलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रम सञ्चालन गर्नु, संविधानका मौलिक हकमा समावेशीकरणलाई प्राथमिकता दिई सो अनुसार विभिन्न हक सुरक्षित हुनु, समावेशी प्रतिनिधित्वको संवैधानिक एवम् कानुनी व्यवस्था हुनु, महिलाहरू उद्यमी, व्यवसायी बन्न पाउनु, गाउँपालिकाको निर्णय प्रक्रियामा संघीयता अनुरूप बालबालिका सम्बन्धी कानुन, नीति, योजना, कार्यक्रम तथा संस्थागत संयन्त्रको विकास हुँदै जानु, ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्ने वातावरण सिर्जना हुँदै जानु, निर्वाचित महिला जनप्रतिनिधि हुनु, लैङ्गिक उत्तरदायी बजेट विनियोजन हुनु, स्थानीय तहमा गठित विभिन्न समितिहरूमा महिलाको ३३% सहभागिता सुनिश्चित हुनु, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति बन्नु, अपाङ्गतासम्बन्धी परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७६ पारित (हाल छैन भने आवश्यक रहेका) भई कार्यान्वयन सुरु हुनु, व्यवसाय, खेलकुद, घरपरिवार तथा वित्तीय क्षेत्रमा महिलाको पहुँचमा वृद्धि हुनु आदिलाई अवसरका रूपमा लिन सकिन्छ ।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**"महिला अघि बढाउनुछ अनि बालबालिका, जिल्लाकै नमूना बनाउ हाम्रो गाउँपालिका"** भन्ने नारालाई मूर्तरुप दिन साथै **"जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको सम्मान गरौं, समाजमा रहेका कुरिति, कुसंस्कारलाई अन्त्य गरौं"** भन्ने मुल नाराका साथ जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको संरक्षणमा अग्रसर रहेको तातोपानी गाउँपालिकाले आफ्नो प्रथम आवधिक योजनाकालागि निम्न लक्ष्य र उद्देश्य लिएको छ :

**लक्ष्य :** "महिला, बालबालिका, अपाङ्गता भएका, जेष्ठ नागरिक तथा सिमान्तकृत समुदायहरु विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी  समावेशी समाजको निर्माण तथा प्रवर्द्धन गर्ने ।"

**उदेश्य :** सबै वर्ग, लिङ्ग, जात जाती, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको समान अवसर र पहुँचमा वृद्धि गर्नु ।

## रणनीति, कार्यक्रम तथा आयोजना

| रणनीति | कार्यक्रम | आयोजना | लागत |
|---|---|---|---|
| नीति तथा संरचनागत व्यवस्था | आवश्यक नीति, ऐन कार्यविधि तयार गर्ने | लैङ्गिक समनाता तथा सामाजिक समावेशीकरण नीति तथा रणनीति तयार गर्ने | |
| | | लैङ्गिक समनाता तथा सामाजिक समावेशीकरण परिक्षण गर्ने | |
| | | बालविवाह न्युनीकरण रणनीति तयार गर्ने | |
| | | बालश्रम सर्वेक्षण गरी बालश्रम मुक्त गाउँपालिका घोषण गर्ने | |
| | | लैङ्गिक समनाता तथा सामाजिक समावेशीकरण शाख तथा सम्पर्क व्यक्तिको व्यवस्था गर्ने | |
| | | बालकल्याण अधिकारीको व्यवस्था गर्ने | |
| | | बालमैत्री स्थानीय शासनका लागि बालमैत्री गाउँपालिका घोषणा गर्ने | |
| बालमैत्री पूर्वाधारको विकास | बालमैत्री शिक्षण सिकाइ कार्यक्रम | विद्यालयमा बालमैत्री संरचनाको निर्माण | |
| | | मन्टेश्वरीमा आधारित सिकाईको अवलम्बन | |
| | | बालबालिकामैत्री पार्क तथा हरियाली क्षेत्रको निर्माण | |
| | | वडास्तरीय बालसंजाल, समूह, क्लव गठन | |
| | | सूचना प्रविधि मैत्री शिक्षण शिकाईको व्यवस्था | |
| किशोर किशोरीको व्यवसायिक क्षमता अभिबृद्धि गर्ने | किशोर किशोरी लक्षित रोजगारीता (रोजगारी प्राप्त गर्न सक्ने क्षमता) अभिबृद्धि कार्यक्रम | किशोर किशोरीको शिप, रुचि, क्षमता अभिलेखीकरण | |
| | | विद्यालय स्तरका किशोर किशोरीलाई व्यवसायिक कृषि तथा उद्यम विकासमा संलग्न गराउने | |
| | | पढ्दै कमाउदै कार्यक्रम सञ्चालन | |
| | | प्राविधिक रुचि भएका किशारीलाई तदअनुरुपको तालिमको व्यवस्था | |
| | | पुर्नस्थापना केन्द्र (Safe House ) प्रभाबकारीता अभिबृद्धि कार्यक्रम | |
| | | छुवाछुत जस्ता कुरुतिहरु निरुत्साहित गर्न चेतनामूलक कार्यक्रम | |
| | | किशोर किशोरी लक्षित अन्तरपालिका कार्यक्रम | |
| | | युवा दुर्व्यसनी विरुद्धका चेतनामूलक कार्यक्रम | |
| आर्थिक रुपमा सकृय जनसंख्याको सुरक्षण तथा उत्पादनशील प्रयोग | महिला उद्यमशीलता तथा सुरक्षण कार्यक्रम | महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यक्रम | |
| | | महिला संजाल तथा आमा समूहहरुको क्षमता अभिबृद्धि | |
| | | महिला सहकारी संस्था तथा आवद्ध सदस्यको उद्यमशीलता अभिबृद्धि | |
| | | एकल महिला तथा पुरुष सुरक्षा कोषको स्थापना | |

| | | | |
|---|---|---|---|
| | | लक्षित वर्गहरुको लागि आवश्यक वित्तिय स्रोतको व्यवस्था | |
| | | पछाडि परिएका महिलाहरुको लागि आर्थिक सशक्तिकरण गर्न जीवीकोपार्जन कार्यक्रम | |
| | | हिंसापीडित महिलाको उद्धार, राहत, मनोसामाजिक परामर्श र कानूनी उपचारका लागि पुनर्स्थापना केन्द्रको स्थापना | |
| | | बाल विवाह, बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, दुर्व्यवहार, घरेलु हिंसा आदि घटनाको अभिलेखीकरण | |
| अपाङ्गता फरक क्षमता भएका व्यक्ति, मनोवैज्ञानिक प्रभाव परेका व्यक्तिको सुरक्षण तथा उत्पादनशीलता बृद्धि | अपाङ्गता फरक क्षमता भएका व्यक्ति, मनोवैज्ञानिक प्रभाव परेका व्यक्तिको सुरक्षण कार्यक्रम | क्रियाशील अपाङगता क्लवको गठन तथा विस्तार | |
| | | अपाङगताा भएका व्यक्तिको व्यवसायिक सिप तथा क्षमता अभिलेखीकरण तथा तदअनुरुपको क्षमता विकास | |
| | | अपाङ्गता सुरक्षण कोषको स्थापना | |
| | | अपाङ्गता बर्गीकरण कार्यक्रम | |
| जेष्ठ नागरिक जिवनयापनलाई सहज वनाउने | जेष्ठ नागरिक सुरक्षण तथा स्याहार सम्भार कार्यक्रम | सम्पूर्ण जेष्ठ नागरिक, असहाय, अशक्त, वेवारिसे ज्येष्ठ नागरिकको तथ्याङ्क अद्यावधिक गर्ने | |
| | | वडा नं. १ राँकामा रहेको सेवाकेन्द्रलाई स्तरउन्नती गर्दै बृद्धा आश्रमको रुपमा सञ्चालन गर्ने | |
| | | सामाजिक सुरक्षा भत्ताको प्रयोगको नियमन | |
| | | ज्येष्ठ नागरिक मिलन केन्द्रको स्तरोन्नति तथा १ वडामा १ स्याहार केन्द्र स्थापना | |
| | | जेष्ठ नागरिकलाई घरमै स्वास्थ्य सुविधा तथा स्याहार कार्यक्रम सञ्चालन गर्ने | |
| | | जनतासँग अध्यक्ष कार्यकम मार्फत वडा नं ४,५ , ६, ७ र ८ का बृद्ध नागरिकका लागि यातायातको ब्यवस्था गर्ने | |
| लागत लाखमा | | | |

### ५.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| प्रभाव तह | तातोपानी गाउँपालिका सबैको समतामूलक सहभागिताको केन्द्रको रुपमा विकास भएको हुने । | | | | | | |
| असर तह | तातोपानी गाउँपालिका जेष्ठ नागरिक, अपांगता, बालबालिका, महिला तथा अन्य पछाडि पारिएका वर्गहरुका लागि मैत्रीय र समावेशी स्थानको रुपमा परिचित भएको हुने । | | | | | | |
| महिलाको औषत आयु | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| रोजगारी, पेशाा, व्यवसायमा महिलाको उपस्थिति | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| महिला साक्षरता दर | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | | | | | व. सर्वे | गा.पा |
| महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यक्रमका लागि वजेट व्यवस्था | रु.लाखमा | | | | | व. सर्वे | गा.पा |
| अपाङ्गता मैत्री विद्यालय | संख्या | | | | | व. सर्वे | गा.पा |
| समावेशी पूर्वाधारको अवस्था | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| सम्पत्ति माथिको स्वामित्व भएका महिला | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| महिला संजाल तथा आमा समूहहरु | संख्या | | | | | व. सर्वे | गा.पा |
| अन्तरपाटी महिला संजाल | संख्या | | | | | व. सर्वे | गा.पा |
| महिला सहकारी संस्था | संख्या | | | | | व. सर्वे | गा.पा |
| महिला सहकारी संस्थामा आवद्ध सदस्य | संख्या | | | | | व. सर्वे | गा.पा |
| वहुविवाह दर | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| कृषि, पशुपंक्षी, स्वास्थ्य, इन्जिनियरिङ लगायत क्षेत्रमा महिला प्राविधिक | संख्या | | | | | व. सर्वे | गा.पा |
| बाल विवाह (कूल वार्षिक विवाह संख्याको) | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| वालवालिका विरुद्ध हुने हिंसा, वेचविखन, दुर्व्यवहार, घरेलु हिंसा आदि घटना | संख्या | | | | | व. सर्वे | गा.पा |
| वडास्तरीय बालसंजाल, समूह, क्लव गठन | संख्या | | | | | व. सर्वे | गा.पा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वालश्रम तथा शोषणमा रहेका वालवालिका | संख्या | | | | | व. सर्वे | गा.पा |
| वाल सहभागिता भएका समितिहरुको संख्या (विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, आदि) | सख्या | | | | | व. सर्वे | गा.पा |
| क्रियाशील अपाङ्गता क्लव | संख्या | | | | | व. सर्वे | गा.पा |
| अपाङ्गताको शिक्षा, स्वास्थ्य, सीप तथा क्षमता विकास र रोजगारी वृद्धिका लागि संचालित कार्यक्रमहरु | रु. लाखमा | | | | | व. सर्वे | गा.पा |
| व्यवसायिक सीप तथा क्षमता विकास गरिएका अपाङ्गता भएका व्यक्ति | संख्या | | | | | व. सर्वे | गा.पा |
| सामाजिक सुरक्षावाट लाभान्वित जनसंख्या | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| परिवर्तित स्थानीय संरचना तथा कानून अनुसार समावेशी समिति, संयन्त्र तथा संजालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| लैङ्गिक हिंसा निवारण कोषमा जम्मा भएको रकम | रु. | | | | | व. सर्वे | गा.पा |
| लैंगिक हिंसा र छुवाछुत सम्बन्धी घटना ( कूल वार्षिक घटनाको) | प्रतिशत | | | | | व. सर्वे | गा.पा |
| **तिफल तह समय तालिका** | | | | | | | |
| अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास तथा आय आर्जनका लागि कार्यक्रमहरु संचालन भएको हुने । | | | | | | व. सर्वे | गा.पा |
| लैङ्गिक समनाता तथा सामाजिक समावेशीकरण नीति तथा रणनीति तयार भएको हुने | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| लैङ्गिक समनाता तथा सामाजिक समावेशीकरण परिक्षण भएको हुने | | | | | | | |
| महिलाहरुको अर्थपूर्ण सहभागिताको लागि सचेतनामुलक कार्यक्रमहरु संचालन भएको हुने । | | | | | | व. सर्वे | गा.पा |
| दलित, पिछडीएका वर्गहरुको समान सहभागिता तथा आयआर्जनका लागि समन्वय र सहकार्य गरिएको हुने । | | | | | | व. सर्वे | गा.पा |
| घरव्यवहार तथा कारोबार सम्बन्धी निर्णयमा महिला सहभागी हुने परिवार सम्पति माथिको स्वामित्व भएका महिलाहरुको संख्यामा वृद्धि भएको हुने । | | | | | | व. सर्वे | गा.पा |
| कृषि, पशुपंक्षी, स्वास्थ्य, इन्जिनियरिङ लगायत क्षेत्रमा महिला प्राविधिकहरु उत्पादन भएको हुने । | | | | | | व. सर्वे | गा.पा |

**अपेक्षित उपलब्धि**

- आवधिक योजनाको अन्त्यसम्ममा आवधिक योजनाले तोकेका सूचक तथा आयोजनाहरुको कार्यान्वयनबाट यो उपक्षेत्रसँग सम्वन्धित सरोकारवालामा गुणात्मक परिवर्तत आउनेछ ।
- २० वर्ष भन्दा कम उमेरमा विवाह गर्ने बालबालिकाको सख्यामा कमी आउने छ ।
- घरजग्गामा महिलाको स्वामित्व वढ्ने छ ।
- समावेशी पूर्वाधारको विकास हुनेछ ।
- असर तहका आधारमा निर्माण गरिएका रणनीति तथा आयोजनाहरुको कार्यान्वयनबाट सम्वन्धित सरोकारवालाले लाभ लिने छन ।
- असर तहका सम्पूर्ण सुचकहरुमा क्रमिक सुधार आउने छ ।

### ५.४.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकामा संचालनमा रहेका योजना तथा आयोजनाको कार्यान्वयनको लागि बजेटको अभाव हुने छैन ।
- वर्तमान नीति तथा कानूनमा कुनै परिवर्तन हुने छैन ।
- योजना अवधिमा कुनैपनि किसिमको मानविय तथा प्राकृतिक विपत्ति उत्पन्न हुने छैन,
- गाउँपालिकाले उल्लेखित योजना संचालनका लागि दृढताका साथ पहलकदमी लिनेछ,
- सबै क्षेत्रमा लक्षित बर्गको सहभागिता वृद्धि गर्ने कार्यक्रमको संचालन गर्नु,
- समाजमा अवशेषका रुपमा रहेका बालविवाह तथा बहुविवाह अन्त्य गर्दै कानुनी दायरामा ल्याउन नसकिनु जोखिमुर्ण रहेको ।

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

नेपालको संविधानले राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वांगीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने व्यवस्था गरेको छ । युवाहरुलाई कर्णाली प्रदेशको आवधिक योजनामा समृद्ध कर्णाली, सुखारी कर्णालीबासीको परिकल्पनालाई साकार पार्ने संवाहक शक्तिको रुपमा औल्याइएको छ । त्यसैगरी, तातोपानी गाउँपालिकामा रहेका बेरोजगार युवाहरुलाई बेरोजगार सूचिमा सुचिकृत गरि प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारीको व्यवस्था गर्ने युवाहरुको क्षमता, दक्षता र अनुभवका आधारमा गाँउपालिकाबाट संचालन हुने विकासका काममा प्रत्यक्ष संलग्न गराई आर्थिक आर्जनमा टेवा पुऱ्याउदै श्रमको सम्मान भन्ने भावनाको विकास गर्ने नीति लिएको छ । एक वडा एक खेल मैदान, गाउँपालिका स्तरीय युवा सञ्चालन गठन, हाँकु रंगशाला निर्माण र उपयुक्त ठाउमा कभर्डहल निर्माण गर्ने आयोजनाहरु अघि सारेको छ ।

तातोपानी गाउँपालिकामा ४ जना राष्ट्रिय स्तरका खेलाडीहरु र १ अन्तराष्ट्रिय रेफ्री रहेका छन् । भलिबल, फुटवल, कबड्डी र कराँते खेलका खेलाडीहरु रहेका छन् । भौगोलिक विकटताको कारण युवा खेलकुदको पूर्वाधारहरु निर्माण गर्न चुनौतिको रुपमा रहेको छ । समुदाय स्तरमा निर्माण गरिएका ३ वटा खेल मैदानमा १ वटा खोलाले समेत बगाएको अवस्था रहेको छ ।

युवाहरु रोजगारका लागि भारत लगायत तेस्रो मुलुकमा जाने क्रम पछिल्ला वर्षहरुम बढ्दै गइरहेको छ । हाल तातोपानी गाउँपालिकाबाट ३६३ जना युवाहरु तेस्रो मुलुकमा रोजगारीका लागि गएका छन् भने सयौंको संख्यामा मौसमी कामका लागि भारतमा जाने गर्दछन् । युवा स्वरोजगारका क्षेत्रमा गाउँपालिकाले उद्यमशील विकास तालिम, अवलोक भ्रमण, शिपमूलक तालिमहरु प्रदान गर्दै आइरहेको छ । तर युवालाई प्रोत्साहन हुने गरी युवा उद्यमी सम्मान जस्ता कार्यक्रमहरु पनि गर्नु पर्ने आवश्यक देखिन्छ । गाउँपालिकाको रोजगार कार्यक्रममा दर्ता हुन आएका युवाहरुको संख्या...........रहेको छ ।

### ५.५.२ समस्या तथा चुनौती

गाउँपालिकामा प्रविधियुक्त रोजगारीको कमी हुनु, युवामा उच्च शिक्षाको पहुँचमा कमी हुनु, युवाशक्तिलाई सीप र उद्यमशील बनाउन समुचित तालिमको कमी हुनु, युवा लक्षित कार्यक्रमको कमी हुनु, सिकेको सीप र तालिमलाई पूर्ण उपयोग गर्न नसकिनु, युवाशक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु, युवा विदेश पलायन हुनु, खेलकुद पूर्वाधारको कमी हुनु, खेलकुद क्षेत्रमा न्यून लगानी हुनु, विद्यालयबाट नै खेलकुदप्रति अभिरुचि जगाउन नसक्नु, खेलकुद प्रशिक्षणको कमी हुनु, जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरमा पर्याप्त सम्बन्ध कायम हुन नसक्नु जस्ता यस क्षेत्रका प्रमुख समस्या

देखिएका छन् । युवामा सीप र उद्यमशीलता विकास गर्नु, युवा स्वरोजगारीको वृद्धि गर्नु, राष्ट्रियस्तरबाट उपलब्ध सुविधा र अवसरसँग युवाको पहुँच बढाउनु, गाउँपालिकामा रोजगारीका अवसरहरूको वृद्धि गर्नु, युवा प्रतिभा पलायन हुनबाट रोक्नु, युवालाई कुलतमा लाग्नबाट रोक्नु, क्षमतानुसार सक्षम युवा जनशक्ति उत्पादनमा ध्यान पुऱ्याउनु, विद्यालय, वडा र गाउँपालिकास्तरमा खेलकुदका पूर्वाधार निर्माण गर्नु, युवाहरूलाई खेलकुदप्रति प्रोत्साहित गराउनु, व्यावसायिक खेलकुदको विकास गर्नु, नियमित खेलकुद प्रतियोगिता आयोजना गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### ५.५.३ सम्भावना तथा अवसर

युवा विकासका लागि संवैधानिक व्यवस्था हुनु, रोजगार र स्वरोजगारका अवसरका लागि सरकारको उच्च प्राथमिकता रहनु राष्ट्रियस्तरमा नै युवा परिचालन नीति र रणनीति तय हुनु, राज्यबाट युवा रोजगार कार्यक्रम लागू हुनु, विदेशबाट फर्केका सीपयुक्त युवाको सीप परिचालनका लागि प्रोत्साहित कार्यक्रम लागू हुनु, युवा परिचालन गाउँपालिकाको प्राथमिकतामा रहनु, युवा संलग्न स्थानीय संरचना/संयन्त्र रहनु, विभिन्न तहका सरकारहरुले महिला तथा विशेष समूहका खेलाडीहरूको लागि खेलकुद प्रतियोगिता सञ्चालन गर्नु, खेलकुद पूर्वाधारहरूको क्रमशः विकास हुँदै जानु, पछिल्ला वर्षहरुमा नीजि क्षेत्रले पनि खेलकुदमा लगानी गर्न तयार हुनु आदि प्रमुख अवसरका रूपमा रहेका छन् ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

...........भन्ने मुल नाराका साथ तातोपानी गाउँपालिकाले आगामी ५ वर्षभित्र पूरा गर्न सक्ने गरी सामाजिक विकास अन्तरर्गत युवा तथा खेलकुदको क्षेत्रमा लिएको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम यस प्रकार रहेका छन् :

**लक्ष्य :** युवा उद्यमशीलता वृद्धि गरी स्वस्थ र स्वावलम्बी युवालाई गाउँपालिकाको समृद्धिमा परिचालन गर्ने ।

**उद्देश्य :** युवाहरूको सर्वाङ्गीण विकासकालागि उद्यमशीलता, रोजगारिता, सिर्जनशीलताको विकास गर्दै समग्र खेलकुद क्षेत्रमा प्रतिभाशाली खेलाडीहरूको उत्पादन गरी गाउँपालिकाको आर्थिक रुपान्तरणको लागि परिचालन गर्ने ।

### रणनीति, कार्यक्रम तथा आयोजना

| रणनीति | कार्यक्रम | आयोजना | लागत |
|---|---|---|---|
| युवा परिचालन रणनीति तयार गर्ने | आर्थिक रुपान्तरणका लागि युवाको | गाउँपालिकाको विकासमा युवा परिचालन नीति तर्जूमा | |
| | | उमेर समूह, शैक्षिक योग्यता, शिप, दक्षता तथा रुचिका आधारमा युवा वर्गीकरण | |
| | | गाउँपालिकासँग सम्वन्धित दक्ष तथा बिभिन्न क्षेत्रमा वौद्धिकता भएका | |

| | | | |
|---|---|---|---|
| | परिचालन कार्यक्रम | युवाको आल्मुनाई निर्माण | |
| | | गाउँपालिकाको पूर्वाधार निर्माण, स्तरोन्नती जस्ता कृयाकलापमा युवाको परिचालन | |
| | | विद्यालय स्तरबाट नै किशोर किशारीलाई आयमूलक व्यवसायिक सिप विकास तालिम तथा प्राविधिक शिक्षाको व्यवस्था | |
| | | वैदेशिक रोजगारीमा जाने युवाको लगत संकलन गर्ने | |
| युवा रोजागारीलाई व्यवस्थित र पूजीनिर्माण युक्त वनाउने | युवा रोजगारीता सुरक्षण गर्ने | गाउँपालिकाबाट देश भित्रै वा देश बाहिर रोजगारीको शिलशिलामा जाने युवाले अनिवार्य रुपा गाउँपालिकामा दर्ता गर्नु पर्ने अभ्यासको शूरुवात | |
| | | रोजगार बैंकको स्थापना गर्ने | |
| | | प्रधानमन्त्री तथा मूख्यमन्त्री रोजगार कार्यक्रम मार्फत युवाहरुलाई रोजगारीको व्यवस्था गर्ने । | |
| | | गाउँपालिकाले शुरु गरेको प्रत्येक महिनाको दोस्रो शनिवार श्रमदान दिने कार्यको निरन्तरता | |
| | | युवा क्लवहरुको क्षमता अभिवृद्धि गर्ने | |
| | | वैदेशिक रोजगारमा जाने युवालाई उसको रोजगारी अनुसारको तालिमको व्यवस्था | |
| | | विप्रेशणको उत्पादनशील प्रयोगका लागि युवा वर्गलाई प्रशिक्षण कार्यक्रम | |
| | | उत्पादनशील तथा आयमुलक क्षेत्रमा युवा विप्रेशण तथा गाउँपालिका सहलगानी कार्यक्रम | |
| खेलकुद विकासको आधार तायर पार्ने | खेलकुद पूर्वाधार विकास कार्यक्रम | एक विद्यालय एक खेलकुद मैदान र एक खेलकुद शिक्षक | |
| | | गाउँपालिका स्तरीय कर्भडहलको स्थापना | |
| | | हाँकु रंगशाला निर्माण गर्ने | |
| | | खेलाडी विद्यार्थीको पहिचान र विशेष प्रशिक्षण | |
| | | गाउँपालिकाको पहिचान दिने विशेष खेलको अभ्यास तथा प्रशिक्षण | |
| | | खेलकुद प्रशिक्षण केन्द्रको स्थापना | |
| | | अन्तर विद्यालय खेलकुद कार्यक्रम | |
| | | अन्तरपालिका खेलकुद कार्यक्रम | |
| | | अन्तर प्रदेश खेलकुद कार्यक्रम | |
| जम्मा लाखमा | | | |

### ५.५.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका :

| सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| **प्रभाव तह** : उद्यमशील युवा तथा प्रतिभाशाली खेलाडीहरुले गाउँपालिकाको छलव राष्ट्रिय तथा अन्तराष्ट्रिय रुतरमा पुऱ्याएका हुनेछन् । | | | | | | | |
| **असर तह** : उद्यमशील युवा तथा प्रतिभाशाली खेलाडीहरुको उत्पादन भई आन्तरिक तथा बाह्य क्षेत्रमा गाउँपालिकाको प्रचारप्रसार भएको हुने । | | | | | | | |
| युवाहरुको कूल वेरोजगारीता | प्रतिशत | | | | | व.सर्वे | गा.पा |
| आयमूलक व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हासिल गरेको युवा | संख्या | | | | | व.सर्वे | गा.पा |
| उद्योग, व्यापार व्यवसायमा युवाहरुको आवद्धता | प्रतिशत | | | | | व.सर्वे | गा.पा |
| प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगार सेवा केन्द्रवाट लाभान्वित युवाहरु | संख्या | | | | | व.सर्वे | गा.पा |
| स्थानीय तहको संरचनामा युवाहरुको संलग्नता | प्रतिशत | | | | | व.सर्वे | गा.पा |
| युवा क्लव, संजाल तथा संस्था | संख्या | | | | | व.सर्वे | गा.पा |
| युवा खेलकुद अभ्यास प्रशिक्षण केन्द्र | संख्या | | | | | व.सर्वे | गा.पा |
| कवर्डहल | संख्या | | | | | व.सर्वे | गा.पा |
| खेलकुद मैदान | | | | | | | गा.पा |
| रंगशाला | | | | | | | गा.पा |
| गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता | संख्या | | | | | व.सर्वे | गा.पा |
| **प्रतिफल तहको समय तालिका** | | | | | | | |
| खेलकुदका लागि आवश्यक पूर्वाधारहरु निमार्ण भएको हुने | | | | | | व.सर्वे | गा.पा |
| खेलकुदलाई अन्य आर्थिक क्रियाकलापसँग आवद्ध गरिएको हुने । | | | | | | व.सर्वे | गा.पा |
| रोजगार बैंकको स्थापना भई रोजगारी प्रदान गर्ने | | | | | | व.सर्वे | गा.पा |
| विद्यालय तहमा खेलकुद शिक्षा अनिवार्य गर्ने र नियमित खेल खेल्ने व्यवस्था गरी विद्यार्थीलाई | | | | | | व.सर्वे | गा.पा |

<table>
<tr><td>स्वास्थ राख्ने निति लिई स्थानीय तहलाई सहयोग गर्ने</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="8">अपेक्षित उपलब्धि</td></tr>
<tr><td colspan="8">● आवधिक योजनाको अन्त्यसम्ममा आवधिक योजनाले तोकेका सुचक तथा आयोजनाहरुको कार्यान्वयनबाट यो उपक्षेत्रसँग सम्वन्धित सरोकारवालामा गुणात्मक परिवर्तत आउनेछ ।<br>● असर तहका आधारमा निर्माण गरिएका रणनीति तथा आयोजनाहरुको कार्यान्वयनबाट सम्वन्धित सरोकारवालाले लाभ लिने छन ।<br>● आयमूलक व्यवसायिक सीप विकास तालिमवाट रोजगार तथा स्वरोजगार युवाको संख्यामा बृद्धि हुनेछ ।<br>● १६ वर्ष र सो भन्दा माथिको उमेर समुहका आर्थिक रुपमा सकृय जनसंख्यामा बृद्धि हुनेछ ।<br>● गाउँपालिका स्तरीय खेलाडी तथा खेल पूर्वाधारमा बृद्धि हुनेछ ।<br>● असर तहका सम्पूर्ण सूचकहरुमा क्रमिक सुधार आउने छ ।</td></tr>
</table>

### ५.५.६ अनुमान तथा जोखिम पक्ष

- पालिकामा संचालनमा रहेका योजना तथा आयोजनाको कार्यान्वयनको लागि बजेटको अभाव हुने छैन ।
- वर्तमान नीति र कानूनमा कुनै परिवर्तन हुने छैन ।
- योजना अवधिमा कुनै पनि किसिमको मानविय तथा प्राकृतिक विपत्ति उत्पन्न हुने छैन,
- युवा विदेशिने क्रममा कमी ल्याई स्थानिय स्तरम रोजगारीका अवसर बृद्धि गर्नु,
- खेलमैदानको निर्माणकालागि जग्गा लगायतका अन्य पूर्वाधारको उपलब्धता वढाउनु ।

## परिच्छेद - ६: पुर्वाधार विकास

### ६.१ आवास तथा वस्ती विकास र सार्वजनिक निर्माण

#### ६.१.१ पृष्ठभूमि

नेपालको संविधानले आवासको हकलाई मौलिक हकको रुपमा अंगीकार गरी सबै नागरिकको सुरक्षित, उपयुक्त र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपुर्ति गर्ने तथा आवासबिहिन नागरिकलाई आवास सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ । साथै, संविधानले अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न योजनाबद्ध व्यवस्थित बस्ती विकास गर्ने नीतिगत व्यवस्था समेत गरेको छ । तातोपानी गाउँपालिकाले व्यवस्थित बस्ती विकास व्यवस्थापन तथा दीगो विकासका लागि महत्वपूर्ण कार्यहरु गर्दै आएको छ । गाउँपालिकाले सरकारी, अर्धसरकारी, संस्थागत, व्यवसायिक, औद्योगिक तथा नीजि भवनहरु मापदण्ड निर्धारण गरी कार्यन्वयनमा ल्याउनको लागि नक्शा पासलाई विस्तारै अनिवार्य बनाउदै छ । भूकम्प प्रतिरोधी आवास निर्माणकालागि सिकमी, डकर्मी लगायतका स्थानीय प्रविधिकलाई तालिम, जनचेतना अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन, तातोपानी गाउँपालिकाको नक्सापास सम्बन्धी कार्यविधि, २०८० तर्जुमाका कार्य भैरहेका छन् । तातोपानी गाउँपालिकाले गाउँपालिकाका सबै घरहरुमा प्राकृतिक विपत्तीले पुऱ्याउने क्षतीका कारण परिवारमा पर्ने आर्थिक भारलाई कम गर्न घर विमा कार्यक्रम लागू गरिरहेको छ । यो आवधिक लेखनको समयसम्म करिव ५० प्रतिशत घरहरुको विमा भैसकेको छ । सार्वजनिक जग्गा संरक्षणका लागि सवै वडामा रहेका (सरकारी स्वामित्व) सार्वजनिक जग्गाको नापी, पहिचान तथा अभिलेखीकरण भैरहेको अवस्था छ । सडक मापदण्ड अनुसार सहायक सडकहरुको विस्तार र स्तरोन्नतीको कार्य भैरहेको छ ।

तातोपानी गाउँपालिकाको कर्णाली राजमार्गसँग जोडिएका वडाका बस्तीहरु विस्तारै शहरीकरण उन्मुख हुदै गइरहेका छन् । त्यसैले गाउँपालिकाले समयमै व्यवस्थित बस्ति विकासको काम अगाडि बढाउनु जरुरी देखिएको छ । गाउँपालिका क्षेत्रमा रहेका घरहरु जगको आधारमा हेर्दा प्रायः सबै घरहरु ढुंङ्गा, इटा र माटो प्रयोग गरिएका छन् । राष्ट्रिय जनगणना २०७८ का अनुसार यहाँ ५६ प्रतिशत घरहरु माटोको छानो भएका, ३९.३ प्रतिशत घरहरु जस्ता तथा च्यादरको छानो भएका, १.९ प्रतिशत सिमेन्टको ढलान भएका, १.३ प्रतिशत घर ढुंगा सिलेटको छानो भएका घरहरु छन् । गाउँपालिकामा पक्की घर निर्माण गर्ने प्रबृत्ति क्रमिक रुपमा वढ्दै गएको छ ।

सार्वजनिक भवन जस्तै विद्यालय, स्वास्थ्य चौकी, कृषि तथा पशु सेवा केन्द्र, मन्दिरहरु निर्माणमा परम्परागत भन्दा पनि आधुनिक सिमेन्ट, रडहरुको प्रयोग गरि निर्माण गरिएका छन् । परम्परागत संस्कृतिको धरोहरका रुपमा रहका मन्दिर, पुराना दरवारहरु तथा देवलहरु संस्कृति नमेटिने गरी निर्माण गर्नु पर्ने देखिन्छ । सार्वजनिक निर्माणहरु अपाङ्ग तथा बालमैत्री हुन सकेको पाइदैन ।

#### ६.१.२ समस्या तथा चुनौती

गाउँपालिकाका सम्पूर्ण वजार क्षेत्रमा व्यवस्थित बस्ती विकास गर्न नसक्नु, नवनिर्मित घरहरूमा मौलिकता लोप हुनु, सडकको अधिकार क्षेत्र अतिक्रमण हुनु आदि प्रमुख समस्याहरू हुन् । सुरक्षित र व्यवस्थित बस्ती विकास गर्नु, बालबालिका, महिला, तथा अपाङ्गमैत्री भवन निर्माण गर्नु, नयाँ निर्माण

हुने घरहरूमा स्थानीय मौलिकता कायम गर्नु, भूकम्प प्रतिरोधी घरहरू निर्माण गर्न लगाउनु, वस्ती तथा आवास निर्माणमा राष्ट्रिय मापदण्ड लागू गर्नु आदि मुख्य चुनौती हुन् ।

### ६.१.३ सम्भावना तथा अवसर

सुरक्षित आवास, बस्ती विकास संघ, प्रदेश र गाउँपालिकाको प्राथमिकताको विषय हुनु, नेपाल सरकारबाट भवन निर्माणको मापदण्डको नमुना जारी गरिनु, अति विपन्न बर्गको भवन निर्माणमा संघीय सरकारको सहयोग रहनु, सुव्यवस्थित बस्ती विकास नेपाल सरकारको प्राथमिकतामा रहनु, सार्वजनिक तथा सामाजिक पूर्वाधारमा संघीय सरकार तथा विकास साझेदारको सहयोग रहनु, स्थानीय स्तरमा केही भवन निर्माण साम्रगी उपलब्ध हुनु, सुरक्षित भवन निर्माणप्रति आम नागरिकहरूको चेतनामा अभिवृद्धि हुनु आदि अवसर हुनु आदि सम्भावना र अवसर हुन् ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

***"भू उपयोग योजना सहितको दिगो पुर्वाधार, गाउँवासीको जीवनस्तरमा सुधार"*** भन्ने मुल नाराका साथ तातोपानी गाउँपालिकाले आगामी ५ वर्षभित्र पूरा गर्न सक्ने गरी भौतिक पूर्वाधार विकास अन्तरर्गत आवास तथा बस्ती विकास र सार्वजनिक निर्माणको क्षेत्रमा लिएको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम यस प्रकार रहेका छन् :

**लक्ष्य :** गाउँपालिकाभित्रमा रहेका आवास क्षेत्र, सार्वजनिक स्थलहरूलाई भूकम्प प्रतिरोधी, प्रविधिमैत्री, सुरक्षित र परम्परागत जीवनशैली तथा कला, संस्कृतिको प्रतिनिधित्व गर्ने गरी विकास गर्ने,

**उद्देश्य :** भवन निर्माण आचार संहिता तथा न्यूनतम मापदण्डका आधारमा व्यक्तिगत तथा सार्वजनिक भवन तथा संरचना निर्माण तथा बस्ती विकासलाई व्यवस्थित तथा सुरक्षित गर्नु ।

## रणनीति, कार्यक्रम तथा आयोजना

| रणनीति | कार्यक्रम | आयोजना | लागत |
|---|---|---|---|
| वस्तीहरुलाई व्यवस्थित तथा सुरक्षित वनाउने | आवास तथा वस्ती व्यवस्थापन तथा सुरक्षण कार्यक्रम | आवश्यक नीति तथा मापदण्ड निर्माण | |
| | | आवास क्षेत्र तथा वस्तीहरुको नक्शांकन तथा अभिलेखीकरण गर्ने | |
| | | जोखिमयुक्त बस्तीहरुहरुको लगत संकलन गर्ने | |
| | | भू-उपयोग सम्बन्धि विस्तृत अध्ययन गरी आवश्यक निति तथा मापदण्ड निर्धारण गर्ने । | |
| | | भवन निर्माण मापदण्ड, औद्योगिक क्षेत्र तथा वस्ती विकास सम्वन्धी नीति तर्जुमा गरी तदअनुरुपको पूर्वाधार निर्माण गर्ने | |
| | | जोखिम युक्त तथा भौगोलिक कठीनाई भएका क्षेत्रका वस्तीहरुलाई सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्ने | |
| आवास तथा वस्ती निर्माण प्रविधिको प्रयोग गर्ने | भूकम्प प्रतिरोधी आवास निर्माण कार्यक्रम | भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी दक्ष जनशक्ति विकास गर्ने | |
| | | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्डको विकास गर्ने | |
| व्यवस्थित वजार तथा वस्तीको क्षेत्रको विकास | वस्ती, सार्वजनिक संरचना तथा आवास विकास कार्यक्रम | गाउँपालिका भित्रको उपयुक्त क्षेत्रमा खुल्ला व्यायामशाला निर्माण गर्ने | |
| | | सुविधा सम्पन्न उद्यान सहितको खुल्ला पार्क क्षेत्र निर्माण गर्ने | |
| | | बस विसौनी, चौतारीहरुको निर्माण गर्ने | |
| | | धार्मिक तथा पर्यटकीय पदमार्गमा धर्मशालाहरु | |
| | | सुविधा सम्पन्न (खानेपानी, शौचालय, विजुली, संचार) सामुदायिक भवन, महिला तथा ज्येष्ठ नागरिक भवन, सभाहल लगायतका संरचनाहरुको निर्माण गर्ने | |
| | बाँझो कम कृषि उत्पादन हुने क्षेत्रमा आवास र वस्ती विकास कार्यक्रम | न्यून कृषि उत्पादकत्व भएका क्षेत्रको पहिचान गरि त्यस्ता क्षेत्रलाई आवास तथा वस्ती विकासकालागि प्रयोग गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने | |
| लागत लाखमा | | | |

## ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| प्रभाव तह | विकासका पूर्वाधारहरु सुरक्षित र व्यवस्थित निर्माण भएको हुने । | | | | | | |
| असर तह | सुलभ तथा सबैका लागि उपयुक्त पूर्वाधारहरुको निर्माणका लागि संघीय ऐनका व्यवस्थाहरु कार्यान्वयन भई पूर्वाधारहरु निर्माण भएको हुने । | | | | | | |
| सुरक्षित तथा प्रवर्द्धन गरिएका आवास क्षेत्र तथा वस्तीहरु | संख्या | | | | | वडा सर्वे | गा.पा |
| जोखिमयुक्त वस्तीहरु | संख्या | | | | | वडा सर्वे | गा.पा |
| भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी दक्ष जनशक्ति | संख्या | | | | | वडा सर्वे | गा.पा |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | | | | | वडा सर्वे | गा.पा |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका निजी आवास तथा संरचनाहरु | संख्या | | | | | वडा सर्वे | गा.पा |
| आधारभूत पूर्वाधार सहित व्यवस्थित बजार | संख्या | | | | | वडा सर्वे | गा.पा |
| सुविधा सम्पन्न उद्यान सहितको खुल्ला पार्क क्षेत्र | संख्या | | | | | वडा सर्वे | गा.पा |
| बस विसौनी तथा चौतारीहरु | संख्या | | | | | वडा सर्वे | गा.पा |
| धार्मिक तथा पर्यटकीय पदमार्गमा धर्मशालाहरु | | | | | | | |
| सुविधा सम्पन्न (खानेपानी, शौचालय, विजुली, संचार) सामुदायिक भवन, महिला तथा ज्येष्ठ नागरिक भवन तथा सभाहल | संख्या | | | | | व. सर्भे | गा.पा |
| **प्रतिफल तहको समयतालिका** | | | | | | | |
| भवन निर्माण आचार संहिंता लागू भएको हुने । | | | | | | व. सर्भे | गा.पा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| भू उपयोग नीति तर्जुमा गरि पार्क, आवास, कार्यालय, बसपार्क, पिकनिक स्थलहरु, खेलमैदान जस्ता संरचनाहरुको निर्माण व्यवस्थापन भएको हुने । | | | | | | व. सर्भे | गा.पा |
| स्थानिय स्तरमा दक्ष जनशक्तिहरु उत्पादन तथा परिचालन भएको हुने । | | | | | | व. सर्भे | गा.पा |

**अपेक्षित उपलब्धि**

- आवधिक योजनाको अन्त्यसम्ममा आवधिक योजनाले तोकेका सुचक तथा आयोजनाहरुको कार्यान्वयनबाट यो उपक्षेत्रसँग सम्वन्धित सरोकारवालामा गुणात्मक परिवर्तत आउनेछ ।
- जोखिमयुक्त वस्तीको संख्यामा कमी आएको हुनेछ
- भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचनामा बृद्धि भएको हुने ।
- असर तहका आधारमा निर्माण गरिएका रणनीति तथा आयोजनाहरुको कार्यान्वयनबाट सम्वन्धित सरोकारवालाले लाभ लिने छन ।
- असर तहका सम्पूर्ण सुचकहरुमा क्रमिक सुधार आउने छ ।

### ६.१.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकामा संचालनमा रहेका योजना तथा आयोजनाको कार्यान्वयनको लागि बजेटको अभाव हुने छैन,
- वर्तमान नीति तथा कानुनमा योजना अवधिभरमा कुनै परिवर्तन हुने छैन,
- गाउँपालिकामा योजना अवधिमा कुनैपनि किसिमको मानविय तथा प्राकृतिक विपत्ति उत्पन्न हुने छैन,
- गाउँ पालिकामा निर्माण हुने सबै भौतिक संरचनाहरु भुकम्प प्रतिरोधी निर्माण गर्न नसकिनु,
- व्यवस्थित वस्ती तथा आवास गुरुयोजना निर्माण गरी कार्यानवयनमा ल्याउन नसकिनु,
- गाउँपालिकामा भवन निर्माण आचार संहिता निर्माण गरी लागू गराउनु

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधानले यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपांगतामैत्री हुने व्यवस्था गरेको छ।

तातोपानी गाउँपालिकाको वडा नं. १, २, ३, ५ र ६ कर्णाली राजमार्गमा पर्दछन्। कर्णाली राजमार्ग करिव १३ कि.मी.हिस्सा यही गाउँपालिकामा पर्दछ। यस गाउँपालिकाको वडा नं. ७ र ८ भने भेरी नदीको तिरैतिर बनेको हरी राजमार्गमा पर्दछ जुन राजमार्ग त्रिवेणीदेखि जाजरकोट सुर्खेत जोड्ने सवैभन्दा छोटो राजमार्गका रुपमा चिनिन्छ। राजमार्ग वडा नं. ८ भन्दा अगाडि निर्माणाधिन रहेको छ। तातोपानी गाउँपालिकाको वडा नं. ४ भने कर्णाली राजमार्गदेखि तिलानदीको पल्लोपट्टी पर्दछ। जहा पुलबाट मोटरसाइकल र अटोमात्र वारपार गर्न सक्दछ।

जुम्ला जिल्लाको सदरमुकाम खलंगादेखि नेपालको संघीय राजधान काठमाण्डौसम्मको लागि रात्री वस सेवा समेत सञ्चालनमा रहेको छ। जुम्ला नेपालगंज दैनिक दिवा सेवाका जिप तथा वसहरु समेत सञ्चालनमा छन्। नाग्मादेखि खलंगासम्म नियमित जिप तथा वस संचालनमा छ भने त्रिवेणीदेखि कयारसम्म पनि जिप दैनिक रुपमा चल्ने गर्दछ। कर्णाली राजमार्गको तातोपानी गाउँपालिका खण्डमा व्यवस्थित वस विसाउनु, चौतारी निर्माण गर्नु पर्ने आवश्यक रहेको छ। तातोपानी गाउँपालिका भित्रका बस्तीहरुमा पुग्नको लागि बनाइएका सडकहरुको कुल लम्वाई ७२ कि.मी. रहेको छ। तातोपानी गाउँपालिका भित्र झोलुंगे ११ वटा र १ वटा काठको पुल रहेका छन् भने पक्की पुल एउटा पनि रहेको छैन। गाउँपालिका हुँदै बगेका दुइ वटा नदी तिला र भेरी खोलाको तिर हुदै गएका दुइ वटा राजमार्ग कर्णाली र त्रिवेणी जाजरकोट राजमार्गमा रहेका बाहेक कतैपनि पक्की पुल रहेका छैनन्। गाउँपालिका क्षेत्रमा निर्माण गरीएका सडकहरुले संविधानको मर्म तथा दिगो विकास लक्ष्यले परिलक्षित गरेको लक्ष्यलाई अंगिकार गर्नु पर्ने आवश्यकता छ।

### ६.२.२ समस्या तथा चुनौती

गाउँपालिका ४ नं. वडा कार्यलयबाहेक वडा नं. १, ३, २, ६ र ५ कर्णाली राजमार्ग र वडा नं. ७ र ८ निर्माणाधिन हरी रजामार्गमा भए तापनि वडाका अन्य मूख्य बस्तीहरुमा कच्ची र मौसमी सडक हुनु, गाउँपालिकाको सडक गुरुयोजना निर्माण नहुनु, तिला नदीमाथि पक्की पुल नभएको कारण वडा नं. ४ राजमार्गसँग जोडिन नसक्नु, भौगोलिक विकटताको कारण सडक तथा पुल लागत बढी हुने हुदा बजेटको जोहो गर्न, महत्वपूर्ण पर्यटकीय तथा धार्मिक, सांस्कतिक स्थलहरूसम्म गुणस्तरीय सडकको पहुँच ऱ्याउन, राजमार्गभन्दा भित्र बस्तीमा जाने साहायक सडक सञ्जालको नियमित मर्मत संभार गरी चुस्त दुरुस्त राख्नु प्रमुख चुनौती हुन्।

### ६.२.३ सम्भावना तथा अवसर

सडक सञ्जाल देश विकासको मुख्य हतियार भएकोले सडकको विस्तार, मर्मत र निर्माणमा जोड दिदा एकातिर स्थानिय स्तरमा रोजगारीको अवसर सिर्जना हुने र अर्कोतिर सहज यातायात पहुँचले

निर्यातजन्य कृषि, फलफूल लगायत अन्य उत्पादनको ढुवानीमा सहजता आई आम्दानीको दायरा बढाउन सकिने कुरालाई तातोपानी गाउँपालिकाले आत्मसाथ गरेको छ । गाउँपालिकाका सबै वडाहरु कर्णाली तथा त्रिवेणी जारकोट राजमार्गमा रहनु, सम्पूर्ण वडामा सडकको पँहुच हुनु, सडकको स्तरोन्नति गर्ने गाउँपालिकाको ध्यान उच्च रहनु, यातायात पूर्वाधार विकासमा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकारको उच्च प्राथमिकता रहनु, विकास प्रतिफललाई सकारात्मक दिशातर्फ उन्मुख गराउन तथा अपेक्षित नतिजा हासिल गर्न पूर्वाधार विकास क्षेत्रमा मूलतः सडक पुल तथा यातायात क्षेत्रको विकास गर्न बजेटको उपलब्धता र आवश्यकता अनुसार थप विशेष अनुदान पनि पाउँन सक्ने अवस्था रहेको,

### ६.५.३ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य रणनीति, कार्यक्रम तथा आयोजना

..........भन्ने मुल नाराका साथ तातोपानी गाउँपालिकाले आगामी ५ वर्षभित्र पूरा गर्न सक्ने गरी पूर्वाधार विकास अन्तरर्गत सडक, पुल तथा यातायातको क्षेत्रमा लिएको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यकम यस प्रकार रहेका छन् :

**लक्ष्य :**

“गुणस्तरयुक्त सडक सञ्जालको निर्माण गरी यातायातको सरल र सहज पहुँच अभिबृद्धि गर्ने ।”

**उद्देश्य :**

गाउँपालिकाका भित्रका सम्पूर्ण सडक सञ्जालहरुको दीगोपनाको सुनिश्चितता गर्दै गुणस्तरीय र सवल सडक सञ्जालको निर्माण गर्नु

## रणनीति, कार्यक्रम तथा आयोजना

| रणनीति | कार्यक्रम | आयोजना | लागत |
|---|---|---|---|
| समुदायमा सडक सञ्जालको सहज पहुँच पुऱ्याउने | पहुँच अभिवृद्धिकालागि गुणस्तरीय सडक सञ्जाल कार्यक्रम | सडक गुरुयोजनाको निर्माण गर्ने, आवश्यकता अनुसार IEE तथा EIA तयार गरी सडकको महत्व अनुसार वर्गीकरण तथा सडक क्षेत्राधिकार निर्धारण गर्ने | |
| | | हाँकु गिडीखोला ग्रामीण सडक निर्माण | |
| | | राँका तरापी देखि सर्मि जोडने सडक | |
| | | गिडीदह पानसय पाटन सडक निर्माण | |
| | | हाँकु गौतमबाडा हुदै कुडारी त्रिवेणी चक्रपथ | |
| | | छेपधारादेखि छौलेपानीसम्मको ग्रामीण कृषि सडक | |
| | | छलाले सडक निर्माण | |
| | | बुडाबाडा देउली मुछाली सडक निर्माण | |
| | | ताम्ती गाउँदेखि गिडीदहसम्मको सडक | |
| | | कयारकोटदेखि बाटुलेपाटनसम्मको ग्रामिण सडक निर्माण | |
| वनिसकेका सडकको स्तरोन्नती गर्ने | सडक स्तारोन्नती कार्यक्रम | बनेका सडकहरु कर्णाली तथा हरी राजमार्गसँग जोडी आवश्यकता अनुसार ऐतिहासिक, पर्यटन र अन्य महत्वका क्षेत्रहरुको संरचनाहरु निर्माण गर्ने | |
| | | पारिवाडा मुल्देउ सडक स्तरउन्नती | |
| | | त्रिवेणी ताम्ती टोप्लाहुदै जाजरकोट जाने हरी राजमार्गको स्तरउन्नती | |
| | | भित्री सडकहरुको  क्षेत्राधिकार निर्धारण गरी चौडाई आवश्यक नाला कल्भर्ट लगायतका संरचना निर्माण गरी धुलाम्यबाट क्रमश : ग्राभल तथा पिच सडकमा स्तरोन्नती गर्ने । | |
| अति आवश्यक ठाउँमा पुल निर्माण | रणनीतिक पुल निर्माण कार्यक्रम | राँका ताम्ती जोड्ने तिला नदी माथिको पक्की पुल | |
| | | हाँकु गिडीखोला पक्की पुल | |
| | | चुम्ला साँघु पाण्डेवाडा र जमी डाँगीवाडा पुल | |
| | | पुलहरुको संरक्षण तथा मर्मतकालागि आवश्यक नीतिगत व्यवस्था गर्ने | |
| | | बम्तडी सुडाखोला बेलि ब्रिज | |
| | | भदालचौर लामाचौर जोड्ने झोलुंगेपुल (वडा नं. ४) | |

| | | | |
|---|---|---|---|
| | | पातारसाँगु झोलुंगेपुल (वडा नं. ७) | |
| | | ताम्ती बारागाउँ झोलुंगेपुल (वडा नं. ७) | |
| | | लदामटापु जाने झुलुंगेपुल (वडा नं. ३) | |
| | | वडाकाटियादेखि पैकला दरवार जाने झोलुंगेपुल (वडा नं. ३) | |
| | | तरापी जाने झोलुंगेपुल (वडा नं. १) | |
| सडकको सौन्दर्यीकरण तथा हरित सडक तथा पर्यटकीय पदमार्ग व्यवस्था गर्ने | सडक सौन्दर्यीकरण तथा पदमार्ग कार्यक्रम | सडकको छेउछाउमा वृक्षारोपण रङ्गरोगन तथा आवश्यक संरचनाहरु निर्माण गरी सडक हरित बनाउने । | |
| | | धार्मिक पर्यटन प्रवर्धनका लागि नदेही र इमिल्चा पदमार्ग तथा शौन्दर्यकरण | |
| | | गुरुफोकटो, वुदवुदे शैलेश्वरी मन्दिर लछालकृती पैकला दरवार पदमार्ग तथा शौन्दर्यकरण | |
| | | राँकाको काठेपुललाई मौलिक शैलिमा पूननिर्माण | |
| ढलको व्यवस्थापन | ढल निकास कार्यक्रम | सबै वडाका मुख्य सडकमा ढलनिकासको व्यवस्था गर्ने | |
| लागत लाखमा | | | |

### ६.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| प्रभाव तह | सडक संजालको विस्तार गरि दैनिक आवत जावत तथा सहज यातायातका सुविधाको व्यवस्थापन भएको हुने । | | | | | | |
| असर तह | राष्ट्रिय यातायात संजालमा स्थानिय सडक संजालहरुलाई जोड्दै सडकसँग प्रत्यक्ष सम्बन्ध भएका उपभोक्तहरुको आय आर्जनमा सहयोग पुर्‍याउनु । | | | | | | |
| कालोपत्रे सडकको लम्वाई | किमि | | | | | व.सर्वेक्षण | गा.पा. |
| ग्राभेल सडकको लम्वाई | किमि | | | | | व.सर्वेक्षण | गा.पा. |
| धुले सडक लम्वाई | किमि | | | | | व.सर्वेक्षण | गा.पा. |
| ग्रामीण कृषि सडकको लम्वाई | किमि | | | | | व.सर्वेक्षण | गा.पा. |
| नदीमा झोलुङ्गे पुल | संख्या | | | | | व.सर्वेक्षण | गा.पा. |
| सडक संजालवाट नजोडिएका वस्तीहरु | संख्या | | | | | व.सर्वेक्षण | गा.पा. |
| ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | | | | | व.सर्वेक्षण | गा.पा. |
| नजिकको पिच भएको पक्की सडकमा पुग्न लाग्ने समयावधि | घण्टा | | | | | व.सर्वेक्षण | गा.पा. |
| जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको सडक संजाल | संख्या | | | | | व.सर्वेक्षण | गा.पा. |
| अन्तरपालिका सडक संजाल संख्या | संख्या | | | | | व.सर्वेक्षण | गा.पा. |
| सडक नाली भएको सडक लम्वाई | किमि | | | | | व.सर्वेक्षण | गा.पा. |
| नियमित मर्मत संभार भएको सडकको लम्वाई | किमि | | | | | व.सर्वेक्षण | गा.पा. |
| वायो इन्जिनियरिङ्ग प्रविधि र सडक साइड वृक्षारोपण | किमि | | | | | व.सर्वेक्षण | गा.पा. |
| डिपिआर तयार, वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरण परीक्षण आदि गरी निर्माण भएका सडक लम्वाई | किमि | | | | | व.सर्वेक्षण | गा.पा. |
| **प्रतिफल तहको समय तालिका** | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सडक संजालको विस्तार गरि सबै वडा तथा समुदायमा यातायात सुविधामा वृद्धि भएको हुने । | | | | | | व.सर्वेक्षण | गा.पा. |
| पुल, पुलेसा निमार्णका लागि पर्याप्त प्राविधिक तयारी भएको हुने । | | | | | | व.सर्वेक्षण | गा.पा. |
| आर्थिक तथा प्रविधिक सहयोगका लागि अन्य निकायसंग सञ्जालीकरण र सम्पर्क बढेको हुने । | | | | | | व.सर्वेक्षण | गा.पा. |
| बाटो मर्मत सम्भार तथा संरक्षणकालागि स्थानिय उपभोक्ताहरुको संलग्नता बढेको हुने | | | | | | व.सर्वेक्षण | गा.पा. |
| धार्मिक, प्राकृतिक पर्यटकीय पैदलमार्ग बनेको हुने | | | | | | व.सर्वेक्षण | गा.पा. |

**अपेक्षित उपलब्धि**

- आवधिक योजनाको अन्त्यसम्ममा आवधिक योजनाले तोकेका सुचक तथा आयोजनाहरुको कार्यान्वयनबाट यो उपक्षेत्रसँग सम्वन्धित सरोकारवालामा गुणात्मक परिवर्तत आउनेछ ।
- असर तहका आधारमा निर्माण गरिएका रणनीति तथा आयोजनाहरुको कार्यान्वयनबाट सम्वन्धित सरोकारवालाले लाभ लिने छन ।
- डिपिआर तयार, वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरण परीक्षण आदि गरी निर्माण भएका सडक लम्वाईमा बृद्धि हुनेछ
- वायो इन्जिनियरिङ्ग प्रविधि र सडक साइड वृक्षारोपण बृद्धि हुनेछ ।
- पूर्णकालिन सडकको व्यवस्थापन हुनेछ ।
- आवश्यक स्थानमा पक्की पुल लगायतका पूर्वाधार निर्माण हुनेछ ।
- असर तहका सम्पूर्ण सुचकहरुमा क्रमिक सुधार आउने छ ।

### ६.२.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकामा संचालनमा रहेका योजना तथा आयोजनाको कार्यान्वयनको लागि बजेटको अभाव हुने छैन,
- वर्तमान संविधान र कानुनमा योजना अवधिभरमा कुनै परिवर्तन हुने छैन,
- गाउँपालिकामा योजना अवधिमा कुनैपनि किसिमको मानविय तथा प्राकृतिक विपत्ति उत्पन्न हुने छैन,
- गाउँपालिकाको सबै क्षेत्रमा सडक संजालको सहज पहुँच पुऱ्याउनु,
- समस्या ग्रस्थ स्थानमा पुल तथा तारजालिको निर्माण गर्न आवस्यक बजेट उपलब्ध गराउनु,
- संघ तथा प्रदेश सरकार संगको समन्वयमा आयोजनाहरुको नियमित संचालन गर्नु ।

## ६.३ विद्युत तथा वैकल्पिक उर्जा

### ६.३.१ पृष्ठभूमि

विद्युतीय उर्जा नागरिकलाई प्रविधिको सहज पहुँचमा जोड्ने महत्वपूर्ण पूर्वाधार हो । तातोपानी गाउँपालिकाको वडा नं. ७ र ८ मा बाहेक अन्य सवै वडामा केन्द्रिय विद्युत प्रशारण लाईनको विजुली बत्ती वितरण भएको छ । वडा नं. ७ र ८ मा भने पेल्ट्रिक सेटबाट विद्युत उत्पादन गरी वितरण गरिएको छ । वडा नं. ८ का १५ घर बाहेक सवै घरमा विद्युत नपुगेको कारण सोलारबाट बत्ती बाल्ने गरिन्छ । वडा नं. ८ का ९५ प्रतिशत घरपरिवारले सोलार बत्ती बाल्ने गर्दछन् भने ५ प्रतिशतले बत्तिका लागि भ्mर्रो बाल्ने गर्दछन् । त्यसैगरी वडा नं. ७ का ३५ प्रतिशत घरपरिवारले सोलार बत्ती बाल्ने गर्दछन् भने बाँकीले विजुली बत्ती बाल्ने गर्दछन् । वडा नं. ४ मा जाल्पादेवी हाइड्रो प्रा.ली.को गिडीखोला जलविद्युतको पावर हाउस रहेको छ । त्यसैगरी वडा नं. ८ मा घट्टेखोला र इमिल्चा लघु जलविद्युत रहेको छ ।

गाउँपालिकाले सुधारिएको चुल्हो वितरण गरेको कारण गाउँपालिकाका करिव ८० प्रतिशत घरधुरीमा सुधारिएको चुल्होको प्रयोग गर्ने गर्दछन् । त्यसैगरी वडा नं. ३ र ५ का सबै घरधुरीमा निशुल्क ग्याँस तथा चुल्होको वितरण गरिएकोले प्रत्येकको घरमा खाना पकाउन ग्याँसको प्रयोग गर्ने गरिन्छ । ति दुइ वडा बाहेक गाउँपालिकाका अन्य वडामा भ्mण्डै ९० प्रतिशतले खाना पकाउन दाउराको प्रयोग गर्दछन् भने १० प्रतिशतले दाउरा र ग्याँस दुवै प्रयोग गर्दछन् ।

### ६.३.२ समस्या तथा चुनौती

गाउँपालिका भित्र पहिले नै सम्भाव्यता अध्ययन गराई निर्माणाधिन रहेको विद्युत आयोजनाहरु समयमै सम्पन्न हुन नसक्नु, विद्युत् आपुर्तिमा नियमितताको अभाव, खाना पकाउने इन्धनको रूपमा विद्युतलाई जोडन नसक्नु, विद्युत प्रशारणमा लो भोल्टेजको समस्या हुनु, विद्युत सेवा विस्तार गर्न नसकिएका बस्तीहरुमा वैकल्पिक ऊर्जाको विकास गर्नु, विद्युत प्रसारण लाइनलाई भरपर्दो बनाउनु, विद्युत् तथा वैकल्पिक ऊर्जालाई आय आर्जनको भरपर्दो माध्यमका रूपमा विकास गर्नु आदि यस क्षेत्रका समस्या तथा चुनौती हुन् ।

### ६.३.३ सम्भावना तथा अवसर

तातोपानी गाउँपालिका भित्र रहेका सवै खोलानालाहरुमा विद्युत उत्पादन सम्भाव्यता अध्ययन गराइ विद्युत उत्पादन गर्न सकिने, गाउँपालिकामा रहेका विद्यमान विद्युतगृहहरुको क्षमत वृद्धि गरी विद्युत सेवा विस्तार गर्न सकिने, दिगो विकास लक्ष्य २०३० ले पनि धान्न सक्ने उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको, विद्युत प्रशारण लाईनको सहज व्यवस्था हुनु, तातोपानी गाउँपालिका हुदै बगेको तिला नदीको बाटो हुदै बहने तिव्र हावाबाट वायु उर्जा निकाल्न सकिने, विद्युत् आपूर्तिमा सुधार हुँदै जानु, सडक यातायातको पहुँचका कारण विद्युतीय पूर्वाधारको विस्तारमा सहजता हुनु, विद्युत्को प्रयोग बत्ती बाहेक खाना पकाउने इन्धनको रूपमा प्रयोगमा ल्याउन सकिने सोलार, गोबर ग्याँस, धुवाँरहित चुलो जस्ता वैकल्पिक ऊर्जाको विकासले दाउराको निर्भरतामा कमी ल्याउन सकिनु,

सार्वजनिक तथा खाली जग्गामा सौर्य उर्जाको विकास गर्न सकिने अवस्था रहनु आदि यस क्षेत्रका सम्भावना तथा अवसर हुन् ।

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

***"भरपर्दो र स्वस्थ उर्जाको उपलब्धता र व्यवसायिक उपयोग"*** भन्ने मुल नाराका साथ तातोपानी गाउँपालिकाले आगामी ५ वर्षभित्र पूरा गर्न सक्ने गरी पूर्वाधार विकास अन्तरगर्त विद्युत विस्तार तथा बैकल्पिक उर्जा प्रवर्धनको क्षेत्रमा लिएको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम यस प्रकार रहेका छन् :

**लक्ष्य**

विद्युतीय पूर्वाधार र त्यसबाट प्राप्त रोयल्टीको माध्यमबाट गाउँपालिकाको व्यवसायिक तथा औद्योगिक विकासको आधारशिला तयार गर्नु ।

**उदेश्य**

विद्युतीय उत्पादन र त्यसवाफत प्राप्त रोयल्टीलाई गाउँपालिकाको दिगो आर्थिक स्रोतको आधार बनाइ, विद्युट खपतको अभिबृद्धिका माध्यमबाट विद्यमान व्यवसायिक तथा औद्योगिक क्षेत्रको उत्पादन तथा उत्पादकत्व वढाउनु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यक्रम | आयोजना | लागत |
|---|---|---|---|
| विद्युतीय व्यवस्थापनको नीतिगत व्यवस्थापन गर्ने | विद्युत तथा वैकल्पिक उर्जा प्रयोग नीति | ग्रामीण विद्युत तथा वैकल्पिक उर्जा प्रयोग नीति तर्जुमा गर्ने | |
| | | अधिक विद्युतीय खपतका क्षेत्रहरुको पहिचान गर्ने | |
| | | गाउँपालिका भित्र रहेका सवै जलाधारमा विद्युत उत्पादनका सम्भाव्यता अध्ययन गराउने | |
| वैकल्पिक उर्जा विकास गर्ने | वैकल्पिक उर्जा विकास कार्यक्रम | बजार क्षेत्रमा सडक सोलार बत्ति जडान तथा मर्मत गर्ने | |
| | | विद्युत प्रशारण लाईन नपुगेको बस्तीहरुमा सोलार प्लान्टबाट विद्युत उत्पादन गरी वितरण गर्ने | |
| | | दाउराको खपत कम तथा स्वास्थ्यमा सुधार गर्नको लागि सुधारिएको चुल्हो वितरण गर्ने | |
| विद्युत प्राधिकरणसँगको | विद्युतीय उर्जा | विपन्न वर्गका समुदायमा निःशुल्क विद्युत | |

| | | | |
|---|---|---|---|
| सहकार्यमा विद्युतीय पूर्वाधारको व्यवस्थापनलाई दीगो वनाउने | वितरणमा सहकार्य तथा विपन्नको पहुँच वृद्धि | मिटर वितरण | |
| | | आवश्यक क्षेत्रमा ट्रान्सफरमरको व्यवस्था गर्ने प्राधिकरणसँग सहकार्य गर्ने | |
| | | विपन्न समुदायलाई सहुलियतमा विद्युतीय उपकरण उपलब्ध गराउने | |
| | | घट्टखोला लघु जलविद्युत तथा इमिल्चा लघु जलविद्युत क्षमतावृद्धि तथा मर्मत | |
| विद्युतीय उर्जाको प्रयोगमा अन्तरपालिका सहकार्य अभिबृद्धि गर्ने | विद्युतीय उर्जाको प्रयोगमा अन्तरपालिका सहकार्य अभिबृद्धि कार्यक्रम | अन्तरपालिका सहकार्यमा विद्युतीय सवारी साधनको व्यवस्थापन | |
| | | स्थानीय पहिचानमा आधारित औद्योगित वस्तुको उत्पादन | |
| | | अन्तरपालिका प्रविधि हस्तान्तरण गर्ने | |
| स्थानीय आर्थिक कृयाकलापमा विद्युतको प्रयोग वढाउने | विद्युतीय उर्जाको उत्पादनशील क्षेत्रमा प्रयोग | रातेखोला औद्योगिक ग्राममा विद्युतिय पूर्वाधारको विकास | |
| | | कृषि क्षेत्रको लागत घटाउन सिँचाई विद्युतीय उर्जाको प्रयोग वृद्धि । | |
| लागत लाखमा | | | |

### ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| प्रभाव तह | गाउँपालिकाको सबै घरपरिवारको विद्युतिय सुविधा तथा सुधारिएको बैकल्पिक उर्जा (सोलार, सुधारिएको चुल्हो) माथि पहुँच स्थापित जिवनस्तरमा सुधार भएको हुने । | | | | | | |
| असर तह | सबै बस्तीहरुमा विद्युत तथा बैकल्पिक उर्जाका पहुँच र त्यसको प्रयोगबाट आर्थिक र स्वास्थ्य स्थितिमा सुधार भएको हुने | | | | | | |
| सोलार प्रणाली सहित विद्युत सेवा पुगेका घरघुरी | संख्या | | | | | व. सर्वे | गा.पा |
| सुधारिएको उर्जा (वायोग्यास, एलपि) प्रयोग गर्ने घरघुरी | संख्या | | | | | व. सर्वे | गा.पा |
| सुधारिएको वा धुँवारहित चुल्हो जडान भएका घरधुरी | संख्या | | | | | व. सर्वे | गा.पा |
| केन्द्रिय विद्युत लाइन प्रसारणवाट लाभान्वित घरधुरी | संख्या | | | | | व. सर्वे | गा.पा |
| सडकको किनारा तथा सार्वजनिक स्थानमा जडित सडक बत्ती | संख्या | | | | | व. सर्वे | गा.पा |
| विद्युत तथा बैकल्पिक उर्जा प्रयोग गरी आयआर्जनका क्रियाकलाप गर्ने उद्यमी | संख्या | | | | | व. सर्वे | गा.पा |
| विद्युत सेवावाट लाभान्वित हुन नसकेका घरधुरी | संख्या | | | | | व. सर्वे | गा.पा |
| **प्रतिफल तहको समय तालिका** | | | | | | | |
| गाउँपालिकाका सबै घरधुरीमा सुधारिएको चुल्हो प्रयोग भएको हुने । | | | | | | व. सर्वे | गा.पा |
| स्थानिय स्तरमा विद्युत उत्पादनका लागि सम्भाव्यता अध्ययन तथा लेखाजोखा भएको हुने । | | | | | | व. सर्वे | गा.पा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विद्युतको पहुँच नभएका घरधुरीहरुमा बैकल्पिक उर्जा सोलार प्लान्ट, वायु उर्जा उपलब्ध भएको हुने । | | | | | | व. सर्वे | गा.पा |
| सडक बत्तीहरुको लागि सौर्य उर्जाको प्रयोग भएको हुने । | | | | | | व. सर्वे | गा.पा |
| दाउराजन्य ईन्धनको प्रयोग कम गर्न निम्न आय भएका परिवारहरुको आय आर्जन वृद्धिका लागि जीविकोपार्जनका गतिविधिहरु संचालन भएको हुने | | | | | | व. सर्वे | गा.पा |

**अपेक्षित उपलब्धि**

- आवधिक योजनाको अन्त्यसम्ममा आवधिक योजनाले तोकेका सुचक तथा आयोजनाहरुको कार्यान्वयनबाट यो उपक्षेत्रसँग सम्वन्धित सरोकारवालामा गुणात्मक परिवर्तत आउनेछ ।
- असर तहका आधारमा निर्माण गरिएका रणनीति तथा आयोजनाहरुको कार्यान्वयनबाट सम्वन्धित सरोकारवालाले लाभ लिने छन ।
- असर तहका सम्पूर्ण सुचकहरुमा क्रमिक सुधार आउने छ ।

### ६.३.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकामा संचालनमा रहेका योजना तथा आयोजनाको कार्यान्वयनको लागि बजेटको अभाव हुने छैन,
- वर्तमान संविधान र कानुनमा योजना अवधिभरमा कुनै परिवर्तन हुने छैन,
- गाउँपालिकामा योजना अवधिमा कुनैपनि किसिमको मानविय तथा प्राकृतिक विपत्ति उत्पन्न हुने छैन,
- संघ र प्रदेश सरकार संगको सम्मन्वयमा आयोजना निर्माण कार्य सम्पन्न हुनेछन्,
- गाउँपालिकाको सबै क्षेत्र र परिवारमा विद्युत सेवा सुविधा विस्तार गर्न नसकीनु ।

## ६.४ सूचना, संचार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । वर्तमान अवस्थामा सूचना तथा सञ्चार क्षेत्रमा भित्रिएका अत्याधुनिक प्रविधिहरूको व्यापक उपयोगले सर्वसुलभ रूपमा सेवा सुविधामा विविधीकरण गर्दै ग्रामीण क्षेत्रसम्म गुणस्तरीय, प्रतिस्पर्धी एवम् सर्वसुलभ रूपमा सेवा सुविधा उपलब्ध गराई देशको राजनीतिक, आर्थिक, सामाजिक लक्ष्य प्राप्तिमा योगदान गरेको छ ।

तातोपानी गाउँपालिकामा ९१ प्रतिशत घरधुरीमा सञ्चारसाधनको पहुँच रहेको छ । जसमा ८०.६ प्रतिशतसँग साधारण मोवाईल फोन, ५०.२ प्रतिशतसँग स्मार्ट फोन र ५८.२ प्रतिशत जनसंख्या प्रत्यक्ष रुपमा इन्टरनेटको पहुँचमा रहेका छन् । गाउँपालिकाका सवै वडाहरु नेपाल टेलिकमको नमस्ते नेटवर्कको पहुँचमा छन् तर पनि खोला र पहाडका खोँचमा रहेका बस्तीहरुमा टेलिफोन नेटवर्क र इन्टरनेटको समस्या रहेको छ । विशेषगरी वडा नं. ७ र ८ मा साथै वडा नं. ४ को उपल्लो भेगमा टेलिफोन नेटवर्क र इन्टरनेटको समस्या रहेको छ । तातोपानी गाउँपालिकाका सवै वडाहरुमा इन्टरनेटको सुविधा रहेको भएतापनि वडा नं. ७ र ८ का कार्यलयहरुमा भने परपर्दो इन्रनेट छैन । गाउँपालिकाले मातहतका कार्यलयहरु, विद्यालय, स्वास्थ्य चौकीहरुमा इ हाजिरीको व्यवस्था गरिरहेको छ । त्यसैगरी गाउँपालिकाले तातोपानी टाइम्सको समेत सुरुवात गरेको छ ।

### ६.४.२ समस्या तथा चुनौती

टेलिफोनका टावरहरु प्रयाप्त मात्रा नभएको कारण र टावरमा विद्युत आपुर्तिको समस्याका कारण हातमा मोवाइल भएर पनि नेटवर्क नहुँदा सञ्चारमा समस्या, भरपर्दो इन्टरनेट नभएका कारण वडा कार्यलय लगाएतमा सेवाग्राहीलाई सेवा पाउन ढिला हुने, सुचना प्रविधिको उत्पादनशील प्रयोग कम हुनु, स्थानीय सञ्चार माध्यम तथा गाउँपालिका वीच प्रभावकारी समन्वयको अभाव हुनु, सबै नागरिकसम्म सूचनाको विश्वसनीय पहुँच पुर्‍याउनु, सामाजिक सञ्जालको दुरूपयोग रोक्नु, सुचना तथा सञ्चार प्रविधिको विकासकालागि अन्तर सरकार समन्वयलाई प्रभावकारी बनाउनु, भौगोलिक विकटताका कारण वडा नं. ४, ६ र ८ का दुर्गम वस्तीहरुमा इन्टरनेट पुर्‍याउनु, गाउँपालिकाको सूचना तथा कार्यप्रणालीमा आधारित एप्स बनाउनु र प्रयोगमा ल्याउन आदि यस क्षेत्रका समस्या तथा चुनौती रहेका छन् ।

### ६.४.३ सम्भावना तथा अवसर

सडक सुविधाले वायरलेस नेटवर्क र अप्टिकल फाइबरको विस्तार हुन सक्ने, आम मानिसहरूको सूचना प्रणालीप्रति बढ्दो आकर्षण, विद्यालयहरूमा नवीन सूचना प्रविधिसहित कम्प्युटर शिक्षाको विस्तार, टेलिफोन मोबाइल टावर निर्माण, मोबाइल फोनको व्यापक उपयोग, गाउँपालिकाको आफ्नै वेबसाइट

हुनु, विद्यमान सञ्चार माध्यमको प्रयोग गरी गाउँपालिकाका गतिविधिलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा प्रवर्द्धन गर्न सकिनु आदि यस क्षेत्रका सम्भावना तथा अवसरहरू हुन् ।

### ६.४.३ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

***"प्रविधिमा आधारित विद्युतीय सुशासन"*** भन्ने मुल नाराका साथ तातोपानी गाउँपालिकाले आगामी ५ वर्षभित्र पूरा गर्न सक्ने गरी पूर्वाधार विकास अन्तरर्गत सूचना, सञ्चार तथा प्रविधिको क्षेत्रमा लिएको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम यस प्रकार रहेका छन् :

**लक्ष्य :**

सेवा प्रवाह तथा स्थानीय स्तरको वस्तु तथा सेवाको व्यवसायिक विकासमा नागरिकको सहज पहुँच अभिबृद्धिका लागि सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु

**उदेश्यः**

सूचना प्रविधि सम्वन्धि गुणस्तरीय पूर्वाधारको आधारशिला तयार गरी स्थानीय स्तरमा हुने सेवा प्रवाहमा सहजीकरण तथा व्यापार, व्यवसाय, लघु उद्यम, कृषिजन्य तथा पर्यटकीय उत्पादन आदिलाई इ–मार्केटिङ्गका माध्यमबाट व्यवसायिकरण गर्ने ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यक्रम | आयोजना | लागत |
|---|---|---|---|
| सूचना प्रविधि मैत्री गाउँपालिका निर्माण गर्ने | सूचना प्रविधिको दायरा विस्तार कार्यक्रम | वडा नं. ७ र ८ का वडा कार्यालय भरपर्दो इन्टर नेटको व्यवस्था गर्ने । | |
| | | गाउँपालिका मातहतका कार्यालयमा ई-हाजिरी व्यवस्थालाई प्रभावकारी वनाउने | |
| | | वडा नं. १ को तराफो र वडा नं. ६ को चिल्थाप्लीमा टेलिफोनको टावर राख्न पहल गर्ने । | |
| | विद्यालय, स्वास्थ्य चौकी लगायतका संस्थामा सूचना प्रविधिको प्रयोग | प्रत्येक विद्यालयमा ईन्टरनेट विस्तार गर्ने | |
| | | प्रत्येक माद्यामिक विद्यालयमा ICT ल्याव स्थापना गर्ने र विद्यार्थीहरुलाई स्मार्ट बोर्ड वा प्रोजेक्टरको माध्यमबाट पढाउने । | |
| गाउँ पालिकाबाट प्रदान गरिने सेवालाई प्रविधिमार्फत सहज बानाईने | डिजिटल गाउँपालिका निर्माण कार्यक्रम | डिजिटल प्रोफाइल तथा डिजिटल नागरिक वडापत्र राख्ने | |
| | | गाउँपालिकाले प्रदान गर्ने सेवा समेटिएको एप्स निर्माण गरी कार्यन्वयनमा ल्याउने । | |
| | | इमेल र अन्य सामाजिक सञ्जाल मार्फत गाउँपालिकाबाट प्रदान गरिने सेवालाई सहज तथा सर्वसुलभ बनाउने । | |
| | | इ-चौतारी निर्माण गर्ने | |
| | | प्राकृतिक विपत्ति तथा जोखिमको पूर्व सूचना प्रणालीको विकास गर्ने (एसएमएस, भ्वाइस म्यासेज आदि) | |
| गाउँपालिकालाई डिजिटल वजारका रुपमा विकास गर्ने | स्थानीय उत्पादनको इ– मार्केटिङ व्यवस्थापन कार्यक्रम | वस्तु बजारको व्यवस्थापनका लागि गाउँपालिका स्तरीय इ–कमर्श प्लेटफर्मको निर्माण गर्ने | |
| | | गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि डिजिटल सामग्री तयार पारी सुचना प्रविधिको माध्यमबाट बजारीकरण गर्ने | |
| **जम्मा लाखमा** | | | |

### ६.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| प्रभाव तह | सूचना प्रविधिको पहुँच विस्तार तथा आर्थिक, सामाजिक विकासका क्षेत्रमा व्यापक प्रयोग भएको हुने । | | | | | | |
| असर तह | गाउँपालिका मातहतका सवै सरकारी कार्यलयहरुमा निशुल्क वाईफाई उपलब्ध गराउदै ईन्टरनेटको सार्वजनिक प्रयोग अभिबृद्धि भएको हुने | | | | | | |
| संचारका कुनै एक साधन उपलब्ध घरधुरी | प्रतिशत | | | | | रा.ज. | गा.पा. |
| संचार सेवावाट वञ्चित घरधुरी | प्रतिशत | | | | | रा.ज. | गा.पा. |
| साधारण मोबाइल फोन प्रयोगकर्ता | प्रतिशत | | | | | रा.ज. | गा.पा. |
| स्मार्ट मोवाइल फोन प्रयोगकर्ता | प्रतिशत | | | | | रा.ज. | गा.पा. |
| इन्टरनेट सेवा प्रदायक संस्था | संख्या | | | | | व. सर्वेक्षण | |
| स्थानीय केवल नेटवर्क सेवा प्रदायक संस्था | संख्या | | | | | व. सर्वेक्षण | गा.पा. |
| स्थानीय पत्रपत्रिका प्रकाशन गर्ने संस्था | संख्या | | | | | व. सर्वेक्षण | गा.पा. |
| सूचना प्रविधि सेवा पुगेको उद्योग, व्यापार, व्यवसाय संख्या | संख्या | | | | | व. सर्वेक्षण | गा.पा. |
| विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा इन्टरनेट सेवा सुचारु | संख्या | | | | | व. सर्वेक्षण | गा.पा. |
| स्थानीय स्तरमा संचालित एफएम रेडियो | संख्या | | | | | व. सर्वेक्षण | गा.पा. |
| सार्वजनिक स्थल तथा कार्यालयहरुमा जडित सि.सि.क्यामेरा | संख्या | | | | | व. सर्वेक्षण | गा.पा. |
| क्रियाशील पत्रकारहरु | संख्या | | | | | व. सर्वेक्षण | गा.पा. |
| **प्रतिफल तह समय तालिका** | | | | | | | |
| सार्वजनिक तथा निजि सेवाहरु क्रमश : अनलाइन मार्फत प्रदान गरिएको हुने । | | | | | | वडागत सर्वेक्षण | गा.पा. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सूचना प्रविधिलाई शिक्षा र आधुनिक प्रविधिमा उपयोग गरिएको हुने । | | | | | | व.सर्वेक्षण | गा.पा. |
| सूचना प्रविधिको प्रयोग मार्फत स्थानीय भाषा, संस्कृति तथा मौलिकताको संरक्षण भएको हुने । | | | | | | व.सर्वेक्षण | गा.पा. |
| प्राकृतिक प्रकोप तथा जोखिम पूर्व सूचना सतर्कता प्रणालीको प्रयोग भएको हुनेछ | | | | | | व.सर्वेक्षण | |
| सूचना प्रविधिमय कृषि उपज वजारीकरण तथा पर्यटन प्रवर्धन भएको हुने | | | | | | व.सर्वेक्षण | गा.पा.. |
| गाउँपालिकाका सवै तथ्यांकको क्लाउड व्याकअप राखिएको हुनेछ | | | | | | व.सर्वेक्षण | गा.पा.. |
| **अपेक्षित उपलब्धि** | | | | | | | |
| • आवधिक योजनाको अन्त्यसम्ममा आवधिक योजनाले तोकेका सूचक तथा आयोजनाहरुको कार्यान्वयनबाट यो उपक्षेत्रसँग सम्वन्धित सरोकारवालामा गुणात्मक परिवर्तत आउनेछ ।<br>• सञ्चारका साधनहरुको प्रयोगमा बृद्धि हुनेछ<br>• गाउँपालिकासँग उपलब्ध सूचना प्रविधिबाट लाभान्वित कृषकको संख्या वढ्ने छ ।<br>• विद्यालय, स्वास्थ्य संस्था लगायतका क्षेत्रमा प्रविधिको पहुँचमा बृद्धि हुनेछ ।<br>• असर तहका आधारमा निर्माण गरिएका रणनीति तथा आयोजनाहरुको कार्यान्वयनबाट सम्वन्धित सरोकारवालाले लाभ लिने छन ।<br>• असर तहका सम्पूर्ण सुचकहरुमा क्रमिक सुधार आउने छ । | | | | | | | |

### ६.४.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकामा संचालनमा रहेका योजना तथा आयोजनाको कार्यान्वयनको लागि बजेटको अभाव हुने छैन,
- वर्तमान संविधान र कानुनमा योजना अवधिभरमा कुनै परिवर्तन हुने छैन,
- गाउँपालिकामा योजना अवधिमा कुनैपनि किसिमको मानविय तथा प्राकृतिक विपत्ति उत्पन्न हुने छैन,
- संघ र प्रदेश सरकार संगको समन्वयमा आयोजना निर्माण कार्य सम्पन्न हुनेछन्,

- संचार सुविधाको सर्बसुलभताले साईभर अपराधका घटनामा वृद्धि हुन सक्ने जोखिम रहेको,
- डाटा सुरक्षा अवस्था कमजोर हुनाका कारण डाटा चोरी तथा नोक्सानीको जोखिम ।

## परिच्छेद ७: वन, वातावरण तथा विपद व्यवस्थापन

### ७.१ वन र जैविक विविधता

#### ७.१.१ पृष्ठभूमि

वन नेपालको महत्वपूर्ण प्राकृतिक सम्पदा हो । मुलुकको झण्डै आधा भाग ढाकेको वन क्षेत्रले पर्यावरणीय सुरक्षा, सांस्कृतिक, सामाजिक र आर्थिक समुन्नतिमा समेत योगदान पुर्‍याएको छ । नेपालको संविधानले प्राकृतिक साधन स्रोतको संरक्षण, संबर्द्धन र उपयोग सम्बन्धी नीति लिएको छ । वन तथा जैविक विविधता प्रदेश सरकारको अधिकारको सूचीमा रहेको भएता पनि स्थानीय तहको भूमिका महत्वपुर्ण छ । आम्दानीमा आधारित वन जन्य उद्यमको उल्लेखीय विकास नभएतापनि गाउँपालिका भित्र एउटा वन तथा जडीवुटीमा आधारित उद्योग रहेको छ ।

तातोपानी गाउँपालिकामा जैविक विविधताका हिसावले उच्च पर्वतीय चिसो हावापानीमा पाइने जिव र वनस्पती देखि धान उत्पादन हुने जिउलो समेत भएको गाउँपालिका हो । गाउँपालिकाको तिला नदी र भेरी खोला किनारामा भने बेसीहरुमा पाइने प्रकृतिका खाद्यन्न तथा वनस्पतीहरु पाइन्छन् भने पहाडको माथिल्लो भागका अधिकांस स्थानमा वन तथा खर्कहरु रहेका छन् ।

तातोपानी गाउँपालिकामा २६ वटा सामुदायिक वन रहेका छन् भने ती सामुदायिक वनले लगभग ..... हेक्टर जमिन ओगटेका छन् । त्यसै गरी आ.व २०७९/८० सम्मको तथ्याङ्क अनुसार सामुदायिक वन उपभोक्ता समूहमा लगभग ....... सदस्य आवद्ध रहेका छन् । गाउँपालिकाले वन उपभोक्ता समितिसँग सहकार्य गरी त्यस्ता क्षेत्रलाई इको पार्क, जडिवटी खेती प्रवर्द्धन, फलफूल खेती, घाँस खेती जस्ता क्रियाकालप सञ्चालन गरी विपन्न नागरिकको आर्थिक उपार्जनमा योगदान पुर्‍याउन सक्छ । गाउँपालिका क्षेत्रभित्र कवुलियती र गाउँपालिकाद्वारा व्यवस्थित गरिएका वन क्षेत्र छैनन् । त्यसैगरी यहाँ करीव .... हेक्टर जमिनमा बृक्षारोपण गरिएको छ भने करीव ....... हेक्टर जमिनमा गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती गरिएको पाईएको छ । तातोपानी गाउँपालिकाको पहिचानको रुपमा रहेको गिडीदह क्षेत्रलाई जडिबुटी संरक्षण क्षेत्रको रुपमा विकास गरिदै लैजाने गाउँपालिकाको योजना रहेको छ । त्यसैगरी, फूलचौले पाटन, पानसय पाटन र नदेहीडाव लाई जडिबटी संरक्षण क्षेत्रको रुपमा विकास गर्न सकिन्छ ।

प्रत्येक वडामा पशु चरणका लागि ठूला ठूला पाटनहरु रहेका छन् । प्रत्येक वडामा पशु चरणका लागि ठूला ठूला पाटनहरु रहेका छन् ।  त्यसैगरी ति मध्ये वडा नं. १ को तरापी, वडा नं. २ को जायथला, वडा नं. ३ को छलेपानी, वडा नं. ४ को पानसय वडा नं. ५ को छगालेपानी वडा नं. ६ को आसी काट्ना, वडा नं. ७ को  लामाचौर र वडा नं. ८ को नदहीडाव प्रशिद्ध पाटनहरु हुन् । आम्दानीमा आधारित वन जन्य उद्यमको उल्लेखीय विकास नभएतापनि गाउँपालिकाका वडा नं. ५ मा वन तथा जडीवुटीमा आधारित उद्योग रहेकोमा हाल बन्द रहेको छ । वडा नं. ८ मा रहेको श्री भेरीखोला जय राम कृष्ण जडिबुटी उत्पादन संकलन प्रशोधन केन्द्र, ताम्तीले भने हाल पनि जडिबुटी चिया लगायतका उत्पादन गर्ने गर्दछ ।

### ७.१.२ समस्या तथा चुनौती

सार्वजनिक जग्गामा पूर्ण रूपमा वन तथा वृक्षरोपण नहुनु, काठ जन्य वस्तुको बढ्दो प्रयोग हुनु, आगलागीबाट महत्वपूर्ण वनस्पति, वन्यजन्तु र चराचुरुङ्गीको विनाश हुनु, वन क्षेत्रसँग जोडिएका नजिकका बस्तीहरुमा जंगली जनावरले बालीनालीको विनास तथा पशुचौपाय खाइदिने, चोरी सिकारीका कारणले जैविक विविधता नाश हुँदै जानु, उपयोगी बिरुवाहरू नष्ट हुँदै जानु, खेतीयोग्य जमिनको उत्पादनमा ह्रास आउनु, वनमा प्राविधिक कर्मचारीको न्यून उपस्थिति हुनु, गाउँपालिकाका र वन कार्यालयबीच समन्वयको कमी, वातावरणीय चेतनाको कमी, विकास र वातावरणबीच उचित सन्तुलन मिलाउन आवश्यक पर्ने नीतिको अभाव आदि यस क्षेत्रका समस्याहरू हुन् ।

वन, वातावरण संरक्षण र जैविक विविधता, जलाधार, वन्यजन्तु संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन, सिमसार क्षेत्रसँग सम्वन्धित राष्ट्रिय, प्रादेशिक नीति, कानुन, रणनीति तथा मापदण्डको स्थानीयकरण गर्नु, वन क्षेत्रको विकास र विस्तार गर्नु, हैसियत विग्रेका वन क्षेत्रको व्यवस्थापन गर्नु, सामुदायिक वनको कार्ययोजना स्थानीय योजना प्रक्रियामा समावेश गरिनु, वन्यजन्तु र मानव द्वन्द्व कम गर्नु, वन उपभोक्ता समिति र सामूदायिक वनको आयलाई स्थानीय कोषमा जम्मा गर्नु, स्थानीय स्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गरिनु, चोरी शिकारी नियन्त्रण गर्नु, आगलागी नियन्त्रण गरिनु, वन तथा वातावरण संरक्षणलाई स्थानीय आयआर्जनसँग आबद्ध गर्नु, इन्धनको लागि दाउराको निर्भरता घटाउनु, वन क्षेत्रको अतिक्रमणलाई घटाउनु, अन्तर तह समन्वय, योजना र पूँजीको अभाव हुनु, न्यून कार्बनमुखी तथा वातावरण मैत्री विकास अवलम्बनका कार्यको प्रभावकारी कार्यान्वयन गर्नु आदि चुनौती देखिएका छन् ।

### ७.१.३ सम्भावना तथा अवसर

वन, वातावरण संरक्षण र जैविक विविधता, जलाधार, वन्यजन्तु संरक्षण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापनको विषय संविधानद्वारा नै स्थानीय तहको अधिकार क्षेत्रभित्र समावेश गरिनु, वन तथा जैविक विविधता सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन सम्बन्धी विषय गाउँपालिकाको अधिकार क्षेत्रभित्र रहनु, पर्यापर्यटनको सम्भावना प्रचुरमात्रामा हुनु, जडीबुटी उत्पादन, सङ्कलन, निकासी र बजारीकरणबाट आयआर्जन हुनु, सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो कार्यक्रमको वार्षिक योजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनुपर्ने तथा वन पैदावार बिक्रीबाट प्राप्त आयको दश प्रतिशत गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने कानुनी व्यवस्था हुनु आदि अवसर यस गाउँपालिकामा रहेका छन् ।

### ७.१.३ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य रणनीति, कार्यक्रम तथा आयोजना

***"वार्षिक रुपमा एक घर पचास वृक्षारोपण साथै वन तथा जैविक विविधताको व्यवस्थापन, स्वच्छ र हराभरा तातोपानी समृद्धिमा योगदान"*** भन्ने मुल नाराका साथ तातोपानी गाउँपालिकाले आगामी ५ वर्षभित्र पूरा गर्न सक्ने गरी वन, वातावरण तथा विपद व्यवस्थापन अन्तरगर्त वन र जैविक विविधताको क्षेत्रमा लिएको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यकम यस प्रकार रहेका छन् :

**लक्ष्य :**

वन तथा जैविक विविधताको संरक्षण र सदुपयोग गर्दै उत्पादकत्व अभिवृद्धि गर्ने ।

**उद्देश्य :**

वन तथा जैविक विविधताको दीगो व्यवस्थापन गरी वन पैदावरमा आधारित उद्योग, पर्यटन प्रवर्धन गर्दै लक्षित वर्ग तथा लाभग्राहीहरुको आयआर्जनमा अभिबृद्धि गर्ने

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यक्रम | आयोजना | लागत |
|---|---|---|---|
| वन तथा जैविक विविधता नीति तय गर्ने | वन तथा जैविक विविधता नीति तर्जुमा कार्यक्रम | सामुदायिक वन उपभोक्ता समिति र गाउँपालिका वीच सहकार्यमा वन तथा जैविक नीति तर्जूमा गर्ने | |
| हरित गाउँपालिकाको विकास गर्ने | वन क्षेत्र संरक्षण तथा सम्वर्द्धन कार्यक्रम | वन उपभोक्ता समितिसँगको सहकार्यमा वनक्षेत्रमा तारवार लगाउने | |
| | | वन उपभोक्ता समितको क्षमता अभिवृद्धि गर्ने | |
| | | वन क्षेत्रमा अग्नी रेखाको निर्माण गर्ने | |
| | | वन क्षेत्रमा रिचार्ज पोखरीको निर्माण गर्ने | |
| | | गिडीदह, नदैडावलाई जडिबुटी संरक्षण क्षेत्र घोषणा | |
| | | कुकाठको विस्थापन गरी आयमूलक वनको विकास गर्ने | |
| | हरित पालिका कार्यक्रम | वडाका उपयुक्त क्षेत्रमा बृक्षारोपण गर्ने | |
| | | वाइरागाँदेखि देवलडाँडासम्मका नांगा डाडापाखामा ढटेलो, ओखर, आरु, सल्लोको विरुवाहरु रोपण गर्ने | |
| | | नदी नियन्त्रण, पहिरो नियन्त्रण, जलाधार संरक्षण, वन फडानी नियन्त्रण, आगलागी नियन्त्रण, बन्यजन्तु तथा वन पैदावर चोरी निकासी नियन्त्रण गर्ने | |
| | | हरित गाउँपालिकाको रुपमा विकास गर्ने | |
| | | सडकको छेउछाउ बृक्षारोपण तथा पार्क, बगैँचा आदि निर्माण | |
| वनमा आधारित उद्यमशिलता | नीजि वन विकास कार्यक्रम | डालेचुक र ढटेलो प्रशोधन उद्योग प्रर्वधन | |
| | | आयमुलक नीजि वनको विकासमा प्रोत्साहन | |

| | | | |
|---|---|---|---|
| विकास गर्ने | | गर्ने | |
| | आर्युवेद जन्य वनस्पतीको व्यवसायिक खेती | हैसियत विग्रेको वन क्षेत्रमा आर्युवेद जन्य वनस्पतीको व्यवसायिक खेती गर्ने | |
| **लागत लाखमा** | | | |

### ७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| प्रभाव तह | वन संरक्षण गरि जैविक विविधताको पहिचान तथा वातावरण संरक्षण भएको हुने । | | | | | | |
| असर तह | सामुदायिक बन, ताल तलाउहरुमा आधारित जैविक विविधताको संरक्षण भएको हुने । | | | | | | |
| जैविक संरक्षणका लागि गरिने वार्षिक कार्यक्रमहरु (मिचाहा प्रजाति नियन्त्रण, वाढी पहिरो नियन्त्रण, वृक्षारोपण, रिचार्ज पोखरी, अग्नीरेखा, झाडी सफाई) | संख्या | | | | | व.सर्वेक्षण | गा.पा. |
| सामुदायिक वन | संख्या | | | | | | गा.पा. |
| सामुदायिक वनले ओगटेको क्षेत्र | हेक्टर | | | | | व.सर्वेक्षण | गा.पा. |
| सामुदायिक वन उपभोक्ता समूहमा आवद्ध सदस्य संख्या | संख्या | | | | | व.सर्वेक्षण | गा.पा. |
| जैविविक विविधता प्रवर्धनको लागि घोषणा गरिएका संरक्षित क्षेत्र | संख्या | | | | | | गा.पा. |
| वन्यजन्तुहरुवाट अन्नवालीमा पुगेको वार्षिक औषत क्षति | रु. | | | | | व.सर्वेक्षण | गा.पा. |
| वन प्रजाती प्रति हेक्टर | संख्या | | | | | व.सर्वेक्षण | गा.पा. |
| वृक्षारोपण गरिएको क्षेत्र | हेक्टर | | | | | व.सर्वेक्षण | गा.पा. |
| आयमूलक कार्य संचालित सामुदायिक वनहरु | प्रतिशत | | | | | व.सर्वेक्षण | गा.पा. |
| गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती गरिएको क्षेत्र | हेक्टर | | | | | व.सर्वेक्षण | गा.पा. |
| व्यवस्थित चरन क्षेत्र विस्तार | हेक्टर | | | | | व.सर्वेक्षण | गा.पा. |
| वन तथा जडीवुटीमा आधारित उद्योग, व्यवसाय | संख्या | | | | | व.सर्वेक्षण | गा.पा. |
| **प्रतिफल तहको समय तालिका** | | | | | | | |
| सामुदायिक वन समितिहरुको क्षमतावृद्धि गरी सकृय बनाई, बनको संरक्षण भएको हुने । | | | | | | व.सर्वेक्षण | गा.पा. |
| वन पैदावारको चोरी निकासी रोकथामको लागि विभिन्न निकायसंग समन्वय भएको हुने । | | | | | | व.सर्वेक्षण | गा.पा. |
| रैथाने प्रजातीका बोट बिरुवा, जडीबुटी संरक्षणका लागि संस्थागत प्रयास भएको हुने । | | | | | | व.सर्वेक्षण | गा.पा. |
| गिडी दह तथा नदैडाव जस्ता सिमसार क्षेत्रहरुको संरक्षण भएको हुने | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वनमा आधारित उद्योग, आय आर्जनका व्यवसाय संचालनका लागि स्थानिय सामुदायिक बनहरुलाई प्रोत्साहन गरिएको हुने । | | | | | | व.सर्वेक्षण | न.पा |
| गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेतीको शुरुवात भएको हुने । | | | | | | व.सर्वेक्षण | न.पा |

**अपेक्षित उपलब्धि**

- आवधिक योजनाको अन्त्यसम्ममा आवधिक योजनाले तोकेका सूचक तथा आयोजनाहरुको कार्यान्वयनबाट यो उपक्षेत्रसँग सम्वन्धित सरोकारवालामा गुणात्मक परिवर्तत आउनेछ ।
- असर तहका आधारमा निर्माण गरिएका रणनीति तथा आयोजनाहरुको कार्यान्वयनबाट सम्वन्धित सरोकारवालाले लाभ लिने छन ।
- असर तहका सम्पूर्ण सुचकहरुमा क्रमिक सुधार आउने छ ।

### ७.१.६ अनुमान तथा जोखिम पक्ष

- संघीयताका मर्म बमोजिम संघ, प्रदेश र स्थानीय तहको संरचनात्मक विकास भएको हुनेछ ।
- संघ, प्रदेश र स्थानीय तहका आवश्यक कानुनहरुको निर्माण भएको हुनेछ ।
- स्थानीय सरकारले संवैधानिक रुपमा प्रदत्त अधिकारको प्रयोग गर्न पाउनेछन ।
- स्थानीय आवश्यकताका आधारमा कानून निर्माण भएको हुनेछ ।
- सरकारी, सहकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ ।
- गाउँपालिकाले रणनीतिक कार्यक्रमको कार्यान्वयन लाभ लागत विश्लेषणका आधारमा गर्नेछ ।
- जलवायु परिवर्तन वा अन्य कुनै प्रकारले हुने प्राकृतिक विपदको अवस्था सामना गर्नु पर्ने छैन ।

## ७.२ भू संरक्षण तथा जलाधार व्यवस्थापन

### ७.३.१. पृष्ठभुमि

भू तथा जलाधार क्षेत्रको संरक्षण सम्वर्द्धनको वहुआयामिक महत्व रहेको छ । सरकारको आर्थिक समृद्धि देखि जिवनको स्वच्छताको प्रमुख आधार नै उपलब्ध भूमि तथा जलस्रोत हो । तसर्थ संविधान, राष्ट्रिय तथा प्रादेशिक लक्ष्य तथा दीगो विकास लक्ष्यले जलस्रोत संरक्षणलाई विशेष महत्व दिएका छन । हिमाली, उच्च पहाडी तथा तिला नदीको समथर फाँट क्षेत्र समेटिएको तातोपानी गाउँपालिकाकालागि भू संरक्षण र जलाधार व्यवस्थापनको विशेष महत्व छ । यहाँ रहेका सार्वजनिक जग्गाको संरक्षण तथा भू उपयोग योजनाको कार्यान्वयनबाट गाउँपालिकालाई व्यवस्थित वनाउन सकिन्छ ।

जलाधार तर्फ तिला नदी, भेरी नदी, गिडी खोला, इमिल्चा खोला, दियारे खोला, राते खोला, भलखोला, चियानी खोला, धौली गाड यहाँका प्रमुख नदी प्रणाली हुन् । यि नदी प्रणालीले निम्ताउन सक्ने बाढी, नदी कटान साथै भिरालो जमिनहरुमा हुने पहिरोको जोखिम क्षेत्रको नक्साङ्कन गरी समयमै भू संरक्षण गर्नु पर्ने देखिन्छ । गिडी दह, जोगिनी दह, पाले दह, शंख दह, विष्टज्यु दह, नदही ताल, बराहा ताल, देउली गुफा, तातोपानी मुल, आरेमुल, सिद्धपानी मुल, चुकेनी मूल तातोपानी गाउँपालिकाका प्रमुख जसश्रोतहरु हुन् । त्यसैगरी गाउँपालिकाका बस्तीहरुमा खानेपानीको श्रोतको रुपमा प्रयोग गरिएका अन्य मूल मुहानहरुमा पानीखोला मुल, सातधारा मूल, धुर मूल, रुख मूल, दाजिया मूल, खालखोली मुहान, आयझाड मूल, वालधारा मूल मुहान मूल, खौलेनी मुहान, गोलेडाडा मूल, कवु मूल, वैंसेमा मूल, वुदवुदे मुहान, देयराधारा मूल, दियारे खोला, राते खोला, भल खोला, चियानी खोला, मुग्रा मूल, पानीखोला मूल, आरे मूल, पानीखोला मूल, करेखोला मूल, छलेपानी मूल, राउदुना मूल, चुकेनी खानेपानी मूल, खानेपानी मूल, पिपलाडी मूल, निस्कुना मूलहरु रहेका छन् । यि मूलहरुको संरक्षण गरे पानीका श्रोतहरुको दिगो व्यवस्थापन हुने देखिन्छ । यसका अलावा तिला नदीको बालुवा, गिट्टी र पत्थरिला पहाडमा रहेका ढुंगाहरु पनि यहाँका प्रमुख प्राकृतिक श्रोतका रुपमा रहेका छन् । यिनको राम्रो संरक्षण र व्यवस्थित उपयोग गर्न सके गाउँपालिकाको राम्रो राजश्व संकलन हुने देखिन्छ । गाउँपालिकाले प्राकृतिक स्रोतबाट आ.व २०८०/८१ मा .... लाख ... हजार वरावरको आन्तरिक राजश्व संकलन गरेको देखिन्छ ।

गाउँपालिका भित्रका माथि उल्लेखित केही मूहानहरु पहिरोको जोखिममा रहेका छन् । त्यसैगरी राँका गाउँ र बाइरागाँ गाउको करिव १ किमी क्षेत्र तिला नदीको कटानमा रहेको छ, त्यसैगरी वडा नं. २ मा पनि करिव १.५ कि.मी. नदी कटान रहेको छ । त्यसैगरी वडा नं. ३ को माछाकटियादेखि लदमटापु हुदै ताहाज्युलासम्म तिला नदीको कटानमा रहेको छ भने वडा नं. ४ मा गिडी खोला र भेलखोलाले करिव १० किमी क्षेत्र कटान गरी जाखिममा पारेको छ । बाढी पहिरोका कारणले लाछु ज्यूलो, ताहा ज्यूलो, राँका ज्यूलो ,बाबिरा ज्यूलो ,बाईराँका ज्यूलो लगायतका अन्य ज्यूलोका खेतहरु पुरिएको तथा कटान गरेको अवस्था छ । वडा नं. ५ मा १ किमी र वडा नं. ७ मा सर्मी पिपलचौरदेखि बम्तडीखोलासम्मको ५ कि.मी. भूभाग समेत नदी कटानको जोखिममा रहेको छ ।

वडा नं. ८ र ७ बाढी र पहिरोको जोखिममा रहेका बस्तीहरु बढी भएका वडाहरु हुन् भने वडा नं. ३ मा सबैभन्दा कम जोखिममा रहेका बस्तीहरु छन् । यसरी हेर्दा वडा नं. ८ का झण्डै ७० प्रतिशत घरधुरी खहरे खोला र भिरालो जमिनमा हुने पहिरोको जोखिममा रहेका छन् ।

### ७.२.२ **समस्या तथा चुनौती**

हिमाली, उच्चपहाडी तथा तिला नदीको समथर फाँटको पारिस्थितक प्रणालीमा हुने परिवर्तनले तातोपानी गाउँपालिकालाई प्रत्यक्ष रुपमा प्रभाव पार्नु, नदी कटान, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरन, ढुंगा, गिट्टी, बालुवाको अनियन्त्रित संकलन तथा निकासी, बाढी तथा खहरेले वस्ती तथा व्यक्तिको जग्गा जमिनमा क्षति पुग्नु, समुदायमा भूक्षयसम्बन्धी जनचेतनाको अभाव हुनु, विपद् परेका घरपरिवार तथा समूहलाई तत्काल राहतको व्यवस्था गर्नु, गाउँपालिकाका मुख्य जलाधार क्षेत्रको व्यवस्थापन गर्नु, संघ तथा प्रदेश सरकारसँगको समन्वयमा जलउत्पन्न प्रकोपको नियन्त्रण गर्नु, पानीका मुहानहरुको सुरक्षण र दीगो उपयोगिता अभिबृद्धि गर्नु, नदी नियन्त्रण प्रकृयालाई प्रभावकारी वनाउनु आदि यस क्षेत्रका समस्या तथा चुनौती हुन ।

### **७.२.३ सम्भावना तथा अवसर**

प्रसस्त खाली जमिन रहेको, नदी तट तथा खाली जमिनमा वृक्षारोपण गर्न सकिने, गााउँपालिका क्षेत्रभित्र बाढी पहिरो तथा भूक्षय नियन्त्रण र पूर्वतयारीकालागि नीतिगत व्यवस्था र कार्यक्रमहरू तयार गरी कार्यान्वयन गर्ने सम्भावना रहेको छ । जलाधारका तल्लो तटिय र माथिल्लो तटिय क्षेत्रमा दिगो भू व्यवस्थापन गर्न सकिने, भूक्षय नियन्त्रणका लागि प्रत्यक्षरूपमा प्रभावित हुने समुदायसँगको सहकार्यमा पानीका मुहान क्षेत्र संरक्षण, नदी नियन्त्रण, स्पर तथा बाँध, चेकड्यामहरूको व्यवस्था, तालतलैया र सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन आदि कार्यहरु गर्न सकिने, जल प्रणालीको उत्पादनशील प्रयोग गर्न सकिने, तथा भूक्षय हुने सम्भावित क्षेत्रमा वायोइञ्जिनियरिङ प्रविधि प्रयोग गर्न सकिने सम्भावना तथा अवसर यस गाउँपालिकासँग रहेको छ ।

### **७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना**

……………भन्ने मुल नाराका साथ तातोपानी गाउँपालिकाले आगामी ५ वर्षभित्र पूरा गर्न सक्ने गरी वन, वातावरण तथा विपद व्यवस्थापन अन्तरर्गत भूसंरक्षण र जलाधार व्यवस्थापनको क्षेत्रमा लिएको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यकम यस प्रकार रहेका छन् :

**लक्ष्य**

भू तथा जलाधार संरक्षण तथा प्रवर्द्धन गरी आर्थिक समृद्धि हासिल गर्ने

**उद्देश्य,**

गाउँपालिका क्षेत्रमा रहेका नदी, खहरे खोला, बाढी तथा भूक्षय नियन्त्रण गर्दै भुमिगत पानीको मुहान, तालतलैया, पोखरी, सिमसार लगायत भू तथा जलाधार क्षेत्रको संरक्षण गर्ने

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यक्रम | आयोजना | लागत |
|---|---|---|---|
| गाउँपालिका भित्रका जलाधारको संरक्षण गर्ने | जल तथा भूसंरक्षण व्यवस्थापन प्रणाली | भू-उपयोग तथा जलाधार क्षेत्र संरक्षण सम्बन्धी नीति निर्माण | |
| | | जलस्रोत तथा सार्वजनिक जग्गाको अभिलेखीकरण | |
| | | उपयुक्त क्षेत्रमा डाले तथा बहुवर्षिय घाँसखेतिको विकास | |
| | | जलाधार क्षेत्रलाई पर्यटकीय आकर्षणको केन्द्रका रुपमा विकास | |
| | | उलउत्पन्न जोखिमयुक्त क्षेत्रमा ड्याम तारजाली तथा वृक्षारोपण निर्माण गर्ने | |
| | | भू क्षय संवेदनशिल क्षेत्रको संरक्षण कार्यक्रम | |
| | | सार्वजनिक जग्गाको उपयोग रणनीति तयार गर्ने | |
| | | बालुवा ढुंगा, गिटि उत्खनन, नियमन तथा व्यवस्थापन | |
| | | बस्ती विस्तारका लागि जोखियुक्त क्षेत्र नक्सांकन | |
| | | वातावरण मैत्री पूर्वाधार निर्माण कार्यक्रम | |
| | | पहिरो जस्ता संवेदनशिल क्षेत्र पहिचान एवं नक्शाङ्कन | |
| | | पोखरी ताल तलैया तथा सिमसार संरक्षण | |
| | | जलाधार क्षेत्रलाई पर्यटकीय आकर्षणको केन्द्रका रुपमा विकास | |
| | | वढी संवेदनशील क्षेत्रको नियन्त्रण | |
| | | वायो इन्जिनियरिङ प्रविधिको प्रयोग | |
| जलस्रोत तथा भूमिलाई आयमुलक क्षेत्रमा परिवर्तन गर्ने | भू–जलाधार क्षेत्रको उत्पादनशील प्रयोग | बालुवा ढुंगा, गिटि उत्खनन नियमन तथा व्यवस्थापन कार्यक्रम | |
| | | बगेर जाने पानीको भण्डारण, सडक छेउ नाली निर्माण, रिचार्ज पोखरी निर्माण | |
| | | भूक्षय तथा बाढी पहिरो प्रभावित क्षेत्रहरुको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरुमा मानव बसोबासका लागि बन्देज | |
| | | मासिदै गएका जलाधारहरुको पुनरुत्थान र संवेदनशील जलाधारको संरक्षण र विकासका लागि प्रदेश सरकारसँगको सहकार्यमा विशेष जलाधार क्षेत्र घोषणा गरी भू उपयोगका आधारमा व्यवस्थापन । | |
| | | भू तथा जलाधार क्षेत्र वृक्षारोपण कार्यक्रम । | |
| | | जलाधार जलश्रोत तथा सिमसार संरक्षण कार्यक्रम । | |
| लागत लाखमा | | | |

## ७.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| प्रभाव तह | वर्षेनि हुने नदी कटान तथा बाढिको नियन्त्रण भई धनजनको साथै मानव तथा जिवजन्तुको जीवन रक्षा भएको हुने । | | | | | | |
| असर तह | विभिन्न प्रविधिहरुको प्रयोग मार्फत जीव तथा मानवको जीवन रक्षाका लागि अभ्यास शुरु भएको हुने । | | | | | | |
| संरक्षित पानी मुहान क्षेत्र | संख्या | | | | | व.सर्वेक्षण | गा.पा |
| संरक्षित खेतबारीको क्षेत्रफल | प्रतिशत | | | | | व.सर्वेक्षण | गा.पा |
| नदी नियन्त्रण लम्बाई | किमि | | | | | व.सर्वेक्षण | गा.पा |
| बाँध, चेकड्यामहरुको लम्वाई | किमि | | | | | व.सर्वेक्षण | गा.पा |
| संरक्षित गल्छी, खहरे र पहिरो | संख्या | | | | | व.सर्वेक्षण | गा.पा |
| संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | | | | | व.सर्वेक्षण | गा.पा |
| संरक्षित र व्यवस्थित तालतलैया र सिमसार क्षेत्र | संख्या | | | | | व.सर्वेक्षण | गा.पा |
| जलउत्पन्न प्रकोपवाट प्रभावित घरपरिवार | संख्या | | | | | व.सर्वेक्षण | गा.पा |
| वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाई | किमि | | | | | व.सर्वेक्षण | गा.पा |
| **प्रतिफल तहको समय तालिका** | | | | | | | |
| प्रभावकारी भूसंरक्षण तथा जलाधार व्यवस्थापन भएको हुने । | | | | | | व.सर्वेक्षण | गा.पा |
| स्थानीय तहमा सामुदायिक वन, धार्मिक वन तथा सिमसार क्षेत्रको संरक्षण, प्रवर्द्धन, प्रयोग, नियमन तथा व्यवस्थापन भएको हुने । | | | | | | व.सर्वेक्षण | गा.पा |
| नदीले छोडेका ठाउँहरू वा नदी कटानहरू, तथा सडक किनारहरूमा वृक्षारोपण गरिएको हुने । | | | | | | व.सर्वेक्षण | गा.पा |
| जोखिम स्थानहरुको पहिचान तथा भु उपयोग नीति | | | | | | व.सर्वेक्षण | गा.पा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| निमार्ण तथा कार्यान्वयन भएको हुने । | | | | | | | |
| बायो ईन्जिरियङ्ग प्रविधि लगायत जलवायु अनुकुलन प्रविधिहरुको प्रयोगमा साझेदारी तथा समन्वय गर्ने । | | | | | | व.सर्वेक्षण | गा.पा |

**अपेक्षित उपलब्धि**

- आवधिक योजनाको अन्त्यसम्ममा आवधिक योजनाले तोकेका सुचक तथा आयोजनाहरुको कार्यान्वयनबाट यो उपक्षेत्रसँग सम्वन्धित सरोकारवालामा गुणात्मक परिवर्तत आउनेछ ।
- असर तहका आधारमा निर्माण गरिएका रणनीति तथा आयोजनाहरुको कार्यान्वयनबाट सम्वन्धित सरोकारवालाले लाभ लिने छन ।
- असर तहका सम्पूर्ण सुचकहरुमा क्रमिक सुधार आउने छ ।

### ७.२.६ अनुमान तथा जोखिम पक्ष

- संघीयताका मर्म बमोजिम संघ, प्रदेश र स्थानीय तहको संरचनात्मक विकास भएको हुनेछ ।
- संघ, प्रदेश र स्थानीय तहका आवश्यक कानुनहरुको निर्माण भएको हुनेछ ।
- स्थानीय सरकारले संवैधानिक रुपमा प्रदत्त अधिकारको प्रयोग गर्न पाउनेछन ।
- स्थानीय आवश्यकताका आधारमा कानून निर्माण भएको हुनेछ ।
- सरकारी, सहकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ ।
- गाउँपालिकाले रणनीतिक कार्यक्रमको कार्यान्वयन लाभ लागत विश्लेषणका आधारमा गर्नेछ ।
- जलवायु परिवर्तन वा अन्य कुनै प्रकारले हुने प्राकृतिक विपदको अवस्था सामना गर्नु पर्ने छैन ।

## ७.३. वातावरण तथा स्वच्छता

### ७.३.१ पृष्ठभूमि

तातोपानी गाउँपालिकाका कर्णाली राजमार्गसँग जोडिएका बस्तीहर क्रमिक रुपमा शहरीकरण तर्फ उन्मुख भैरहेकाले गाउँपालिकाको लागि वातवरण व्यवस्थापनको विशेष महत्व रहेको छ । यि क्षेत्रका बस्तीहरुमा फोहोरमैला तथा ढल व्यवस्थापन प्रत्येक पछिल्ला वर्षहरुमा झनपछि झन पेचिलो बन्दै गैरहेको देखिन्छ । दैनिक रुपमा घरधुरीबाट निस्कासन हुने पलाष्टिक जन्य फोहोरको व्यवस्थापन समयमै गर्न नसके विकराल रुप लिन सक्ने देखिन्छ। बजार क्षेत्रका खाल्डाखुल्डी, खोला खोल्सी किनारा, सडक छेउमा पलाष्टिक जन्य फोहोरहरु यत्र तत्र फ्याकिएको देखिन्छ। पलाष्टिक फोहोर बजार क्षेत्रमा जलाउने गरेको पाइन्छ। गाउँघरमा घरबाट निस्कने पलाष्टिक जन्य पदार्थ मलखादो हुदै खेतबारीमा पुगेको देखिन्छ । अर्को तर्फ घरभित्र हुने उर्जाको प्रयोग पनि वातावरण व्यवस्थापनको संवेदनशील विषय हो। गाउँपालिका क्षेत्र भित्र परम्परागत उर्जा (दाउरा)को प्रयोग गर्ने धरधुरी ९६.७ प्रतिशत रहेका छन्। बजार क्षेत्रमा खाना पकाउन ग्याँसको प्रयोग गर्ने घरपरिवारको सख्ंया बढ्दो छ। गाउँपालिकाले वातावरण तथा महिलाको स्वास्थ्य सुधारमा टेवा पुऱ्याउने हेतुले वडा नं. ३ र ४ का सबै घरधुरीलाई ग्याँस र चुल्हो वितरण गरेको छ भने गाउँपालिकाका करिव ८० प्रतिशत घरधुरीमा सुधारिएको चुल्हो वितरण गरेको छ।

त्यसो त तातोपानी गाउँपालिकाका ९६ प्रतिशतभन्दा बढी घरधुरीमा शैचालय निर्माण भएकाले शौचसँग सम्बन्धित फोहोरबाट वातावरणमा पर्न सक्ने असर न्यून गर्न निकै महत्वपूर्ण टेवा पुगेको छ। यसले तातोपानी गाउँपालिकाका बस्तीहरुको वातावरणीय स्वच्छतालाई वृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको छ। गाउँ बस्तीमा घरधुरीबाट निस्कने सड्ने खालका फोहोरहरुलाई गाइबस्तुको मल राखिएको मलखादोमा राखी मल बनाउने चलनले पनि गाउँ बस्तीको सरसफाईमा परम्परागत रुपमै असल अभ्यास भएको देखिन्छ।

### ७.३.२ समस्या तथा चुनौती

बढ्दै गएका तातोपानी, लिताकोट, हाँकु जस्ता बजार क्षेत्रमा ढल निकास, पलाष्टिक जन्य फोहोर व्यवस्थापन आदि समस्या बढ्दै जानु, फोहोमैला विसर्जन गर्ने व्यवस्थित स्थान नहुनु, बजार क्षेत्रका बासिन्दाहरुले डस्टविन, कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग नियमित र उचित तरिकाले नगर्नु, फोहोरमैलाको बर्गिकरण नहुनु, धेरैजसमा फोहोरमैला व्यवस्थापन सम्वन्धि चेनतामा पूर्णता नहुनु, प्लाष्टिकजन्य फोहोर रिसाइकल गर्न सकिने भएपनि त्यसको व्यवस्थित संकलन गर्ने संयन्त्र नहुनु, परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी संख्या उल्लेख्य हुनु, कर्णाली राजमार्ग आसपास उत्सर्जन हुने धुलो, धुँवा तथा ध्वनी प्रदुर्षणको व्यवस्थापन आदि यस क्षेत्रका प्रमुख समस्या तथा चुनौती हुन्।

### ७.३.३ सम्भावना तथा अवसर

स्थानीय तहले वातावरण र फोहोरमैला व्यवस्थापनमा खेलेको भूमिका, संघीय र प्रादेशिक नीति, फोहोरमैला व्यवस्थापनमा भएका प्रविधि र नवप्रवर्तन सिपहरूले पनि फोहोरमैला व्यवस्थापन र

वातावरण संरक्षणमा अहम् भूमिका खेल्ने सम्भावना रहेको छ । गाउँपालिकामा फाहोरमैला व्यवस्थापनकालागि उपयुक्त स्थानको छनौट तथा आवश्यक व्यवस्था गर्न तत्परता देखाउनु, फोहोरमैला व्यवस्थापन तथा वातावरणीय स्वच्छता प्रति गाउँपालिका सचेत रहनु, फोहोरलाई वर्गिकरण गरी गल्ने फोहोरलाई कम्पोष्ट मल बनाउन सकिने, वतावरणीय स्वच्छता कायम गर्न नीतिगत व्यवस्था गर्नु आदि यस क्षेत्रका सम्भावना तथा अवसर हुन ।

### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

***"घर आगनको सरसफाई, आफ्नो जीवनको भलाई"*** भन्ने मुल नाराका साथ तातोपानी गाउँपालिकाले आगामी ५ वर्षभित्र पूरा गर्न सक्ने गरी वन, वातावरण तथा विपद व्यवस्थापन अन्तरर्गत वातावरण तथा स्वच्छताको क्षेत्रमा लिएको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम यस प्रकार रहेका छन् :

**लक्ष्य**

दिगो वातावरणीय स्वच्छता कायम गर्दै स्वच्छ तथा हराभरा गाउँपालिका बनाउने ।

**उदेश्य**

फोहोरको दीगो व्यवस्थापन मार्फत वातावरणीय स्वच्छता कायम गरी स्वच्छ समुदाय निर्माण गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यक्रम | आयोजना | लागत |
|---|---|---|---|
| वातावरणीय स्वच्छताका लागि आवश्यक कानूनी तथा संरचनात्मक संरचना तयार गर्ने | वातावरणीय स्वच्छता नीति तर्जुमा कार्यक्रम | वातावरण संरक्षण सम्वन्धि ऐन, नीति, कानून, मानक, योजना तथा नियमावली तर्जुमा गर्ने | |
| | | मुख्य वजार क्षेत्रलाई हरित क्षेत्रका रुपमा विकास गर्ने | |
| | | बजार क्षेत्रमा उत्सर्जन हुने फोहोरको दीगो र उत्पादनशील व्यवस्थापन गर्ने | |
| वैकल्पिक उर्जाको प्रर्वद्धन गर्ने | ग्रामिण वैकल्पिक उर्जा प्रर्वद्धन कार्यक्रम | परम्परागत उर्जाको प्रयोग गर्ने घरधुरीको तथ्याङ्क अध्यावधिक गर्ने | |
| | | सुधारिएको चुलो, विद्युतिय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकूल प्रविधिको विकास तथा व्यवस्थापन | |
| वातावरणको दीगो व्यवस्थापन गर्ने | वातावरणीय संरक्षण तथा दीगो व्यवस्थापन कार्यक्रम | तातोपानी धारा, लछालकृत पैकला दरवार लगायत प्राकृतिक तथा ऐतिहासिक क्षेत्रहरुमा वातवरणीय स्वच्छता कायम राख्न विशेष पहल गर्ने । | |
| | | नदीले छोडेका ठाउँहरू, नदी कटान, नदी उकास, नहरका किनारहरू तथा सडक किनारहरूमा वृक्षारोपणको व्यवस्थापन | |
| | | स्थानीय समुदायहरुसँगको सहकार्यमा प्राकृतिक पार्क, पोखरी आदिको निर्माण तथा संरक्षण गर्ने | |

| | | | |
|---|---|---|---|
| | | सामुदायिक संस्थाहरुसंग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरु अवलम्बन गरी फोहोरमैलाको व्यवस्थापन तथा श्रोतमै न्यूनीकरण गर्ने कार्यक्रम | |
| | | बजार क्षेत्रहरुमा ढलहरु निर्माण र बस्तीका घर आँगनबाट निस्कने फोहोरपानीलाई नजिकको खेतवारीमा सुरक्षित निकास तथा करेशावारी प्रवर्द्धन गर्ने | |
| | | वातावरण प्रर्दुषण गर्ने खालका उद्योग तथा व्यवसायलाई निश्चित क्षेत्र तोकि संचालन गर्ने | |
| | | घरबाट उत्पादन हुने फोहरलाई मलकोरुपमा र अन्य फोहोरबाट आधुनिक प्रविधि अपनाई बैकल्पिक उर्जा निकाल्न अध्ययन गर्ने | |
| | | बजार क्षेत्रहरुमा एक पसल/एक घर दुई गमलाको कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्ने । | |
| लागत लाखमा | | | |

### ७.३.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवार |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| प्रभाव तह | वन सम्पदाको संरक्षण तथा फोहोरमैलाको उचित व्यवस्थापन गरि वातावरणीय स्वच्छताको सुनिश्चित भएको हुने । | | | | | | |
| असर तह | सवैपक्षमा वातावरणीय स्वच्छताको महत्वको बारेमा सचेतना अभिबृद्धि भई फोहोरमैला व्यवस्थापन तथा हरियाली प्रवर्धन भएको हुने | | | | | | |
| मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | संख्या | | | | | व.सर्वेक्षण | गा.पा |
| प्रयोगमा आएको फोहोरमैला व्यवस्थापन प्रणाली | संख्या | | | | | व.सर्वेक्षण | गा.पा |
| कम्पोष्ट-विन र गार्वेज-पिट प्रयोग गर्ने परिवार | संख्या | | | | | व.सर्वेक्षण | गा.पा |
| निष्काशित फोहोरमैलाको औषत वार्षिक परिमाण | मे.टन | | | | | व.सर्वेक्षण | गा.पा |
| नियमित सरसफाइको अभ्यास गर्ने घरधुरी | प्रतिशत | | | | | व.सर्वेक्षण | गा.पा |
| प्रशोधन गरिएको फोहोरमैला अनुपात | प्रतिशत | | | | | व.सर्वेक्षण | गा.पा |
| व्यवस्थित ढल निकास भएको वजार क्षेत्र | संख्या | | | | | व.सर्वेक्षण | गा.पा |
| शौचालय, घर आँगनको कुहिने फोहोरलाई व्यवस्थित गर्ने घरधुरी | संख्या | | | | | व.सर्वेक्षण | गा.पा |
| परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी | प्रतिशत | | | | | व.सर्वेक्षण | गा.पा |
| घरभित्रको धुवाँवाट मुक्त घरधुरी | प्रतिशत | | | | | व.सर्वेक्षण | गा.पा |
| घर, कार्यालय एवं अस्पतालको नकुहिने, नगल्ने, नसड्ने प्लाष्टिकजन्य फोहोरलाई सुरक्षित विसर्जन गर्नेको | संख्या | | | | | व.सर्वेक्षण | गा.पा |
| **प्रतिफल तहको समय तालिका** | | | | | | | |
| फोहोर व्यवस्थापनका लागि निजी क्षेत्र तथा सामुदायि संघ संस्थाहरुसंग समन्वय भएको हुने । | | | | | | व.सर्वेक्षण | गा.पा |
| सरसफाईमा रुपान्तरणका लागि विभिन्न संचेतनामुलक अभियानहरु, स्वच्छता सरसफाइका सामाग्रीहरुको व्यवस्थापन तथा वितरण भएको हुने । | | | | | | व.सर्वेक्षण | गा.पा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घरायसी स्तरमा धुवाँरहति ईन्धनको प्रयोग गर्न प्रोत्साहन तथा सहयोग गरेको हुने । | | | | | | व.सर्वेक्षण | गा.पा |
| गाउापालिका क्षेत्रका विभिन्न सार्वजनिक स्थानहरुमा हरित पार्क स्थापना भएको हुने । | | | | | | व.सर्वेक्षण | गा.पा |
| प्लाष्टिक जन्य वस्तुको प्रयोगलाई निरुत्साहित गर्ने तथा स्थानिय श्रोत सामाग्रीको प्रयोगमा वृद्धि भएको हुने । | | | | | | व.सर्वेक्षण | गा.पा |

**अपेक्षित उपलब्धि**

- आवधिक योजनाको अन्त्यसम्ममा आवधिक योजनाले तोकेका सुचक तथा आयोजनाहरुको कार्यान्वयनबाट यो उपक्षेत्रसँग सम्वन्धित सरोकारवालामा गुणात्मक परिवर्तत आउनेछ ।
- असर तहका आधारमा निर्माण गरिएका रणनीति तथा आयोजनाहरुको कार्यान्वयनबाट सम्वन्धित सरोकारवालाले लाभ लिने छन ।
- असर तहका सम्पूर्ण सुचकहरुमा क्रमिक सुधार आउने छ ।

### ७.३.६ अनुमान तथा जोखिम पक्ष

- संघीयताका मर्म बमोजिम संघ, प्रदेश र स्थानीय तहको संरचनात्मक विकास भएको हुनेछ ।
- संघ, प्रदेश र स्थानीय तहका आवश्यक कानुनहरुको निर्माण भएको हुनेछ ।
- स्थानीय सरकारले संवैधानिक रुपमा प्रदत्त अधिकारको प्रयोग गर्न पाउनेछन ।
- स्थानीय आवश्यकताका आधारमा कानून निर्माण भएको हुनेछ ।
- सरकारी, सहकारी, गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि हुनेछ ।
- गाउँपालिकाले रणनीतिक कार्यक्रमको कार्यान्वयन लाभ लागत विश्लेषणका आधारमा गर्नेछ ।
- जलवायु परिवर्तन वा अन्य कुनै प्रकारले हुने प्राकृतिक विपदको अवस्था सामना गर्नु पर्ने छैन ।

## ७.४ विपद व्यवस्थापन तथा जलवायु उत्थानशिलता

### ७.४.१ पृष्ठभूमि

नेपालको संविधानले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पुर्वसूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने नीति अवलम्बन गर्दै विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई स्थानीय तहको एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा राखेको छ । नेपाल विपद्को उच्च जोखिममा रहेकाले विपद्का कारण वर्षेनी धनजनको ठूलो क्षति हुने गरेको छ । मुख्यतः भूकम्प, अतिवृष्टि, बाढी, पहिरो, हावाहुरी, चट्याङ्, आगलागी, खडेरी, महामारी, शीतलहर र हिमताल विष्फोटन हुनसक्ने कारण विपद्को जोखिम उच्च रहेको छ । यसैगरी हैजा, बर्डफ्लु, स्वाइन फ्लुजस्ता रोगहरू पनि विपद्को कारकका रूपमा देखिएका छन् । जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने दिगो विकास लक्ष्यले मार्गदर्शन गरेको छ ।

सम्भावित रुपमा आउने महामारी तथा विपद व्यवस्थापनका लागि तातोपानी गाउपालिकाले आवश्यक पूर्वाधारको व्यवस्थापन गरिरहेको छ । गाउँपालिकाको विपद व्यवस्थापन स्थानीय कोषमा रु....... लाख वरावरको वजेट व्यवस्थापन गरिएको छ । त्यसैगरी, गाउँपालिकाले स्थानीय विपद व्यवस्थापन ऐन निर्माण गरी स्थानीय विपद व्यवस्थापन समिति गठन गरेर स्थानीय विपद तथा जलवायु उत्थानशील योजना साथै स्थानीय विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यन्वयन गर्दैछ । गाउँपालिकामा आपतकालिन सञ्चालन केन्द्र रहेको छ । सम्भावित रुपमा आउने महामारी तथा विपद व्यवस्थापनका लागि तातोपानी गाउँपालिकाले आवश्यक तयारीहरुको व्यवस्थापन गर्दैछ । गाउँपालिकाको विपद व्यवस्थापन स्थानीय कोषमा रु ..... लाख वरावरको वजेट व्यवस्थापन गरिएको छ भने आपतकालीन उद्धारका लागि गाउँपालिकासँग .... वटा एम्वुलेन्स रहेको छ । त्यसैगरी, गाउँपालिका भित्र ..... वटा पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका छन् भने ..... वटा विपद व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरु रहेका छन् । कठिन भौगोलिक अवस्था रहेकोले गाउँपालिकाका लागि विपद व्यवस्थापन चुनौतीपूर्ण पक्षका रुपमा रहेको छ । जिल्ला विपद व्यवस्थापन तथा प्रतिकार्य समितिले गाउँपालिकालाई विपद प्रतिकार्यका तथा उद्दारका आवश्यक पर्ने हेलिप्याड निर्माणका लागि जग्गा उपलब्ध गराउन समेत पत्राचार गरिसकेको छ । यहाँ करीव ११०२ परिवार जोखिम स्थानमा वसोवास गर्ने गरेका छन् ।

भुकम्प, आगलागी, बाढी र पहिरोको जोखिमबाट घरमा हुने क्षतिले निम्ताउने आर्थिक भारलाई कम गर्न गाउँपालिकाले प्रत्येक वडाका घरपरिवारहरुको घर विमा गरिदिएको छ । प्रत्येक वडामा विपद जोखिम तथा व्यवस्थापनमा तालिम प्राप्त युवाहरु रहेका छन् ।

### ७.४.२ समस्या तथा चुनौती

जलवायु परिवर्तन र विपद् व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानुन र मापदण्डको प्रभावकारी कार्यान्वयन गर्न नसकिनु, स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्य योजना लागू गर्न प्राविधिक जनशक्ति र आर्थिक स्रोतको कमी हुनु, जीविकोपार्जनका लागि प्राकृतिक स्रोतहरू र वर्षात्को पानीमा निर्भर रहनु, जलवायु परिवर्तनको कारण अतिवृष्टि, बाढी, खडेरी, हावाहुरी, मानव रोगको महामारी, असिना, आगलागी, कृषिमा रोग किरा र मिचाहा प्रजाति जस्ता प्रकोपहरूले स्थानीयस्तरमा प्रत्यक्ष रूपमा असर गर्नु, बर्सेनि प्राकृतिक तथा गैरप्राकृतिक विपद्ले जिउधनका साथै सार्वजनिक, निजी सम्पत्ति, भौतिक संरचनाहरू समेत प्रभावित हुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन् ।

विभिन्न पानीका स्रोत संरक्षण गर्नु, स्थानीय स्तरमा जलवायु परिवर्तनसम्बन्धी आधिकारिक तथ्याङ्क सङ्कलन गर्नु, स्थानीय जलवायु अनुकुलन कार्ययोजना लागू गर्नु, जलवायु अनुकुलनसम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, जलवायु परिवर्तन अनुकुलन संरचना निर्माण गर्नु, कृषि तथा वन क्षेत्रमा जलवायु अनुकुलन प्रविधिको उपयोग बढाउनु, जलवायु परिवर्तनबाट हुने क्षति कम गर्नु, जलवायु परिवर्तनको असरबाट प्रभावित गरिब, विपन्न, महिला, बालबालिका, वृद्धवृद्धाहरू, साधन स्रोतमा कम पहुँच भएका घरधुरीलाई सेवा र टेवा दिनु, खेतबारीमा रासायनिक मलको प्रयोग निरुत्साहित गरी जैविक प्रविधिको उपयोग बढाउनु आदि चुनौतीका रुपमा रहेका छन् ।

### ७.४.३ सम्भावना तथा अवसर

समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन समितिको व्यवस्था हुनु, (हाल छैन भने आवश्यक रहेको) आपतकालीन कोषको व्यवस्था हुनु, अन्तर्राष्ट्रिय स्तरमा जलवायु परिवर्तनलाई विश्वकै एजेन्डाको रूपमा कार्यान्वन गर्ने प्रतिबद्धता रहनु, केन्द्रीय स्तरमा जलवायु परिवर्तन र विपद् व्यवस्थापनसम्बन्धी नीति, कानून, रणनीति तर्जुमा भई कार्यान्वयनमा रहनु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६ र जलवायु नीति २०७६ कार्यान्वयनमा रहनु, स्थानीयस्तरमा जलवायु अनुकुलन कार्य योजना तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने नीति लिइनु, स्थानीय तहलाई विपद् व्यवस्थापन गर्ने र यस कार्यसँग सम्बन्धित संस्थाहरूलाई समन्वय र सहकार्य गर्न सक्ने गरी कानूनी व्यवस्था समेत हुनु साथै विपद(प्रकोप) व्यावास्थापन कोष सञ्चालन कार्यविधि, २०७८ (हाल छैन भने आवश्यक रहेको) लगायतका ऐन नियमहरु तर्जुमा हुनु यस क्षेत्रका यस क्षेत्रका सम्भावना तथा अवसर रहेका हुन ।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**विपद न्युनीकरण तथा व्यवस्थापनमा सवल र सक्षम तातोपानी** भन्ने मुल नाराका साथ तातोपानी गाउँपालिकाले आगामी ५ वर्षभित्र पूरा गर्न सक्ने गरी वन, वातावरण तथा विपद व्यवस्थापन अन्तरर्गत

विपद व्यवस्थापन तथा जलवायु उत्थानशीलताको क्षेत्रमा लिएको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम यस प्रकार रहेका छन् :

**लक्ष्यः**

विपद्जन्य सामाजिक, आर्थिक, भौतिक तथा वातावरणीय क्षति न्यूनीकरण गर्ने

**उद्देश्य**

विपदबाट हुन सक्ने क्षति न्यूनीकरण र आपतकालीन उद्धार व्यवस्थापनलाई प्रभावकारी बनाईनुका साथै जलवायु अनुकूलन योजना निर्माण गरी समुदाय स्तरमा कार्यान्वयन गर्नु ।

**रणनीति, कार्यक्रम तथा आयोजना**

| रणनीति | कार्यक्रम | आयोजना | |
|---|---|---|---|
| विपद् व्यवस्थापन सम्वन्धि कानुनी तथा संरचनात्मक व्यवस्था गर्ने | पालिका स्तरीय विपद् व्यवस्थापन संरचना निर्माण कार्यक्रम | गाउँपालिका स्तरीय विपद व्यवस्थापन तथा जलवायु अनुकुलन नीति, योजना तर्जुमा गर्ने | |
| | | सम्भाव्य प्रकोप र जोखिमका क्षेत्रहरू तथा बस्ती एवम् वैकल्पिक क्षेत्रको पहिचान गर्ने | |
| | | विपद व्यवस्थापन कोषलाई थप मजबुद बनाउने | |
| | | विपद व्यवस्थापन स्वयंसेवक दल निर्माण गर्ने | |
| | | आपतकालिन सामग्रीको व्यवस्थापन गर्ने | |
| | | विपद् व्यवस्थापनमा क्रियाशील संघ/संस्थाहरुसँग सहकार्यको वातावरण निर्माण गर्ने | |
| | | आपतकालीन प्रतिकार्य संचालन केन्द्रको थप साधनस्रोत सम्पन्न बनाउने | |
| | | प्रत्येक वडामा विपद जोखिम न्यूनीकरण सम्वन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने | |
| | | प्रत्येक वडामा भू-कम्प प्रतिरोधात्मक सार्वजनिक संरचना निर्माण गर्ने | |
| | | गाउँपालिकाको घर विमा अभियान सम्पन्न गर्ने | |
| | | वडामा आवश्यकता अनुसार प्राथमिक उपचार केन्द्र एवं रक्त संचार केन्द्र स्थापना गर्ने | |
| प्रकोप व्यवस्थापनका लागि संघीय, प्रादेशिक र स्थानीय | अन्तरसरकारी विपद् व्यवस्थापन | अन्तरसरकारी समन्वयमा विपद् जोखिम न्युनीकरणका लागि आवश्यक कार्यक्रम | |

| | | | |
|---|---|---|---|
| सामुदायिक एवम् निजी क्षेत्रसंग सहयोग, समन्वय तथा सहकार्य गर्ने । | सहकार्य योजना | सञ्चालन गर्ने | |
| | | आपतकालिन पुर्नवास आयोजना | |
| जलवायु परिवर्तन अनुकुल रणनीति निर्माण गर्ने | जलवायु परिवर्तन मैत्री खेती प्रणाली विकास कार्यक्रम | कृषि तथा वन क्षेत्र भू-उपयोग प्रणाली विकास गरी जलवायु परिवर्तन अनुकुलनका खेती प्रणाली, वीउ व्यवस्थापन लगायतका क्रियाकलाप सहितको कार्य योजना निर्माण गर्ने | |
| | | रैथानेबालीको विउ संरक्षणको लागि विउ बैंक स्थापना गर्ने | |
| लागत लाखमा | | | |

### ७.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| सूचक | इकाइ | आधार वर्ष २०८०/८१ | आर्थिक वर्ष : लक्ष्य परिमाण | | | पुष्ट्याईको आधार | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८३/८४ | २०८५/८६ | | |
| प्रभाव तह | सुरक्षित आवास निर्माणका साथै जोखिममा रहेका स्थानहरुको पहिचान गरी सम्भावित प्रभावको न्यूनीकरण भएको हुने । | | | | | | |
| असर तह | विपदबाट हुन सक्ने क्षति न्यूनीकरण र उद्धार व्यवस्थापनलाई प्रभावकारी बनाईनुका साथै आपतकालीन उद्धारका सामाग्रीहरुको उचित प्रबन्ध तथा व्यवस्थापन भएको हुने । | | | | | | |
| सुरक्षित, एकीकृत र व्यवस्थित वस्ती/आवास क्षेत्र | संख्या | | | | | व. सर्वेक्षण | गा.पा |
| अयोग्य वस्ती वा स्थानमा बसोबास गरेका परिवार | संख्या | | | | | | गा.पा |
| विपदबाट भएको बार्षिक क्षती (जग्गा, संरचना, बाली नाली, पशुपंक्षी र अन्य सम्पत्ती) | रु. | | | | | | गा.पा |
| आपतकालीन उद्धारका लागि तालिम प्राप्त स्वयंसेवक वा युवा | जना | | | | | | गा.पा |
| विपद व्यवस्थापन स्थानीय कोषमा भएको रकम | रु. | | | | | | गा.पा |
